# वार्षिक प्रतिवेदन

# २०६५–२०६६




राष्ट्रिय मानवअधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

# राष्ट्रिय मानवअधिकार आयोगको
# वार्षिक प्रतिवेदन
(आ.व. २०६५–२०६६)

राष्ट्रिय मानवअधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

# आयोगका पदाधिकारीहरू

## अध्यक्ष

माननीय केदारनाथ उपाध्याय

## सदस्यहरु

माननीय रामनगिना सिंह

माननीय गौरी प्रधान

माननीय डा. लीला पाठक

माननीय डा के. बी. रोकाया

# राष्ट्रिय मानवअधिकार आयोगको वार्षिक प्रतिवेदन (आ.व. २०६५–२०६६)


| | | |
|---|---|---|
| लेखन/सम्पादन | : | कैलाशकुमार सिवाकोटी<br>लोकनाथ बास्तोला |
| ले आउट | : | यूनी ग्राफिक्स, अनामनगर<br>०१ ६९१२१५२ |
| प्रकाशक | : | राष्ट्रिय मानवअधिकार आयोग<br>हरिहरभवन, ललितपुर<br>पो.ब.न. ९१८२, काठमाडौं, नेपाल |
| प्रकाशन मिति | : | मङ्सिर, २०६६ |
| संस्करण | : | प्रथम |
| प्रति | : | १००० प्रति |
| प्रतिवेदन नं. | : | ५९/११०/२०६६ (के. का.) |
| मुद्रण | : | कम्पोज वर्ल्ड प्रा. लि.<br>९८४००५०२३२ |



| | | |
|---|---|---|
| सर्वाधिकार | : | राष्ट्रिय मानवअधिकार आयोग<br>हरिहर भवन, ललितपुर, नेपाल |

*आयोगको पूर्व-स्वीकृतिबिना यस प्रतिवेदनलाई वौद्धिक वा शैक्षिक प्रयोजनबाहेक व्यापारिक वा अन्य प्रयोजनको लागि पुनर्उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । वौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाइ आवश्यक अंशहरु साभार गरी प्रयोग गर्न सकिनेछ ।*

# मन्तव्य

नेपालको अन्तरिम संविधान, २०६३ ले राष्ट्रिय मानवअधिकार आयोगलाई कानुनी निकायबाट संवैधानिक निकायको रूपमा संस्थागत गरेको छ। एकातिर संवैधानिक निकायको रूपमा संस्थागत हुनु, अर्कोतिर कानुनी निकाय हुँदाको अवस्थाको कर्मचारी प्रशासन, आर्थिक व्यवस्थापन एवम् अन्य कार्यगत स्वायत्तता कटौती गरी स्वायत्तताविहिन निकाय बनाउनु अन्तरिम संविधान निर्माताको उद्देश्य भएको अर्थ कदापि गर्न मिल्दैन। त्यसमाथि जनआन्दोलन–२ पछि सार्वभौम सम्पन्न नेपाली जनताको मानवअधिकारलाई संरक्षण र सम्बर्द्धन गर्ने संयन्त्रलाई संवैधानिक मुखुण्डो लगाएर नेपाल सरकारको वशिभूत निरीह र दुर्बल कानुनी ढाँचा भएको भनी नेपालको अन्तरिम सविधानको व्याख्या गर्नाले यदि कसैलाई हानी पुऱ्याउदछ भने त्यो राष्ट्रिय मानवअधिकार आयोगलाई होइन, आयोगका पदाधिकारीलाई होइन, जनताको मानवअधिकार एवम् नेपालको मानवअधिकार अभियानलाई कमजोर गराउने निश्चित छ। मानवअधिकार अभियान जनताको सम्मानपूर्वक दैनिक जीवन-पद्धति अपनाउने पाउने र हत्या, हिंसाविरुद्ध कानुनी शासन स्थापना गर्ने अभियान हो । जनताको बाँच्न पाउने अधिकारलाई सार्थक बनाउन जनजीवन पद्धति र जीवनस्तरमा गुणात्मक अभिवृद्धि ल्याउने अविरल अभियान हो। त्यसैको लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय सहयोगबाट यो आयोग स्थापना भएको हो। राष्ट्रिय कोषबाट चल्ने भए पनि जनताको मानवअधिकार स्वतन्त्र रूपले संरक्षण गर्न सरकारी नियन्त्रणबाट स्वतन्त्र, जनताको धरोहरको रूपमा यस संस्थाको बेग्लै अस्तित्व हुन्छ।

कुनै पनि संस्थाको स्वायत्तता केहिहदसम्म कानुनी आवरणमा निर्भर गर्दछ भने त्योभन्दा बढी सो संस्था चलाउने पदाधिकारीहरूको वैचारिक एवम् कार्यगत स्वतन्त्रताको वातावरणमा निर्भर गर्दछ। त्यसैले अवकाश प्राप्त प्रधान-न्यायाधीश वा लामो समयसम्म निष्पक्ष निर्भिक निर्णयमा अभ्यस्त सर्वोच्च अदालतका पुर्व-न्यायाधीश वा प्रख्यात मानवअधिकारकर्मीको अध्यक्षतामा यस आयोगको गठन गरिने संबैधानिक व्यवस्था छ। संवैधानिक निकाय भएपनि सर्वोच्च अदालत, मानवअधिकार आयोग जस्ता निकाय वा आयोग आ-आफ्नो विशिष्टताका कारण विशेष संबैधानिक संरचनाका अधिकारी हुन्छन्। जस्को सम्बन्धमा सामान्य व्यवस्था हुनु विवेकपूर्ण हुँदैन। त्यो हुन सक्दैन भने यस संस्थाको कुनै अर्थ छैन।

कानुनतः मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको प्रमुख कर्तव्य रहेको छ। यसको अतिरिक्त नेपाल सरकार र तत्कालीन नेकपा (माओवादी)-बीच वि. स. २०६३ साल मङ्सिर ५ गते भएको विस्तृत शान्तिसम्झौताले पनि मानवअधिकारको अनुगमन गर्ने जिम्मेवारी यस आयोगलाई सुम्पेको छ। जसअनुसार आयोगले आफ्ना गतिविधिहरूलाई अगाडि बढाउदै आएको छ। यी कर्तव्यहरूको परिपालनाको लागि आयोगले मानवअधिकार हननविरुद्ध छानबिन, अनुसन्धान, अनुगमनपछि आवश्यक उपचार वा व्यवस्थाको लागि सिफारिस गर्नुपर्दछ। नियमित रूपमा गर्नुपर्ने अन्य कार्यहरूमा नेपालपक्ष रहेका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयनको अवस्था अनुगमन र नेपालपक्ष नरहेका सन्धिहरू सम्बन्धमा सरकारलाई सुझावसमेत दिने गर्दछ। आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने संवैधानिक दायित्व छ। सोही प्रयोजनको लागि यो वार्षिक प्रतिवेदन तयार गरिएको छ।

यस वर्ष आयोगले केही महत्वपूर्ण मानवअधिकार हननका घटनाहरूको अनुसन्धान सम्पन्न गरी निर्णयसमेत गरेको छ। जनकपुरमा कार्यरत पत्रकार उमा सिंहको अज्ञात समुहद्वारा गरिएको हत्याको सम्बन्धमा निर्णय गरी सरकारलाई सिफारिस गरेको छ भने भैरवनाथ गणबाट सुरक्षाकर्मीले पकाउ गरी बेपत्ता पारिएका व्यक्तिहरूको सम्बन्धमा अनुसन्धान सम्पन्न गरी निर्णय गरिसकेको छ। आयोगमा परेका अन्य विभिन्न उजुरीहरूको पनि अनुसन्धान गरी प्राप्त तथ्य प्रमाणको आधारमा पीडकलाई कारबाही, पीडितलाई क्षतिपूर्ति लगायतका विषयमा नेपाल सरकारलाई सिफारिस गरिएको छ। नियमित रूपमा गरिदै आएका यी कामको अतिरिक्त संविधानसभा उप-निर्वाचनमा मानवअधिकारको अवस्था सम्बन्धमा समेत अनुगमन गरेको थियो। मानवअधिकारमैत्री संविधान निर्माणका लागी आयोगले विभिन्न कार्यक्रमहरू गर्दै आएको छ।

विगतको द्वन्द्वको स्थितिले आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारको सम्बर्द्धनको क्षेत्रमा ठोस कार्यहरू हुन नसके पनि नयाँ रणनीतिक योजनाअन्तर्गत यस वर्ष केही कार्यहरू भए। मानवअधिकार संस्कृति विकासको निम्ति विभिन्न सम्बर्द्धनात्मक कार्यहरूसमेत आयोगले अगाडि बढाउदै आएको छ । मानवअधिकार र मानवीय कानुनका विविध पक्ष एवम् विषयवस्तुमा केन्द्रित रही सुरक्षाकर्मी,

सञ्चारकर्मी, मानवअधिकारकर्मी, विभिन्न सरकारी निकायका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधि, शिक्षक, विद्यार्थी लगायत सरोकारवालाहरूबीच तालिम, गोष्ठी, कार्यशाला एवम् छलफल आदि कार्यक्रम आयोगबाट आयोजना गरिएको थियो। यस वर्ष आयोगले बालअधिकार, महिला अधिकार मानवअधिकारमैत्री संविधान निर्माण लगायतका विषयलाई केन्द्रमा राखी सम्बर्द्धनात्मक कार्यहरू सम्पन्न गऱ्यो।

आयोगबाट राष्ट्रिय मानवअधिकार आयोग ऐन, र बेपत्तासम्बन्धी विधेयक लगायतका मस्यौदाउपर नेपाल सरकारलाई राय प्रदान गरिएको थियो त्यसै गरी रोमविधानलाई पारित गर्न सरकारको तर्फबाट प्रस्तुत गर्नुपर्ने आवधिक प्रतिवेदनहरू सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि १७ औँ र १८ औँ, त्यसै गरी महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलनसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि चौथो र पाँचौमा सरकारसमक्ष आयोगले आफ्नो राय पेश गरेको थियो। यसअलवा विद्यमान नेपाल कानुनहरूको पुनरावलोकन गर्ने कार्य भइरहेको छ।

समयसमयमा विशिष्ट अतिथिहरू, मित्रराष्ट्रका राजदूत, दातृराष्ट्र वा निकायका पदाधिकारीहरू लगायतका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय निकायका पदाधिकारीहरूसँग आयोगमा औपचारिक वा खासखास कामको शिलशिलामा भएका भेटघाट एवम् मानवअधिकारको समसामयिक विषयमा भएका छलफल उपलब्धीमूलक रहे। त्यसै गरी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकारसम्बन्धी उच्चायुक्त एवम् अन्य प्रतिनिधिहरू, बेलायती मन्त्री, युरोपियन युनियनका प्रतिनिधिहरू, मालदिभ्सका राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्षसँगको भेटघाट तथा सम्वाद उल्लेखनीय रहेको छ।

बेपत्ता तथा अपहरण गरी अवस्था अज्ञात बनाइएका व्यक्तिहरूको स्थिति सार्वजनिक हुन नसक्नु, विस्थापितहरू आफ्नो थातथलोमा फर्कन नसक्नु, एनेकपा (माओवादी) लगायतबाट कब्जामा लिइएका व्यक्तिहरूको सम्पत्ति फिर्ता नगरिनु, नेपाल सरकारद्वारा आयोगका सिफारिसहरूको पूर्णरूपमा कार्यान्वयन नगरिनु, विभिन्न नाम र बहानामा नयाँ सशस्त्र समुहहरू बन्नुजस्ता दृष्टान्तहरू मानवअधिकार संरक्षणका दृष्टिले चिन्ताजनक र दुर्भाग्यपूर्ण रहेका छन्। देशमा दण्डहीनताले प्रश्रय पाइरहेको यस्तो अवस्थामा दण्डहीनताको अन्त गरी कानुनी राजको स्थापना गर्नु र मानवअधिकार संस्कृतिको विकासमा टेवा पुऱ्याउनु नेपाल सरकार, जिम्मेवार राजनीतिक दललगायत विभिन्न सङ्घसंस्था तथा नागरिक समाज सबैको साझा

दायित्व हो। यसमा सबैले आआफ्नो क्षेत्रबाट सहयोग गरी कानुनको शासन, जनताको मानवअधिकार र सार्वभौमिकतालाई दीगो बनाउनुपर्छ।

यस वार्षिक प्रतिवेदनलाई यस रूपमा तयार गर्नको लागि निरन्तर सहयोग उपलब्ध गराउनु हुने आयोगका सहकर्मी माननीय सदस्यहरू, सचिव, क्षेत्रीय निर्देशकहरू, उपनिर्देशकहरू लगायत आयोगका केन्द्रीय, क्षेत्रीय तथा सम्पर्क कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु। प्रतिवेदन लेखनमा संलग्न प्रतिवेदन लेखन अधिकृत कैलाशकुमार सिवाकोटी र मानवअधिकार अधिकृत लोकनाथ बास्तोलाको लगनशीलताको फलस्वरूप नै यो प्रतिवेदन आउन सकेको हो।

अन्तमा, मानवअधिकारको संरक्षण र सम्बर्द्धनको माध्यमबाट देशमा मानवअधिकार संस्कृतिको विकास गर्नेजस्तो गहन कार्यमा समर्पित आयोगलाई यस अवधिसम्म निरन्तर रूपमा सहयोग प्रदान गर्ने नेपाल सरकार, दातृसंस्थाहरू, मानवअधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घसंस्थाहरू, नागरिक समाज सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु।

...........................................

**केदारनाथ उपाध्याय**

**अध्यक्ष**

# विषयसूची


| विषय | पृष्ठ सङ्ख्या |
|---|---|
| आयोगको वार्षिक कार्य विवरण: एक झलक | १ |
| प्रतिवेदन सारांश | ३ |
| प्रतिवेदन सम्बन्धमा | २३ |
| १. उद्देश्य | २३ |
| २. तयारी विधि | २३ |
| ३. सीमा | २४ |
| ४. बनौट | २४ |
| **परिच्छेद–१** | |
| सङ्गठन | २५ |
| १.१. पृष्ठभूमि | २५ |
| १.२. साङ्गठानिक संरचना | २५ |
| १.३. काम, कर्तव्य र अधिकार | २६ |
| **परिच्छेद–२** | |
| मानवअधिकारको स्थिति | २७ |
| **परिच्छेद–३** | |
| आयोगद्वारा सम्पादित मुख्य कार्य र उपलब्धिहरू | ३९ |
| ३.१. मानवअधिकार संरक्षणसम्बन्धी गतिविधिहरू | ३९ |
| ३.१.१. उजुरी ग्रहण र व्यवस्थापन | ३९ |
| ३.१.२. विषयगत आधारमा उजुरी | ४० |
| ३.१.३. क्षेत्रगत आधारमा उजुरी | ४१ |
| ३.२. मानवअधिकार अनुगमन र अनुसन्धान | ४२ |
| ३.२.१. अनुगमन | ४२ |
| ३.२.१.१. आयोग आफैद्वारा | ४२ |
| क) अवस्था अनुगमन | ४३ |
| ख) विषयगतअनुगमन | ४४ |
| ३.२.१.२. सहयोग तथा सहकार्यमा | ४७ |
| ३.२.२. अनुसन्धान | ४९ |
| ३.२.२.१. क्षेत्रगत आधारमा | ४९ |
| ३.२.२.२. विषयगत आधारमा | ५० |
| ३.२.२.३. सहयोग तथा सहकार्यमा | ५० |
| ३.३. मानवबेचबिखन तथा ओसारपोसारविरूद्धको कार्य | ५१ |

## परिच्छेद–४

उपचारात्मक विधि ५४
४.१. मानवअधिकार उल्लङ्घनसम्बन्धी उजुरीमा गरिएको निर्णय ५४
४.२. दर्ता भएका जम्मा उजुरीहरूको स्थिति ५४
४.३. उपचारको लागि सिफारिस ५५
४.४. आयोगले गरेको निर्णय/सिफारिसहरूको कार्यान्वयनको अवस्था ५५

## परिच्छेद–५

प्रबर्द्धन तथा आन्तरिक क्षमता अभिवृद्धि ५६
५.१. गोष्ठी तथा तालिम ५७
५.१.१. राष्ट्रिय ५७
५.१.२. अन्तर्राष्ट्रिय ५८
५.२. बैठक, छलफल र अन्तरक्रिया ५८
५.३. मानवअधिकार सञ्जाल बिस्तार ५९
५.४. सार्वजनिक बहस कार्यक्रम ५९
५.५. सार्वजनिक प्रदर्शन ६०
५.६. तालिम तथा आयोगको क्षमता अभिवृद्धि कार्यक्रम ६०
५.६.१. आयोगका कर्मचारीका लागि विभिन्न तालिम तथा गोष्ठी ६१
५.६.२. अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोगमा सञ्चालित क्षमता अभिवृद्धि कार्यक्रम ६४
क) राष्ट्रिय मानवअधिकार आयोग क्षमता अभिवृद्धि परियोजना ६४
ख) बालअधिकार परियोजना ६४
ग) द्वन्द्व न्यूनीकरण (दोस्रो) कार्यक्रम ६५
५.७. सूचना तथा सञ्चार ६५
५.७.१. प्रेस-विज्ञप्ति ६५
५.७.२. पत्रकार सम्मेलन ६६
५.७.३. सूचना प्रविधिसम्बन्धी कार्य ६६
५.७.४. हटलाइन सेवा ६७

## परिच्छेद–६

अनुसन्धान र विकास ६८
६.१. अनुसन्धानका क्षेत्रहरू ६८
६.२. स्रोत केन्द्र ६८
६.३ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा आयोगको सहभागिता ६९
६.३.१. राष्ट्रिय स्तरमा ७०
६.३.२. अन्तर्राष्ट्रिय स्तरमा ७०
६.४. आयोगको भौतिक संरचनागत अवस्था ७०
६.५. प्रकाशन र वितरण ७१

**परिच्छेद–७**

विधिविषय परामर्श ७३

**परिच्छेद–८**

योजना, आन्तरिक अनुगमन तथा मूल्याङ्कन ७५

**परिच्छेद–९**

अन्तर्राष्ट्रिय सम्बन्ध ७७

**परिच्छेद–१०**

व्यवस्थापन र आर्थिक प्रशासन ७९

१०.१ व्यवस्थापन ७९

१०.२ आर्थिक प्रशासन ८१

**परिच्छेद–११**

प्रमुख चुनौती र सुझावहरू ८२

११.१ चुनौतीहरू ८२

११.२ सुझावहरू ८४

**अनुसूची खण्ड**

अनुसूची–१ ८७

पदाधिकारी, कर्मचारीहरूको नामावली र साङ्गठनिक संरचना

अनुसूची–२ ९२

आयोगमा परेका उजुरीहरूको विवरण

अनुसूची–३ ९५

आयोगद्वारा गरिएको अनुगमन

अनुसूची–४ १०९

आयोगद्वारा गरिएको अनुसन्धान

अनुसूची–५ ११५

निर्णय तथा सिफारिससम्बन्धी विवरण

अनुसूची–६ १२०

तालिम/गोष्ठीसम्बन्धी विवरण

अनुसूची–७ १३५

बैठक/छलफल/अन्तर्क्रियसम्बन्धी विवरण

अनुसूची–८ १६४

जारी प्रेस-विज्ञप्तिहरू

अनुसूची–९ १९२

पदाधिकारी/कर्मचारीहरूको अन्तर्राष्ट्रिय भ्रमणसम्बन्धी विवरण

अनुसूची–१० १९४

आर्थिक विवरण

# सङ्क्षिप्त रूप

| | | |
|---|---|---|
| एनेकपा (माओवादी) | = | एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी) |
| नेका | = | नेपाली काङ्ग्रेस |
| एमाले | = | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) |
| नेकपा (माओवादी) | = | नेपाल कम्युनिष्ट पार्टी (माओवादी) |
| राप्रपा | = | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| अनेरास्ववियु | = | अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन |
| नेविसङ्घ | = | नेपाल विद्यार्थी सङ्घ |
| वाइसीएल | = | योङ कम्युनिष्ट लिग |
| जिप्रका | = | जिल्ला प्रशासन कार्यालय/जिल्ला प्रहरी कार्यालय |
| गोइत समूह | = | अखिल तराई मुक्तिमोर्चा (गोइत समूह) |
| ज्वालासिंह | = | जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वालासिंह) |
| किवजपा | = | किराँत वर्कस जनवादी पार्टी |
| आयोग | = | राष्ट्रिय मानवअधिकार आयोग |
| केका | = | केन्द्रीय कार्यालय |
| क्षेका | = | क्षेत्रीय कार्यालय |
| क्षेनी | = | क्षेत्रीय निर्देशक |
| ओएचसीएचआर | = | संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चआयुक्तको कार्यालय |
| गैसस | = | गैरसरकारी संस्था |
| जिविस | = | जिल्ला विकास समिति |
| नपा | = | नगरपालिका |
| गाविस | = | गाउँ विकास समिति |
| त्रिवि | = | त्रिभुवन विश्वविद्यालय |
| मावि | = | माध्यामिक विद्यालय |
| निमावि | = | निम्न माध्यामिक विद्यालय |
| प्रावि | = | प्राथामिक विद्यालय |
| विस | = | विक्रम सम्बत् |

*यस प्रतिवेदनमा तत्कालिन नेकपा (माओवादी) -लाई एकीकृत नेकपा माओवादी भनी उल्लेख गरिएको छ ।*

# आयोगको वार्षिक कार्यविवरणः एक झलक

| क.स | कामको प्रकृति | सङ्ख्या | विषय |
|---|---|---|---|
| १ | मानवअधिकार संरक्षण | | |
| १.१ | प्राप्त उजुरी | ६७७ | हत्या, बेपत्ता, अपहरण, धम्की, यातना कुटपीट, विस्थापन, आर्थिक सामाजिक अधिकार, बेवारिसे बम-विष्फोटनमा मृत्यु, सम्पत्ति कब्जा, कानुनी उपचार आदि |
| १.२ | अनुगमन | १९४ | समग्र मानवअधिकार अवस्था, संविधानसभा निर्वाचन अनुगमन बालअधिकार, महिलाअधिकार, विस्थापन, बन्दीहरूको अधिकार, विभिन्न समूहले गरेको बन्दप्रदर्शनमा मानवअधिकार अवस्था, मुक्त कमैयाहरूको मानवअधिकार आदि |
| १.३ | अनुसन्धान | ७७ | हत्या, बेवारिसे बम-विष्फोटनमा परी मृत्यु, बेपत्ता, अपहरण, विस्थापन, यातना कुटपीट धम्की, सम्पत्ति कब्जा, बन्दीका अधिकार आदि |
| १.४ | निर्णय (टुङ्ग्याइएको) | ५२१ | बेपत्ता, अपहरण, धम्की, आर्थिक सामाजिक अधिकार, विदेशी र शरणार्थीको अधिकार आदि |
| १.५ | निर्णय (खारेजी) | २१ | यातना, विस्थापन आदि |
| १.६ | निर्णय (तामेली) | ४ | धम्की, आर्थिक सामाजिक अधिकार, यातना आदि |
| १.७ | सिफारिस | ८२ | हत्या, बेवारिसे बम-विष्फोटनमा परी मृत्यु, बेपत्ता, अपहरण, विस्थापन, यातना कुटपीट धम्की, सम्पत्ति कब्जा, बन्दीका अधिकार आदि |
| १.८ | नीतिगत सिफारिस | ५ | रोमविधान अनुमोदन गर्न, मध्य र सुदुरपश्चिमाञ्चलमा विद्यामान हलियाप्रथा उन्मुलन गर्न, भूमिसम्बन्धी आयोग गठन गरी भूमिअधिकारलाई सुनिश्चित गर्न, मध्य र सुदुर पश्चिमाञ्चलमा रहेको कमलरी प्रथा उन्मूलन गर्न, कुनै एक धर्मको संरक्षण वा प्रबर्द्धन गर्दा कुनै अर्को धर्म वा धर्मालम्बीहरूका हकअधिकारलाई खलल नपुग्ने गरी धार्मिक सहिष्णुता र सद्भाव कायम गरी मानवअधिकारको संरक्षण गर्न-गराउन आदि |
| १.९ | मानवअधिकार संरक्षणका लागि सहकार्य | १ | ओएचसीएचआरसँग मानवअधिकार संरक्षण र सम्बर्द्धनका लागि सहकार्य गर्ने सम्बन्धमा २०६५ फागुन ९ मा १० बुँदे सहमतिपत्रमा हस्ताक्षर |
| २ | मानवअधिकार सम्बर्द्धन | | |
| २.१ | तालीम/गोष्ठी | ५९ (३ ओटा अन्तर्राष्ट्रिय स्तरको कार्यशाला गोष्ठी) | बालअधिकार, आधारभूत मानवअधिकार, विस्थापित, बेपतासम्बन्धी, दलितका अधिकार, महिलाका अधिकार आदि |

| | | | |
|---|---|---|---|
| २.२ | बैठक/अन्तरक्रिया/ छलफल | १२६ | मानवअधिकार अवस्था, शान्तिसुरक्षा, बन्दहडताल, खाद्यान्न आपूर्ति आदि |
| ३ | प्रकाशन | | |
| ३.१ | नियमित प्रकाशन | २ | वार्षिक प्रतिवेदन र मानअधिकारपत्र (मासिक) |
| ३.२ | प्रतिवेदन/ पुस्तिकाहरू | १५ | मानवअधिकार अवस्था, बेपत्तासम्बन्धी, बालअधिकारसम्बन्धी, यातनासम्बन्धी, संविधान निर्माणसम्बन्धी प्रश्नोत्तर सङ्गालो, अन्तर्राष्ट्रिय फौज्दारी अदालतको विधान १९९८ को अनुमोदनको आवश्यकता र औचित्य, आन्तरिक विस्थापनसम्बन्धी, आयोगको सिफारिस र कार्यान्वयनको अवस्था आदि |
| ३.३. | क्षेत्रीय कार्यालयको प्रकाशन | १ | वार्षिक प्रतिवेदन |
| ३.४ | प्रेसविज्ञप्ति | ८१ | |
| ४ | अन्तर्राष्ट्रिय प्रतिनिधि मण्डल तथा कुटनीतिज्ञहरूसँग छलफल | ११ | एसिया, अफ्रिका र संयुक्त राष्ट्रसङ्घ मामिला हेर्ने बेलायती मन्त्री लर्ड म्यालक ब्राउन, बेलायती संसदीय टोली, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त श्री नवनितम पिल्लाइ, संयुक्त राष्ट्रसङ्घ महासचिवका विशेष प्रतिनिधि राधिका कुमारास्वामी, बेलायत, डेनमार्क, नर्वे, फिनल्यान्ड, फ्रान्स, अमेरिका, जर्मनीका राजदुत आदि |
| ५ | व्यवस्थापन | | |
| ५.१ | शिशु स्याहार कक्षको स्थापना र सञ्चालन | | |
| ५.२ | आयोगको पाँचौ क्षेत्रीय कार्यालय जनकपुरमा स्थापना | | |
| ५.३ | २४ सै घण्टा उपलब्ध हुने मानवअधिकार हटलाइनको सुरुआत | | |
| ५.४ | आयोगका नयाँ संरचनात्मक ढाँचा १२ ओटा विभिन्न कार्यालयहरू र ३०९ जना कर्मचारी रहने गरी स्वीकृत | | |
| ६ | विधिविषय परामर्श | | |
| ६.१ | नेपाल सरकारलाई रायसुझाव | | २ |
| ६.२ | कानुनको पुनरावलोकन | | २ |
| ७ | पुस्तकालयमा पुस्तक थप | ३१८ थान पुस्तक तथा प्रतिवेदन थप | |
| ८ | कार्यरत जनशक्ति | | |
| ८.१ | अध्यक्ष/सदस्यहरू | | ५ |
| ८.२ | अधिकृत तह | | ६२ |
| ८.३ | सहायक तह | | २४ |
| ८.४ | सहयोगी र अन्य | | ४१ |

# प्रतिवेदन सारांश

मानवअधिकारको क्षेत्रमा प्रभावकारी भूमिका निर्वाह गर्ने राष्ट्रिय संस्थाको आवश्यकतालाई महसुस गरी मानवअधिकार आयोग ऐन २०५३ बमोजिम २०५७ साल जेठ १३ गते राष्ट्रिय मानवअधिकार आयोग स्थापना भएको हो। नेपालको अन्तरिम संविधान, २०६३ ले यसलाई संवैधानिक अङ्गको रूपमा स्थापित गरेको छ। मानवअधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन तथा प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको कर्तव्य हो। संविधानतः आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन नेपालका राष्ट्रपतिसमक्ष प्रस्तुत गर्नुपर्दछ। प्रतिवेदनभित्र अन्य कुराहरूको अतिरिक्त वार्षिक रूपमा परेका उजुरी, ती उजुरीउपर गरिएको छानवीन, अनुसन्धान विवरण, सरकारलाई गरेका सिफारिस विवरण, मानवअधिकार उल्लङ्घन गर्ने व्यक्तिविरुद्ध मुद्दा दायर गरेको भए सो सङ्ख्या उल्लेख गर्नुपर्छ। त्यसै गरी मानवअधिकारको संरक्षण र प्रबर्द्धन सम्बन्धमा सम्पन्न कामकारबाहीहरू र भविष्यमा गर्नुपर्ने सुधारसमेतलाई समावेश गर्नुपर्दछ। यसैको परिधिभित्र आयोगको वार्षिक प्रतिवेदन २०६५–२०६६ केन्द्रित रहेको छ। संवैधानिक अङ्गको हैसियतमा यो आयोगको दोस्रो वार्षिक प्रतिवेदन हो। प्रतिवेदनले यस समयावधिको मानवअधिकार स्थिति र चुनौतीलाई प्रतिबिम्बित गर्नेछ।

माथि उल्लिखित विषयवस्तुको सेरोफेरोभित्र यो प्रतिवेदन सीमित छ। प्रतिवेदनले समग्र मानवअधिकार स्थिति र उल्लङ्घनका प्रमुख घटनाहरूबाहेक समग्र घटनाहरूलाई चाहेर पनि समेट्न नसकेको स्थिति छ तर पनि यसले मूलतः प्रवृति एवम् परिपाटीको चित्रण गर्दछ। प्रस्तुत प्रतिवेदन ११ परिच्छेद र १० अनुसूचीमा विभक्त छ।

मानवअधिकारको सम्मान, संरक्षण र पालनाको दृष्टिकोणबाट यो वर्ष मिश्रित रहन पुग्यो। उपलब्धीलाई हेर्दा यस वर्ष संसद्ले राष्ट्रपति, उपराष्ट्रपतिको निर्वाचन सम्पन्न गऱ्यो भने संविधानसभा अध्यक्ष एवम् उपाध्यक्ष र संवैधानिक समितिको सभापति संसंद्का विभिन्न समितिमा सभापतिहरूको चयन गरियो। संविधानसभामा सबैभन्दा ठूलो दल नेकपा (माओवादी)-को नेतृत्वमा नेकपा (एमाले), मधेशी जनअधिकार फोरमसहितको सरकार गठन हुनु सत्ता साझेदार दलहरूले सरकारका न्यूनत्तम कार्यक्रम, सरकार सञ्चालन विधि, आचारसंहिता तय गरी लागू गर्ने सहमतिसहित अगाडि बढ्नुलाई उपलब्धीको रूपमा लिन सकिन्छ। नेकपा (माओपादी-का अध्यक्ष

पुष्पकमल दाहाल (प्रचण्ड) ले विज्ञप्ति जारी गरी पार्टीको तर्फबाट सभासद् बनेकाहरू जनमुक्ति सेनाको कुनै पनि पदमा नरहने, समानान्तर सरकार विघटन, वाईसीएलको अर्धसैनिक संरचना भङ्ग गरिएको घोषणा हुनुलाई पनि उपलब्धी मान्न सकिन्छ।

कोसी एवम् पश्चिमी क्षेत्रमा भएको बाढीपैरो पीडितलाई राहत उपलब्ध, पुनर्स्थापना, मर्मत, निर्माणसम्बन्धी निर्णय गरी कारबाही अगाडि बढाउनु वर्षको सकरात्मक कार्य हुन्।सरकारबाट अनावश्यक सरकारी खर्च घटाउने निर्णय, हलियाप्रथाको अन्त्य, सरकारी नीति तथा कार्यक्रम, बजेट पारित यस अवधिका महत्वपूर्ण उपलब्धी हुन्। आदिवासी जनजातिहरूको हकाधिकार स्थापित गर्न २०६४ मा नेपाल सरकारद्वारा पारित अन्तर्राष्ट्रिय श्रमसङ्गठन महासन्धि लागू गरिनु, तराईमा आन्दोलरनरतः सशस्त्र समूहलाई वार्ताको लागि औपचारिक एवम् अनौपचारिक आव्हान, वार्ताको लागि सरकारी पक्षबाट तीन सदस्यीय वार्ताटोली गठन एवम् औपचारिक रूपमा वार्ताको थालनी र सहमतिलाई उपलब्धीको रूपमा हेर्न सकिन्छ। स्थानीय तहमा शान्ति र मेलमिलाप कायम गराउन शान्तिसमिति बिस्तार, सरकारी निर्णयप्रक्रिया सरलीकरण निर्देशिका, निर्मल-पुष्कर हत्याकाण्डमा नागरिक समिति र सरकारबीच सहमति, संविधान निर्माणको लागि जनताका सुझाव सङ्कलन, संविधान लेखन कार्यको थालनी पनि यस वर्षका विशेष कार्य हुन्।

हिमाली मिडियामाथि भएको आक्रमण सम्बन्धमा सञ्चारमन्त्रीको संयोजकत्वमा समित गठन, सेना समायोजन समिति गठन, ग्याँस, डिजेल, मट्टितेल, हवाइ इनधनमा मूल्य घटाउने निर्णय आदिलाई उपलब्धीको रूपमा लिनुपर्दछ। सरकार र प्रतिपक्षी दलबीच संसद् खुलाउने सहमतिपछि संसद् सुचारु, स्वास्थ्य मन्त्रालयले मुलुकभर आमा सुरक्षा कार्यक्रमअन्तर्गत निःशुल्क प्रसूति सेवा र आवश्वयक औषधी वितरणको घोषणालाई विशेष कार्यका रूपमा लिन सकिन्छ। अक्षर चिनौँ, साक्षर बनौ अभियान भन्ने नारासहति अभियान प्रारम्भ, त्रिविवि भाषा विज्ञान विभाग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानबीच देशभर बोलिने ९२ भाषाको सर्वेक्षण गर्ने सम्झौता, व्यक्ति बेपत्ता पार्ने कार्यविरुद्ध विधेयक, सार्वजनिक सेवामा समानुपातिक र समावेशी विधेयक अध्यायदेशमार्फत ल्याउने कार्य, आन्दोलनका क्रममा घाइते एवम् मृतकलाई राहत र सहीद घोषणा, थरुहटलगायतका विभिन्न आन्दोलनमा सहमति गरी मन्त्रीपरिषद्को बैठकबाट निर्णयको लागि अनुमोदन, संविधानसभा उपनिर्वाचन सम्पन्न हुनु अन्य उपलब्धी हुन्। महिला हिंसाविरुद्ध कानुन निर्माण, शान्तिसुरक्षाको स्थितिमा सामान्य सुधार, द्वन्द्वपीडितहरूलाई राहतको

व्यवस्थाको निर्णय आदि पनि यस अवधिका उपलब्धीका रूपमा रहेका छन्। सर्वोच्च अदालतबाट पश्चिमका केही क्षेत्रहरूमा भोकमरीको सम्भावना भएको भनी खाद्यान्न आपूर्तिको लागि भएको निर्देशन मानवअधिकारको दृष्टिबाट उल्लेखनीय छ।

नेपालको अन्तरिम संविधान २०६३, र मानवअधिकार आयोग ऐन २०५३ ले तोकेका कार्यबाहेक विस्तृत शान्तिसम्झौता २०६३ ले आयोगलाई मानवअधिकारको अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ। जसभित्र राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरण र द्वन्द्वव्यवस्थापन, सेना र हतियार व्यवस्थापन, स्थिति सामान्यीकरणका उपायहरू, युद्ध समाप्तिलाई समेटिएको छ। त्यसै गरी मानवअधिकार, मौलिक अधिकार र मानवीय कानुनको परिपालना, मतभेद निरूपण तथा कार्यान्वयन संयन्त्र, कार्यान्वयन तथा अनुगमन लगायतका विषय छन्। यसमा पनि आयोगले नियमित रूपमा अनुगमन गर्दै आइरहेको छ।

यी सकरात्मक कार्य एवम् प्रयासका बाबजुद पनि यो समयावधि मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन, परिपूर्ति र परिपालनको दृष्टिकोणबाट सन्तोषजनक रहन सकेन। राजनीतिक नेतृत्व र सरकारी तहबाट गरिएका प्रतिबद्धता आंशिक रूपमा मात्र व्यवहारमा उत्रन सके। राजनीतिक आस्थाको नाममा विभिन्न अपराधमा संलग्न भएका भनिएकाहरूको मुद्दा फिर्ता लिनेजस्ता कार्य भए। यस वर्ष पनि आयोगमा उजुरीहरू आउने क्रम जारी नै रह्यो। उजुरीहरू मूलतः हत्या, बेपत्ता, अपहरण, यातना, धम्की, गैरकानुनी थुना, सम्पत्ति कब्जा, आन्तरिक विस्थापन, भेदभाव जबरजस्ती चन्दा आदि विषयसँग सम्बन्धित छन्। त्यसै गरी आर्थिक सामाजिक र सांस्कृतिक अधिकार उपभोगमा अवरोध, महिला तथा बालअधिकारको उल्लङ्घन र ज्यादतिसम्बन्धी विषयममा पनि उजुरीहरूसमेत दर्ता हुन आएका छन्। उजुरीको प्रकृति हेर्दा द्वन्द्वकालीन घटनाहरू बढी छन्। गत वर्ष १,१७३ उजुरी पर्न आएकोमा यस वर्ष सो सङ्ख्या ६७७ छ। सुरक्षाकर्मीबाट हत्या भएको भनी गत वर्ष सबैभन्दा बढी १८१ उजुरीहरू परेकोमा यस वर्ष सुरक्षाकर्मीबाट हिरासतमा यातना दिएको भनी सबैभन्दा बढी ७० उजुरी परेका छन्। त्यसै गरी सुरक्षाकर्मीबाट धम्की दिएको भनी ३ उजुरी परेकोमा यस वर्ष सबैभन्दा कम बमविष्फोटनसम्बन्धी २ उजुरी पर्न आएका छन्। क्षेत्रगत रूपमा हेर्दा यस वर्ष सबैभन्दा बढी उजुरी केन्द्रीय कार्यालय हरिहरभवन ललितपुरमा १९९ र सबैभन्दा कम क्षेत्रीय कार्यालय जनकपुरमा ५३ छन्। यस्तै पोखरा १३८, नेपालगञ्ज १३०, विराटनगर १०२ र धनगढीमा ५५ उजुरीहरू प्राप्त हुन आएका छन्। सम्पर्क कार्यालयहरू बुटवल, ४८,

जुम्ला ९ र खोटाङ ३ गरी जम्मा ६० उजुरी परेको देखिन्छ। शान्तिसम्झौतापश्चात् संविधानसभा निर्वाचन सम्पन्न हुनु, पीडितबाट डर, धाक, धम्की आदिको कारण उजुरी नगर्नु, आयोगका सिफारिसहरू कार्यान्वयन नहुनुले पीडितप्रति नैराश्यताको भावना उब्जनु साथै प्रबर्द्धनात्मक गतिविधि प्रयाप्तमात्रमा नहुनुलाई उजुरी घट्नुको कारणका रूपमा लिन सकिन्छ।

प्राप्त उजुरीपश्चात् आयोगले आवश्यकता, विषयवस्तुको गाम्भीर्यता आदिको आधारमा एकल वा संयुक्त रूपमा पनि अनुगमन र अनुसन्धान गर्दै आएको छ। मानवअधिकारको समग्र अवस्था त्यसको कार्यान्वयनको स्थिति, आदिको बारेमा स्थलगतरूपमा बुझ्ने प्रकियालाई अनुगमन गरिन्छ भने मुद्दा विशेषमा अनुसन्धान गरिन्छ। समग्र मानवअधिकारको अवस्था एवम् मानवअधिकारभित्रका विषयहरू– खाद्यको अधिकार, बालअधिकार, आन्तरिक विस्थापितका अधिकार, शरणार्थीसम्बन्धी अधिकार, महिला तथा अपाङ्गका अधिकारको अवस्था, कैदीबन्दीका अधिकार, कारागार तथा हिरासत, राजनीतिक दल तथा सङ्घसंस्थाहरूद्वारा विभिन्न माग राखी गरिने आन्दोलन, बन्द, हड्ताल, कामको अधिकार आदि अनुगमन र अनुसन्धानका प्रमुख विषय थिए। यस वर्ष आयोगबाट जम्मा १८४ पटक अनुगमन गरिएकोमा १८२ पटक एकल र २ पटक संयुक्त रूपमा भएको छ। ३४ पटक समग्र मानवअधिकार अवस्था र १५० पटक विषयगत मुद्दामा अनुगमन गरेकोमा क्षेत्रगत आधारमा हेर्दा काठमाडौँ ८, जनकपुर ७, विराटनगर ६, पोखरा ४ नेपालगञ्ज ३ र धनगढीले १ पटक अनुगमन गरेको अवस्था रहेको छ। त्यसै गरी सम्पर्क कार्यालयको हकमा बुटवल र खोटाङले २/२ पटक र जुम्लाले १ पटक अनुगमन गरेको देखिन्छ। विषयगत अनुगमनको हकमा नेपालगञ्ज ३७, काठमाडौँ २८, विराटनगर २२, धनगढी २१, जनकपुर १७ र पोखरा ११ देखिन्छ। सम्पर्क कार्यालय बुटवल, जुम्ला र खोटाङको सङ्ख्या क्रमशः ८, ४ र २ रहेको स्थिति छ। (विस्तृत विवरण अनुसूची २ मा छ)

आयोगले अनुगमनको साथसाथै अनुसन्धान कार्यलाई पनि एकैसाथ अगाडि लगेको अवस्था छ। अनुसन्धानका विषयमा मुख्यतः बालअधिकार, बेपत्ता, हत्या, अपहरण, यातना, कुटपीट, बमविष्फोट, गैरकानुनी थुना, सम्पत्ति कब्जा रहेका छन्। क्षेत्रगत रूपमा काठमाडौँ र नेपालगञ्जले १८/१८, धनगढीले १२, विराटनगरले १५, पोखराले ७ र जनकपुरले २ चरणमा अनुसन्धान सम्पन्न गरेको देखिन्छ। त्यसै गरी सम्पर्क कार्यालयहरू बुटवलले ३, जुम्ला र खोटाङले १/१ चरण गरी जम्मा ७७ चरणमा

अनुसन्धान भएको स्थिति छ। यस वर्ष जम्मा २५५ उजुरीहरूमाथि अनुसन्धान भएकोमा नेपालगञ्ज ११६, केन्द्रीय कार्यालय ८५, धनगढी १२, पोखरा १४, जनकपुर २ र विराटनगर १८ रहेका छन्। त्यसै गरी सम्पर्क कार्यालय बुटवल ४, खोटाङ ३ र जुम्ला १ छ। गत वर्ष ७२८ उजुरीमाथि अनुसन्धान भएकोमा यस वर्ष सो सङ्ख्या ४७३ ले घटेको छ। यस वर्ष अनुसन्धानको प्रकृति हेर्दा सबैभन्दा बढी गैरन्यायिक हत्या भनिएका ३० उजुरमाथि अनुसन्धान गरिएको छ। अनुसन्धान कार्य एकल र संयुक्त रूपमा पनि भएको छ। अनुसन्धान गरिएका केही प्रमुख घट्नाहरूमा जनकपुरधामस्थित जनकपुर टुडे रेडियोमा कार्यरत पत्रकार उमा सिंहको हत्या, तराईमा थरुहट सङ्घर्ष समितिले गरेको बन्दहडतालका क्रममा दाङ र चितवनका विभिन्न स्थानमा भएका प्रदर्शनकारी र प्रहरीको हत्या लगायत छन्।

आयोगले यस अवधिमा अनुसन्धान कार्य सम्पन्न भएका ५६२३ व्यक्तिको सम्बन्धमा परेका ६२८ उजुरीहरूका सम्बन्धमा निर्णय गरेको छ। जसमा ५४६ तामेली/खारेजी/टुङ्ग्याइएको अवस्था छ। त्यसै गरी ८२ उजुरीको सम्बन्धमा निर्णय गरी ४१ जना दोषीलाई कारबाही गर्न, ६३ जनाको हकमा क्षतिपूर्ति दिन र २१ जनाको हकमा राहत दिनको लागि नेपाल सरकारलाई सिफारिस गरेको छ। आयोगले सरकारका नाममा ५ नीतिगत सिफारिसहरू पनि गरेको छ। जसमा रोम विधान अनुमोदन गर्न, मध्य र सुदुरपश्चिमाञ्चलमा विद्यमान हलियाप्रथा उन्मूलन गर्न, भूमिसम्बन्धी आयोग गठन गरी भूमि अधिकारलाई सुनिश्चित गर्न, मध्य र सुदुरपश्चिमाञ्चलमा रहेको कमलरी प्रथा उन्मुलन गर्न, कुनै एक धर्मको संरक्षण वा प्रबर्द्धन गर्दा कुनै अर्को धर्म वा धर्मालम्बीहरूका हक-अधिकारलाई खलल नपुग्ने गरी धार्मिक सहिष्णुता र सद्भाव कायम गरी मानवअधिकारको संरक्षण गर्न गराउन भन्ने रहेका छन्।

आयोगले सरकारलाई गरेका सिफारिसको कार्यान्वयन अवस्थालाई दृष्टिगत गर्दा सन्तोष मान्न सकिने स्थिति छैन। आयोगमा स्थापनाकालदेखि २०६५ साल चैत मसान्तसम्ममा मानवअधिकार उल्लङ्घन भएको भनी जम्मा २८५ सिफारिस गरी सरकारलाई पठाएकोमा सोही अवधिसम्ममा पूर्णरूपमा २१ र आंशिक रूपमा २२ मात्र कार्यान्वयन भएको अवस्था छ। यसबाहेक ७८ सिफारिसहरू कार्यान्वयनको प्रक्रियामा रहेको जानकारी आयोगलाई प्राप्त भएको छ भने १६४ सिफारिसहरूको कार्यान्वयन अवस्था सम्बन्धमा सरकारबाट आयोगलाई कुनै जानकारी प्राप्त भएको छैन। त्यसै गरी २०६६ बैशाखदेखि असार मसान्तसम्ममा आयोगले उजुरीउपर

निर्णय गरी १५ सिफारिस गरेको देखिन्छ । तीमध्ये कुनै पनि कार्यान्वयन भएको जानकारी आयोगमा प्राप्त भएको छैन।

आयोगको संस्थागत विकास एवम् प्रभावकारी भूमिकाको लागि आयोगले विभिन्न अभियान सञ्चालन गर्दै आएको छ। तालीम, गोष्ठी, छलफल, कर्मचारी सरुवाजस्ता कार्यक्रमलाई प्राथमिकतामा राखी कार्य अगाडि बढाएको छ। आयोगका सिफारिस कार्यान्वयन गर्न प्रधानमन्त्री माधवकुमार नेपाललाई स्मृतिपत्र बुझाएको थियो। आयोगमाथि विभिन्न प्रश्नहरू उठिरहको अवस्थामा प्रस्तावित आयोग ऐनमाथि छलफल चलाई आयोगको स्वायत्तता र स्वतन्त्रता जोगाउन सरोकारवालाहरूसँग छलफल र सरकारी निकायलाई घच्घच्याउने क्रम निरन्तर जारी छ। सहकार्यको संस्कृतिलाई निरन्तरता दिदैं आयोगले राजनीतिक दल, नागरिक समाज, सञ्चारजगत, मानवअधिकारकर्मी, पेशाकर्मी एवम् सरोकारवालाहरूसँगको सम्बन्धलाई थप सुदृढ बनाउदै लगेको छ। विगतमा अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूको समन्वय समितिले आयोगलाई पहिलो दर्जामा राखेकोमा त्यसले निरन्तरता पाइरहेको छ।

समग्र मावअधिकारको अवस्थालाई नियाल्दा यो वर्ष पनि स्थिति सन्तोषजनक देखिएन। यस वर्ष पनि कुनै न कुनै रूपमा व्यक्तिको बाँच्न पाउने अधिकार प्रभावित बन्न पुग्यो। अधिकार प्रभावित तुल्याउनेहरूमा विभिन्न सशस्त्र समूह, राजनीतिक दलआबद्ध भातृ सङ्गठनका कार्यकर्ताहरूको नाम जोडिन पुगेको देखिन्छ। अपहरणपश्चात् हत्या गरिने विगतको शृङ्खला निरन्तर जारी रह्यो। विशेषतः यस अवधिमा बालबालिका अपहरण हुने आशङ्का, अपहरणको आरोप र अपहरण गरेकोमा समूह वा गाउले मिली कुटपीट गरी, जिउदै जलाई हत्या गर्ने परिपाटी विकसित हुन पुग्यो। तराईका जिल्लाहरू धनुषा, महोत्तरी र सिराहामा यस खालका गतिविधिहरू बढी मात्रामा भएको देखिन्छ। भक्तपुरको चपाचोमा २०६६ असार २३ गते बच्चा अपहरण गर्न आएको भन्ने आरोपमा स्थानीय समूहको भीडले कुटपीट गर्दा ३ जनाको ज्यान गएको थियो। तराईमा रहेका विभिन्न सशस्त्र समूहका नामबाट सर्वसाधारण, कर्मचारी, पत्रकारहरूले समेत ज्यान गुमाउनुपरेको छ। थरुहट संयुक्त सङ्घर्ष समितिद्वारा गरिएको प्रदर्शनीमा चितवन र दाङमा प्रहरीले चलाएको गोली लागी २/२ जना प्रदर्शनकारी र प्रदर्शनकारीहरूको प्रहारबाट चितवनमा १ जना सशस्त्र प्रहरीको ज्यान गएको थियो। यस अवधिमा जीवनको अधिकारँग सम्बन्धित हत्यासम्बन्धी जम्मा ७३ वटा उजुरीहरू आयोगमा दर्ता भए। जसमा राज्यविरुद्धका ३५, एनेकपा (माओवादी)-विरुद्धका १५ र अन्य २४ उजुरीहरू परेका छन्। हत्यासम्बन्धी ६

घटना सम्बन्धमा आयोगले प्रारम्भिक अनुगमन र पुराना र नयाँ उजुरीहरूउपर ३० ओटा अनुसन्धानहरू सम्पन्न गरेको थियो। आयोगले यस समयावधिमा हत्यासँग सम्बन्धित ३८ उजुरीहरूउपर निर्णय गरी सरकारलाई सिफारिस र २ उजुरीहरूलाई टुङ्ग्याएको छ। समग्रमा हेर्दा राज्यप्रति अविश्वास, प्रतिशोधको भावना, कानुन हातमा लिने प्रवृति, राजनीतिक संरक्षण कमजोर शासनसंयन्त्र, दण्डहीनता आदि कारण यस प्रवृतिको लागि आधारभूमि बन्न पुगेको स्थिति छ।

यस अवधिमा पनि विगत सशस्त्र द्वन्द्वको समयमा सुरक्षाकर्मीद्वारा बेपत्ता बनाइएका व्यक्तिहरूको अवस्था सार्वजनिक हुन सकेन। उजुरीमाथिको कारबाहीका क्रममा आयोगद्वारा माग गरिएका अधिकांश जानकारीको यथार्थ व्यहोरा सरकारले उपलब्ध नगराएको स्थिति छ। शिवपरी जङ्गलमा भेटिएका मानवअवशेष सम्बन्धमा आयोगले थप डीएनए परीक्षणलगायत वैज्ञानिक विश्लेषण गर्ने काम सुक्ष्म रूपमा जारी राखेको छ। आयोगद्वारा गरिएका अधिकांश सिफारिसहरूको कार्यान्वयनवस्था निराशाजनक छ। अझै पनि ८३४ को सङ्ख्यामा रहेका बेपत्तासम्बन्धी उजुरीहरू किनारा लाग्न सकेका छैनन। बेपत्ता पारिएका केही व्यक्तिहरूका आफन्तलाई सरकारले आर्थिक राहत प्रदान गरे पनि प्रायः पीडितहरूले राहत पाउन सकेका छैनन्। पीडकलाई कारबाही गर्ने तर्फ सरकारले प्रभावकारी कदम चाल्न नसकेको अवस्था छ। विस्तृत शान्तिसम्झौता, नेपालको अन्तरिम संविधान तथा राजनैतिक दलहरूबीच पटकपटक भएका सम्झौताबमोजिम बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको यकीन अवस्था पत्ता लगाउन आयोग बन्न सकेको छैन। यस अवधिमा सरकारले बेपत्तासम्बन्धी अध्यादेश ल्याएको भए पनि राजनैतिक असहमतिका कारण त्यसले कार्यरूप लिन सकेन। यस अवधिमा सुरक्षाकर्मीबाट बलपूर्वक बेपत्ता पारिएको भनी ३६ उजुरीहरू परेकोमा एउटा उजुरीमा संलग्न २ जनाको अवस्था सार्वजनिक भयो। सम्पूर्ण उजुरीहरू विगतको सशस्त्र द्वन्द्वसँग सम्बन्धित छन्। यस अवधिमा आयोगले नयाँ एवम् पुराना उजुरीहरूउपर २ चरणमा अनुगमन र १८ चरणमा अनुसन्धान सम्पन्न गरेको छ। बेपत्ता सम्बन्धमा आयोगमा परेका जम्मा उजुरीहरूमध्ये यस पटक १५ उजुरीहरूमा आयोगले निर्णय गरी अन्तरिम राहत दिन नेपाल सरकारलाई सिफारिस गरेको थियो, जसमा पीडितको सङ्ख्या १७ रहेको छ। ती सबै उजुरीउपर अनुसन्धान जारी छ। १५८ जना पीडित रहेका १०८ उजुरीहरूमध्ये १०६ को कारबाही प्रक्रिया टुङ्ग्याइएको र २ लाई तामेलीमा राखिएको छ।

गत वर्षझैँ यस वर्ष पनि कब्जा, अपहरण, स्थिति अज्ञातका घट्नाहरूले निरन्तरता पाए तर यो शृङ्खला यस वर्ष विगतको तुलनामा कम रह्यो। विशेषत: अपहरण गर्ने सशस्त्र समूहहरूमा तराईमा कार्यरत जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वालासिंह), अखिल तराई मुक्तिमोर्चा (गोइत), जनतान्त्रिक तराई मुक्तिमोर्चा र तराई आर्मीलगायत कतिपय पहिचान नखुलेका व्यक्ति वा समूहहरूसमेत चर्चामा रहे। राजनीतिक रूपमा राजनीतिक दल वा भातृसङ्गठनद्वारा अपहरण गरिएको भनी यस वर्ष कुनै उजुरी आयोगमा दर्ता भएनन्। सरकार र तराई लगायत पूर्वी पहाडी जिल्लाहरूमा सशस्त्र गतिविधि सञ्चालन गर्दै आएका सशस्त्र समूहहरूसँग सरकारद्वारा थालनी गरिएको वार्ताप्रक्रियाले पनि यस्ता घट्नामा कमी आएको देखिन्छ। फिरौती असुल गर्ने उद्देश्यले अपराधिक समूह वा व्यक्तिद्वारा गरिने अपहरणका घटनाहरूमा भने वृद्धि भएको अवस्था छ यसका लागि बालबालिकाहरूलाई अपहरण गर्ने प्रवृति विकसित हुन पुगेको देखिन्छ। यसरी अपहरणपश्चात् कतिपयको हत्या गरिएको छ भने कतिपय ठूलो मात्रामा फिरौती रकम तिरेर मुक्त भएका छन्। साउन १९ गते डा. उपेन्द्र देवकोटको छोरीलाई आपराधिक समूहद्वारा आर्थिक प्रयोजनको लागि अपहरण गरिएको घट्ना राष्ट्रिय चर्चाको विषय बन्यो।

नेकपा (माओवादी)-द्वारा सशस्त्र द्वन्द्वको क्रममा बलपूर्वक कब्जामा लिई अवस्था अज्ञात बनाइएका कतिपय व्यक्तिको अवस्था हालसम्म सार्वजनिक हुन सकेको छैन। यसरी कब्जामा लिई १०८७ व्यक्तिको अवस्था अज्ञात पारिएको भनी उजुरी परेकोमा २१९ जनाको अवस्था अझै अज्ञात छ। यसै वर्षमात्रै विगतको सशस्त्र द्वन्द्वका क्रममा तत्कालीन नेकपा (माओवादी)-ले अपहरण गरी अवस्था अज्ञात रहेको भनी २८ र विभिन्न एवम् अज्ञात समूहरूबाट अपहरण गरिएको भनी ४८ गरी जम्मा ७६ उजुरीहरू दर्ता भएका छन्। आयोगले कब्जा/अपहरण एवम् अवस्था अज्ञातसम्बन्धी ४ उजुरीमा अनुगमन र ९ उजुरीमा अनुसन्धान सम्पन्न गऱ्यो। आयोगले एनेकपा (माओवादी) द्वारा कब्जापश्चात् अवस्था अज्ञात रहेका भनी परेका ४ उजुरीउपर निर्णय गरी सरकारलाई अन्तरिम राहतका लागि सिफारिस गरेको थियो। यस अवधिमा १५१ जनाका हकमा १२३ उजुरीहरूको कारबाही प्रक्रिया टुङ्ग्याइएको छ। १२३ उजुरीहरूमध्ये १२० तात्कालीन नेकपा (माओवादी) र ३ अन्यका विरुद्ध रहेका छन्।

यातना, कुटपीट तथा अमानवीय व्यवहारका घटनाहरूले यस अवधिमा पनि निरन्तरता पाए। एनेकपा (माओवादी)-को गठनपश्चात् सो पार्टीबाट अलग भई

नेकपा (माओवादी) पुनर्गठन गर्न पुगेका मातृका यादव समूहका कार्यकर्ताहरूलाई एनेकपा (माओवादी)–का कार्यकर्ताहरूले अपहरण गरी यातना दिएको भनी उजुरी परेकोमा आयोगसमेतको पहलमा उनीहरूलाई मुक्त गरिएको थियो। विभिन्न वर्ग तथा समुदायबाट गरिएका प्रदर्शनहरूलाई नियन्त्रण गर्ने क्रममा कतिपय अवस्थामा सुरक्षाकर्मीद्वारा प्रदर्शनकारीमाथि अत्याधिक बल प्रयोग भएको थियो। थरुहट संयुक्त सङ्घर्ष समितीद्वारा तराइका विभिन्न स्थानहरूमा गरिएको प्रदर्शनीमा अत्याधिक बल प्रयोग भएको प्रदर्शनहरूमा प्रदर्शनकारीहरूका साथै प्रहरीहरूसमेत घाइते भएका थिए। तिब्बती शरणार्थीहरूद्वारा विभिन्न माग राखी काठमाडौं र ललितपुरका विभिन्न स्थानमा गरिएका प्रर्दशनहरूमा प्रहरीद्वारा शक्ति प्रयोगको अलावा पक्राउ परेका व्यक्तिहरूलाई लट्ठीले कुटने, बुट्ले हिर्काउने, यातना दिने र दुर्व्यवहार गरिएको अवस्था रह्यो। तराई आन्दोलन र तराईका केही जिल्लामा थप सुरक्षाबल खटिएकोमा सांस्कृतिक परम्परा र संस्कार विपरीत रातको समयमा घरको खानतलासी लिने कार्यसमेत भएका थिए। यस सम्बन्धमा आयोगले सम्बन्धित पक्षलाई आयोगमा बोलाई जानकारी लिनुका साथै सचेत गराएको थियो।

नेकपा (माओवादी)-को भातृसङ्गठन योङ कम्युनिष्ट लिग, अखिल नेपाल ट्रेड युनियन महासङ्घ तथा अनेरास्ववियु (क्रान्तिकारी) लगायतका भगिनी संस्थामा आबद्ध कार्यकर्ताहरूद्वारा शान्तिसुरक्षा कायम गर्ने, उजुरीउपर सुनुवाइ गर्ने, अपराध नियन्त्रण गर्ने लगायतका बहानामा व्यक्तिलाई कब्जामा लिने एवम् कुटपीट तथा कालो मोसो वा जुत्ताको माला लगाई अमानवीय व्यवहार गर्ने गरेको पाइएको छ। त्यस किसिमका कारबाहीमा विशेषतः फरक राजनीतिक विचारधारा राख्ने नेता, कार्यकर्ता, विद्यार्थी, विभिन्न पेशा-व्यवसायमा संलग्न पेशाकर्मीलगायत सर्वसाधारणहरू पर्ने गरेका छन्। यसै अवधिमा त्रिभुवन विश्वविद्यालयका उपकुलपति माधव शर्मालाई अखिल क्रान्तिकारीले विश्वविद्यालय परिसरमा र अनेरास्ववियुका कार्यकर्ताहरूले पूर्वाञ्चल विश्विद्यालयका उपकूलपतिलाई कालोमोसो दली दुरव्यवहार गरे। त्यस्तै गरी दसैँको समयमा ढोल नबजाएको भनी महोत्तरी जिल्लाको नैन्ही गाविसका चमार जातिहरूउपर गैरदलितहरूले नाकाबन्दी लगाएका कारण दलितहरूको मानवअधिकार हनन भएको स्थिति रह्यो।

यस अवधिमा यातना, कुटपीट तथा दुरव्यवहार गरिएको भनी आयोगमा ११४ उजुरीहरू परेका छन्। जसमा सुरक्षाकर्मीले यातना ७०, सुरक्षाकर्मीबाट कुटपीट ६, नेकपा (माओवादी)-बाट कुटपीट ३, अन्य पक्षबाट कुटपीट ३ र दुरव्यवहार ३२

उजुरीहरू रहेका छन्। यस अवधिमा यातना, कुटपीट तथा दुरव्यवहारका सम्बन्धमा ३ अनुगमन र नयाँ तथा पुराना उजुरीहरूमा गरी १८ अनुसन्धानहरू सम्पन्न भए। यातना सम्बन्धमा आयोगमा परेका जम्मा उजुरीहरूमध्ये ३ मा निर्णय गरी क्षतिपूर्ति र २ मा कारबाहीको लागि सिफारिस गरेको छ। यसै अवधिमा ५३ जना पीडित भनिएका ५० उजुरीउपर कारबाही प्रक्रिया टुङ्ग्याइएको छ।

यस वर्ष पनि विभिन्न समूहहरूबाट भएका आन्दोलन, बन्द, विरोध प्रदर्शन, आमहडतालजस्ता कार्यक्रमबाट बालबालिकाको जीवन, विकास, शिक्षा, स्वास्थ्य, आवास लगायतका अधिकारको प्रचलनमा गम्भीर असर परेको थियो। विभिन्न राजनीतिक दल र तिनका भातृ सङ्गठनहरूका कार्यक्रम तथा जुलुस प्रदर्शनमा बालबालिकाको सहभागिता रहेको पाइयो। बन्दहड्तालको निशाना विद्यालयहरू हुनुले विद्यालय शान्तिक्षेत्र हुन् भन्ने मान्यताको सम्मान हुन सकेन। अपराधिक समूहबाट आफ्नो स्वार्थपूर्ति एवम् आर्थिक लाभको लागि बालबालिकाको अपहरण गर्ने, फिरौती माग गर्ने र नदिए हत्यासम्मका घृणित कार्यहरूसमेत हुने गरेका छन्। गैरकानुनी थुना, बालविबाह, बालश्रमिक एवम् सर्कसमा प्रयोग, शिक्षा तथा स्वास्थ्य, मानवीय सहयोगमा अस्वीकार, दुर्व्यवहार लगायतबाट बालबालिका पीडित हुँदै आइरहेका छन्।

यस अवधिमा आयोगमा बालअधिकारसँग सम्बन्धित २३ उजुरीहरू दर्ता भए। आयोगले बालअधिकारको अवस्थासम्बन्धी जम्मा १८ पटक अनुगमन गर्‍यो। यसरी सम्पन्न अनुगमनमा एचआईभी/एड्स सङ्क्रमित बालबालिकाहरूको अधिकारदेखि बालबालिका तथा जनमुक्ति सेनाको शिविरहरूमा रहेका बालबालिकाहरूको अधिकारसम्म रहेको छ। आयोगका सदस्य गौरी प्रधानसहितको टोलीले सुर्खेत दशरथपुरस्थित जनमुक्ति सेनाको ६ न. डिभिजनअन्तर्गत शिविरमा अनुगमन गर्दा त्यहाँ आफ्ना अभिभावकहरूसँगै रहेका करीब २०० बालबालिकाहरूको अवस्था नाजुक रहेको पाएपछि सरकारलाई तत्काल ती बालबालीकाहरूका सम्बन्धमा आवश्यक व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएको थियो। बालबालिकाको शिक्षासम्बन्धी हक एवम् निर्वाध तथा भयरहित वातावरणमा एसएलसी परीक्षा दिन पाएनपाएको सम्बन्धमा बालअधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्थाहरूसँगको समन्वयपश्चात् बाँके, बर्दिया र सुर्खेतका केही विद्यालयहरूमा अनुगमन गरी स्थानीय प्रशासन र जिल्ला शिक्षा अधिकारीको ध्यानकर्षण गराइएको थियो। यस वर्ष आयोगले खोटाङ, सर्लाही, रौतहट, बारा, धनुषा, कैलाली, कञ्चनपुर, बझाङ, प्युठान, पाल्पा, गोरखा,

लमजुङ, मनाङ, सुनसरी, सप्तरी आदी जिल्लाहरूमा बालअधिकारको अवस्थाबारे अनुगमन गऱ्यो। त्यस्तै नयाँ तथा पुराना उजुरीहरूमा गरी ७ ओटा अनुसन्धान सम्पन्न गऱ्यो। यस अवधीमा आयोगले बालअधिकारसँग सम्बन्धित २ उजुरीउपर निर्णय गरी क्षतिपूर्ति र कारबाहीका लागि सरकारलाई सिफारिस गरेको थियो। यसै अवधिमा बालअधिकारसँग सम्बन्धित २० जना पीडित भनिएको १८ उजुरीहरूको कारबाही टुङ्ग्याइएको छ।

आयोगले गत वर्षझैं यस वर्ष पनि महिला अधिकारलाई प्राथमिकतामा राखी कार्य गऱ्यो। महिला अधिकारका सम्बन्धमा विगतको स्थितिमा यस वर्ष पनि खासै सुधार हुन सकेन। घरेलु हिंसा, महिला तथा बालबालिकाविरुद्ध परिलक्षित हिंसाबाट सिर्जित मानवअधिकार हननका घट्नाहरूले यस वर्ष पनि पुनरावृति हुन पुगे। बोक्सीको आरोपमा कुटपीट गर्ने, मलमूत्र खुवाउने, दाइजो नल्याएको आरोपमा कुटपीट गर्ने, जिउँदै जलाएर मार्नेजस्ता घृर्णित घट्नाहरू जारी रहे। घटनाका दोषीहरूमध्ये केहीलाई कानुनी दायरामा ल्याई कारबाही गर्न राज्य सफल रहे पनि अधिकांश दोषीहरूलाई कारबाहीको दायरामा पर्न सकेनन्।

मध्यपश्चिम तथा सुदुर पश्चिमका जिल्लाहरूमा प्रचलनमा रहेका छाउपडी प्रथा, मुलुकका विभिन्न भागमा हुने गरेका घरेलु हिंसा, बोक्सी, दाइजो, भेदभाव, रुढीवादी परम्परा लगायतका कारणहरू महिलाहरू पीडित हुन पुगेका छन्। गाउँ-गाउँमा प्रजनन् स्वास्थ्यको उचित व्यवस्था तथा जनचेतना र स्वास्थ्यकर्मी तथा औषधीसमेतको अभावमा गर्भवती महिला तथा शिशुको ज्यान जाने, पाठेघरसम्बन्धी रोगहरू लाग्नेजस्ता समस्याबाट महिलाहरूले पीडित हुनुपरेको छ। यस्तै बहुविवाह, सानोतिनो विषयमा श्रीमान वा घरपरिबारबाट धम्की, डर, त्रास कुटपीट तथा अमानवीय व्यवहारका घटनाहरूले निरन्तरता पाइरहेको अवस्था छ। जसमा विशेषतः दाइजो नल्याएको निहुँमा पति एवम् परिवारका सदस्यहरूको मिलोमतोमा जिउँदै आगो लगाउने, कुटपीट गर्ने, मानसिक त्रास उत्पन्न गराउने, अपहेलना गर्ने, बलात्कार गर्ने जस्ता घृणित कार्यहरू देखिन्छन्। मध्यपश्चिम तथा सुदुर पश्चिमाञ्चल क्षेत्रमा विद्यामान रहेको कमलरी प्रथाबाट महिला तथा बालिकाहरू पीडित हुन पुगेको अवस्था छ।

यस अवधिमा आयोगमा महिला अधिकारसम्बन्धी ४४ उजुरीहरू दर्ता भए। आयोगले महिला अधिकारलाई केन्द्रमा राखी ६ पटक अनुगमन गरेको छ भने समग्र मानवअधिकार अवस्थाको अनुगमन गर्दा महिला अधिकारलाई पनि मध्यनजर राखेको

छ। यसअवधिमा आयोगले महिलाअधिकारसम्बन्धी ४ ओटा उजुरीको कारबाही प्रक्रिया टुङ्ग्याएको छ। यसका बाबजुद पनि यस वर्ष महिला अधिकारका सम्बन्धमा केही सकरात्मक कार्यहरू भएका छन्। राज्यले घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ बनाई २०६६ बैशाख १४ गतेदेखि लागू गर्नुको साथै आयोगले यसै वर्ष कमलरी प्रथा उन्मूलन गर्न राज्यलाई सिफारिस गर्‍यो। राज्यका विभिन्न निकायहरूमा महिला सहभागितामा वृद्धि भएको छ भने राज्यका निकायहरूमा महिला कर्मचारीहरूको सङ्ख्यामा पनि वृद्धि भएको छ।

यस वर्ष पनि मध्यपश्चिम तथा सुदूर पश्चिम क्षेत्रका पहाडी जिल्लाहरूमा गत वर्षझैँ खाद्यान्न सङ्कट देखा पर्‍यो। सो क्षेत्रका बासिन्दाहरूमा कन्दमूल खाएर बाँच्नुपर्ने र कतिपय अवस्थामा भोकभोकै दिन बिताउनुपर्ने अवस्था सिर्जना भयो। राज्य आफ्ना नागरिकहरूको खाद्यान्नसम्बन्धी अधिकार सुनिश्चित गर्न असफल रह्यो। त्यस्तै ट्रक-व्यवसायीहरूले सामान ढुवानीमा गर्दै आएको चक्रीय प्रणालीविरुद्धमा सुदुर पश्चिमका व्यवसायीहरूले गरेको लामो समयसम्मको बन्दले पनि सो क्षेत्रको पहाडी जिल्लाहरूमा खाद्यान्न सङ्कट पैदा गरेको थियो। आयोगले सो क्षेत्रमा देखिएको खाद्यान्न सङ्कट र त्यसले सिर्जना गरेको मानवअधिकारका सवालहरूलाई केन्द्रविन्दुमा राखी अनुगमन गरी सरकारका उच्चपदस्थ कर्मचारीहरूलाई आयोगमा बोलाई छलफलसमेत गरेको थियो। छलफलका क्रममा आयोगले उक्त ठाउँका नागरिकहरूको खाद्यसम्बन्धी अधिकार सुनिश्चित गर्न सरकारलाई आग्रह गरेको थियो। यस वर्ष आयोगले खाद्यान्न सङ्कट सम्बन्धमा दैलेख र मुगु जिल्लामा २ चरणमा अनुगमन सम्पन्न गरेको थियो।

आन्तरिक द्वन्द्व तथा प्राकृतिक विपत्तिका कारण आआफ्नो थात, बास गुमाई अन्यत्र बस्न बाध्य भएका आन्तरिक विस्थापित व्यक्तिहरूको हकअधिकार पनि सुरक्षित रहन सकेन। विस्थापितहरूको सम्बन्धमा केही सुधारात्मक सङ्केतहरू देखिए पनि अपेक्षाकृत रूपमा व्यवहारमा लागू हुन सकेन। तात्कालीन नेकपा (माओवादी) र सरकारबीचको सशस्त्र द्वन्द्वका कारण विस्थापित हुन पुगेका कतिपय व्यक्तिहरू हालसम्म पनि स्थापित हुन सकेका छैनन्। नेकपा (माओवादी) सरकारको नेत्तृत्वमा पुगेपछि पटकपटक कब्जा सम्पत्तिहरू फिर्ता गर्ने सहमति र प्रतिबद्धताहरू भए पनि पूर्णतः कार्यान्वयन हुन सकेनन्। सोही विषयलाई लिएर नेपाली काङ्ग्रेसले व्यवस्थापिका-संसद्को बैठक लामो समयसम्म अवरुद्ध पारेको थियो। तात्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)-बाट व्यवस्थापिका-संसदमा नै सम्पूर्ण कब्जा

सम्पत्तिहरू फुकुवा गर्ने भनी प्रतिबद्धता व्यक्त भए पनि व्यवहारमा उर्तन सकेन। तराईका विभिन्न सशस्त्र समूहहरूको धम्की, चन्दा माग, हत्या आदिका कारणबाट पनि विस्थापित हुनेहरूको सङ्ख्या ठूलै रह्यो। सुरुका दिनहरूमा पहाडी समुदायका व्यक्तिहरू बढी विस्थापित भए पनि पछिल्लो समयमा मधेशी समुदाय पनि यस समस्याबाट पीडित बन्न पुगेको अवस्था छ। पूर्वी नेपालको खोटाङ, भोजपुर, उदयपुर जिल्लाहरूमा किराँत जनवादी वकर्स पार्टीको सशस्त्र गतिविधिका कारण विस्थापित हुनेहरूको सङ्ख्या बढ्दो छ भने ताप्लेजुङ, पाँचथर, इलाम लगायतका जिल्लाहरूमा लिम्बुवानसँग सम्बन्धित सशस्त्र समूहहरूको गतिविधिका कारण विस्थापित हुने क्रम सुरु भएको छ। त्यस्तै कोसी नदीको भङ्गालो परिवर्तनबाट सप्तरी र सुनसरी जिल्लामा ठूलो सङ्ख्यामा मानिसहरू विस्थापित बन्न पुगे। कैलाली, कञ्चनपुर, नेपालगञ्ज लगायतका स्थानहरूमा पनि यस्तै समस्या देखा पर्‍यो।

यस अवधिमा विस्थापितका हकअधिकारका सम्बन्धमा आयोगमा ३५ उजुरीहरू दर्ता भए। जसमा तात्कालीन नेकपा (माओवादी)-विरुद्ध ३१ र सुरक्षाकर्मीविरुद्ध ४ रहेका छन्। माओवादीविरुद्ध परेका अधिकांश उजुरी द्वन्द्वकालसँग सम्बन्धत छन्। यस अवधीमा नै विस्थापितका हकअधिकारका सम्बन्धमा १५ पटक अनुगमन सम्पन्न भएको छ। जसमा बाढीदेखि लिएर एनेकपा (माओवादी), तराईका सशस्त्र समूह र पूर्वी नेपालका सशस्त्र समूहहरूद्वारा गरिएका आन्दोलनबाट सिर्जित विस्थापित समस्या पर्दछन्। आयोगले विस्थापितका हकअधिकारका सम्बन्धमा २ अनुसन्धान, ८ उजुरीहरूमा निर्णय गरी क्षतिपूर्तिका लागि सरकारलाई सिफारिस गरेको छ। ४,५६५ व्यक्तिहरू पीडित रहेको भनिएका ३ उजुरीको कारबाही प्रक्रिया टुङ्ग्याइएको स्थिति छ। सरकारका तर्फबाट आन्तरिक विस्थापितहरूलाई विस्थापित भएको अवधिभरको राहत वितरण गर्ने निर्णयानुसार ठूलो रकम वितरण गरे पनि कतिपय वास्तविक विस्थापितहरूसम्म सो रकम पुग्न सकेन भने धेरै नक्कली विस्थापितहरूले रकम हात पार्न सफल भएका समाचार प्रकाशमा आए। विस्थापितका सम्बन्धमा सरकारद्वारा तर्जुमा गरिएको ३ वर्षिय अन्तरिम योजना कार्यान्वयनमा आउन सकेन।

शान्तिसुरक्षाको स्थिति यस वर्ष पनि अपेक्षित मात्रामा सुधार हुन सकेन। हत्या, अपहरण, यातना, सम्पत्ति कब्जा, लुटपाट, व्यक्तिगत एवम् सरकारी कार्यालय तथा सवारी साधनहरूमा आगजनी तथा तोडफोड गरी क्षति पुर्‍याउने कार्यले निरन्तरता पाए। कर्मचारीहरूलाई धम्की, कुटपीट, विस्थापित, निजी र सार्वजनिक स्थलमा बम-विष्फोटन लगायतका घटनाहरू यस वर्ष पनि कायमै रहे। कतिपय स्वास्थ्यसेवा

प्रदान गर्ने संस्थाहरूमा आक्रमण गरियो। राजमार्ग लगायतका क्षेत्रमा चोरी, डकैती तथा लुटपाटका घटना व्यापक रूपमा देखा परे। जेल तोडेर कैदीबन्दीहरू भाग्न सफल भए। यस प्रकृतिका घटनाहरूको प्रभावकारी अनुसन्धान र अभियोजन गरी दोषीलाई कारबाही गर्ने सन्दर्भमा अपेक्षित सक्रियता देखिएन। खास गरी राजनीतिक अस्थिरता र दण्डहीनताको अवस्था विद्यमान रहेकोले शान्तिसुरक्षाको अवस्था कमजोर हुन गएको छ। सरकारमा रहेका दलहरू र तिनका भातृसङ्गठनहरूका गतिविधिहरूले पनि शान्तिसुरक्षाको स्थितिलाई कमजोर बनाएको देखिन्छ।

जातीय आधारमा छुवाछुत मानी भेदभाव गर्ने परम्पराले यस वर्ष पनि निरन्तरता पायो। जातीय आधारमा हुने छुवाछुत तथा भेदभावलाई गैरकानुनी तथा दण्डनीय एवम् आपराधिक कार्य मानिए पनि व्यवहारमा पूर्णतः लागू हुन सकेन। उपल्लो जाति भनिएका कतिपय व्यक्तिहरूबाट हुने भेदभावजन्य घटनाहरूको निरन्तरताबाट यो प्रथा व्यवहारतः अहिले पनि जिवितै रहेको पाइन्छ। राज्यबाट विभेद सम्बन्धमा विभिन्न कदमहरू चालिएका छन्। यद्यपि ती प्रयासहरू कतिपय अवस्थामा प्रभावकारी बन्न सकेका छैनन्। सार्वजनिक इनार तथा कुवामा पानी झिकको, होटलमा चियानास्ता खाएको, अन्तरजातीय विवाह गरेको लगायतका आधारमा जातीय भेदभाव हुने गरेको पाइन्छ।

यस अवधिमा महोत्तरी जिल्लाको नैन्ही गाविसमा दशैंको अवसरमा ढोल नबजाएको भन्दै गैरदलित समुदायका मानिसले दलित समुदायका चमार जातीहरू उपर नाकाबन्दी लगाए। अन्तरजातीय विवाह गरेको भनी धादिङ जिल्लाको ज्यामरुङ गाविसका एक दम्पत्तिलाई समाजिक बहिष्कार गरियो। त्यस्तै यसै अवधिमा पानी छोएको विषयलाई लिएर मकवानपुर जिल्लाको मनहरी गाविस ज्यामिरेका जितबहादुर सुनारमाथि कुटपिट भयो। राजधानीको नजिक रहेको ललितपुरको लुभुमा सार्वजनिक पानीको धारो छोएको विषयलाई लिएर स्थनीय गोपी थापाले दलित जमुना परियारमाथि कुटपिट गरे भने सप्तरीको राजविराजमा कथित उपल्लो जातका मानिसले दलितहरूलाई सार्वजनिक इनारबाट पानी झिक्न प्रतिबन्ध लगाए। विगतका तुलनामा जातीय विभेदका घटनाहरूमा कमी आएको छ। यस्ता घट्नाहरूमा संलग्नहरूलाई राज्यले कारबाहीको दायरामा ल्याए पनि स्थिति सन्तोषजनक देखिदैंन। राज्य र विभिन्न सङ्घसंस्थाहरूको निरन्तर जनचेतना र सहभोजजस्ता कार्यक्रमबाट पुरातन रुढीवाढी सोचमा निरन्तर सुधार भने हुदै आइरहेको छ। राज्यले यस्ता घटनाका दोषीहरूलाई कारबाही गर्ने गरेको छ। संविधानमा नै छुवाछुतसम्बन्धी गतिविधि दण्डनीय भनी

उल्लेख गरेपनि पूर्णरूपमा अझै नियन्त्रण हुन सकेको छैन। यस अवधीमा आयोगले छुवाछुतविरुद्धको अधिकारको स्थिति सम्बन्धमा विभिन्न स्थानहरूमा अनुगमन गरेको थियो। समग्र मानवअधिकार अवस्थाको अनुगमनका क्रममा छुवाछुतविरुद्धको अधिकारका सम्बन्धलाई प्राथमिकता दिइएको थियो। त्यस्तै गरी क्षेत्रीय कार्यालय तथा सम्पर्क कार्यालयहरूले जातीय छुवाछुतविरुद्धको अधिकारका सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने र दलितहरूको हक अधिकार सुरक्षित गर्ने उद्देश्यले अन्तरक्रिया, छलफल, गोष्ठी लगायतका कार्यक्रमहरू सम्पन्न भए।

शारीरिक अपाङ्गता भगवानको देन हो भन्ने मान्यता बोकेको हाम्रो समाजमा अझै पनि अपाङ्गता भएका व्यक्तिहरूलाई हेर्ने दृष्टिकोण अझै पूर्णतः सकरात्मक हुन सकेको छैन। शारीरिक अपाङ्गता भगवानको देन नभई अन्य विविध कारणले हुने हुँदा त्यस्ता व्यक्तिहरू पनि समाजमा सम्मानपूर्वक बाँच्न पाउनुपर्छ, उनीहरूको क्षमताअनुसार राज्यले आरक्षण गरी राज्यका निकायहरूमा समावेश गर्नुपर्छ भन्ने मानवअधिकार क्षेत्रको आवाज हो। राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो स्थापनाकालदेखि नै अपाङ्गहरूको हकअधिकारको लागि आवाजहरू उठाउँदै आएको छ। यस अवधिमा पनि आयोगले अपाङ्गसम्बन्धी सङ्घसंस्थाहरूसँगको सहकार्यमा विभिन्न कार्यक्रमहरू सम्पन्न गऱ्यो। आयोगको क्षेत्रीय कार्यालय विराटनगर, नेपालगञ्जले यस वर्ष अपाङ्गसम्बन्धी संस्थासँगको सहकार्यमा कायक्रम सम्पन्न गऱ्यो। त्यस्तै अपाङ्गसम्बन्धी संस्थाहरूले आयोजना गरेको तालिम गोष्ठीहरूमा स्रोत-व्यक्ति एवम् अथितिको रूपमा सहभागी भई आयोगका धारणाहरू सार्वजनिक गर्दै आएको छ।

राज्यका विभिन्न निकायहरू, गैससहरू, विभिन्न सङ्घसंस्थाहरूको निरन्तर प्रयास, जनचेतना आदिका कारण विगत वर्षहरूका तुलनामा शारीरिक अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने भेदभावपूर्ण व्यवहारमा कमी आएको छ। त्यस्तै राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताको अवस्था हेरेर मासिक भत्ता उपलब्ध गराउनु, लोकसेवा आयोगले अपाङ्ता भएका व्यक्तिहरूको लागि आरक्षणको व्यवस्था गर्नुले उनीहरूको अधिकार केही हदसम्म सम्बोधन भएको अवस्था छ।

नेपालमा ज्येष्ठ नागरिकहरूको समाजिक सुरक्षाका सम्बन्धमा कुनै विशेष कानुन बन्न नसकेको, अपहेलित भइरहनुपरेको अवस्थामा आयोगले यस वर्ष ज्येष्ठ नागरिकसम्बन्धी विभिन्न कार्यक्रमहरू अगाडि बढायो। उनीहरूको अधिकारकारलाई संविधानमा उल्लेख गर्नुपर्ने, सामाजिक सुरक्षा हुनुपर्ने लगायतका मुद्दालाई अगाडि

सारी यस वर्ष सुनसरीको धरान, जनकपुर लगायतका स्थानहरूमा छलफल, अन्तर्कियाजस्ता कार्यक्रमहरू सम्पन्न गऱ्यो। त्यसै गरी उनीहरूको अधिकार बोध गराउने उद्देश्यले आयोगको क्षेत्रीय कार्यालय विराटनगरले सुनसरीको झुम्कामा ज्येष्ठ नागरिकसम्बन्धी २ दिने तालीम सम्पन्न गऱ्यो।

शासकीय विभेदका कारण आदिवासी/जनजातिहरू लामोसमयदेखि आफ्नो अधिकार प्रयोग गर्नबाट वञ्चित अवस्थामा रहनुपरेको छ। उनीहरूको अधिकारको सम्बन्धमा आयोग कियाशील रहँदै आएको छ। राज्यले गत वर्ष आदिवासी जनजातिसम्बन्धी आइएलओ महासन्धी न. १६९ अनुमोदन गरेपछि यो वर्ष त्यसैको सेरोफेरोमा विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन्। उनीहरूको हकअधिकारका सम्बन्धमा आयोगले समयसमयमा छलफल, गोष्ठीजस्ता कार्यक्रमहरूमार्फत आवाज उठाउँदै अब बन्ने संविधानमा नै हकअधिकारका बारेमा उल्लेख गर्नुपर्नेमा जोड दिएको छ।

आयोगले मानवअधिकार प्रबर्द्धनको क्षेत्रमा पनि आफूलाई कियाशील गराउदै आएको छ। केन्द्रीय, क्षेत्रीय र सम्पर्क कार्यालयबाट विभिन्न विषयमा विभिन्न स्थानमा अन्तर्राष्ट्रिय, राष्ट्रिय, क्षेत्रीय र स्थानीय प्रकृतिका तालिम/गोष्ठी, छलफल, अन्तर्किया एवम् परामर्श बैठकहरू सम्पन्न भएका छन्।

संविधान निर्माण प्रक्रिया र बालअधिकार विषयमा सबैभन्दा बढी तालिम/गोष्ठीहरू सम्पन्न भएका छन्। सम्पन्न गोष्ठीमा २०६५ मङ्सिर १५ र १६ गते २ दिन बालअधिकारको विषयमा काठमाडौँमा सम्पन्न सार्कस्तरीय गोष्ठी रहेको छ। सो कार्यक्रममा सार्क मुलुकका राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधि, सरकारका सचिव, विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरू गरी ४० जनाको सहभागिता रहेको थियो। आयोगले २०६६ मा काठमाडौँमा एसिया प्रशान्त मञ्चसँगको सहआयोजनामा दक्षिण एशियाली उप-क्षेत्रीय मानवअधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरू र मानवअधिकार रक्षकहरू विषयक तालिम कार्यशाला सम्पन्न गरेको थियो।

बालअधिकार र आगामी संविधानमा बालबालिकाहरूको सवाल विषयमा खोटाङ सम्पर्क कार्यालयबाट २०६५ साल पुस महिनामा २ दिने कार्यशाला गोष्ठी र केन्द्रीय कार्यालय प्रबर्द्धन महाशाखाले धादिङ, चितवन, रसुवा, नुवाकोट, दोलखा र रामेछापमा बालअधिकारलाई प्राथमिकतामा राखी सोही प्रकृतिका तालिम/गोष्ठीहरू सम्पन्न भएका छन्। केन्द्रीय, क्षेत्रीय र सम्पर्क कार्यालयहरूसमेत बाट यस अवधिमा जम्मा ५७ पटक तालिम/गोष्ठीहरू भएकोमा केन्द्रीय कार्यालय ५, क्षेत्रीय कार्यालय धनगढी

६, नेपालगञ्ज ८, पोखरा १०, जनकपुर ५ र विराटनगर १४ छन्। त्यसै गरी सम्पर्क कार्यालयहरूबाट जुम्ला, बुटवल र खोटाङ क्रमशः ४, ३ र २ ओटा तालिम/गोष्ठी सम्पन्न भएका छन्।

खाद्यान्न सङ्कटको विषयमा सरकारी निकायका प्रमुखहरूसँग छलफल, शान्तिसुरक्षा, बालअधिकार, विस्थापितहरूको अधिकार, कोसी व्यारेजको स्पर भत्किएर भङ्गालो परिवर्तनपश्चात् उत्पन्न प्राकृतिक प्रकोपलगायतका विविध समस्याहरूको सम्बन्धमा अनुगमनअलावा पटकपटक छलफल, अन्तर्क्रियाहरू भए। यस वर्ष आयोगद्वारा जम्मा १२६ ओटा बैठक, छलफल तथा अन्तर्क्रियाहरू भएकोमा केन्द्रबाट २६, क्षेत्रीय कार्यालयहरू नेपालगञ्ज ३२, विराटनगर १६, जनकपुर १३, धनगढी ८ र पोखरा ७ रहेका छन्। सम्पर्क कार्यालयहरू बुटवल १२, खोटाङ ८ र जुम्लाले ४ पटक बैठक, छलफल तथा अन्तर्क्रियाहरू सम्पन्न भएका छन्।

मानवअधिकार संरक्षण तथा सम्बर्द्धन गर्न सहयोग पुऱ्याउने, सूचनाहरू आदानप्रदान गर्ने उद्देश्यबाट आयोगले राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा कार्यरत सङ्घसंस्थाहरू, व्यक्ति, नागरिक समाजका अगुवा, सरोकारवालाहरूसमेतलाई समेटी मानवअधिकार सञ्जाल निर्माण गर्दै आएको छ। आयोगकै पहलमा नेपालगञ्ज, मुगु, डोल्पा र हुम्लामा मानवअधिकार सञ्जाल गठन भएको छ। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको क्षेत्रीय कार्यालय विराटनगर र खोटाङ सम्पर्क कार्यालयको संयुक्त पहलमा निर्माण भएको मानवअधिकार सञ्जाल खोटाङको क्षमता अभिवृद्धिका लागि आवश्यक पहल भएको थियो।

आयोगले विभिन्न सङ्घसंस्थाहरूद्वारा आयोजित कार्यक्रमहरूमा आफ्नो सहभागिता जनाउदै आएको अवस्था छ। २०६६ असार २४ मा BBC World Service Trust द्वारा आयोजित साझा सवाल कार्यक्रममा आयोगका सदस्य तथा प्रवक्ता गौरी प्रधान र सोही प्रकृतिको अर्को कार्यक्रममा सदस्य डा. के.बी. रोकायको सहभागिता रहेको थियो। मानवअधिकारको सम्बर्द्धनमा सार्वजनिक प्रदर्शनको महत्वपूर्ण भूमिकालाई मध्यनजर राखी आयोगले आफ्ना सबै कार्यालयहरूमा नागरिक बडापत्र, विभिन्न सार्वजनिक स्थानमा होडिङबोर्ड राखिएका छन्। जसअन्तर्गत क्षेत्रीय कार्यालय पोखरा ६, नेपालगञ्ज ३ र विराटनगरले २ स्थानमा होडिङबोर्ड राखेका छन्।

मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनको आवश्यकता, विषयवस्तुको गाम्भीर्यता वा महत्वको आधारमा विभिन्न विषयमा प्रेस-विज्ञप्तिहरू जारी भए।

जसमा केन्द्रीय कार्यालयबाट ६० क्षेत्रीय कार्यालयहरू नेपालगञ्ज ९, विराटनगर ६, धनगढी ४ पोखरा र जनकपुर १/१ गरी २१ विज्ञप्ति छन्। यसरी जम्मा विज्ञप्ति सङ्ख्या ८१ रहेको छ। जारी प्रेस-विज्ञप्तिहरूमा खाद्यान्न सङ्कट, आयोगका सिफारिस कार्यान्वयन, बालअधिकार, घरेलु हिंसा, बोक्सी प्रकरण, कमहलरी मुक्ति आदि विषयहरू समावेश छन्। त्यसै गरी आयोगले आफूले गरेका महत्वपूर्ण कार्यहरूका बारेमा आमनागरिकहरूलाई समयमा नै जानकारी गराउन आवश्यक ठानेको विषयहरूमा पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्दै आएको छ। यस अवधीमा आयोगको केन्द्रीय कार्यालयद्वारा २ र क्षेत्रीय कार्यालय धनगढीद्वारा १ पत्रकार सम्मेलन गरिएको देखिन्छ। सम्पन्न पत्रकार सम्मेलनमा केन्द्रीय कार्यालयबाट क्रमशः २०६५ भदौ १२ गते कोसी बाढीपीडित र पुस २ मा शिवपुरीमा बेपत्ता पारिएको घट्ना र धनगढीबाट साउन १५ गते आयोगको निर्णय जानकारीसँग सम्बन्धित छन्।

अन्तर्राष्ट्रिय समुदाय र आयोगबीचको सम्बन्धमा थप सुधार आउनुका साथै सहयोग आदानप्रदान जारी रह्यो। मानवअधिकारका क्षेत्रमा कार्यरत संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, मानवअधिकार संस्थाहरूको सङ्गठन एसिया प्रशान्त मञ्च लगायत विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्था, मित्रराष्ट्रका दुतावासहरू, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरका सङ्घसंस्थाहरूसँग सम्बन्ध एवम् सहकार्य हुँदै आएको छ। आयोगका पदाधिकारी र कर्मचारीहरूबाट अन्तर्राष्ट्रिय तहमा हुने विभिन्न कार्यक्रमहरूमा आयोगले आफ्नो उपस्थिति जनाउदै आएको छ। जसमा एसिया प्रशान्त मञ्चको १४ औं वार्षिक बैठक, मानवअधिकार संस्थाहरूको दक्षिण एसिया सम्मलेन (नयाँ दिल्ली) र जातीय भेदभावविरुद्धको डर्वान घोषणा, फिलिपिन्स अध्यनभ्रमण आदि रहेका छन् । यस अवधिमा आयोगमा एसिया, अफ्रिका र संयुक्त राष्ट्रसङ्घ मामिला हेर्ने बेलायती मन्त्री लर्ड म्यालक ब्राउन, बेलायती संसदीय टोली, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त श्री नवनितम पिल्लाइ, संयुक्त राष्ट्रसङ्घका महासचिवका विशेष प्रतिनिधि राधिका कुमारास्वामी, बेलायत, डेनमार्क, नर्वे, फिनल्यान्ड, फ्रान्स, अमेरिका, जर्मनीका राजदूतहरूले आयोगका पदाधिकारीहरूसँग आयोगमा भेटघाट गर्नुका साथै मानवअधिकार अवस्थाका बारेमा जानकारी लिएका थिए। त्यस्तै गरी माल्दिभ्सका मानवअधिकार आयोगका अध्यक्ष, थाइल्याण्डका संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका प्रतिनिधि, अन्तर्राष्ट्रिय अपराध अदालत न्युयोर्क कार्यालयका प्रतिनिधिहरूले पनी आयोग पदाधिकारीहरूसँग आयोगमा भेटघाटका साथै मानवअधिकारका विषयमा छलफल भएको थियो।

आयोगले विधिपरामर्श सेवासम्बन्धी विभिन्न कार्यहरू पनि गर्दै आएको छ। यस अवधिमा आयोगले यस क्षेत्रमा मानवअधिकार आयोग ऐन, व्यक्ति बेपत्ता पार्ने (कसूर र सजाय) ऐन, २०६५ को मस्यौदाउपर छलफल चलाई त्यसभित्र रहेका कमीकमजोरी सच्याई कानुनी रूप दिन र रोमविधान अनुमोदनको लागि सरकारसमक्ष सिफारिस गरेको थियो। रोमविधानलाई पारित गर्न सरकारको तर्फबाट प्रस्तुत गर्नुपर्ने आवधिक प्रतिवेदनहरू सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि १७ औं र १८ औं, महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलनसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि चौथो र पाँचौमा सरकारसमक्ष आयोगले आफ्नो राय पेश गरेको थियो।

नीति अनुसन्धान तथा योजना महाशाखाको सक्रियतामा आयोगका नीति तथा योजनासम्बन्धी कार्यहरू सम्पन्न भएका छन्। आयोगको रणनीतिक योजना, वार्षिक बजेट तथा कार्यक्रम, बजेटको समीक्षा र योजना एवम् वार्षिक कार्ययोजना निर्माण गर्दै आएको छ। यस अवधिमा आयोगले आ.ब २०६५/६६ को नेपाल सरकारतर्फको बजेटअनुरूप वार्षिक कार्ययोजना, आ.व. ०६४/०६५ को नेपाल सरकार तर्फको बजेटको लक्ष्य प्रगतिविवरण तयारी, आयोगको रणनीतिक योजना, २००८–२०१० अन्तर्गत आगामी ३ वर्षीय कार्ययोजना एवम् आयोगको पुनर्संरचनाको प्रारूप तय गरेको छ। आयोगको रणनीतिक योजना, २००८-२०१० माथि व्यापक छलफलसहित नेपालीमा अनुवाद गरी प्रकाशमा ल्याएको छ। मानवअधिकार शिक्षासम्बन्धी निर्देशिकाको मस्यौदा तयार भइसकेको छ।

यस अवधिमा आयोगबाट १७ सामाग्रीहरू प्रकाशन एवम उत्पादन गरिएका छन्। जसमा वार्षिक प्रतिवेदन र विस्थापितसम्बन्धी प्रतिवेदनलाई श्रव्यदृष्यमा उतारिएको छ। प्रकाशित सामग्रीहरूमा विषयगत रूपमा १० (प्रतिवेदन/प्रश्नोत्तरमाला) र अन्य ६ रहेका छन्। यसअलावा मानवअधिकारपत्र मासिक रूपमा प्रकाशित भइरहेको छ। प्रकाशित सामाग्रीहरू केन्द्रीय कार्यालयबाट व्यक्ति एवम् संस्थागत रूपमा १,६२१ जनालाई वितरण गरिएको थियो भने क्षेत्रीय र सम्पर्क कार्यालयबाट पनि वितरण कार्यलाई निरन्तरता दिइएको थियो। क्षेत्रगत रूपमा पोखराले २०६५ सालमा भएका आयोगका गतिविधि एवम् मानवअधिकार अवस्था आदिलाई समेटी प्रतिवेदन प्रकाशन गरी वितरण गरेको थियो।

यसअलवा आयोगले आफ्नो साङगठनिक संरचना, कर्मचारी व्यवस्थापन, कर्मचारी दरबन्दी सम्बन्धमा पनि कार्यहरू सम्पन्न गरेको छ । यसअघि ४ क्षेत्रीय कार्यालय

रहेकोमा यस पटक जनकपुर सम्पर्क कार्यालयलाई क्षेत्रीय कार्यालय बनाएको छ। आगामी वर्ष बुटवल, जुम्ला, खोटाङ सम्पर्क कार्यालयहरूलाई उपक्षेत्रीय कार्यालयमा बिस्तार र बढोत्तरी गर्ने निर्णय भइसकेको छ। लामो समयदेखि करारमा रहेका कर्मचारीहरूको व्यवस्थापनको लागि प्रकिया अगाडि बढाइएकोमा अदालतमा मुद्दा परेको कारण प्रक्रिया स्थगित अवस्थामा छ। आयोगको पुनर्संरचनासम्बन्धी कार्य सम्पन्न भई ३०९ दरबन्दी स्वीकृत भइसकेको छ भने विभाग, महाशाखा, शाखा र एकाइ रहने व्यवस्था गरिएको छ। यसै अवधिमा आयोगले शिशुस्याहार केन्द्रको स्थापना, मानवअधिकार हटलाइन सेवा, कार्यालय प्रयोजनार्थ ३ सवारीसाधन खरीद गरेको छ।

यस वर्ष नेपाल सरकारबाट आयोगलाई आर्थिक वर्ष ०६५/०६६ को लागि रु. ब.शि.न.२१-३-११० चालूतर्फ ४८२,६२,०००।– (चार करोड बयासी लाख बैसठी हजारमात्र) विनियोजन भएकोमा रु. ४११,१४६,३७३।७५ रूपैया खर्च भएको र ब.शि.न.२१-४-११० पूँजिगततर्फ रु.७,३००,०००।- (त्रिहत्तर लाखमात्र) विनियोजन भएकोमा रु.७,०७०,२७४।३५ खर्च भएको थियो।

यस अवधिमा आयोग आन्तरिक एवम् बाह्य चुनौतीबाट मुक्त हुन सकेन। फलतः यसको प्रभाव मानवअधिकारको संरक्षण एवम् सम्बर्द्धन कार्यमा पर्न गयो। मानवअधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र पालनाको निम्ति आयोगले निरन्तर प्रयास गरिराखेको छ। आयोगका गतिविधिहरूलाई जनसमक्ष पुर्‍याउने र सार्वजनिक गर्ने कार्यमा आमसञ्चारमाध्यमको पनि महत्वपूर्ण योगदान रहेको छ। अनावश्यक रूपमा केही सञ्चारमाध्यममा भएको आयोगको छवि नकरात्मक देखिने प्रचारको कारण आयोगका कामकारबाही प्रत्यक्ष/अपत्क्ष रूपमा प्रभावित बन्न पुगे। सरकारी निकायमा कार्यरत केही पदाधिकारीहरूको आयोगलाई सरकारी ढाँचामा परिचालन गराउन उपयुक्त ठान्ने मान्यताले पनि कतिपय कार्यहरू हुन नसकेको स्थिति छ। आयोगका सिफारिसहरू कार्यान्वयन नहुँदा जनविश्वास जुन मात्रामा हुनुपर्थ्यो, सो हुन नसकेको अवस्था छ। यी र यस्ता चुनौतीलाई पार गर्दै अगाडि बढ्नु नागरिक समाज, सञ्चारजगत, सर्वसाधारण एवम् सरोकारवालाहरूको माग हो भने आयोगको आवश्कता हो।

# प्रतिवेदन सम्बन्धमा

## १. उद्देश्य

प्रतिवेदनका मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन्:–

- आ.व. २०६५/६६ मा आयोगबाट सम्पादित प्रमुख कार्यहरूलाई सार्वजनिक गर्ने,
- आयोगको कानुनी, साङ्गठानिक स्थिति र आयोगद्वारा सम्पादित कामकारबाहीको सम्बन्धमा नेपाल सरकार एवम् सरोकारवालाहरूलाई अवगत गराउने,
- मानवअधिकारको क्षेत्रमा देखापरेका समस्या र चुनौतीहरूको सम्बन्धमा नेपाल सरकारको ध्यानाकृष्ट गराउने र
- आयोगका कामकारबाहीका सम्बन्धमा सरोकारवालाहरूको सुझावअनुसार भावी दिनमा सुधार्न प्रयत्नशील रहने।

## २. तयारी विधि

मानवअधिकारका विभिन्न मुद्दाहरूमा केन्द्रित यो प्रतिवेदन विशेषतः आयोगको अनुगमन, अनुसन्धान, अन्तरक्रिया, छलफल, गोष्ठी र त्यसबाट प्राप्त तथ्यमा आधारित छ। आयोगमा प्राप्त उजुरी एवम् जानकारी, स्वविवेकीय रूपमा ग्रहण गरिएका उजुरी साथै सञ्चारमाध्यमहरूमा प्रकाशित-प्रशारित सामाग्री एवम् समाचारहरूलाई सहायक आधार बनाइएको छ। अन्य विभिन्न स्रोत, प्रकाशित-प्रशारित सामाग्री, लेखरचना एवम् समाचारबाट प्राप्त तथ्यहरूलाई यकिन गर्न सूचनाकर्ता, सम्बन्धित पक्ष एवम् निकायसँग थप जानकारी लिइएको छ। यसको लागि आयोग टोलीले आवश्यकताअनुसार पीडित, देखिजान्ने, सुनिजान्ने, उजुरीकर्ता, आरोपित पीडक एवम् घटनासँग जोडिएका व्यक्ति वा निकायसँग परिस्थिति, आवश्यकता लगायतका पक्षलाई मध्यनजर राखी व्यक्तिगत एवम् समूहगत सोधपुछ, छलफल, बयान, स्थलगत अवलोकन, प्रंमाण सङ्कलन लगायतका विधिहरू अवलम्बन गरेको छ। विभिन्न सङ्घसंस्थाहरूबाट प्राप्त तथ्याङ्क एवम् जानकारी लगायतका विधिमा यो प्रतिवेदन आधारित छ।

## ३. सीमा

यस प्रतिवेदनले आयोगको वार्षिक गतिविधिको सामान्य चित्रण गर्दछ। यसमा २०६५ साउन १ देखि २०६६ असार मसान्तसम्मको समयावधिलाई समेटिएको छ। विशेषतः यस अवधिमा समग्र मानवअधिकारको अवस्था, मानवअधिकार उल्लङ्घन, ज्यादति तथा दुरुत्साहनका घटनाहरूको बारेमा आयोगबाट भएगरेका कार्यहरू समेटिएका छन्। सरकारी, गैरसरकारी एवम् अन्य क्षेत्रसँगको सहकार्य आदिलाई पनि यसमा समावेश गरिएको छ। केही प्रतिकूल अवस्था र स्थितिको कारण यस प्रतिवेदनले समग्र मानवअधिकारका घटना एवम् प्रवृत्तिहरूलाई सङ्ख्यात्मक रूपमा समेटन नसके पनि मुलुकभित्रको मानवअधिकारको स्थिति, प्रयास, कार्य, प्रवृत्ति एवम् प्रचलनलाई झल्काउने प्रयत्न गरेको छ।

## ४. बनौट

यो प्रतिवेदन ११ परिच्छेदमा विभाजित छ। परिच्छेद १ मा सङ्गठन, २ मा मानवअधिकारको स्थिति, ३ मा आयोगद्वारा सम्पादित मुख्य कार्य र उपलब्धीहरूको बारेमा उल्लेख छ। त्यसै गरी परिच्छेद ४ मा उपचारात्मक विधि, ५ मा प्रबर्द्धन तथा आन्तरिक क्षमता अभिवृद्धि, ६ मा अनुसन्धान र विकासको बारेमा चर्चा गरिएको छ। परिच्छेद ७ मा विधिविषय परामर्श, ८ मा योजना, आन्तरिक अनुगमन तथा मूल्याङकनबारेमा उल्लेख छ भने ९ मा अन्तर्राष्ट्रिय सम्बन्ध, १० मा व्यवस्थापन र आर्थिक विवरण र ११ मा चुनौती र सुझाव सम्बन्धमा उल्लेख गरिएको छ। प्रतिवेदनमा १० ओटा अनुसूची समावेश छन्।

# परिच्छेद–१
# सङ्गठन

## १.१ पृष्ठभूमि

वि.स. २०४६ मा प्रजातन्त्रको पुनर्स्थापनासँगै नेपालमा पनि मानवअधिकारको क्षेत्रमा एक राष्ट्रिय संस्थाको आवश्यकता महसुस गर्न थालियो। वि.स. २०४६ सालको संविधानको प्रस्तावनामा मानवअधिकारको सम्बन्धमा उल्लेख गरियो। तत्पश्चात् विभिन्न क्षेत्रबाट यसको पक्षमा आवाजहरू उठ्न थाले। विशेषतः मानवअधिकारसँग सम्बद्ध सङ्घसंस्थाहरू, मानवअधिकारकर्मी, नागरिक समाज, कानुनव्यवसायी, सञ्चारजगत, लगायतका विभिन्न क्षेत्रबाट मानवअधिकार अभियानहरूको थालनी भयो। निकै लामो प्रयत्न तथा सम्मानित सर्वोच्च अदालतको आदेशपछि मानवअधिकार आयोग ऐन २०५३ अन्तर्गत २०५७ साल जेठ १३ मा राष्ट्रिय मानवअधिकार आयोगको स्थापना हुन पुग्यो। हाल नेपालको अन्तरिम संविधान २०६३ को भाग १५ मा यस आयोगलाई संवैधानिक अङ्गको रूपमा व्यवस्था गरिएको छ। संविधानको भाग १५, धारा १३१ ले आयोगका पदाधिकारीहरूको नियुक्ति, योग्यता एवम् पदावधि र धारा १३२ ले आयोगको काम, कर्तव्य र अधिकारको बारेमा उल्लेख गरेको छ भने धारा १३३ मा वार्षिक प्रतिवेदनसम्बन्धी व्यवस्था छ।

हाल आयोगको अध्यक्षमा सर्वोच्च अदालतका पूर्व प्रधान-न्यायधीश माननीय केदारनाथ उपाध्याय र सदस्यहरूमा सर्वोच्च अदालतकै पूर्व न्यायधीश रामनगिना सिंह, मानवअधिकारकर्मीहरू क्रमशः गौरी प्रधान, डा. लीला पाठक र डा. के. बी. रोकाया हुनुहुन्छ।

## १.२ साङ्गठनिक संरचना

राष्ट्रिय मानवअधिकार आयोग एक संवैधानिक निकाय हो। हाल यस आयोगअन्तर्गत केन्द्रीय, ५ क्षेत्रीय र ३ सम्पर्क कार्यालयहरू रहेका छन्। आयागको कार्यसञ्चालनार्थ महाशाखा, शाखा, एकाइहरूको व्यवस्था गरिएको छ। आयोगमा हाल ५ पदाधिकारी र १२७ कर्मचारीहरू रहेका छन्। आयोगको हालसम्मको साङ्गठानिक संरचनामा व्यापक सुधार गरी ३०९ जना कर्मचारीहरूको दरबन्दी, सम्पर्क कार्यालयको सट्टा उप-क्षेत्रीय कार्यालय तथा विभाग समेत रहने गरी नयाँ साङ्गठानिक संरचना

स्वीकृत गरिएको छ। आयोगको निर्णयअनुसार नयाँ संरचना २०६६ साउन १ गतेदेखि लागू हुनेछ। पदाधिकारीहरू, कर्मचारीहरूको नामावली र साङ्गठानिक संरचना विवरण अनुसूची १ मा समावेश गरिएको छ।

## १.३ आयोगका काम, कर्तव्य र अधिकार

संविधानको धारा १३२ (१) मा मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको प्रमुख कर्तव्य हो भनी उल्लेख छ। सोही धाराको उपधारा २ मा आयोगले आफ्नो कर्तव्य पूरा गर्नको लागि ८ बुँदामा ((क) देखि (ज) सम्म) गर्नुपर्ने कार्यहरूको व्यवस्था गरेको छ। जसमा उजुरी लिई छानवीन गरी दोषीउपर कारबाही (विभागीय कारबाहीसमेत)-को सिफारिस गर्ने, मानवअधिकार उल्लङ्घनकर्ताहरूमाथि मुद्दा चलाउन सिफारिस गर्ने, मानवअधिकारको सचेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने भनिएको छ। त्यसै गरी मानवअधिकारसम्बन्धी कानुनको पुनरावलोकन, संशोधन, अन्तर्राष्ट्रिय सन्धिसम्झौताको नेपाल पक्ष बन्नुपर्ने भए कारणसहित सिफारिस गर्ने, आयोगका सिफारिस कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानुनबमोजिम सार्वजनिक गरी अभिलेख गर्ने उल्लेख छ।

नेपालको अन्तरिम संविधानको २०६३ को धारा १३३ अनुसार आयोगले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्नेछ। राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद्समक्ष पेश गर्ने व्यवस्था छ। सोही धाराको उपधारा २ मा वार्षिक प्रतिवेदनमा अन्य कुराको अतिरिक्त वर्षभरि आयोगमा परेका उजुरी, उजुरीउपर गरिएको छानबिन र अनुसन्धानको विवरण, नेपाल सरकारलाई गरिएका सिफारिसको विवरण, मानवअधिकार उल्लङ्घन गर्ने व्यक्तिविरुद्ध दायर गरेको मुद्दाको सङ्ख्या, मानवअधिकारको संरक्षण र सम्बर्द्धनको सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारसम्बन्धी विवरणहरू समावेश गर्नुपर्ने संवैधानिक प्रावधान छ। यो आयोगको नवौँ वार्षिक प्रतिवेदन भए पनि संवैधानिक अङ्गको हैसियतबाट प्रस्तुत गरिएको दोस्रो वार्षिक प्रतिवेदन हो।

# परिच्छेद–२
# मानवअधिकारको स्थिति

## क) बाँच्न पाउने अधिकार

यस वर्ष पनि कुनै न कुनै रूपमा व्यक्तिको बाँच्न पाउने अधिकार प्रभावित बन्न पुग्यो। यसरी अधिकार प्रभावित तुल्याउनेहरूमा विभिन्न सशस्त्र समूह, राजनीतिक दलआबद्ध भातृ सङ्गठनका कार्यकर्ताहरूको नाम जोडिन पुगेको देखिन्छ। अपहरणपश्चात् हत्या गरिने विगत शृङ्खला निरन्तर जारी रह्यो। विशेषतः यस अवधिमा बालबाालिका अपहरण हुने आशङ्का, अपहरणको आरोप र अपहरण गरेकोमा समूह वा गाउले मिली कुटपीट गरी, जिउदै जलाई हत्या गर्ने परिपाटी विकसित हुन पुगेको अवस्था छ। यसरी ज्यान गुमाउनेहरूमा भारतीय नागरिकहरूसमेत रहेका छन्। तराईका जिल्लाहरू धनुषा, महोत्तरी र सिराहामा यस खालका गतिविधिहरू हुने बढी मात्रामा भएको देखिन्छ।

भक्तपुरको मध्यपुर ठिमी नगरपालिकास्थित चपाचोमा २०६६ असार २३ बच्चा अपहरण गर्न आएको भन्ने आरोपमा स्थानीय समूहको भीडले कुटपीट गर्दा ३ जनाको ज्यान गएको थियो। तराईमा रहेका विभिन्न सशस्त्र समूहका नामबाट सर्वसाधारण, कर्मचारी, पत्रकारहरूले समेत ज्यान गुमाउनुपरेको थियो। थरुहट संयुक्त सङ्घर्ष समितिद्वारा गरिएको प्रदर्शनीमा चितवन र दाङ जिल्लामा प्रहरीले चलाएको गोली लागी २ जना प्रदर्शनकारी र प्रदर्शनकारीहरूको प्रहारबाट १ जना सशस्त्र प्रहरीको ज्यान गएको थियो।

यस अवधिमा जीवनको अधिकारँग सम्बन्धित हत्यासम्बन्धी जम्मा ७३ ओटा उजुरीहरू आयोगमा दर्ता भए। जसमा राज्यविरुद्धका ३५, एनेकपा (माओवादी)-विरुद्धका १५ र अन्य २४ उजुरीहरू परेका छन्। हत्यसम्बन्धी ६ घटना सम्बन्धमा आयोगले प्रारम्भिक अनुगमन र पुराना र नयाँ उजुरीहरूउपर ३० ओटा अनुसन्धानहरू सम्पन्न गरेको थियो। आयोगले यस समयावधिमा हत्यासँग सम्बन्धित ३८ उजुरीहरूउपर निर्णय गरी सरकारलाई सिफारिस र २ उजुरीहरूलाई टुङ्ग्याएको छ। समग्रमा हेर्दा राज्यप्रति अविश्वास, प्रतिशोधको भावना, कानुन हातमा लिने प्रवृति, राजनीतिक संरक्षण कमजोर शासनसंयन्त्र, दण्डहीनता आदि कारण यस प्रवृतिको लागि आधारभूमि बन्न पुगेको स्थिति छ।

## ख) बलपूर्वक बेपत्ता

विगत सशस्त्र द्वन्द्वको समयमा सुरक्षाकर्मीद्वारा बेपत्ता बनाइएका ६१६ जना व्यक्तिहरूको अवस्था सार्वजनिक हुन सकेको छैन। यस अवधिमा सुरक्षाकर्मीबाट बलपूर्वक बेपत्ता पारिएको भनी ३६ उजुरीहरू परेकोमा १ उजुरीमा संलग्न २ जनाको अवस्था सार्वजनिक भइसकेको छ। अन्य सम्पूर्ण उजुरीहरू विगतको सशस्त्र द्वन्द्वसँग सम्बन्धित छन्। यस अवधिमा आयोगले नयाँ एवम् पुराना उजुरीहरूउपर २ चरणमा अनुगमन र १८ चरणमा अनुसन्धान सम्पन्न गरेको छ। बेपत्ता सम्बन्धमा आयोगमा परेका जम्मा उजुरीहरूमध्ये यस पटक १५ उजुरीहरूमा आयोगले निर्णय गरी अन्तरिम राहत दिन नेपाल सरकारलाई सिफारिस गरेको थियो, जसमा पीडितको सङ्ख्या १७ रहेको छ। ती सबै उजुरीउपर अनुसन्धान जारी छ। १५८ जना पीडित रहेका १०८ उजुरीहरूमध्ये १०६ को कारबाही प्रक्रिया टुङ्ग्याइएको र २ लाई तामेलीमा राखिएको छ।

उजुरीमाथिको कारबाहीका क्रममा आयोगद्वारा माग गरिएका अधिकांश जानकारीको यथार्थ व्यहोरा सरकारले उपलब्ध नगराएको स्थिति छ। आयोगद्वारा गरिएका अधिकांश सिफारिसहरूको कार्यान्वयनवस्था निराशाजनक छ। अझै पनि करिब १ हजारको सङ्ख्यामा रहेका बेपत्तासम्बन्धी उजुरीहरू किनारा लाग्न सकेका छैनन। बेपत्ता पारिएका केही व्यक्तिहरूका आफन्तलाई सरकारले आर्थिक राहत प्रदान गरे पनि प्रायः पीडितहरूले राहत पाउन सकेका छैनन्। पीडकलाई कारबाही गर्ने तर्फ सरकारले प्रभावकारी कदम चाल्न नसकेको अवस्था छ। विस्तृत शान्तिसम्झौता, नेपालको अन्तरिम संविधान तथा राजनैतिक दलहरूबीच पटकपटक भएका सम्झौताबमोजिम बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको यकीन अवस्था पत्ता लगाउन आयोग बन्न सकेको छैन। यस अवधिमा सरकारले बेपत्तासम्बन्धी अध्यादेश ल्याएको भए पनि राजनैतिक असहमतिका कारण त्यसले कार्यरूप लिन सकेन। लामो समयसम्म आफन्तहरूको बारेमा वास्तविक जानकारी प्राप्त गर्न नसक्दा बलपूर्वक बेपत्ताबाट पीडित परिवारहरूको मानवअधिकारको अवस्था थप गम्भीर हुन पुगेको छ।

## ग) अपहरण/बलपूर्वक कब्जा र स्थिति अज्ञात

गत वर्षझैं यस वर्ष पनि कब्जा, अपहरण, स्थिति अज्ञातका घट्नाहरूले निरन्तरता पाए तर यो शृङ्खला यस वर्ष विगतमा भन्दा कम रह्यो। विशेषतः अपहरण गर्ने सशस्त्र समूहहरूमा तराईमा कार्यरत जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वालासिंह), अखिल तराई मुक्तिमोर्चा (गोईत), जनतान्त्रिक तराई मुक्तिमोर्चा र तराई आर्मी

लगायत कतिपय पहिचान नखुलेका व्यक्ति वा समूहहरूसमेत चर्चामा रहे। राजनीतिक रूपमा राजनीतिक दल वा भातृसङ्गठनद्वारा अपहरण गरिएको भनी यस वर्ष कुनै उजुरी आयोगमा दर्ता भएनन्। सरकार र तराईलगायत पूर्वी पहाडी जिल्लाहरूमा सशस्त्र गतिविधि सञ्चालन गर्दै आएका सशस्त्र समूहहरूसँग सरकारद्वारा थालनी गरिएको वार्ताप्रक्रियाले पनि यस्ता घट्नामा कमी आएको हो। फिरौती असुल गर्ने उद्देश्यले आपराधिक समूह वा व्यक्तिद्वारा गरिने अपहरणका घटनाहरूमा भने वृद्धि भएको अवस्था छ। यसका लागि बालबालिकाहरूलाई अपहरण गर्ने प्रवृति विकसित हुन पुगेको देखिन्छ। यसरी अपहरणपश्चात् कतिपयको हत्या गरिएको छ भने कतिपय ठूलो मात्रामा फिरौती रकम तिरेर मुक्त भएका छन्। २०६५ साउन १९ गते डा. उपेन्द्र देवकोटको छोरीलाई आपराधिक समूहद्वारा आर्थिक प्रयोजनको लागि अपहरण गरिएको घट्ना राष्ट्रिय चर्चाको विषय बन्यो।

नेकपा (माओवादी)-द्वारा सशस्त्र द्वन्द्वको क्रममा बलपूर्वक कब्जामा लिई अवस्था अज्ञात बनाइएका कतिपय व्यक्तिको अवस्था हालसम्म सार्वजनिक हुन सकेको छैन। यसरी कब्जामा लिई १०८७ व्यक्तिको अवस्था अज्ञात पारिएको भनी उजुरी परेकोमा २१९ जनाको अवस्था अझै अज्ञात छ। यस वर्षमात्रै पनि विगतको सशस्त्र द्वन्द्वका क्रममा तत्कालीन नेकपा (माओवादी)-ले अपहरण गरी अवस्था अज्ञात रहेको भनी २८ र विभिन्न एवम् अज्ञात समूहरूबाट अपहरण गरिएको भनी ४८ गरी जम्मा ७६ उजुरीहरू दर्ता भएका छन्। आयोगले कब्जा/अपहरण एवम् अवस्था अज्ञातसम्बन्धी ४ मा अनुगमन र ९ उजुरीमा अनुसन्धान सम्पन्न गऱ्यो। आयोगले एनेकपा (माओवादी) द्वारा कब्जापश्चात् अवस्था अज्ञात रहेका भनी परेका ४ उजुरीउपर निर्णय गरी सरकारलाई अन्तरिम राहतका लागि सिफारिस गरेको थियो। यस अवधिमा १५१ जनाका हकमा १२३ उजुरीहरूको कारबाही प्रक्रिया टुङ्ग्याइएको छ। १२३ उजुरीहरूमध्ये १२० तात्कालीन नेकपा (माओवादी) र ३ अन्यका विरुद्ध रहेका छन्।

## घ) यातना, कुटपीट तथा दुरव्यवहार

यातना, कुटपीट तथा अमानवीय व्यवहारका घटनाहरूले यस अवधिमा पनि निरन्तरता पाए। विभिन्न वर्ग तथा समुदायबाट गरिएका प्रदर्शनहरूलाई नियन्त्रण गर्ने क्रममा कतिपय अवस्थामा सुरक्षाकर्मीद्वारा प्रदर्शनकारीमाथि अत्याधिक बल प्रयोग भएको थियो। थरुहट संयुक्त सङ्घर्ष समितिद्वारा तराईका विभिन्न स्थानहरूमा गरिएको प्रदर्शनीमा अत्याधिक बल प्रयोग भएको प्रदर्शनहरूमा प्रदर्शनकारीहरूका साथै

प्रहरीहरूसमेत घाइते भएका थिए। तिब्बती शरणार्थीहरूद्वारा विभिन्न माग राखी काठमाडौँ र ललितपुरका विभिन्न स्थानमा गरिएका प्रर्दशनहरूमा प्रहरीद्वारा शक्तिको प्रयोग र यसअलावा पकाउ परेका व्यक्तिहरूलाई लट्ठीले कुटने, बुट्ले हिर्काउने, यातना दिने र दुर्व्यवहार भएको स्थिति थियो। तराई आन्दोलन र तराईका केही जिल्लाहरूमा थप सुरक्षाबल खटिएको अवस्थामा सांस्कृतिक परम्परा र संस्कार विपरीत रातको समयमा घरको खानतलासी लिने कार्यसमेत भएका थिए। सुरक्षाकर्मीद्वारा यातना दिएको भनी आयोगमा यसवर्ष सबैभन्दा बढी उजुरी दर्ता भएका छन्।

नेकपा (माओवादी)-को भातृसङ्गठन योङ कम्युनिष्ट लिग, अखिल नेपाल ट्रेड युनियन महासङ्घ तथा अनेरास्ववियु (क्रान्तिकारी) लगायतका भगिनी संस्थामा आबद्ध कार्यकर्ताहरूद्वारा शान्तिसुरक्षा कायम गर्ने, उजुरीउपर सुनुवाइ गर्ने, अपराध नियन्त्रण गर्ने लगायतका बहानामा व्यक्तिलाई कब्जामा लिने एवम् कुटपीट तथा कालो मोसो वा जुत्ताको माला लगाई अमानवीय व्यवहार गर्ने गरेको पाइएको छ। त्यस किसिमका कारबाहीमा  विशेषत: फरक राजनीतिक विचारधारा राख्ने नेता, कार्यकर्ता, विद्यार्थी, विभिन्न पेशा-व्यवसायमा संलग्न पेशाकर्मीलगायत सर्वसाधारणहरू पर्ने गरेका छन्। यसै अवधिमा त्रिभुवन विश्वविद्यालयका उपकूलपति माधव शर्मालाई अखिल क्रान्तिकारीले विश्वविद्यालय परिसरमा र अनेरास्ववियुका कार्यकर्ताहरूले पूर्वाञ्चल विश्वविद्यालयका उपकूलपतिलाई कालोमोसो दली दुरव्यवहार गरे। त्यस्तै गरी दसैँको समयमा ढोल नबजाएको भनी महोत्तरी जिल्लाको नैन्ही गाविसका चमार जातिहरूउपर गैरदलितहरूले नाकाबन्दी लगाएका कारण दलितहरूको मानवअधिकार हनन भएको स्थिति रह्यो।

यस अवधिमा यातना, कुटपीट तथा दुरव्यवहार गरिएको भनी आयोगमा ११४ उजुरीहरू परेका छन्। जसमा सुरक्षाकर्मीबाट यातना ७०, सुरक्षाकर्मीबाट कुटपीट ६, नेकपा (माओवादी)-बाट कुटपीट ३, अन्य पक्षबाट कुटपीट ३ र दुरव्यवहार सम्बन्धी ३२ उजुरीहरू रहेका छन्। यस अवधिमा यातना, कुटपीट तथा दुरव्यवहारका सम्बन्धमा ३ अनुगमन र नयाँ तथा पुराना उजुरीहरूमा गरी १८ अनुसन्धानहरू सम्पन्न भए। यातना सम्बन्धमा आयोगमा परेका जम्मा उजुरीहरूमध्ये ३ मा निर्णय गरी क्षतिपूर्ति र २ मा कारबाहीको लागि सिफारिस गरेको छ। यसै अवधिमा ५३ जना पीडित भएका ५० उजुरीहरूको कारबाही प्रक्रिया टुङ्ग्याइएको छ।

## ङ) शान्तिसुरक्षा

यस वर्ष पनि  शान्तिसुरक्षाको स्थिति अपेक्षित मात्रामा सुधार हुन सकेन। हत्या,

अपहरण, यातना, सम्पत्ति कब्जा, लुटपाट, व्यक्तिगत एवम् सरकारी कार्यालय तथा सवारी साधनहरूमा आगजनी तथा तोडफोड गरी क्षति पुऱ्याउने कार्यले निरन्तरता पाए। कर्मचारीहरूलाई धम्की, कुटपीट, विस्थापित, निजी र सार्वजनिक स्थलमा बम-विष्फोटन लगायतका घटनाहरू यसवर्ष पनि कायमै रहे। कतिपय स्वास्थ्यसेवा प्रदान गर्ने संस्थाहरूमा आक्रमण गरियो। राजमार्ग लगायतका क्षेत्रमा चोरी, डकैती तथा लुटपाटका घटना व्यापक रूपमा देखा परे। यस प्रकृतिका घटनाहरूको प्रभावकारी अनुसन्धान र अभियोजन गरी दोषीलाई कारबाही गर्ने सन्दर्भमा अपेक्षित सक्रियता देखिएन। खास गरी राजनीतिक अस्थिरता र दण्डहीनताको अवस्था विद्यमान रहेकोले शान्तिसुरक्षाको अवस्था कमजोर हुन गएको छ। सरकारमा रहेका दलहरू र तिनीहरूका भातृसङ्गठनहरूका गतिविधिहरूले पनि शान्तिसुरक्षालाई कमजोर बनाएको देखिन्छ।

## च) बालअधिकार

यस वर्ष पनि विभिन्न समूहहरूबाट भएका आन्दोलन, बन्द, विरोध प्रर्दशन, आमहडतालजस्ता कार्यक्रमबाट बालबालिकाको जीवन, विकास, शिक्षा, स्वास्थ्य, आवास लगायतका अधिकारको प्रचलनमा गम्भीर असर परेको थियो। विभिन्न राजनीतिक दल र तिनका भातृ सङ्गठनहरूका कार्यक्रममा तथा जुलुस प्रर्दशनमा बालबालिकाको सहभागिता रहेको पाइयो। बन्दहड्तालको निशाना विद्यालयहरू हुनुले विद्यालय शान्तिक्षेत्र हुन् भन्ने मान्यताको सम्मान हुन सकेको पाइदैन। आपराधिक समूहबाट आफ्नो स्वार्थ पूर्ति एवम् आर्थिक लाभको लागि बालबालिकाको अपहरण गर्ने, फिरौती माग गर्ने र नदिए हत्यासम्मका घृणित कार्यहरूसमेत हुने गरेका छन्। गैरकानुनी थुना, बालविबाह, बालश्रमिक एवम् सर्कसमा प्रयोग, शिक्षा तथा स्वास्थ्य, मानवीय सहयोगमा अस्वीकार, दुर्व्यवहार लगायतबाट बालबालिका पीडित हुँदै आइरहेका छन्।

शहरी क्षेत्रका घरायसी काममा लगाइएका बालबालिकाहरूलाई चोरीलगायतका आरोपमा कुटपीट गरेका घटना पनि पाइए। त्यस्ता बालक भागी नजाओस भनी दाम्लो, डोरी तथा साङ्लोले बाँधेर राख्ने, घरभित्र थुन्ने, पकाउ गरिएका बालबालिकाहरूलाई प्रहरी कार्यालयमा यातना दिनेजस्ता घटनाहरू पनि सार्वजनिक भएका थिए। कतिपय पढ्नुपर्ने उमेरका बालबालिकाहरूले बालश्रम, घरेलु कामदार, गिटी कुट्ने, ढुङ्गा, भारी बोक्नेजस्ता काममा संलग्न हुनुपरेको स्थिति रह्यो। बालविवाह, बालबालिका बेचबिखनका घटनाहरू, बालिकाहरूमाथि बलात्कार भएका घटनाहरू वृद्धि भएको

र त्यसमा विशेषतः संरक्षक, सुरक्षाकर्मी र परिवारका सदस्यसमेत संलग्न रहेको तथ्य प्रकाशमा आए। बालिकाहरूलाई अपहरण र बलात्कारपछि हत्यासम्मका घृणित कार्यहरू पनि भएको पाइन्छ। बम-विष्फोटनको कारण कतिपय बालबालिकाहरू घाइते र कतिपयले ज्यान गुमाउनुपरेको अवस्था छ।

यस अवधिमा आयोगमा बालअधिकारसँग सम्बन्धीत २३ ओटा उजुरीहरू दर्ता भए। आयोगले बालअधिकारको अवस्थासम्बन्धी जम्मा १८ पटक अनुगमन गऱ्यो। यसरी सम्पन्न अनुगमनमा एचआईभी/एड्स सङ्क्रमित बालबालिकाहरूको अधिकारदेखि बालबालिका तथा जनमुक्ति सेनाको शिविरहरूमा रहेका बालबालिकाहरूको अधिकारसम्म रहेको छ। आयोगका माननीय सदस्य गौरी प्रधानसहितको टोलीले सुर्खेत दशरथपुर स्थित जनमुक्ति सेनाको ६ न. डिभिजनअन्तर्गत शिविरमा अनुगमन गर्दा त्यहाँ आफ्ना अभिभावकहरूसँगै रहेका करीब २०० बालबालिकाहरूको अवस्था नाजुक रहेको पाएपछि सरकारलाई तत्काल ती बालबालीकाहरूका सम्बन्धमा आवश्यक व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएको थियो। यस वर्ष आयोगले खोटाङ, सर्लाही, रौतहट, बारा, धनुषा, कैलाली, कञ्चनपुर, बझाङ, प्युठान, पाल्पा, गोरखा, लमजुङ, मनाङ, सुनसरी, सप्तरी आदी जिल्लाहरूमा बालअधिकारको अवस्थाबारे अनुगमन गऱ्यो। त्यस्तै नयाँ तथा पुराना उजुरीहरूमा गरी ७ ओटा अनुसन्धान सम्पन्न गऱ्यो। यस अवधीमा आयोगले बालअधिकारसँग सम्बन्धित २ उजुरीउपर निर्णय गरी क्षतिपूर्ति र कारबाहीका लागि सरकारलाई सिफारिस गरेको थियो। यसै अवधिमा बालअधिकारसँग सम्बन्धित २० जना पीडित भनिएको १८ उजुरीहरूको कारबाही टुङ्ग्याइएको छ।

## छ) खाद्यसम्बन्धी अधिकार

यस वर्ष मध्यपश्चिम तथा सुदुरपश्चिम क्षेत्रका पहाडी जिल्लाहरूमा गत वर्षको तुलनामा बढी नै खाद्यान्न सङ्कट देखा पऱ्यो। सो क्षेत्रका बासिन्दाहरूमा कन्दमूल खाएर बाँच्नुपर्ने र कतिपय अवस्थामा भोकभोकै दिन बिताउनुपर्ने अवस्था सिर्जना हुन पुग्यो। राज्य आफ्ना नागरिकहरूको खाद्यसम्बन्धी अधिकार सुनिश्चित गर्न असफल रह्यो। त्यस्तै ट्रक-व्यवसायीहरूले सामान ढुवानीमा गर्दै आएको चक्रीय प्रणालीविरुद्धमा सुदुर पश्चिमका व्यवसायीहरूले गरेको लामो समयसम्मको बन्दले पनि सो क्षेत्रको पहाडी जिल्लाहरूमा खाद्यान्न सङ्कट पैदा गरेको थियो। आयोगले सो क्षेत्रमा देखिएको खाद्यान्न सङ्कट र त्यसले सिर्जना गरेको मानवअधिकारका सवालहरूलाई केन्द्रविन्दुमा राखी अनुगमन गरी सरकारका उच्चपदस्थ कर्मचारीहरूलाई

आयोगमा बोलाई छलफलसमेत गरेको थियो। छलफलका क्रममा आयोगले उक्त ठाउँका नागरिकहरूको खाद्यसम्बन्धी अधिकार सुनिश्चित गर्न सरकारलाई आग्रह गरेको थियो। यस वर्ष आयोगले खाद्यान्न सङ्कटका सम्बन्धमा दैलेख जिल्लामा २ चरणमा अनुगमन सम्पन्न गरेको थियो।

## ज) आन्तरिक विस्थापित

आन्तरिक द्वन्द्व तथा प्राकृतिक विपत्तिका कारण आआफ्नो बास गुमाई वा छोडी अन्यत्र बस्न बाध्य भएका आन्तरिक विस्थापित व्यक्तिहरूको हकअधिकारको विषय यस अवधिमा सुरक्षित रहन सकेन। विस्थापितहरूको सम्बन्धमा केही सुधारात्मक सङ्केतहरू देखिए पनि अपेक्षाकृत रूपमा व्यवहारमा लागू हुन सकेन। तात्कालीन नेकपा (माओवादी) र सरकारबीचको सशस्त्र द्वन्द्वका कारण विस्थापित हुन पुगेका कतिपय व्यक्तिहरू हालसम्म पनि स्थापित हुन सकेका छैनन्। नेकपा (माओवादी) सरकारको नेत्तृत्वमा पुगेपछि पटकपटक कब्जा सम्पत्ति फिर्ता गर्ने सहमति र प्रतिबद्धता भए पनि पूर्णतः कार्यान्वयन हुन सकेन। सोही विषयलाई लिएर नेपाली काङ्ग्रेसले व्यवस्थापिका संसद बैठक लामो समयसम्म अवरुद्ध पारेको थियो। तात्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ले व्यवस्थापिका संसदमा नै सम्पूर्ण कब्जा सम्पत्तिहरू फुकुवा गर्ने भनी प्रतिबद्धता जाहेर भएको थियो। तराईका विभिन्न सशस्त्र समूहहरूको धम्की, चन्दा माग, हत्या आदिका कारणबाट पनि विस्थापित हुनेहरूको सङ्ख्या ठूलै देखिन्छ। सुरुका दिनहरूमा पहाडी समुदायका व्यक्तिहरू बढी विस्थापित भए पनि पछिल्लो समयमा मधेशी समुदाय पनि यस समस्याबाट पीडित बन्न पुगेको अवस्था छ। पूर्वी नेपालको खोटाङ, भोजपुर, उदयपुर जिल्लाहरूमा किराँत जनवादी वर्कस पार्टीका सशस्त्र गतिविधिका कारण विस्थापित हुनेहरूको सङ्ख्या बढ्दो छ भने ताप्लेजुङ, पाँचथर, इलाम लगायतका जिल्लाहरूमा लिम्बुवानसँग सम्बन्धित सशस्त्र समूहहरूको गतिविधिका कारण विस्थापित हुने क्रम सुरु भएको छ। त्यस्तै यसै अवधिमा पूर्वको कोसी नदीको स्पर भत्किएर भएको बाढीबाट सप्तरी र सुनसरी जिल्लामा ठूलो सङ्ख्यामा मानिसहरू विस्थापित बन्न पुगे। पश्चिम् नेपालको कैलाली, कञ्चनपुर, नेपालगञ्ज लगायतका स्थानहरूमा पनि यही समस्या देखा पर्‍यो।

यस अवधिमा विस्थापितका हकअधिकारका सम्बन्धमा आयोगमा ३५ उजुरीहरू दर्ता भए। जसमा तात्कालीन नेकपा (माओवादी)-विरुद्ध ३१ र सुरक्षाकर्मीविरुद्ध ४ रहेका छन्। माओवादीविरुद्ध परेका अधिकांश उजुरी द्वन्द्वकालसँग सम्बन्धत छन्। यस

अवधीमा नै विस्थापितका हकअधिकारका सम्बन्धमा १५ पटक अनुगमन सम्पन्न भएको छ। जसमा बाढीदेखि लिएर एनेकपा (माओवादी), तराइका सशस्त्र समूह र पूर्वी नेपालका सशस्त्र समूहहरूद्वारा गरिएका आन्दोलनबाट सिर्जित विस्थापित समस्या पर्दछन्। आयोगले विस्थापितका हकअधिकारका सम्बन्धमा २ अनुसन्धान, ८ उजुरीहरूमा निर्णय गरी क्षतिपूर्तिका लागि सरकारलाई सिफारिस गरेको छ। ४५६५ व्यक्तिहरू पीडितरहेको भनिएका ३ उजुरीको कारबाही प्रक्रिया टुङ्ग्याइएको स्थिति छ।

सरकारका तर्फबाट आन्तरिक विस्थापितहरूलाई विस्थापित भएको अवधिभरको राहत वितरण गर्ने निर्णयानुसार ठूलो रकम वितरण गरे पनि कतिपय वास्तविक विस्थापितहरूसम्म सो रकम पुग्न सकेन भने धेरै नक्कली विस्थापितहरूले रकम हात पार्न सफल भए। त्यस्तै गरी विस्थापितका सम्बन्धमा सरकारद्वारा तर्जुमा गरिएको तीन वर्षिय अन्तरिम योजना कार्यान्वयनमा आउन सकेन।

## झ) धम्की

धम्कीका घट्नाहरूले यस वर्ष पनि निरन्तरता पाए। विशेषतः तराईवासीहरू यस समस्याबाट बढी पीडित भएको देखिन्छ। सशस्त्र समूहद्वारा चन्दा माग्ने, चन्दा नदिएमा ज्यान मार्ने, परिवारका सदस्यको अपहरण एवम् हत्या गर्नेसम्मको धम्की दिने प्रवृति बढेको पाइन्छ। तराई तथा पूर्वी पहाडी क्षेत्रमामा आफ्ना सशस्त्र गतिविधिहरूमा संलग्न कतिपय समूहहरू र सरकारबीच विभिन्न चरणमा वार्ता भए पनि धम्की दिने कार्य बन्द भएको छैन। यसअलावा यो वर्ष नेकपा (माओवादी) मातृका यादव समूहका कार्यकर्ताहरू, एनेकपा (माओवादी) को भातृ सङ्गठन वाईसीएल, लिम्बूवान स्वायत्त परिषद्का कार्यकर्ताहरूबाट पनि आफूले माग गरेबमोजिमको चन्दा दिनुपर्ने, अन्यथा ज्यान मार्नेसम्मको धम्की दिने गरेको पाइएको छ।

तराई क्षेत्रमा धम्कीका कारण बढेको असुरक्षाबाट पहाडी मूलका मानिसहरू विस्थापित हुने क्रम बढेको पाइन्छ भने हाल आएर तराई मूलका मानिसहरू पनि विस्थापित भई गाउँबाट सदरमुकाममा सर्ने गरेको पाइएको छ। यो समस्या तराईका बारा, पर्सा, रौतहट, महोत्तरी, सर्लाही, धनुषा, सिरहा र सप्तरीमा बढी मात्रामा देखिएको छ। त्यस्तै पूर्वी पहाडी जिल्लाहरू खोटाङ, उदयपुर, भोजपुर लगायतका क्षेत्रमा किराँत जनवादी वर्कस पार्टी र तराईमा सशस्त्रधारी समूहले चन्दा माग गर्दै गाविस सचिव, स्थानीय व्यापारी लगायत सर्वसाधारणहरूलाई धम्की दिने गरेको पाइएको छ। स्थानीय व्यापारीहरूले धम्कीको कारण अपरिचित व्यक्तिले गरेको

फोन नउठाउने र खामबन्दीपत्र नबुझ्न थालेका छन्। त्यस्तै गरी तराइमा कार्यरत सञ्चारकर्मीहरूलाई नेपाली भाषामा समाचार नलेख्न, प्रसारण नगर्न विभिन्न सशस्त्र समुहहरूको नामबाट पटकपटक धम्की आउने गरेको पाइएको छ।

एनेकपा (माओवादी)-को नेत्तृत्वमा रहेको सरकारले तात्कालीन प्रधान सेनापती रुक्माङ्गत कट्वाललाई गरेको कारबाहीपश्चात् राष्ट्रपतिले चालेको कदमलाई समर्थन गरेको भनी २०६६ बैशाख महिनामा रामेछाप, कैलाली लगायतका जिल्लाहरूमा नेपाली काङ्ग्रेस, नेकपा एमालेका नेता तथा कार्यकर्ताहरूलाई विज्ञप्तिमार्फत जिल्ला छोड्न एनेकपा (माओवादी)-का कार्यकर्ताहरूले धम्की दिएका थिए । त्यस्तै गरी सुरक्षाकर्मीहरूबाट पनि विभिन्न आरोपमा सर्वसाधारणहरूलाई धम्की दिने गरेको पाइएको छ।

यस अवधिमा आयोगमा धम्कीसम्बन्धी ४२ उजुरीहरू दर्ता भएका छन्। प्राप्त उजुरीहरूमध्ये सुरक्षाकर्मीबाट धम्की दिएको भनी ११, एनेकपा (माओवादी)-बाट १३ र अन्य पक्षबाट १८ रहेका छन्। जसमा २ अनुगमन र १ अनुसन्धान सम्पन्न भएको छ। आयोगले यस अवधीमा धम्कीसम्बन्धी ४१ पीडितका हकमा परेको ३७ उजुरीमध्ये ३६ उजुरीहरूको कारबाही प्रकिया टुङ्ग्याइएको र १ उजुरी तामेलीमा राखिएको छ।

## ञ) महिलाअधिकार

आयोगले गत वर्षझैं यस वर्ष पनि महिला अधिकारलाई प्राथमिकतामा राखी कार्य गऱ्यो। महिला अधिकारमा सम्बन्धमा विगतको स्थितिमा यस वर्ष पनि खासै सुधार हुन सकेन। बोक्सीको आरोपमा कुटपीट गर्ने, मलमूत्र खुवाउने, दाइजो नल्याएको आरोपमा कुटपीट गर्ने, जिउँदै जलाएर मार्नेजस्ता घृर्णित घट्जनहरू जारी रहे। घटनाका दोषीहरूमध्ये केहीलाई कानुनी दायरामा ल्याई कारबाही गर्न राज्य सफल रहे पनि अधिकांश दोषीहरूलाई कारबाहीको दायरामा पर्न सकेनन्। मध्यपश्चिम तथा सुदुरपश्चिमका जिल्लाहरूमा प्रचलनमा रहेका छाउपडी प्रथा, मुलुकका विभिन्न भागमा हुने गरेका घरेलु हिंसा, बोक्सी, दाइजो, भेदभाव, रुढीवादी परम्परा लगायतका कारणहरू महिलाहरू पीडित हुन पुगेका छन्। गाउँ-गाउँमा प्रजनन् स्वास्थ्यको उचित व्यवस्था तथा जनचेतना र स्वास्थ्यकर्मी तथा औषधीसमेतको अभावमा गर्भवती महिला तथा शिशुको ज्यान जाने, पाठेघरसम्बन्धी रोगहरू लाग्नेजस्ता समस्याबाट महिलाहरूले पीडित हुनुपरेको छ। यस्तै बहुविवाह, सानोतिनो विषयमा श्रीमान वा घरपरिबारबाट धम्की, डर, त्रास कुटपीट तथा अमानवीय व्यवहारका

घटनाहरूले निरन्तरता पाइरहेको अवस्था छ। जसमा विशेषतः दाइजो नल्याएको निहुँमा पति एवम् परिवारका सदस्यहरूको मिलोमतोमा जिउँदै आगो लगाउने, कुटपीट गर्ने, मानसिक त्रास उत्पन्न गराउने, अपहेलना गर्ने, बलात्कार गर्ने जस्ता घृणित कार्यहरू देखिन्छन्। मध्यपश्चिम तथा सुदुर पश्चिमाञ्चल क्षेत्रमा विद्यामान रहेको कमलरी प्रथाबाट महिला तथा बालीकाहरू पीडित हुन पुगेको अवस्था छ।

अन्धविश्वास, गरिबी, तल्लो जाति, रिसइवी लगायतका कारण बोक्सीको आरोपमा अमानवीय व्यवहार, कुटपीट, मलमुत्र खुवाउने, गाउँ-निकाला गर्नेजस्ता घटनाहरू बारम्बार पुनरावृति भइरहेको स्थिति छ। गत साउन महिनामा छाउपडी प्रथाका कारण मुढेगाउँ-१, डोटी निवासी १५ वर्षीया रेखा दमाईको मृत्यु भयो। काठमाडौ निवासी फर्हाना बानुलाई निजको श्रीमान्ले आगो लगाई हत्या गरे। साउन महिनामैं मकवानपुरको टिष्टुङ गाविसका २ महिलालाई बोक्सीको आरोपमा कुटपीट गरी मलमुत्र खुवाई, असोजमा धनुषा जिल्ला निवासी गुलावदेवी झा र कुमीयदेवी साहलाई बोक्सीको आरोपमा दिसा खुवाई मुण्डन गरी अमानवीय व्यवहार गरियो। उदयपुर जिल्ला जोगदह-६ बस्ने सीता वि.क. लाई निजकै पतिले तेजाब खन्याई घाइते बनाए। कार्तिक महिनामा बालिका बलात्कारका घटनाहरू बढे। यस वर्ष सबैभन्दा बढी महिलाहरूलाई बोक्सीको आरोपमा कुटपीट गरिएको तथा अमानवीय व्यवहार गरिएको घटनाहरूको बारेमा आयोगमा जानकारी प्राप्त भयो। ती घटनाहरूमा आयोगले अनुगमन र अनुसन्धान गर्दै आएको छ।

यसका बाबजुद पनि यस वर्ष महिला अधिकारका सम्बन्धमा केही सकरात्मक कार्यहरू भएका छन्। राज्यले घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ बनाई २०६६ बैशाख १४ गतेदेखि लागू गर्नुको साथै आयोगले यसै वर्ष कमलरी प्रथा उन्मूलन गर्न राज्यलाई सिफारिस गऱ्यो। राज्यका विभिन्न निकायहरूमा महिला सहभागितामा वृद्धि भएको छ भने राज्यका निकायहरूमा महिला कर्मचारीहरूको सङ्ख्यामा पनि वृद्धि भएको छ।

यस अवधिमा आयोगमा महिला अधिकारसम्बन्धी ४४ उजुरीहरू दर्ता भए। आयोगले महिला अधिकारलाई केन्द्रमा राखी ६ पटक अनुगमन गरेको छ भने समग्र मानवअधिकार अवस्थाको अनुगमन गर्दा महिला अधिकारलाई पनि मध्यनजर राखेको छ। यसअवधिमा आयोगले महिलाअधिकारसम्बन्धी ४ ओटा उजुरीको कारबाही प्रकिया टुङ्ग्याएको छ।

## ट) जातीय विभेदविरुद्धको अधिकार

जातीय आधारमा छुवाछुत मानी भेदभाव गर्ने परम्पराले यस वर्ष पनि निरन्तरता पायो। जातीय आधारमा हुने छुवाछुत तथा भेदभावलाई गैरकानुनी तथा दण्डनीय एवम् आपराधिक कार्य मानिए पनि व्यवहारमा पूर्णतः लागू हुन सकेन। राज्यबाट विभेदविरुद्धमा विभिन्न कदमहरू चालिए पनि ती कतिपय अवस्थामा प्रभावकारी बन्न सकेका छैनन्। उपल्लो जाति भनिएका कतिपय व्यक्तिहरूबाट सार्वजनिक इनार तथा कुवामा पानी झिकको, होटलमा चियानास्ता खाएको, अन्तरजातीय विवाह गरेको लगायतका आधारमा जातीय भेदभाव परिपाटी अझै विद्यमान छ। यस अवधिमा महोत्तरी जिल्लाको नैन्ही गाविसमा दसैँको अवसरमा ढोल नबजाएको भन्दै गैरदलित समुदायका मानिसले दलित समुदायका चमार जातिहरूउपर नाकाबन्दी लगाए। अन्तरजातीय विवाह गरेको भनी धादिङ जिल्लाको ज्यामरुङ गाविसका एक दम्पत्तिलाई समाजिक बहिष्कार गरियो। त्यस्तै पानी छोएको विषयलाई लिएर मकवानपुर जिल्लाको मनहरी गाविस ज्यामिरेका जीतबहादुर सुनारमाथि कुटपीट भयो। राजधानीको नजिक रहेको ललितपुरको लुभुमा सार्वजनिक पानीको धारो छोएको विषयलाई लिएर स्थनीय गोपी थापाले दलित जमुना परियारमाथि कुटपीट गरे भने सप्तरीको राजविराजमा कथित उपल्लो जातका मानिसले दलितहरूलाई सार्वजनिक ईनारबाट पानी झिक्न प्रतिबन्ध लगाए।

राज्य र  विभिन्न सङ्घसंस्थाहरूको निरन्तर जनचेतना र सहभोजजस्ता कार्यक्रमबाट पुरातन रुढीवादी सोचमा निरन्तर सुधार भने हुदै आइरहेको छ। विगतका तुलनामा जातीय विभेदका घटनाहरूमा कमी आएको छ।

यस अवधीमा पनि आयोगले छुवाछुतविरुद्धको अधिकारका सम्बन्धमा अनुगमन कार्यलाई निरन्तरता दियो। जातीय छुवाछुतविरुद्धको अधिकारका सम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने र दलितहरूको हकअधिकार सुरक्षित गर्ने उद्देश्यले अन्तरक्रिया, छलफल, गोष्ठी लगायतका कार्यक्रमहरू सम्पन्न भए।

## ठ) अपाङ्गसम्बन्धी अधिकार

शारीरिक अपाङ्गता भगवानको देन हो भन्ने मान्यता बोकेको हाम्रो समाजमा अझै पनि अपाङ्गता भएका व्यक्तिहरूलाई हेर्ने दृष्टिकोण पूर्णरूपमा सकरात्मक हुन सकेको छैन। शारीरिक अपाङ्गता भगवानको देन नभई अन्य विविध कारणले हुने हुँदा त्यस्ता व्यक्तिहरू पनि समाजमा सम्मानपुर्वक बाँच्न पाउनुपर्छ, उनीहरूको क्षमताअनुसार राज्यले आरक्षण गरी राज्यका निकायहरूमा समावेश गर्नुपर्छ भन्ने

मानवअधिकार क्षेत्रको आवाज हो। यसै तथ्यलाई मनन गरी आयोगले आफ्नो स्थापनाकालदेखि नै अपाङ्गहरूको हकअधिकारको लागी विभिन्न कार्यक्रमहरूमार्फत आवाजहरू उठाउँदै आएको छ। यस अवधिमा पनि यी अभियानले निरन्तरता पाए। आयोगको क्षेत्रीय कार्यालय विराटनगर, नेपालगञ्जले यस वर्ष अपाङ्गसम्बन्धी संस्थासँगको सहकार्यमा छलफल एवम् गोष्ठ सम्पन्न गऱ्यो। त्यस्तै अपाङ्गसम्बन्धी संस्थाहरूले आयोजना गरेको तालिम गोष्ठीहरूमा स्रोतव्यक्ति एवम् अतिथिको रूपमा सहभागी भई उनीहरूको हकअधिकार प्राप्तिको अभियानमा आयोगले आफूलाई संलग्न गराउदै आएको छ।

## ड) ज्येष्ठ नागरिकसम्बन्धी अधिकार

हालसम्म नेपालमा ज्येष्ठ नागरिकहरूको समाजिक सुरक्षाका सम्बन्धमा कुनै विशेष कानुन बन्न नसकेको अवस्थामा उनीहरूले अझै पनि अपहेलित भइरहनुपरेको अवस्था छ । आयोगले यस वर्ष ज्येष्ठ नागरिकसम्बन्धी विभिन्न कार्यक्रमहरू अघि बढायो। उनीहरूको अधिकारकारलाई संविधानमा उल्लेख गर्नुपर्ने, सामाजिक सुरक्षा हुनुपर्ने लगायतका मुद्दालाई अगाडि सारी यस वर्ष सुनसरीको धरान, जनकपुर लगायतका स्थानहरूमा छलफल, अन्तर्कियाजस्ता कार्यक्रमहरू सम्पन्न गऱ्यो। त्यसै गरी उनीहरूको अधिकार बोध गराउने उद्देश्यले आयोगको क्षेत्रीय कार्यालय विराटनगरले सुनसरीको झुम्कामा ज्येष्ठ नागरिकसम्बन्धी २ दिने तालीम सम्पन्न गऱ्यो।

## ढ) आदिवासी/जनजातिसहरूको अधिकार

शासकीय विभेदका कारण आदिवासी/जनजातिहरू लामोसमयदेखि आफ्नो अधिकार प्रयोग गर्नबाट वञ्चित अवस्थामा रहनुपरेको छ। उनीहरूको अधिकारको सम्बन्धमा आयोग क्रियाशील रहँदै आएको छ। राज्यले गतवर्ष आदिवासी जनजातिसम्बन्धी आइएलओ महासन्धी न. १६९ अनुमोदन गरेपछि यो वर्ष त्यसैको सेरोफेरोमा विभिन्न कार्यक्रमहरू सम्पन्न भएका छन्। उनीहरूको हकअधिकारका सम्बन्धमा आयोगले समयसमयमा छलफल, गोष्ठीजस्ता कार्यक्रमहरूमार्फत आवाज उठाउँदै अब बन्ने संविधानमा नै आदिवासी/जनजातिहरूको अधिकारका बारेमा उल्लेख गर्नुपर्नेमा जोड दिएको छ।

# परिच्छेद–३

# आयोगद्वारा सम्पादित प्रमुख कार्य र उपलब्धिहरू

२०५७ साल जेठ १३ गते विधिवत स्थापना भएको राष्ट्रिय मानवअधिकार आयोगले स्थापनाकालदेखि नै राष्ट्रिय संस्थाको रूपमा आफ्नो भूमिका निर्वाह गर्दै आएको छ। मानवअधिकार आयोग ऐन २०५३ को दफा ९ मा मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्नु आयोगको प्रमुख कर्तव्य हुनेछ भनी उल्लिखित प्रावधानलाई नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ ले पनि आत्मसात गरेको छ। यसबाट आयोगका प्रमुख कार्यहरूमा मानवअधिकारको संरक्षण र सम्बर्द्धन पर्दछन्। यसैको सेरोफेरोमा रही आयोगले यो वर्ष पनि विभिन्न गतिविधिहरू सम्पन्न गरेको छ। यस परिच्छेदमा आयोगद्वारा सम्पादित वार्षिक कार्य र उपलब्धीहरूको सम्बन्धमा चर्चा गरिएको छ।

## ३.१ मानवअधिकार संरक्षणसम्बन्धी गतिविधिहरू

मानवअधिकारको संरक्षण गर्ने कर्तव्य र दायित्वका आधारमा आयोगद्वारा सम्पादित गतिविधिहरूलाई निम्नानुसार उल्लेख गरिएको छः–

### ३.१.१ उजुरी ग्रहण र व्यवस्थापन

आयोगले मानवअधिकार उल्लङ्घन वा दुरुत्साहन भएकोमा उजुरी लिई वा स्वविवेकमा घट्नाको छानविन तथा अनुसन्धान प्रकियालाई अगाडि बढाउदै आएको छ। आयोगले विभिन्न माध्यम जस्तै–लिखित, फोन, इमेल, फ्याक्सबाट समेत उजुरी प्राप्त गर्न सक्छ भने मानवअधिकारको गम्भीर उल्लङ्घन वा ज्यादतिका सम्बन्धमा सञ्चारमाध्यममा प्रकाशित/प्रसारित समाचारलाई आधार मानी स्वविवेकीय रूपमा पनि उजुरी ग्रहण गर्दछ। यसरी उजुरी ग्रहणपश्चात् छानवीन वा अनुसन्धान गरी दोषीउपर कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति दिन नेपाल सरकारलाई सिफारिस गर्दछ। आयोगले प्राप्त गरेको उजुरीका सम्बन्धमा उजुरी प्राप्त गरेपछि कम्प्युटरमा अभिलेखीकरण गर्नेदेखि लिएर अनुसन्धान प्रकृया सुरु गर्दछ। यस वर्ष आयोगको सबै कार्यालयहरूमा गरी जम्मा ६७७ उजुरीहरू प्राप्त भएका थिए। उजुरीका प्रमुख विषयहरूमा हत्या, बेपत्ता, अपहरण, यातना, धम्की, गैरन्यायिक थुना, सम्पत्ति कब्जा, आन्तरिक विस्थापन, भेदभाव जबरजस्ती चन्दा आदि रहेका छन्। यसका अतिरिक्त आर्थिक सामाजिक अधिकार उपभोगमा अवरोध, महिला तथा बालअधिकारको

उल्लङ्घन र ज्यादतिसम्बन्धी उजुरीहरूसमेत दर्ता हुन आएका छन्। उजुरीको प्रकृतिलाई दृष्टिगत गर्दा द्वन्द्वकालमा भएका घटनासँग सम्बन्धित उजुरीहरू पनि रहेका छन्। मासिक रूपमा आयोगमा परेका उजुरी विवरण अनुसूची २ मा समावेश गरिएको छ।

### ३.१.२ विषयगत आधारमा उजुरी

गत वर्ष १,१७३ उजुरी पर्न आएकोमा यस वर्ष सो सङ्ख्या घटी ६७७ छ। अघिल्लो वर्ष सुरक्षाकर्मीबाट हत्या भएको भनी सबैभन्दा बढी १८१ उजुरीहरू परेकोमा यस वर्ष सबैभन्दा बढी सुरक्षाकर्मीबाट यातना दिएको भनी ७० उजुरी परेका छन्। त्यसै गरी सुरक्षाकर्मीबाट धम्की दिएको भनी ३ उजुरी परेकोमा यस वर्ष सबैभन्दा कम बमविष्फोटनसम्बन्धी २ ओटा उजुरीहरू परेका छन्। विगतभन्दा यस पटक कम उजुरी पर्नुमा सम्पन्न शान्तिसम्झौता र संविधानसभा निर्वाचनको प्रभावलाई लिन सकिन्छ। त्यसै गरी डर, त्रास, धम्की आदिका कारण पनि प्रायः घट्नाहरू सार्वजनिक नहुने गरेको स्थिति छ। आयोगका सिफारिसहरू कार्यान्वयन नहुनुले पीडितप्रति नैराश्यताको भावना उब्जनु साथै प्रबर्द्धनात्मक गतिविधि प्रयाप्तमात्रमा नहुनुलाई उजुरी घट्नुको कारणका रूपमा लिन सकिन्छ। यस वर्ष आयोगमा पर्न आएका सबै उजुरीहरूको सङ्ख्या विषयगत आधारमा अनुसूची २ मा समावेश गरिएको छ।



### ३.१.३ क्षेत्रगत आधारमा उजुरी

क्षेत्रगत आधारमा उजुरीको वर्गीकरण गर्दा यस वर्ष सबैभन्दा बढी उजुरी केन्द्रीय कार्यालय हरिहरभवन ललितपुरमा १९९ ओटा र सबैभन्दा कम क्षेत्रीय कार्यालय जनकपुरमा ५३ ओटा परेको देखिन्छ। प्राप्त तथ्याङ्कलाई हेर्दा क्षेत्रीय कार्यालय पोखरा १३८, नेपालगञ्ज १३०, विराटनगर १०२ र धनगढीमा ५५ उजुरीहरू प्राप्त हुन आएका छन्। सम्पर्क कार्यालयहरू बुटवल, ४८, जुम्ला ९ र खोटाङ ३ गरी ६० उजुरीहरूलाई क्षेत्रीय कार्यालयहरू क्रमशः पोखरा, नेपालगञ्ज र विराटनगरमा समावेश गरिएको छ। क्षेत्रगत रूपमा परेका उजुरीहरूलाई अनुसूची २ मा समावेश गरिएको छ ।






## ३.२ मानवअधिकार अनुगमन र अनुसन्धान

मानवअधिकारको अवस्थालाई सुनिश्चित गर्न तथा सरकारलाई आवश्यक निर्देशन दिन अनुगमनलाई महत्वपूर्ण मानिन्छ। आयोगले विभिन्न मानवअधिकार हनन एवम् ज्यादतिका घटनाको सम्बन्धमा नियमित अनुगमन गर्दै आइरहेको छ। आयोगले अनुगमनपश्चात् प्राप्त तथ्यका आधारमा सरकार तथा अन्य निकायको ध्यानाकर्षण गराउने, कुनै कार्य गर्न वा नगर्न अनुरोध गर्ने वा निर्देशन दिने गर्दछ। आयोगले आवश्यकता, विषयवस्तुको गाम्भीर्यता आदिको आधारमा समग्र मानवअधिकारको अवस्था एवम् मानवअधिकारभित्रका विषयहरू–बालअधिकार, आन्तरिक विस्थापितका अधिकार, शरणार्थीसम्बन्धी अधिकार, महिला तथा अपाङ्गका अधिकारको अवस्थाबारेमा आयोगले अनुगमन र अनुसन्धान गर्दै आएको छ। यसको अतिरिक्त कैदीबन्दीका अधिकार, कारागार तथा हिरासत, राजनीतिक दल तथा सङ्घसंस्थाहरूद्वारा विभिन्न माग राखी गरिने आन्दोलन, बन्द, हड्तालगायतका मुद्दामा पनि अनुगमन र अनुसन्धानमार्फत आफ्नो ध्यान केन्द्रित गर्दै आएको छ।

### ३.२.१. अनुगमन

विगत वर्षभैँ यस वर्ष पनि आयोगले देशका विभिन्न भागहरूमा मानवअधिकारको स्थितिसम्बन्धमा अनुगमनलाई निरन्तरता दियो। यस अवधिमा आयोगले विशेषतः समग्र मानवअधिकारको अवस्था, बालअधिकार, थुनुवा तथा बन्दीहरूको अधिकार र आन्तरिक विस्थापितहरूको अधिकारलाई प्राथमिकतामा राखी अनुगमन गरेको थियो। त्यसै गरी गास, बास, स्वास्थ्य, शिक्षाको अधिकारलाई पनि उत्तिकै प्राथमिकतामा राखेको थियो। अनुगमनबाट प्राप्त तथ्यहरूलाई सङ्कलित एवम् एकत्रित गरी प्रतिवेदनको रूप दिएको थियो।

आयोगले मुलतः २ तरिकाबाट अनुगमन कार्यलाई अगाडि बढाउदै आएको छ। पहिलो आयोगका कर्मचारी तथा पदाधिकारीहरूको संलग्नतामा र दोस्रो विभिन्न व्यक्ति, सङ्घसंस्था तथा नागरिक समाजको सहयोगमा।

#### ३.२.१.१. आयोग आफैँद्वारा गरिएको अनुगमन

यस अवधिमा आयोगले एकल रूपमा मानवअधिकारको समग्र स्थिति एवम् विभिन्न विषयगत मुद्दामा केन्द्रित रही अनुगमनलाई निरन्तरता दियो। यस वर्ष आयोगले जम्मा १८४ पटक अनुगमन गरेकोमा १८२ मा एकल सहभागिता देखिन्छ। जसमा मुलुकका विभिन्न क्षेत्रमा ३४ पटक समग्र मानवअधिकार अवस्था र १५० पटक विषयगत

मुद्दामा अनुगमन गरेको अवस्था छ। यसरी समग्र मानवअधिकार अवस्थासम्बन्धी सम्पन्न अनुगमनलाई क्षेत्रगत तहमा हेर्दा केका ललितपुर ८, क्षेकाहरू क्रमशः जनकपुर ७, विराटनगर ६, पोखरा ४ नेपालगञ्ज ३ र धनगढी १ रहेको छ। त्यसै गरी सम्पर्क कार्यालयको हकमा बुटवल र खोटाङ २/२ र जुम्लामा १ देखिन्छ। विषयगत अनुगमनको हकमा केका ललितुर २८, क्षेकाहरू क्रमशः  नेपालगञ्ज ३७, विराटनगर २२, धनगढी २१, जनकपुर १७ र पोखरा ११ देखिन्छ। सम्पर्क कार्यालय बुटवल, जुम्ला र खोटाङको सङ्ख्या क्रमशः ८, ४ र २ रहेको छ। यससम्बन्धी विस्तृत विवरण अनुसूची ३ मा समावेश गरिएको छ।




## *क) मानवअधिकार अवस्था अनुगमन*

नेपालको अन्तरिम संविधान २०६३ तथा मानवअधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिसम्झौताहरूमा व्यवस्था भएका नागरिकका अधिकारहरूको अवस्था, समयसमयमा राज्यले प्रतिबद्धता जनाएका मानवअधिकारसम्बन्धी विषयवस्तुहरूको कार्यान्वयनको अवस्था केकस्तो छ भनी आयोगले



*मुगु जिल्लाको समग्र मानवअधिकार अवस्थाको बारेमा सभासद तथा अन्य राजनितीक दलका प्रतिनिधीहरूसँग छलफल गर्दै आयोगका क्षेत्रीय निर्देशक*

आवश्यकताअनुसार मानवअधिकार अवस्थाको अनुगमन कार्यलाई आयोगले यस वर्ष पनि निरन्तरता दियो। अनुगमनबाट प्राप्त तथ्यका आधारमा सरकार वा सम्बन्धित निकायलाई आवश्यकताअनुसार निर्देशन दिने, सिफारिस गर्ने कार्यहरू पनि भए। यस अवधिमा आयोगले मानवअधिकार अवस्थासम्बन्धी जम्मा ३४ पटक अनुगमन गरेको स्थिति छ ।

### ख) विषयगत अनुगमन

आयोगले समग्र मानवअधिकार अवस्थाको अनुगमनका अलावा आयोगको विषयगत मुद्दाहरूको सम्बन्धमा पनि अनुगमन गर्दै आएको छ। यसरी अनुगमन गरिएका विषयहरूमा बालअधिकार, कारागार, प्रहरी हिरासत बाढीपीडित, विस्थापित लगायत छन्। यस अवधिमा विषयगत मुद्दामा १५० पटक अनुगमन भएको देखिन्छ।

## १. कारागार अनुगमन


कारागार अनुगमनका क्रममा क्षेका विराटनगरका अधिकृतहरू

कारागार वा प्रहरी हिरासतमा रहेका बन्दीकैदीहरूले न्यूनत्तम मानवीय व्यवहार पाउनुपर्छ। यसै यथार्थतालाई मध्यनजर राखी आयोगले कारागार, प्रहरी हिरासत, वन हिरासतलगायतका बन्दी कैदी राख्ने स्थानको भौतिक संरचनागत अवस्था र उनीहरूप्रति गरिएको व्यवहार मानवोचित भए-नभएको, संविधान, कानुनी अधिकार प्राप्त भए नभएको विषयमा मानवअधिकारको दृष्टिबाट अनुगमन सम्पन्न गरिए। प्राप्त तथ्यका आधारमा कारागार वा हिरासतमा सुधार गर्नुपर्ने, बन्दीकैदीका अधिकारको सम्बन्धमा पनि सरकारलाई सिफारिस गर्दै आएको छ। त्यसै सन्दर्भमा यस वर्ष आयोगले जम्मा १४ कारागार र २० प्रहरी हिरासत अनुगमन गरेको थियो। यी अनुगमनहरूबाट प्राप्त तथ्यका आधारमा आयोगले यस वर्ष बन्दीका अधिकार सम्बन्धमा सरकारलाई २ ओटा सिफारिससमेत गरेको थियो।

## २. बालअधिकार अनुगमन

आयोगले विगतका वर्षहरूमा झैं यस वर्ष पनि बालअधिकारलाई केन्द्रमा राखेर आफ्ना गतिविधि एवम् कार्यक्रमहरूलाई अघि बढायो। यस अवधिमा आयोगले बालअधिकारको अवस्थासम्बन्धी जम्मा १८ ओटा अनुगमन सम्पन्न गर्‍यो। यसरी सम्पन्न अनुगमनमा एचआईभी/एड्स लागेका बालबालिकाहरूको अधिकारदेखि बाढीपीडित बालबालिकाका अधिकारसम्म रहेका छन्। आयोगका सदस्य गौरी प्रधानसहितको टोलीले सुर्खेत दशरथपुरस्थित जनमुक्ति सेनाको ६ न. डिभिजनअन्तर्गतको शिविरमा अनुगमन गर्दा सो शिविरमा ४ वर्षमुनिका २०० बालबालिकाहरू रहेका र उनीहरूको अवस्था नाजुक पाइएकोले तत्काल आवश्यक कदम चाल्न सरकारको ध्यानाकर्षण गराएको थियो। त्यस्तै यस वर्ष आयोगले खोटाङ, सर्लाही, रौतहट, बारा, धनुषा, कैलाली, कञ्चनपुर, बझाङ, प्युठान, पाल्पा, गोरखा, लमजुङ, मनाङ, सुनसरी, सप्तरी आदी जिल्लाहरूमा बालअधिकारको अवस्थाबारे अनुगमन गर्‍यो। जिल्लाको समग्र मानवअधिकार अवस्थाको अनुगमनका क्रममा बालअधिकारका बारेमा पनि अनुगमन गरिएको थियो।

## ३. खाद्यको अधिकारसम्बन्धी अनुगमन


*खाद्यान्नको अधिकारको बारेमा डोल्पास्थित नेपाल खाद्य संस्थानबाट चामल वितरणको समयमा अनुगमन गर्दै आयोगका कर्मचारी*

आयोगले यस वर्ष मध्यपश्चिम तथा सुदुर पश्चिममा देखिएको खाद्यान्न सङ्कट र त्यसले सृजना गरेको मानवअधिकारका सवालहरूलाई पनि केन्द्रविन्दुमा राखेर अनुगमन गरेको छ। खाद्यान्न सङ्कटबाट त्यस ठाउँका आम नागरिकहरूको खाद्य अधिकार हनन् भएको सम्बन्धमा आयोगले सरकारका उच्च पदस्थ कर्मचारीहरूसँग आयोगमा छलफल समेत गरेको थियो। छलफलका क्रममा आयोगले उक्त ठाउँका नागरिकहरूको खाद्यसम्बन्धी अधिकार सुनिश्चित गर्न सरकारलाई अनुरोध गर्नुको साथै दबाब पनि दिएको थियो। यस वर्ष आयोगले खाद्यान्न सङ्कटका सम्बन्धमा दैलेख जिल्लामा २ ओटा अनुगमन सम्पन्न गरेको थियो। जिल्लाको समग्र मानवअधिकार

अवस्थाको अनुगमनका क्रममा डोल्पा, मुगु लगायतका जिल्लामा खाद्य अधिकारलाई पनि प्राथमिकतामा राखी अनुगमन गरिएको थियो।

## ४. विस्थापितसम्बन्धी अनुगमन

आन्तरिक द्वन्द्व तथा प्राकृतिक विपत्तिका कारण आ-आफ्नो वास गुमाई वा छोडी अन्यत्र बस्न बाध्य भएका आन्तरिक विस्थापित व्यक्तिहरूको हकअधिकारको विषय यस अवधीमा पनि विवादमा नै रह्यो। विस्थापितहरूको सम्बन्धमा केही सुधारात्मक सङ्केतहरू देखिए पनि अपेक्षाकृत रूपमा व्यवहारमा लागू हुन सकेन। तत्कालिन नेकपा (माओवादी) र सरकारबीचको सशस्त्र द्वन्द्वका कारण विस्थापित हुन पुगेका कतिपय व्यक्तिहरू हालसम्म पनि स्थापित हुन सकेका छैनन्। नेकपा (माओवादी) सरकारको नेतृत्वमा पुगेपछि पनि कब्जा सम्पत्तिहरू फिर्ता गर्ने सहमति र प्रतिबद्धताहरू कार्यान्वयन हुन सकेन। सोही विषयलाई लिएर नेपाली काङ्ग्रेसले व्यवस्थापिका-संसद्को बैठक लामो समयसम्म अबरुद्ध तुल्याएपछि तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)-ले व्यवस्थापिका संसदमार्फत कब्जा सम्पत्तिहरू फुकुवा गर्ने भनी प्रतिबद्धता जनाए पनि कार्यान्वयनमा आउन सकेन। फलतः लामो समयदेखि विस्थापितहरूको अवस्था उस्तै रह्यो। तराईका विभिन्न सशस्त्र समूहहरूको धम्की, चन्दा माग, हत्या आदि कारणबाट ठूलै समुदाय विस्थापित हुन पुग्यो। शुरुका दिनहरूमा पहाडी समुदायका व्यक्तिहरू बढी विस्थापित भए पनि पछिल्लो समयमा मधेशी समुदाय पनि पीडित बन्न पुगे। पूर्वी नेपालको खोटाङ, भोजपुर, उदयपुर जिल्लाहरूमा किराँत जनवादी वर्कस पार्टीको सशस्त्र गतिविधिका कारण विस्थापित हुनेहरूको सङ्ख्या बढ्दो छ। त्यसै गरी ताप्लेजुङ, पाँचथर, इलाम लगायतका जिल्लाहरूमा लिम्बुवानसँग सम्बन्धित सशस्त्र समूहबाट पनि विस्थापित हुने क्रम शुरु भएको छ। यसै अवधिमा पूर्वी तराईमा कोसी नदीको स्पर भत्किदा बाढीबाट सप्तरी र सुनसरी जिल्लामा ठूलो सङ्ख्यामा मानिसहरू विस्थापित बन्न पुगे। पश्चिम नेपालको कैलाली, कञ्चनपुर, नेपालगञ्ज लगायतका स्थानहरूमा पनि यही स्थिति रह्यो। पहाडी जिल्लामा आएको पैरोको कारण पनि धेरै परिवारहरू विस्थापित हुन पुगेको अवस्था छ। यस अवधिमा विस्थापितका हक-अधिकारका सम्बन्धमा १५ पटक अनुगमन सम्पन्न गरेको छ। जसमा बाढीपीडितदेखी लिएर एनेकपा (माओवादी), तराई र पूर्वी नेपालका सशस्त्र समूहहरूद्वारा पीडित व्यक्तिहरूको हक-अधिकारका सम्बन्धमा आयोगले गरेको अनुगमनसमेत पर्दछन्। सरकारतर्फबाट आन्तरिक विस्थापितहरूलाई विस्थापित भएको अवधिभरको राहत वितरण गर्ने निर्णयानुसार धेरै रकम वितरण गरे पनि

कतिपय वास्तविक विस्थापितहरूसम्म सो रकम पुग्न सकेन भने प्रायः नक्कली विस्थापितहरूले रकम हात पार्न सफल भए। त्यस्तै गरी विस्थापितका सम्बन्धमा सरकारद्वारा तर्जुमा गरिएको तीन वर्षिय अन्तरिम योजना कार्यान्वयनमा आउन सकेन। जिल्लाको समग्र मानवअधिकार अवस्थाको अनुगमनका क्रममा विस्थापितका अधिकारका बारेमा पनि अनुगमन गरिएको थियो।

### ३.२.१.२ सहयोग तथा सहकार्यमा गरिएको अनुगमन

जनशक्ति अभाव वा विषयको गाम्भीर्यता, सहकार्यको संस्कृति आदिको आधारमा आयोगले विभिन्न पेशाव्यवसायमा आबद्ध व्यक्ति, गैरसरकारी सङ्घसंस्था, नागरिक समाज, मानवअधिकारसम्बधी अन्तर्राष्ट्रिय संस्थाहरूसँग मिलीजुली वा सहकार्यमा पनि अनुगमनको थालनी गरेको छ। यस प्रकृतिको सहयोग वा सहकार्य जनशक्ति, प्राविधिक वा अन्य तहमा पनि रहेको स्थिति छ। विशेषतः  विभिन्न दल, भातृ सङ्गठनका आमसभा, जुलुस, बन्द, हड्ताल, प्रदर्शनकारीहरूमाथि अत्याधिक बल प्रयोग एवम् खाद्यान्न सङ्कटजस्ता मुद्दामा अनुगमन केन्द्रित रहेको छ। यस पटक क्षेत्रीय कार्यालय विराटनगरले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयसँगको सहकार्यमा सभा, जुलुस, बन्द, हड्ताल, प्रदर्शनकारीहरूमाथि बल प्रयोग र र नेपालगञ्जले आर. आर. एन, याक नेपाल, खाद्यअधिकार नियोग, सिविन एवम् मानवअधिकार सन्धिअनुगमन समितिसँग दैलेख जिल्लामा देखिएको खाद्यान्न सङ्कटसम्बन्धमा अनुगमन गरेको थियो। त्यसै गरी थरुहट बन्दको समयमा क्षेत्रीय कार्यालय नेपालगञ्जले इन्सेक, हिमराइट्स, पत्रकार महासङ्घसँग संयुक्त रूपमा दाङ र बाँकेमा अनुगमन गरेको थियो।

अनुगमनहरूबाट प्राप्त तथ्यका आधारमा आयोगका अध्यक्षसहितको टोलीले २०६५/०५/०६ गते राष्ट्रपति श्री रामवरण यादव र २०६५/१०/०५ गते प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटी मानवअधिकारको अवस्था बारेमा जानकारी गराउनुको साथै स्मरणपत्र बुझाएको थियो। त्यसै गरी प्रधानमन्त्री माधवकुमार नेपाललाइ पनि स्मरणपत्र बुझाएको थियो। जसमा वर्तमान मानवअधिकार अवस्था निराशाजनक रहेको, विशेषतः तराई क्षेत्रमा दिनानुदिन मानवअधिकार उल्लङ्घनका गतिविधिहरू जारी रहेको, मुलुकमा विद्यमान दण्डहीनताको स्थितिले मानवअधिकार संरक्षणमा गम्भीर चुनौती खडा हुन गएकोले मौजुदा कानुन कार्यान्वयन गरी दोषीलाई कानुनी कारबाहीको दायरामा ल्याउन कुनै किसिमको विलम्ब गर्न नहुने कुरा स्मरण गराइएको थियो।

अनुगमनबाट प्राप्त तथ्यलाई टेकेर आयोगले २०६५/०४/०२ गते मध्यपश्चिम तथा सुदुरपश्चिम क्षेत्रका पहाडी जिल्लाहरूमा सुरु भएको खाद्यान्न सङ्कटबारेमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद कार्यालयका सचिव माधव पौडेल, कृषि सचिव टेकबहादुर थापा, गृहसचिव उमेशप्रसाद मैनाली, रक्षासचिव वामनप्रसाद न्यौपाने, शान्ति तथा पुनर्निमार्ण सचिव माधवप्रसाद घिमिरे, प्रहरी महानिरीक्षक ओमविक्रम राणा, सशस्त्र प्रहरी महानिरीक्षक वासुदेव ओली खाद्य संस्थानका महाप्रबन्धक बेनीबहादुर रावललगायत अन्य उच्चपदस्थ सरकारी अधिकारीहरूसँग आयोगमा छलफल गरी खाद्यान्न सङ्कट समाधानार्थ आवश्यक प्रबन्ध मिलाउन निर्देशन दिएको थियो। त्यसै गरी गिर्दो शान्तिसुरक्षाको अवस्थालाई मनन गरी २०६५/०८/०४ गते उप-प्रधानमन्त्री तथा गृहमन्त्री श्री वामदेव गौतमसँग आयोगमा आयोगका सिफारिस कार्यान्वयन तथा शान्तिसुरक्षाका सम्बन्धमा छलफल गरेको थियो। सो क्रममा उप-प्रधानमन्त्री तथा गृहमन्त्रीले आयोगको सिफारिस कार्यान्वयन गर्ने तथा शान्तिसुरक्षाको अवस्था सुदृढ तुल्याउने प्रतिबद्धता जनाउनुभएको थियो।

२०६५ साल फागुन र बैशाखमा थरुहट संयुक्त सङ्घर्ष समितिद्वारा तराईमा आव्हान गरिएको लगातार बन्दले मानवअधिकार अवस्था बिग्रिएको सम्बन्धमा आयोगले अनुगमन गरी सरोकारवालाहरूलाई समस्याको शान्तिपूर्ण निकास खोज्न आग्रह गर्नुको साथै शान्तिसुरक्षा, दैनिक उपभोग्य सामाग्रीहरूको आपूर्तिमा देखिएका समस्या र समग्र मानवअधिकारको स्थिति लगायतका विषयमा ध्यानाकर्षण गराएको थियो। विभिन्न सञ्चार गृहहरूमा भएका मानवीय तथा भौतिक आक्रमण, कारागार तथा प्रहरी हिरासत, बन्दी तथा कैदीको अवस्था, विभिन्न सङ्घसंस्था, नागरिक समाज, राजनीतिक दल, महिला हिंसाविरुद्धका घट्ना लगायतका कार्यक्रममा मानवअधिकारको सवालमा अनुगमन गर्नुको साथै सम्बन्धित अधिकारीहरूसँग जानकारी लिई आवश्यक कदम चाल्न सरकारलाई सिफारिस गरेको थियो।

### ३.२.२ अनुसन्धान

आयोगमा प्राप्त उजुरीहरू र अन्य स्रोत तथा आयोगको स्वविवेकमा मानवअधिकार उल्लङ्घन तथा ज्यादतिका घटनाको सम्बन्धमा आयोगले अनुसन्धान गर्दै आइरहेको छ। यस अवधिमा पुराना उजुरीहरूउपरको अनुसन्धान कार्यलाई प्राथमिकता दिइएको छ भने घटनाको गाम्भीर्यतालाई हेरी नयाँ उजुरीहरूउपर पनि तत्कालै अनुसन्धान गरिएको छ।



*शिवपुरी घटनाको अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्दै आयोग पदाधिकारीहरू ।*

### १. क्षेत्रगत आधारमा

यस वर्ष आयोगमा प्राप्त विवरणअनुसार क्षेत्रगत रूपमा हेर्दा काठमाडौँ र नेपालगञ्जले १८/१८, धनगढी १२, विराटनगर १५, पोखरा ७ र जनकपुरले २ चरणमा अनुसन्धान सम्पन्न गरेको छ। त्यसै गरी सम्पर्क कार्यालयहरू बुटवलले ३, जुम्ला र खोटाङले १/१ चरण गरी जम्मा ७७ चरणमा अनुसन्धान भएको स्थिति छ। यस वर्ष जम्मा २५५ उजुरीहरूमाथि अनुसन्धान भएको देखिन्छ। जसमा क्षेका नेपालगञ्ज ११६, केन्द्रीय कार्यालय ८५, क्षेका धनगढी १२, पोखरा १४, जनकपुर २ र विराटनगरले १८ उजुरीमाथि अनुसन्धान गरेको छ। त्यसै गरी सम्पर्क कार्यालय बुटवल ४, खोटाङ



३ र जुम्ला १ गरी जम्मा २५५ उजुरीमाथि अनुसन्धान भएको छ। गत वर्ष ७२८ उजुरीमाथि अनुसन्धान भएकोमा यस वर्ष सो सङ्ख्या ४७३ ले घटेको छ।

## २. विषयगत आधारमा

मूलतः अनुसन्धान विषयगत आधारमा गरिएको छ। जसमा बालअधिकार, बेपत्ता, हत्या, अपहरण, यातना, कुटपीट, बमविष्फोट, गैरकानुनी थुना, सम्पत्ति कब्जा आदि रहेका छन्। अनुसन्धानको विवरण हेर्दा उजुरीको अनुपातमा घट्ना वा पीडित १ भन्दा बढी रहेको अवस्था छ। आयोगबाट परिचालित अनुसन्धान टोलीले अनुसन्धान १ भन्दा बढी घट्नामा अनुसन्धान गरेको देखिन्छ। यस वर्ष अनुसन्धानको प्रकृति हेर्दा सबैभन्दा बढी गैरन्यायिक हत्यामा अनुसन्धान गरिएको छ।

## ३. सहयोग एवम् सहकार्यमा

विगत वर्षहरूमाझैं आयोगले यस वर्ष पनि सहकार्य एवम् सहयोगमा अनुसन्धानलाई अगाडि बढाएको देखिन्छ। सिसहनिया दाङमा प्रहरीको कारबाहीमा मारिएका भनिएको घट्नामा यस नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय नेपालगञ्जसँग संयुक्त रूपमा अनुसन्धान गरेको छ। बाँकेमा बाल श्रमिकको उद्धार तथा बाल यौन दुरव्यवहारबाट गर्ने क्रममा इन्सेक, सिविन, वकालत मञ्च, नेपाल प्रहरीको सहयोग लिइएको थियो।

अनुसन्धान गरिएका केही प्रमुख घट्नाहरूमा जनकपुरधामस्थित जनकपुर टुडे रेडियोमा कार्यरत पत्रकार उमा सिंहलाई अज्ञात सशस्त्र समूहले धारिलो हतियार प्रयोग गरी हत्या, तराईमा थारुहट सङ्घर्ष समितीले गरेको बन्दहडतालका क्रममा दाङ र चितवनका विभिन्न स्थानमा प्रदर्शनकारी र प्रहरीको हत्या लगायत रहेका छन्। अनुसन्धानसम्बन्धी विस्तृत विवरण अनुसूची ४ मा समावेश गरिएको छ।



अनुसन्धानका क्रममा जाजरकोटमा प्रत्यक्षदर्शीहरूसँग बयान लिंदै आयोगका अधिकृतहरू

## ३.३. मानवबेचबिखन तथा ओसारपसारविरुद्धको कार्य

महिला बालबालिका बेचबिखनविरुद्ध राष्ट्रिय समाधीक्षकको कार्यालयले यस अवधिमा आफ्नो उद्देश्यको सीमाभित्र रही विभिन्न कार्यहरू सम्पन्न गऱ्यो। सम्पादित कार्यहरूमा अनुगमन, अनुसन्धान, छलफल, रायसुझाव सङ्कलन, सहकार्य, प्रदर्शनी एवम् प्रतिवेदन प्रकाशन आदि रहेका छन्।

महिला बालबालिका बेचबिखनविरुद्ध दोस्रो राष्ट्रिय दिवस २०६५ साल भदौ २० गते महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयसँगको सहकार्यमा आयोगले अन्तराष्ट्रिय, राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाहरूको सहभागितामा बेचबिखनविरुद्धको राष्ट्रिय दिवस सम्पन्न गऱ्यो। दिवसको अवसरमा आयोजित प्रदर्शनीको सामान्य प्रशासन मन्त्री पम्फा भुसालले उद्घाट्न गर्नुभएको थियो। उपस्थित सङ्संस्था, मन्त्रालय र आयोगले समेत आ-आफ्ना स्टल राखेका थिए। प्रदर्शित स्टलहरूमाथि कार्यक्रममा उपस्थित एवम् अन्य महानुभावहरूले अवलोकन गरेका थिए। सो अवसरमा आयोगद्वारा प्रकाशित मानवबेचबिखनसम्बन्धी राष्ट्रिय प्रतिवेदन लगायत अन्य प्रकाशित सामग्रीहरू वितरण गरिएको थियो।

मानवबेचबिखन विशेषतः महिला तथा बालबालिकासम्बन्धी प्रतिवेदन तयारीको क्रममा सरोकारवाला सरकारी एवम् गैरसरकारी निकायका प्रतिनिधिहरू संलग्न गठित प्राविधिक समितिसँग पटक-पटक बैठक बसी छलफल गरेको थियो। मानवबेचबिखन (बिशेष गरी महिला तथा बालबालिका)-सम्बन्धी राष्ट्रिय प्रतिवेदन तयारी एवम् बेचबिखन, रोकथाम, नियन्त्रण एवम् सुरक्षित आप्रवासनसम्बन्धी मुद्दामा केन्द्रित छलफलमा विभिन्न रायसुझावहरू प्राप्त भएका थिए। यस कार्यालयले विषयगत मुद्दामा अनुगमन एवम् अनुसन्धान कार्यमा सहयोग पुऱ्याउदै आएको छ। उपत्यकामा रहेको डान्स बार, रेष्टुरेण्ट र मसाज केन्द्रहरू राति ११.०० बजेपछि बन्द गर्ने भन्ने गृहमन्त्रालयको निर्णय अवज्ञा गरेको भनी प्रहरीले विभिन्न स्थानमा छापा मारी पकाउपश्चात् असामान्य स्थिति सिर्जना भएको सम्बन्धमा अनुगमन एवम् संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय जेनेभाको आर्थिक सहयोगमा "Gender Vulnerability to Trafficking in the context of Discrimination and Denial of Economic, Social and Cultural Rights in Mid and Far Western Nepal" बारेमा मध्य तथा सुदुर पश्चिमाञ्चल विकास क्षेत्रको दाङ, बाँके, डोटी र कञ्चनपुरमा अनुसन्धान गरिएको थियो। यसकाअलावा क्षमता विकास परियोजनाको सहयोगमा मानवबेचबिखनसँग सम्बन्धित उद्धार, स्वदेश फिर्ति, पुनर्स्थापना र



बेचबिखन (विशेषतः महिला तथा बालबालिका) -सम्बन्धी दोस्रो राष्ट्रिय प्रतिवेदन सार्वजनिक गर्दै आयोग अध्यक्ष केदारनाथ उपाध्याय

पुनःसामाजिकीकरणसम्बन्धी अनुसन्धान सम्पन्न भएको थियो। आयोगमा पर्न आएका मानब बेचबिखन एव्म वैदेशिक रोजगारमा अलपत्र परेका व्यक्तिहरूको उद्धार गरी पाँउ भन्ने प्रकृतिका उजुरीहरूमाथि पनि प्रारम्भिक अनुसन्धान कार्य अगाडि बढाइएको छ। यस्ता विषयगत उजुरीमा सम्बन्धित सरकारी निकाय एवम् गैरसरकारी संस्थाहरू (परराष्ट्र मन्त्रालय, नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालय, माइती नेपाल)-सँग समन्वय गरी आवश्यक कारबाही अगाडि बढाउन सहयोग पुऱ्याउदै आएको छ। भारतको मेरठमा बेचिएका महिलाको विषयमा आयोगमा प्राप्त उजुरीका आधारमा सरोकारवाला नेपाल प्रहरी महिला तथा बालबालीका निर्देशनालय,परराष्ट्र मन्त्रालय, गृहमन्त्रालय एवम् माइती नेपालसँग समन्वय गरी उद्धारकार्यमा सहयोग पुऱ्याएको थियो। समाधीक्षकको कार्यालयले विषयगत मुद्दामा कार्यशाला एवम् गोष्ठीहरूसमेत सम्पन्न गरेको छ। मानब बेचबिखनसँग सम्बन्धित सूचना, तथ्याङ्कसम्बन्धी विषयमा प्रतिवेदन प्रणालीको संस्थागत बिकासको सम्बन्धमा २०६५/५/१३ मा परामर्श एवम् छलफल सम्पन्न भएको थियो। जसमा सरकारी निकायका प्रतिनिधिहरू र आयोगका कर्मचारीहरूको सहभागिता थियो। त्यसै गरी सोही सल्लाहको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाका प्रतिनिधिहरूसँग २०६५/४/२७ मा सोही प्रकृतिको कार्यक्रम सम्पन्न भएको थियो। अन्य कार्यक्रमहरूमा २०६५/६/६ मा Inter Agency Coordination Group on Trafficking का सदस्यहरूसँग डान्स बार ,क्याबिन रेष्टुराँ, मसाज पार्लरहरूमा प्रहरीद्धारा छापा मारिसकेपछि उत्पन्न परिस्थितिबारेमा, २०६५/८/९ गते मानबबेचबिखनसँग सम्बन्धित उद्धार, स्वदेश फिर्ति, पुनर्स्थापना र पुनर्एकीकरणसम्बन्धी विषयमा सरोकारवालाहरूसँग र २०६५/१२/१५ मा आयोगका अध्यक्ष, सदस्य, एवम् कर्मचारीहरूबीच र २०६५/१२/१७ मा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी

संस्थाका प्रतिनिधिहरूसँग आर्थिक, समाजिक, सांस्कृतिक अधिकारबाट वञ्चित भएको कारणबाट बेचबिखनमा लैङ्गिक जोखिम विषयक अनुसन्धान प्रतिवेदनको मस्यौदामाथि छलफल कार्यक्रम सम्पन्न भएको थियो। २०६५/७/२८ मा आयोग र सेभ द चिल्ड्रेनको संयुक्त आयोजनामा Monitoring, Reporting and Responding to Trafficking Related Violation विषयक कार्यशाला गोष्ठी सम्पन्न भएको थियो। आयोगका अध्यक्ष श्री केदारनाथ उपाध्यायले उद्घाट्न गर्नुभएको सो कार्यक्रममा सरोकारवाला राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था, सरकारी निकाय, दातृ निकाय, विज्ञ र आयोगका कर्मचारीहरूको सहभागिता रहेको थियो।

कार्यालयले मानव बेचबिखन (विशेषतः महिला तथा बालबालिका)-सम्बन्धी दोस्रो राष्ट्रिय प्रतिवेदन २०६३–२०६४ (अङ्ग्रेजी) र नेपाली भाषामा प्रकाशन गरिएको थियो। प्रकाशित ती प्रतिवेदन २०६५/४/२४ मा आयोगको सभाकक्षमा अध्यक्ष श्री केदारनाथ उपाध्यायबाट सार्वजनिक गरिएको थियो। कार्यक्रममा सरोकारवाला सङ्घसंस्था तथा सरकारी निकायका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो।

# परिच्छेद-४
# उपचारात्मक विधि

## ४.१ मानवअधिकार उल्लङ्घनसम्बन्धी उजुरीमा गरिएको निर्णय

आयोगले यस अवधिमा मानवअधिकार उल्लङ्घन भएको भनी आयोगमा परेका उजुरीहरूको अनुसन्धान कार्य सम्पन्न गरी ५६२३ व्यक्तिको सम्बन्धमा परेका ६२८ उजुरीहरूका सम्बन्धमा निर्णय गरेको छ। जसमा ५४६ तामेली/खारेजी/टुङ्ग्याइए को अवस्था छ। त्यसै गरी ८२ उजुरीको सम्बन्धमा निर्णय गरी ४१ जना दोषीलाई कारबाही गर्न, ६३ जनाको हकमा क्षतिपूर्ति दिन र २१ जनाको हकमा राहत दिनको लागि नेपाल सरकारलाई सिफारिस गरेको छ। आयोगले प्राप्त उजुरीबाहेक स्वयम् जानकारीमा लिइ अनुसन्धान गरी नेपाल सरकारलाई विभिन्न चरणमा सिफारिस गरेको छ। त्यस्तै आयोगले सरकारका नाममा ५ नीतिगत सिफारिसहरू पनि गरेको छ। जसमा रोम विधान अनुमोदन गर्न, मध्य र सुदुरपश्चिमाञ्चलमा विद्यामान हलियाप्रथा उन्मुलन गर्न, भूमिसम्बन्धी आयोग गठन गरी भूमि अधिकारलाई सुनिश्चित गर्न, मध्य र सुदुरपश्चिमाञ्चलमा रहेको कमलरी प्रथा उन्मुलन गर्न, कुनै एक धर्मको संरक्षण वा प्रबर्द्धन गर्दा कुनै अर्को धर्म वा धर्मालम्बीहरूका हक, अधिकारलाई खलल नपुग्ने गरी धार्मिक सहिष्णुता र सद्भाव कायम गरी मानवअधिकारको संरक्षण गर्न गराउन रहेका छन्। निर्णय तथा सिफारिससम्बन्धी विस्तृत विवरण अनुसूची ५ मा समावेश गरिएको छ।

## ४.२ दर्ता भएका जम्मा उजुरीहरूको स्थिति

स्थापनाकालदेखि हालसम्म आयोगमा जम्मा १०,३०७ उजुरीहरू दर्ता भएकोमा यस वर्ष मात्रै ६७७ ओटा उजुरीहरू दर्ता हुन आएका छन्। दर्ता उजुरीहरूमध्ये हालसम्म २,३३८ उजुरीहरू फछ्र्यौट भएको र ७,९६९ उजुरीहरू फछ्र्यौट हुन बाँकी रहेको देखिन्छ। यस वर्ष ६२८ उजुरीहरू फछ्र्यौट भएको अवस्था छ। पीडितहरूले आफुले दर्ता गराएका उजुरीउपर चासो नराख्नु, घटनाका साक्षीहरू विदेशिनु वा विविध कारणवश फेला पर्न नसक्नु, विगतमा झण्डै १५ महिना आयोग पदाधिकारीविहिन रहनु, आयोगले विगतमा गरेका निर्णय वा सिफारिसहरू कार्यान्वयन नहुनु, पीडक वा राज्यका निकायहरूबाट जवाफ प्राप्त नहुनु वा भए पनि ढिलो हुनु, पर्याप्त जनशक्तिको अभाव हुनु, कतिपय अवस्थामा आयोग आन्तरिक विवाद वा समस्यामा

झेलिनुजस्ता कारणहरू समयमै उजुरीहरू फछ्र्यौट हुन नसक्नुका कारण हुन्। दर्ता भएका कतिपय उजुरीहरू निर्णयको लागि अङ्ग पुगिसकेको अवस्थामा छन् भने बाँकी सबै उजुरीहरू उपर अनुगमन/अनुसन्धान लगायत बुझ्ने कार्यहरू जारी छ।

## ४.३. राहत तथा क्षतिपुर्तीका लागि सिफारिस

आयोगले दर्ता भएका उजुरीहरूउपर अनुसन्धान/अनुगमन सम्पन्न गरी पीडितलाई क्षतिपूर्तिका लागि सरकारलाई सिफारिस गर्दै आएको छ। कतिपय अवस्थामा अनुसन्धान/अुनगमनकै सिलसिलामा पीडितको अवस्था हेरी तत्काललाई अन्तरिम राहत दिन पनि सिफारिस गर्दछ। यस वर्ष आयोगले जम्मा ६३ व्यक्तिको हकमा अन्तिम क्षतिपूर्ति दिन र २१ व्यक्तिको हकमा अन्तरिम राहतका लागि सरकारलाई सिफारिस गरेको देखिन्छ।

## ४.४ आयोगले गरेको निर्णय/सिफारिसहरूको कार्यान्वयनको अवस्था

आयोगले हालसम्म जम्मा ३०० उजुरीहरू लगायत मानवअधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा राज्य वा सरकारले गर्नुपर्ने कार्यका सम्बन्धमा निर्णय गरी सरकारलाई सिफारिस गर्दै आएको छ। सिफारिसको कार्यान्वयनको अवस्थालाई हेर्दा सन्तोष मान्न सकिने अवस्था ज्यादै न्यून छ। आयोगमा स्थापनाकालदेखि २०६५ साल चैत्र मसान्तसम्ममा मानवअधिकार उलंघन भएको भनी जम्मा २८५ सिफारिस गरी सरकारलाई पठाएकोमा सोही अवधिसम्ममा पूर्णरूपमा २१ ओटा र आंशिक रूपमा २२ ओटा मात्र कार्यान्वयन भएको अवस्था छ। यसबाहेक ७८ सिफारिसहरू कार्यान्वयनको प्रक्रियामा रहेको जानकारी आयोगलाई प्राप्त भएको छ। १६४ सिफारिसहरूको कार्यान्वयन अवस्था सम्बन्धमा आयोगमा कुनै जानकारी प्राप्त भएको छैन। त्यसै गरी २०६६ साल बैशाखदेखि असार मसान्तसम्ममा आयोगले उजुरीउपर निर्णय गरी १५ ओटा सिफारिस गरेको देखिन्छ । तीमध्ये कुनै पनि कार्यान्वयन भएको जानकारी आयोगमा प्राप्त भएको छैन। यस वर्षमात्रै आयोगले विभिन्न उजुरीहरूमा निर्णय गरी ८२ र नीतिगत रूपमा ५ गरी जम्मा ८७ सिफारिस गरेकोमा १४ ओटा सिफारिसको आंशिक कार्यान्वयन भएको जानकारी प्राप्त भएको छ। जसमा उच्चस्तरीय भूमिसम्बन्धी आयोग गठन गरी भूमिहीनहरूको समस्या समाधान गर्न गरिएको नीतिगत सिफारिससमेत पर्दछ।

## परिच्छेद–५

# प्रबर्द्धन तथा आन्तरिक क्षमता अभिवृद्धि

मानवअधिकार आयोग ऐन २०५३ तथा नेपालको अन्तरिम संविधान २०६३ ले राष्ट्रिय मानवअधिकार आयोगलाई दिएको प्रमुख २ जिम्मेवारीमध्ये एउटा मानवअधिकारको सम्बर्द्धन वा प्रबर्द्धन पनि हो। आयोगले प्रबर्द्धनात्मक गतिविधिअन्तर्गत बाह्य एवम् आन्तरिक रूपमा सरोकारवालाहरूबीच अन्तरक्रिया, छलफल, सभा, गोष्ठी, कार्याशाला, तालिम लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसरी सम्पन्न कार्यक्रमहरूमा कार्यक्रमको विषयवस्तु, औचित्यता, आवश्यकता एवम् महत्व आदिको आधारमा सरोकारवाला, सुरक्षानिकाय, सरकारी निकायका प्रतिनिधि, गैरसरकारी संस्था तथा नागरिक समाजका प्रतिनिधिहरू, पत्रकारहरू, शिक्षक विद्यार्थीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, धर्मगुरुहरू, मानवअधिकारकर्मीहरूको उल्लेख्य सहभागिता रहँदै आएको स्थिति छ। यस्ता कार्यक्रमहरू मूलतः मानवअधिकारको सचेतना एवम् क्षमता विकास तथा मानवअधिकार संस्कृति निर्माण लगायतका उद्देश्यबाट आयोजना गरिएका थिए। यस वर्ष आयोगले अन्तर्राष्ट्रिय मानवअधिकार दिवस २०६५ मंसिर २४ गते (१० डिसेम्बर २००९) को उपलक्ष्यमा आयोग केन्द्रीय कार्यालयको हाताभित्र व्यापक मानवअधिकार प्रदर्शनी गर्नुको साथै तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) को प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो। त्यस्तैगरी आयोगको आयोगको नवौं स्थापना दिवस (२०६६ जेठ १३) को सन्दर्भमा पनी प्रधानमन्त्री माधवकुमार नेपालको प्रमुख आतिथ्यमा विभिन्न कार्यक्रमहरू सम्पन्न गरेको थियो।



*६० औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको उपलक्ष्यमा आयोजित कार्यक्रममा क्रमशः आयोग सदस्य डा. लीला पाठक, संविधान सभा अध्यक्ष सुवास नेम्वाङ, तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड), आयोगका अध्यक्ष केदारनाथ उपाध्याय र ओएचसिआरका नेपाल प्रमुख रिचार्ड बेनेट*

## ५.१. गोष्ठी तथा तालिम

मानवअधिकार आयोगले मानवअधिकारको सम्बर्द्धन तथा प्रबर्द्धन गर्न गर्ने विभिन्न कार्यक्रमहरूमध्ये गोष्ठी तथा तालिम पनि एक हो। आयोगको केन्द्रीय, क्षेत्रीय र सम्पर्क कार्यालयहरूले यस अवधीमा मानवअधिकारका विभिन्न मुद्दाहरूमा स्थानीय, क्षेत्रीय, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा गोष्ठी एवम् तालिमहरू सम्पन्न गरेको छ।

आयोग आफ्नोमात्र क्षमता अभिवृद्धिको लागि सीमित नरही मानवअधिकारको क्षेत्रमा क्रियाशील सङ्घसंस्था, व्यक्ति एवम् अन्य पक्षहरूसमेतलाई मध्यनजर राखी बाह्य तालिम तथा गोष्ठीहरू सञ्चालन गदै आएको छ। यस्ता कार्यहरू यस अवधीमा पनि जारी रहेको स्थिति छ।

### ५.१.१. राष्ट्रिय

आयोगको केन्द्रीय, क्षेत्रीय र सम्पर्क कार्यालयले यस अवधीमा मानवअधिकारको प्रबर्द्धनको सिलसिलामा मानवअधिकारका विभिन्न विषयमा विभिन्न स्थानमा तालिम/गोष्ठीहरू सम्पन्न गरेका छन्। यस अवधीमा संविधान निर्माण प्रकृया र बालअधिकार विषयमा सबैभन्दा बढी तालिम/गोष्ठीहरू भए। बालअधिकार र आगामी संविधानमा बालबालिकाहरूको



*सम्पर्क कार्यालय खोटाङ्द्वारा आयोजित "बालअधिकार र आगामी संविधानमा बालबालिकाका सवाल" विषयक गोष्ठीमा सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्दै प्रमुख अतिथि माननीय जिल्ला न्यायधीश*

सवाल विषयमा खोटाङ सम्पर्क कार्यालयले २०६५ साल पुस महिनामा २ दिने कार्याशाला गोष्ठी र केन्द्रीय कार्यालय प्रबर्द्धन महाशाखाले धादिङ, चितवन, रसुवा, नुवाकोट, दोलखा र रामेछापमा बालअधिकारलाई प्राथमिकतामा राखी सोही प्रकृतिका तालिम/गोष्ठीहरू सम्पन्न गरेको स्थिति छ। केन्द्रीय, क्षेत्रीय र सम्पर्क कार्यालय-समेतबाट यस अवधीमा जम्मा ५७ पटक तालिम/गोष्ठीहरू भएको देखिन्छ। जसमा केन्द्रीय कार्यालय ५, क्षेत्रीय कार्यालय धनगढी ६, नेपालगञ्ज ८, पोखरा १०,

जनकपुर ५ र विराटनगर १४ छन्। त्यसै गरी सम्पर्क कार्यालयहरू जुम्ला ४, बुटवल ३ र खोटाङ २ रहेका छन्। विस्तृत विवरण अनुसूची ६ मा समावेश गरिएको छ।

### ५.१.२. अन्तर्राष्ट्रिय

आयोगबाट यस अवधीमा मानवअधिकारको विभिन्न विषयमा अन्तर्राष्ट्रिय स्तरको गोष्ठीहरू पनि सम्पन्न भए। सम्पन्न गोष्ठीमा २०६५ मङ्सिर १५ र १६ गते २ दिन बालअधिकारको विषयमा काठमाडौंमा सम्पन्न सार्कस्तरीय गोष्ठी रहेको छ। सो कार्यक्रममा सार्क मुलुकका राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधि, सरकारका सचिव, विभिन्न सङ्घसंस्थाका प्रतिनिधिहरू गरी ४० जनाको सहभागिता रहेको थियो। त्यसै गरी आयोगले २०६६ असार (जुन १५-१९, २००९) मा काठमाडौंमा एसिया प्रशान्त मञ्चसँगको सहआयोजनामा दक्षिण एसियाली उप-क्षेत्रीय मानवअधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरू र मानवअधिकार रक्षकहरू विषयक तालिम कार्यशाला सम्पन्न भएको थियो।

## ५.२ बैठक, छलफल र अन्तरक्रिया




*सम्पर्क कार्यालय बुटवलद्वारा आयोजित अन्तरक्रिया कार्यक्रम*

आयोगले मानवअधिकारका विभिन्न विषयमा सरोकारवालाहरूसँग बैठक, छलफल तथा अन्तरक्रियाहरू गर्दछ, जसबाट मानवअधिकारको अवस्थाको जानकारी, सरोकारवालाहरूसँग सम्बन्ध सुधार गर्न तथा मानवअधिकारका मुद्दाहरू पहिचान गर्नमा मद्दत पुग्दछ। यस अवधीमा आयोगबाट सरोकारवाला स्वदेशी तथा विदेशी सङ्घसंस्था तथा व्यक्तिहरूसँग मानवअधिकारका विविध विषयहरूमाथि उल्लिखित कार्यहरू सम्पन्न भएका छन्। २०६५ साउन २ गते पश्चिम् नेपालका पहाडी जिल्लाहरूमा देखिएको खाद्यान्न सङ्कटको विषयमा सरकारी निकायका प्रमुखहरूसँग छलफल, शान्तिसुरक्षा, बालअधिकार, विस्थापितहरूको अधिकार, कोसी व्यारेजको स्पर भत्किएर उत्पन्न प्राकृतिक प्रकोपलगायतका विविध समस्याहरूको सम्बन्धमा अनुगमनअलावा पटकपटक छलफल, अन्तर्क्रियाहरू भए।


सम्पर्क कार्यालय जुम्लाद्वारा आयोजित अन्तरक्रिया कार्यक्रम

यस वर्षमा आयोगद्वारा जम्मा १२६ ओटा बैठक, छलफल तथा अन्तर्क्रियाहरू भएकोमा केन्द्रबाट २६, क्षेत्रीय कार्यालयहरू नेपालगञ्ज ३२, विराटनगर १६, जनकपुर १३, धनगढी ८ र पोखरा ७ रहेका छन्। त्यसै गरी सम्पर्क कार्यालयहरू बुटवल १२, खोटाङ ८ र जुम्लाले ४ ओटा बैठक, छलफल तथा अन्तर्क्रियाहरू सम्पन्न गरेका छन्। विस्तृत विवरण अनुसूची ७ मा समावेश गरिएको छ।

## ५.३. मानवअधिकार सञ्जाल बिस्तार

नागरिकहरूको मानवअधिकार संरक्षण तथा सम्बर्द्धन गर्न सहयोग पुऱ्याउने, सूचानाहरू आदानप्रदान गर्ने उद्देश्यबाट आयोगले राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा कर्यरत सङ्घसंस्थाहरू, व्यक्ति, नागरिक समाजका अगुवा, सरोकारवालाहरूसमेतलाई समेटी मानवअधिकार सञ्जाल निर्माण गर्दै आएको छ। जसअन्तर्गग नयाँ सञ्जाल निर्माण गर्ने तथा निर्माण भइसकेका सञ्जालहरूको बिस्तारको लागि नियमित छलफलहरू भए। आयोगकै पहलमा नेपालगञ्ज, मुगु, डोल्पा र हुम्लामा मानवअधिकार सञ्जाल गठन भएको छ। संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको क्षेत्रीय कार्यालय विराटनगर र खोटाङ सम्पर्क कार्यालयको संयुक्त पहलमा निर्माण भएको मानवअधिकार सञ्जाल खोटाङको क्षमता अभिवृद्धिका लागि पहल भएको थियो। जनकपुर, धनगढी क्षेत्रीय कार्यालयहरूबाट समेत यस प्रकृतिका सञ्जालको बिस्तारमा जोड दिईएको थियो।

## ५.४. सार्वजनिक बहस कार्यक्रम

यस अवधीमा आयोग आफैँले सार्वजनिक बहस कार्यक्रम आयोजना गरेन तर अन्य सङ्घसंस्थाहरूद्वारा आयोजित कार्यक्रममा भने सहभागिता जनाउदै आएको अवस्था छ। २०६६/३/२४ मा BBC World Service Trust द्वारा आयोजित साझा सवाल कार्यक्रमअन्तर्गत नेपाली जनताको मानवअधिकार कसरी सुरक्षित तुल्याउने विषयमा

गरिएको सार्वजनिक बहस कार्यक्रममा आयोगका सदस्य तथा प्रवक्ता गौरी प्रधान र सोही संस्थाको आयोजनामा सोही वर्ष आयोजित, सोही विषयको कार्यक्रममा आयोगका सदस्य डा. के.बी. रोकायको सहभागिता रहेको थियो। क्षेत्रीय कार्यालय तथा सम्पर्क कार्यालयहरूको कार्यक्षेत्रअन्तर्गत भएका यस्ता कार्यक्रमहरूमा तत्तत् कार्यालयहरूबाट सहभागिता जनाइएको थियो।

## ५.५ सार्वजनिक प्रदर्शन



पोखरास्थित मानवअधिकार चोकको उद्घाटन गर्दै आयोगका सदस्य गौरी प्रधान

आयोगले मानवअधिकारको सम्बर्द्धनमा सार्वजनिक प्रदर्शनले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसै यथार्थलाई मध्यनजर राखी आयोगले आफ्ना सबै कार्यालयहरूमा नागरिक बडापत्र राखेको छ। मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्न आम नागरिकहरूमा मानवअधिकार सम्बन्धी सचेतना हुन आवश्यक छ भन्ने आम मान्यतालाई आत्मसात गर्दै मानवअधिकारका सचेतनामूलक सूचनाहरू प्रकाशन गरी वितरण गरेको छ। विभिन्न सार्वजनिक स्थानमा होडिङबोर्ड राख्ने कार्यले प्राथमिकता पाएको छ। जसअन्तर्गत क्षेत्रीय कार्यालय पोखराले उपमहानगरपालिकभित्र बालअधिकार, महिलाअधिकार, समावेशी आदि विषयको सेरोफेरोमा केन्द्रित रही ६, नेपालगञ्जले नगरपालिका र ग्रमीण क्षेत्रमा सुशासन, मानवबेचबिखनविरुद्धको अभियान र बालअधिकारका विषयमा ३ र विराटनगरले उपमहानगरपालिकाभित्रै महिला हिंसाविरुद्ध र आयोगमा उजुरी गर्ने प्रक्रियाका सम्बन्धमा २ ओटा होडिङबोर्ड राखेको छ। आगामी दिनहरूमा अन्य कार्यालयहरूमा पनि क्रमशः यस्ता कार्यलाई लैजाने लक्ष्य रहेको छ। त्यस्तै गरी क्षेका पोखराले पोखरा उपमहानगरपालीका क्षेत्रभित्रको चिप्लेढुङ्गा चोकलाई मानवअधिकार चोक नामाकरण गरी बोर्ड समेत राखेको छ।

## ५.६. तालिम तथा आयोगको क्षमता अभिवृद्धि कार्यक्रम

आयोगले आफ्नो कर्मचारीहरूको क्षमता अभिवृद्धिको लागि पनि विभिन्न कार्यक्रमहरू

गर्दै आएको छ। आयोगले यस्तो क्षमता अभिवृद्धिका लागि आन्तरिक तालिम/गोष्ठीहरू, छलफलहरू सञ्चालन गर्दछ। आफ्ना कर्मचारीहरूलाई विदेश तथा स्वदेशमा हुने अन्तर्राष्ट्रिय स्तरको तालिम गोष्ठीहरूमा सहभागी गराएर साथै विभिन्न देशबाट आउने विशेषज्ञहरूलाई विभिन्न विषयमा प्रस्तुति गर्न लगाएर क्षमता अभिवृद्धि गर्दै आएको छ।

**५.६.१. आयोगका कर्मचारीहरूका लागि तालिम तथा गोष्ठी**

आयोगले आफ्ना कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि केन्द्रीय, क्षेत्रीय तथा स्थानीय तहमा विभिन्न तालिम, गोष्ठी तथा छलफल चलाउँदै आएको छ। कार्यक्रमहरूमा आवश्यकता र विषयवस्तुको प्रकृति हेरी आयोगका कर्मचारी र विभिन्न सङ्घसंस्थाका प्रतिनिधि तथा कर्मचारीहरूको पनि सहभागिता रहने गरेको छ। त्यस्तै आयोगको केन्द्रीय कार्यालयमा विभिन्न समयमा विदेशी तथा स्वदेशी विशेषज्ञहरूद्वारा मानवअधिकारका नयाँनयाँ विषयमा प्रस्तुती गरी आयोगका कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने कार्य भएको छ। आयोग केन्द्रीय कार्यालयभित्रै पदाधिकारी तथा कर्मचारीहरूले मानवअधिकारकै विभिन्न विषयमा प्रस्तुतीकरण गर्ने प्रचलन यस वर्ष आरम्भ भएको छ। जसअन्तर्गत प्रत्येक शुक्रबार आयोगको हलमा सबै कर्मचारीहरू जम्मा भई मानवअधिकारसम्बन्धी जल्दोबल्दो कुनै विषयमा १ जनाबाट प्रस्तुती र त्यसपछि छलफल हुने गर्दछ। यस अवधीमा आयोगको आन्तरिक क्षमता अभिवृद्धिका लागि भएको तालिमको तथा गोष्ठीको विवरण तालिकामा निम्नानुसार राखिएको छः–

| क.स. | तालिम वा गोष्ठीको विषय | स्थान | मिति | उद्देश्य | उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आधारभूत मानवअधिकार तालिम | काठमाडौँ | २०६५/७/१० र ११ | आयोगमा कार्यरत सहायक स्तरका कर्मचारीहरू र इर्न्टनलाई आधारभूत मानवअधिकारसम्बन्धी जानकारी गराउने। | आयोगमा कार्यरत २२ जना सहायक कर्मचारीहरू तथा इन्टर्नहरू मानवअधिकारसम्बन्धी आधारभूत जानकारी प्राप्त गर्न सफलता हासिल भएको। | |
| २ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार तालिम | काठमाडौँ | सेप्टेम्बर १३ र १४ २००८ | आयोगमा कार्यरत कर्मचारीहरूलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका बारेमा बिस्तृत जानकारी गराउने। | आयोगमा कार्यरत १४ जना कर्मचारीहरूले सो सम्बन्धी विस्तृत ज्ञान प्राप्त गरेको। | नेपालस्थिति संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय को सहकार्यमा |
| ३ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार तालिम | विराटनगर | मार्च ४-८ २००९ | आयोगमा कार्यरत कर्मचारीहरूलाई आर्थिक, समाजिक तथा साँस्कृतिक अधिकारका बारेमा विस्तृत जानकारी गराउने। | क्षेका पोखरा र विराटनगरका ५ जना कर्मचारीहरूले सो सम्बन्धी ज्ञान प्राप्त गरेको। | नेपालस्थिति संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय को सहकार्यमा |
| ४ | सञ्चारमाध्यमलाई प्रभावकारी बनाउने तालिम | काठमाडौँ | फेब्रुअरी २००९ | आयोगमा कार्यरत कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने। | सहभागी कर्मचारीहरूले सञ्चारमाध्यमलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने बारेको ज्ञान हासिल गर्न सफल रहेको। | एसिया प्रशान्त मञ्चको सहयोगमा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | लैङ्गिक र महिला मानवअधिकारसम्बन्धी तालिम | भक्तपुर | नोभेम्बर ६-८ २००८ | आयोगमा कार्यरत कर्मचारीहरूलाई लैङ्गिक सवाल र महिलाका मानवअधिकारका विषयमा स्पष्ट गराई उनीहरूको क्षमता अभिवृद्धि गर्ने। | आयोगमा कार्यरत २६ जना कर्मचारीहरूले ज्ञान हासिल गर्न सफल। | |
| ६ | प्रतिवेदन लेखन तालिम | बर्दिया | २०६५ माघ १६ देखि १८ सम्म | आयोगका कर्मचारीहरूको प्रतिवेदन लेखनसम्बन्धी दक्षतामा वृद्धि गराई प्रतिवेदन लेख्न सक्ने बनाउने। | पोखरा, नेपालगञ्ज र धनगढी तथा सम्पर्क कार्यालय जुम्लाका कर्मचारीहरू सहभागी भई उद्देश्य हासिल गर्न सफल भएका। | |
| ७ | लेखा तालिम | | | आयोगमा कार्यरत लेखासम्बन्धी कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने | लेखासम्बन्धी ज्ञानमा वृद्धि एवम् कार्यमा सहयोग पुगेको। | |
| ८ | सुरक्षा तालिम | पोखरा | जुन २६ २००९ | कार्यक्षेत्रमा खटिदा अवलम्बन गर्नुपर्ने सुरक्षात्मक उपायबारे कर्मचारीलाई जानकारी गराउने। | क्षेका पोखराका १६ कर्मचारीहरूले सो सम्बन्धी ज्ञान हासिल गरेका। | |
| ९ | शुक्रबारे छलफल कार्यक्रम | केन्द्रीय कार्यालय | विभिन्न मि( तिमा | विषयवस्तु एवम् प्रस्तुतिमा विकास गर्ने | केकामा १९ औं भागसम्म सञ्चालित सो कार्यक्रमबाट प्रस्तुतीकरण, विषयवस्तुको ज्ञानमा सहयोग पुगेको। | |

### ५.६.२. अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोगमा सञ्चालित क्षमता अभिवृद्धि कार्यक्रम

आयोगको क्षमता अभिवृद्धिका लागि विभिन्न दातृ निकायहरूले आयोगलाई सहयोग गर्दै आइरहेका छन्। यस्तो सहयोगभित्र आयोगमा कार्यरत कर्मचारीहरूका लगि विभिन्न राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय तालिम तथा गोष्ठीमा सहभागिताको लागि सहयोग, अन्तर्राष्ट्रिय अध्ययन भ्रमण लगायत छन्। त्यस्तै आयोगको काम चुस्त, दुरुस्त, छिटोछरितो बनाउन भौतिक साधनहरू उपलब्ध गराई क्षमता अभिवृद्धिमा जोड दिँदै आएको अवस्था छ।

#### *क) राष्ट्रिय मानवअधिकार आयोग क्षमता अभिवृद्धि परियोजना*

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको सहयोगमा क्षमता विकासको लागि स्थापित आयोगको क्षमता विकास परियोजनाबाट आर्थिक र प्राविधिक सहयोग हुँदै आएको छ। मानवअधिकार उल्लङ्घनका घटनाहरूको अनुगमन तथा अनुसन्धानमा सहयोगलाई केन्द्रित गरिएको छ। यसअलावा तालिम, प्रकाशन लगायत विभिन्न कार्यक्रम सञ्चालनमा पनि सहयोग रहेको छ। यो क्षमता अधिवृद्धि परियोजना संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको सहयोगमा सञ्चालित भएपनि यस सहयोग कार्यक्रम अन्तर्गत Australia, CIDA, DFID/UK, Finland, Ford foundation, Norway, USAID, UNICEF, OHCHR आदि देश तथा संस्थाहरूको सहयोग रहेको छ।

#### *ख) बालअधिकार परियोजना*

बालअधिकार परियोजना अन्तर्गत बालअधिकारसँग सम्बन्धीत गतिविधिहरू सञ्चालन हुन गर्दछन्। यो परियोजना सेभ द चिल्ड्रेन नर्वेको आर्थिक सहयोगमा सञ्चालित छ। आयोगले यस परियोजना अन्तर्गत प्राप्त हुने रकम आयोगमा रहेको बालअधिकार डेस्क मार्फत बालअधिकारको संरक्षण र सम्बर्द्धनमा खर्च गर्दछ। यस वर्ष पनि यस परियोजना अन्तर्गत प्राप्त रकम आयोगले बालअधिकार डेस्क मार्फत कार्यशाला गोष्ठी, तालीम, छलफल, अन्तरक्रिया, बालअधिकार अनुगमन, अनुसन्धान गरी खर्च गरेको छ। यस परियोजनाले बालअधिकारको संरक्षण तथा सम्बर्द्धन सम्बन्धी गतिविधिका अलावा बालअधिकारसम्बन्धी प्रकाशनहरूमा पनि सहयोग गर्दै आएको छ। यस वर्ष बालअधिकारः सिफारिस तथा कार्यान्वयनको अवस्था, नेपालमा बालअधिकारको अवस्था वार्षिक प्रतिवेदन २००८ विषयक प्रतिवेदनहरूको प्रकाशनमा यसले आर्थिक सहयोग उपलब्ध गराएको थियो।

### ग) द्वन्द्व न्यूनीकरण (दोस्रो) कार्यक्रम

युरोपियन युनियनको सहयोगमा सञ्चालित द्वन्द्व न्यूनीकरण कार्यक्रम (दोस्रो) परियोजना जारी छ। यसले आयोगको क्षमता विकासको लागि कार्य गर्दै आईरहेको छ। यसै अन्तर्गत यस वर्ष आयोगका २७ जना कर्मचारीहरूले फिलीपिन्स र फ्रान्सको अध्ययन भ्रमण सम्पन्न गरे। साक्षी, प्रमाणको सुरक्षा, मनोपरामर्श, सामाजिक समावेशीकरण र लैङ्गिक मूलप्रवाहीकरणसम्बन्धी विषयमा अध्ययन गर्न र आयोगलाई उपयुक्त सुझावको लागि केही स्वदेशी तथा विदेशी परामर्शदाताद्वारा उक्त विषयमा अध्ययन भई यसै वर्ष आयोगलाई प्रतिवेदन बुझाइसकिएको अवस्थामा छ। साथै आयोगको नयाँ संरचनात्मक स्वरूपको सम्बन्धमा पनि परामर्श प्राप्त भएको छ।

## ५.७. सूचना तथा सञ्चार

### ५.७.१. प्रेस-विज्ञप्ति

आयोगले मानवअधिकार उल्लङ्घन तथा ज्यादतिका सम्बन्धमा अनुगमन अनुसन्धानका साथै कतिपय अवस्थामा आयोगले प्रेस-विज्ञप्तिमार्फत सरकारका निकाय वा गैरराज्य पक्षहरूलाई समेत कुनै कार्य गर्न वा नगर्न अनुरोध वा निर्देशन गर्दछ। यसबाट सम्बन्धित निकायको ध्यानाकर्षण गराउन महत्वपूर्ण भूमिका निर्वाह हुने गर्दछ।

यो वर्ष केन्द्रीय कार्यालयबाट मानवअधिकारसँग सम्बन्धित विभिन्न विषयमा जम्मा ६० ओटा प्रेस-विज्ञप्ति जारी भएको देखिन्छ। जारी विज्ञप्तिहरूमा सबैभन्दा बढी मङसिर महिनामा १० र सबैभन्दा कम असोजमा १ रहेको छ। त्यसै गरी चैत र बैशाख ७/७ पुस र साउन ६/६, कार्तिक ५, असार, फागुन, र जेठ ४/४ र भदौ, माघ र असारमा २/२ ओटा विज्ञप्ति जारी भएका छन्। क्षेत्रीय एवम् सम्पर्क कार्यालयबाट पनि आवश्यकता, विषयवस्तुको गाम्भीर्यता वा महत्वको आधारमा विज्ञप्ति जारी हुने गर्दछन्। जुन कार्य यस अवधिमा पनि सम्पन्न भएको स्थिति छ। यसरी जारी विज्ञप्तिहरूको सङ्ख्या नेपालगञ्ज ९, विराटनगर ६, धनगढी ४, पोखरा र जनकपुर १/१ गरी जम्मा २१ रहेका छन्। यसरी प्राप्त विवरणको आधारमा जम्मा विज्ञप्ति सङ्ख्या ८१ देखिन्छ। केन्द्रीय र क्षेत्रीय कार्यालयबाट जारी विज्ञप्तिहरूलाई अनुसूची ८ मा समावेश गरिएको छ।

## ५.७.२ पत्रकार सम्मेलन



मानवअधिकार अवस्थाका बारेमा सञ्चारकर्मीहरूलाई जानकारी गराउँदै आयोगका अध्यक्ष केदारनाथ उपाध्याय साथमा सदस्य गौरी प्रधान

आयोगले आफूले गरेका महत्वपूर्ण कार्यहरूका बारेमा आमनागरिकहरूलाई समयमा नै जानकारी गराउन आवश्यक ठानेको विषयहरूमा पत्रकार सम्मेलनमार्फत सार्वजनिक गर्दछ। आयोगको केन्द्रीय कार्यालयबाहेक क्षेत्रीय कार्यालय र सम्पर्क कार्यालयहरूबाट पनि आवश्यक महत्वपूर्ण विषयहरूमा पत्रकार सम्मेलन गरी सार्वजनिक हुने गर्दछ। यस अवधीमा आयोग केन्द्रीय कार्यालयद्वारा २ र क्षेत्रीय कार्यालय धनगढीद्वारा १ पत्रकार सम्मेलन गरिएको देखिन्छ। सम्पन्न पत्रकार सम्मेलनमा केन्द्रीय कार्यालयबाट कमशः २०६५ भदौ १२ गते कोसी बाढीपीडित र पुस २ मा शिवपुरीमा बेपत्ता पारिएको घट्ना र धनगढीबाट साउन १५ गते आयोगको निर्णय सार्वजनिक विषयसँग सम्बन्धित छन्।

## ५.७.३. सूचना-प्रविधिसम्बन्धी कार्य

आयोगमा सूचना-प्रविधिको पहुँच विकास गर्न छुट्टै इकाइको स्थापना भएपछि सूचना-प्रविधिमा थप सहज भएको छ। यसका लागि चाहिने विभिन्न थप उपकरणहरू र त्यस उपकरणहरूलाई व्यवस्थित र पूर्ण सुरक्षाको लागि सरभर, सरभरऱ्याक तथा १५ घण्टासम्म चल्ने ५ के.भी.को यू.पी.एस. आयोगको क्षमता विकास परियोजनाले उपलब्ध गराएको छ। जसबाट काममा सहज पुग्न जाने अवस्था सिर्जना भएको छ। आयोगको काममा छिटो एवम् छरितो कार्य गर्न ब्रान्डेड कम्प्यूटर सञ्चालन गर्नको लागि विभिन्न सफ्टवेयरहरू प्रयोगमा ल्याइएको छ। त्यसै गरी आयोगको प्रशासनिक काम छरितो र सहज वनाउन यो वर्ष पनि हाजिरी व्यवस्थापन प्रणालीलाई नियमित गरिएको छ।

सूचना-प्रविधिलाई नयाँ प्रणालीअनुरूप विकास गर्ने सम्बन्धमा पनि कार्य भइरहेको छ। यसमा क्षेत्रिय कार्यालय विराटनगरमा र धनगढीमा यसै वर्ष Firewall/ reconfiguration /setup गरिएको छ। यसै वर्षदेखि नै आयोगको वार्षिक बजेटबाट

आयोगमा प्रयोग भएको कम्प्यूटरहरूको मर्मतको लागि Microtech international (P) ltd af6 Annual Maintenance service (AMC) भइरहेको अवस्था छ।

**५.७.४ हटलाइन सेवा**

मानवअधिकार उल्लङ्घनका घटनाहरू छिट्टो र सरल तरिकाले आयोगमा जानकारी हुन सकोस् र पीडितहरूको पहुँच आयोगसम्म बिनाअवरोध पुग्न सकोस् भन्ने उद्देश्यका साथ २४ घण्टै खुल्ला रहने फो.न. २-११-११-११ को मानवअधिकार हटलाइन सेवा यसै वर्ष २०६५ माघ १५ बाट सुरु भएको हो। यसबाट मानवअधिकार उल्लङ्घन एवम् ज्यादतिबाट पीडितहरूले तत्कालै आयोगमा सम्पर्क गर्न र आयोगलाई पनि आम-नागरिकहरूबाट तत्कालै सूचनाहरू प्राप्त गरी कारबाही अगाडि बढाउन सहज भएको अवस्था छ। हाल यो सेवा आयोगको केन्द्रीय कार्यालयबाट सुरु गरिएको छ।

## परिच्छेद-६

# अनुसन्धान र विकास

मानवअधिकारको क्षेत्रसँग सम्बन्धित विविध कार्यहरूमध्ये आयोगले अनुसन्धान र विकासको क्षेत्रमा पनि कार्य गर्दै आएको छ। मानवअधिकार आयोग ऐन २०५३ को दफा ९ (२) ज) ले अनुसन्धानसम्बन्धी व्यवस्था गरेको छ। जसअनुसार विगत वर्षझैँ यस वर्ष पनि आयोगले मानवअधिकारसँग सम्बन्धित विभिन्न विषयहरूमा अनुसन्धान गरी प्रतिवेदन सार्वजनिक गरेको छ। आयोगले अनुसन्धानको क्रममा प्राथमिक र द्वितिय दुबै स्रोतहरू प्रयोगमा ल्याएको छ।

## ६.१ अनुसन्धानका क्षेत्रहरू

आयोगले सामान्यतयाः मानवअधिकारसँग सम्बन्धित विषयवस्तुउपर अनुसन्धान गर्दछ। जसमा विषय वा क्षेत्रगत अधिकारदेखि लिएर राज्यका नियम, कानुन मानवअधिकारमैत्री भए-नभएको विषयसमेत पर्दछन्। अन्य मुद्दाहरूका अलावा आयोगले विशेषतः निम्न क्षेत्रहरूमा अनुसन्धानलाई केन्द्रित गरेको अवस्था छः–

१ आन्तरिक विस्थापन
२ बालअधिकार
३ यातना
४ बेपत्ता
५ मानवबेचबिखन
६ आयोगको निर्णय कार्यान्वयन
७ वार्षिक प्रतिवेदन

## ६.२ स्रोतकेन्द्र

मानवअधिकारको बारेमा आमसचेतना र मानवअधिकारको सम्मानबाटै मानवअधिकार संस्कृति निर्माणमा सहयोग पुग्न जान्छ। यसका लागि मानवअधिकार शिक्षा, ज्ञान, सीप अभिवृद्धि गर्न जरुरी छ। यसको प्रयोजनार्थ मानवअधिकारसम्बन्धी सिद्धान्त, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दस्तावेज, सूचना सामाग्रीहरूसम्मको पहुँच र वितरणको आवश्यकतालाई नकार्न सकिन्नँ। यिनै तथ्यलाई महसुस गरी राष्ट्रिय मानवअधिकार आयोगले १० डिसेम्बर २००५ मा यसको विधिवत स्थापना भइ सञ्चालनमा आएको

हो। आयोगको मुख्य कार्यालयको परिसरमा रहेको यो स्रोतकेन्द्रमा उपलब्ध सामाग्रीहरू सबैले निःशुल्क रूपमा उपभोग गर्न पाउने व्यवस्था गरिएको छ। यस केन्द्रमा विशेष गरी मानवअधिकार, कानुन, युद्ध तथा शान्ति, वातावरण आदि विषयसँग सम्बन्धित पुस्तक, पत्रपत्रिका, प्रतिवेदन, जर्नल, आयोगका प्रकाशन, विभिन्न गतिविधि झल्काउने श्रव्यदृश्य सामाग्रीहरूसमेत उपलब्ध छन्। गत वर्षहरूझैं यस वर्ष पनि सो केन्द्रमा अध्यनअनुसन्धान आदि उद्देश्यका साथ आउने पाठकहरूको सङ्ख्या उल्लेख्य रह्यो। मुख्य रूपमा स्रोतकेन्द्रले प्रदान गर्ने सेवाहरूमा पुस्तक, जर्नल अध्यन, इन्टरनेट उपयोग, दैनिक, साप्ताहिक पत्रपत्रिका अध्ययनजस्ता सेवाहरू प्रदान गर्दै आएको छ। यी सेवाहरूमा आयोगको केन्द्रीय कार्यालयबाट स्रोतकेन्द्रमै रही पुस्तक, जर्नल, पत्रपत्रिका अध्ययन गर्न, निःशुल्क इन्टननेट उपयोग गर्न पाइने व्यवस्था मिलाइएको छ। त्यसै गरी आयोगद्वारा प्रकाशित पुस्तक, प्रतिवेदन, विशेषाङ्क आदि केन्द्रीय एवम् क्षेत्रीय कार्यालय निःशुल्क वितरण गरिदै आएको छ। आवश्यक सामाग्री लिनुपरेमा प्रतिलिपी र कम्प्युटर मुद्रण सेवा स्रोतकेन्द्रले तोकेको मुल्य तिरी लिन पाउने व्यवस्था गरेको छ।

आयोगको मानवअधिकार स्रोत केन्द्रमा यस वर्ष आन्तरिक एवम् बाह्य प्रकाशन सङ्ख्यामा वृद्धि हुन पुगेको छ। गत वर्षसम्ममा ४५०० पुस्तकहरू रहेकोमा यस आर्थिक वर्ष ३१८ पुस्तकहरू थप भई ४८१८ पुगेको अवस्था छ।

**हालसम्म स्रोतकेन्द्रमा रहेको पुस्तकको अवस्था**

| यस वर्ष आन्तरिक प्रकाशनद्वारा प्राप्त भई थपिएका पुस्तक सङ्ख्यामा | यस वर्ष खरीद गरिएका पुस्तक सङ्ख्यामा | यस वर्ष दान वा उपहारस्वरूप प्राप्त पुस्तकको सङ्ख्यामा | यस वर्ष थपिएका पुस्तक सङ्ख्यामा | जम्मा पुस्तक सङ्ख्यामा |
|---|---|---|---|---|
| २५ | १८८ | १०५ | ३१८ | ४८१८ |

## ६.३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा आयोगको सहभागिता

मानवअधिकारको संरक्षण र सम्बर्द्धन गर्ने प्रमुख दायित्व बोकेको आयोग र विभिन्न राष्ट्रिय तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू, नागरिक समाज, आम नागरिकहरूबीच सहयोग र सहकार्यबिना अगाडि बढ्न प्रायः असम्भव छ। कार्यदक्षता, अनुभव, क्षमता अभिवृद्धि आदि कार्यमा आयोग आफैं पनि लागि परेको छ। यसको लागि अन्य सङ्घसंस्थाहरूको क्षमता अभिवृद्धिको लागि तालिम, गोष्ठीजस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। त्यसै गरी आयोग आफैं पनि राष्ट्रिय

तथा अन्तर्राष्ट्रिय स्तरमा आयोजित आमन्त्रित विभिन्न कार्यक्रमहरूमा सहभागी हुँदै आएको छ। यस अवधिमा पनि आयोगका पदाधिकारीहरू, सचिव, तथा अन्य कर्मचारीहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका विभिन्न कार्यक्रममा सहभागिता जनाइ ज्ञान, सीप, दक्षता र अनुभवको आदानप्रदानले निरन्तरता पायो। यस्ता कार्यक्रमहरूमा भएको सहभागिताबाट आयोगको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध, समन्वय र सहकार्यमा सघाउ पुग्न गएको छ। आयोगको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागितालाई निम्नानुसार चर्चा गरिएको छः

### ६.३.१ राष्ट्रिय स्तरमा

राज्यका विभिन्न निकायहरू, विभिन्न गैरसरकारी सङ्घसंस्थाहरू, नागरिक समाज लगायतका संस्थाहरूद्वारा आयोजित विभिन्न कार्यक्रमहरूमा आयोगको सक्रिय सहभागिता रहँदै आएको छ। विशेष गरी यस्ता कार्यक्रमहरूमा सभा, सम्मेलन, तालिम, गोष्ठी, छलफल, अन्तर्क्रिया आदि रहेका छन्। यस्ता कार्यक्रमहरूमा आयोगका अध्यक्ष, सदस्यहरू, सचिव र अन्य कर्मचारीहरूको संलग्नता रहँदै आएको छ। यस अवधिमा सबैभन्दा बढी संविधान निर्माण प्रक्रियासम्बन्धी कार्यक्रमहरूमा आयोगले आफ्नो सहभागिता जनाएको थियो।

### ६.३.२ अन्तर्राष्ट्रिय स्तरमा

राष्ट्रिय स्तरमाभैँ अन्तर्राष्ट्रिय तहमा पनि आयोगले विभिन्न तालिम, गोष्ठी, छलफल, अनुभव आदानप्रदान, सम्बन्ध बिस्ता, अध्ययन भ्रमणमा सहभागिता रह्यो। कार्यक्रमको उद्देश्य, महत्व र आवश्यकता, प्राथमिकता आदिको आधारमा आयोग पदाधिकारी र कर्मचारीहरूको सहभागिता रहेको थियो। विस्तृत विवरण अनुसूची ९ मा समावेश गरिएको छ।

## ६.४ आयोगको भौतिक संरचनागत अवस्था

आयोग आफ्नो स्थापनाकालदेखि नै भौतिक संरचनागत समस्याबाट गुज्रिदैँ आएको छ। केन्द्रीय कार्यालय सरकारले उपलब्ध गराएको हरिहरभवनको उत्तरपट्टिको खण्डमा रहेको छ। यस खण्डमा आयोगका अध्यक्ष, सदस्य, सचिव र कर्मचारीहरूको कार्यकक्ष रहेको छ। त्यस्तै विभिन्न विभाग, महाशाखा, शाखाहरू, स्रोतकेन्द्र, शिशुस्याहार कक्ष, छलफल कक्ष, विदेशी पाहुन सत्कार कक्षहरू रहेका छन्। स्थानाभाव, पुरानो भौतिक संरचना, मर्मतसम्भार आदिको अभावमा कार्य सञ्चालनको लागि विभिन्न समस्याहरू

देखा परेका छन्। त्यस्तै ५ क्षेत्रीय र ३ सम्पर्क कार्यालयहरू बहालमा रहेको भवनमा सञ्चालित छन्। उपर्युक्त स्थानमा कार्यालय र प्रर्याप्तमात्रामा कक्षहरूको व्यवस्था हुन नसक्दा यसको असर आयोगको संरक्षण एवम् सम्बर्द्धनात्मक कार्यमा परिरहेको छ। भाडामा कार्यालय सञ्चालन गर्ने परिपाटीले घरधनीसँग करारको समाप्तिपश्चात् नवीकरणको लागि भाडामा वृद्धि, घर खाली गर्नुपर्ने अवस्था आदिबाट व्यवहारिक समस्याहरू आइरहेको अवस्था छ। यसबाट आयोगलाई आफ्नै छुट्टै भवनहरूको आवश्यकता खड्किएको स्थिति छ।

## ६.५ प्रकाशन र वितरण

मानवअधिकार अवस्था, आयोगद्वारा सम्पादित संरक्षणात्म तथा सम्बर्द्धनात्मक गतिविधि, मानवअधिकारसँग सम्बन्धित राष्ट्रिय-अन्तर्राष्ट्रिय प्रावधान, आयोगका गतिविधि, विषयगत प्रतिवेदन आदि अवस्थालाई प्रकाशमा ल्याउने उद्देश्यले विभिन्न प्रतिवेदन एवम् अन्य प्रकाशनहरू प्रकाशन गरी वितरण गर्दै आइरहेको छ। विगत वर्षहरूमाझैं यस वर्ष पनि यस कार्यले निरन्तरता पायो। विषयवस्तु, आवश्यकता, महत्व आदिका आधारमा केन्द्रीय र क्षेत्रीय कार्यालयबाट प्रकाशन एवम् वितरण हुँदै आएको छ। यस अवधिमा आयोगबाट १७ (ब्रुसियरबाहेक) सामग्रीहरू प्रकाशन गरिएको थियो। प्रकाशित सामग्रीहरूमा विषयगत रूपमा १० (प्रतिवेदन/प्रश्नोत्तरमाला) र अन्य ६ रहेका छन्। यसअलावा मानवअधिकारपत्र मासिक रूपमा प्रकाशित भइरहेको छ। प्रकाशित सामाग्रीहरू केन्द्रीय कार्यालयबाट व्यक्ति एवम् संस्थागत रूपमा १६२१ जनालाई वितरण गरिएको थियो भने क्षेत्रीय र सम्पर्क कार्यालयबाट पनि वितरण कार्यलाई निरन्तरता दिइएको थियो। क्षेत्रगत रूपमा पोखराले २०६५ सालमा भएका आयोगका गतिविधि एवम् मानवअधिकार अवस्था आदिलाई समेटी प्रतिवेदन प्रकाशन गरी वितरण गरेको थियो। गत वर्षसम्म नियमित रूपमा प्रकाशित हुँदै आएको क्यालेण्डर र सचेतक यस वर्ष प्रकाशित हुन सकेन।

## प्रकाशन विवरण

| क.स. | नाम | प्रकाशित मिति |
|---|---|---|
| १. | नेपालको सशस्त्र द्वन्द्वको अवधिमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्थासम्बन्धी प्रतिवेदन | २०६५ भदौ |
| २. | संविधान निर्माणको सिलसिलामा उपयोगी हुने प्रश्नोत्तरको सँगालो | २०६५ असोज |
| ३. | अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधान १९९८ अनुमोदनको आवश्यकता र औचित्य | २०६५ असोज |
| ४. | वार्षिक प्रतिवेदन २०६४-२०६५ | २०६५ असोज |
| ५ | बालअधिकारक: सिफारिस कार्यान्वयनको अवस्था | २०६५ कार्तिक |
| ६ | Annual Report English Summary | २०६५ मङ्सिर |
| ७. | मानवअधिकारको अवस्था | २०६५ मङ्सिर |
| ८. | आन्तरिक विस्थापनसम्बन्धी जानकारी | २०६५ मङ्सिर |
| ९ | Rapid Assessment of Conflict Induced Internally Displaced Persons (IDPs) for their Return, Resettlement and Reintegration, | २०६५ मङ्सिर |
| १०. | आन्तरिक विस्थापन र विस्थापितको अधिकार रक्षार्थ भएका प्रयासहरू | २०६५ माघ |
| ११. | नेपालमा बालअधिकारको अवस्था वार्षिक प्रतिवेदन २००८ | २०६६ बैशाख |
| १२. | Status of the child Rights in Nepal Annual Report 2008 | २०६६ जेठ |
| १३. | राष्ट्रिय मानवअधिकार आयोगले गरेका सिफारिसहरूको कार्यान्वयनसम्बन्धी अवस्था | २०६६ जेठ |
| १४. | वार्षिक प्रतिवेदन क्षेत्रीय कार्यालय पोखरा | २०६६ जेठ |
| १५. | यातनाविरुद्धको अभियान र राष्ट्रिय मानवअधिकार अयोग | २०६६ जेठ |
| १६ | सूचनामूलक डायरी | २०६५ |
| १७ | मानवअधिकारपत्र मासिक | २०६५साउन– २०६६ असार |

## परिच्छेद–७

# विधि विषय तथा परामर्श

आयोगले विधिपरामर्श सेवासम्बन्धी विभिन्न कार्यहरू गर्दै आएको छ। विशेष गरी मानवअधिकारसम्बन्धी विधेयकहरूमा सरकारलाई परामर्श दिने, निर्माण गरिएका कानुनहरू मानवअधिकारका अन्तर्राष्ट्रिय संयन्त्रका प्रावधानबमोजिम अधिकारमैत्री छन्-छैनन् भनी पुनरावलोकन गरी आयोगसमक्ष पेश गर्ने कार्यहरू गर्दछ। त्यसै गरी आवश्यकताअनुसार आयोगसँग सम्बन्धित कानुनी प्रावधानमाथि संशोधनको लागि सुझावसहित आयोगमा पेश गर्ने, विषयवस्तु र आवश्यकताको आधारमा आयोगलाई कानुनी परामर्श उपलब्ध गराउने, आयोग वादी/प्रतिवादी भएका मुद्दाहरूमा प्रतिरक्षा बहस गर्ने, कानुनी अनुसन्धानमा आयोगलाई सहयोग गर्ने लगायतका कार्यहरू गर्दछ। संविधानसभामार्फत निर्माण हुन गइरहेको संविधान मानवअधिकारमैत्री बनाउनको लागि आयोगले भूमिका निर्वाह गर्दै आएको छ।

यस अवधिमा आयोगले विधिपरामर्शको क्षेत्रमा निम्न कार्यहरूलाई सम्पन्न गरेको वा अगाडि बढाएको अवस्था छः–मानवअधिकार आयोग ऐन, व्यक्ति बेपत्ता पार्ने (कसुर र सजाय) ऐन, २०६५ को मस्यौदाउपर छलफल चलाइ त्यसभित्र रहेका कमीकमजोरी सच्याइ कानुनी रूप दिन र रोमविधान अनुमोदनको लागि सरकारसमक्ष सिफारिस गरेको थियो। रोमविधानसम्बन्धी प्रतिवेदनलाई प्रकाशनसमेत गरेको थियो। त्यसै गरी रोमविधानलाई पारित गर्न सरकारको तर्फबाट प्रस्तुत गर्नुपर्ने आवधिक प्रतिवेदनहरू सबै किसिमका जातीय भेदभाव उन्मुलन गर्नेसम्बन्धी महासन्धि १७ औँ र १८ औँ, त्यसै गरी महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलनसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि चौथो र पाँचौमा सरकारसमक्ष आयोगले आफ्नो राय पेश गरेको थियो। अहिले महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि समितिले दिएका सुझाव तथा सिफारिसहरूको कार्यान्वयन अवस्था अध्ययनका लागि विशेषज्ञ छनौटसम्बन्धी कार्य जारी अवस्थामा छ। एसिया प्रशान्त मञ्चमा आबद्ध मानवअधिकारसम्बन्धी संस्थाहरू, क्षेत्राधिकार, संरचना, हैसियत एवम् कर्मचारीहरूको तुलानात्मक अध्ययन गरेको थियो।

भावी संविधान मानवअधिकारमैत्री संविधान बन्न सकोस् भन्ने मनसायबाट संविधान निर्माणको सिलसिलामा उपयोगी हुने प्रश्नोत्तर सङ्गालो प्रकाशनमा ल्याउनुको साथै पाँचै विकास क्षेत्रमा क्षेत्रीय स्तरका गोष्ठी आयोजना गरी प्राप्त सुझावहरू संविधानसभामा पेश गरेको थियो। त्यसै गरी मानवअधिकारमैत्री संविधानका आधारभूत विशेषता, मानवअधिकार आयोगको संरचना, स्वरूप एवम् हैसियत कस्तो हुनुपर्छ भन्ने सम्बन्धमा पनि विभिन्न सुझावहरू प्रस्तुत गरिएको थियो।

## परिच्छेद-८

# योजना, आन्तरिक अनुगमन तथा मूल्याङ्कन

नीति अनुसन्धान तथा योजना महाशाखाले नीति तथा योजनासम्बन्धी कार्यहरू गर्दै आएको छ। विशेषतः आयोगको रणनीतिक योजना, वार्षिक बजेट तथा कार्यक्रम, बजेटको समीक्षा र योजना एवम् वार्षिक कार्ययोजना निर्माणमा सहयोग गर्दछ। त्यसै गरी  केन्द्रीय तथा क्षेत्रीय कार्यालयहरूबाट सम्पन्न कार्यक्रमको अनुगमन तथा समीक्षा गर्न सहयोग गर्ने, अन्तर्राष्ट्रिय दातृ तथा सहयोगी संस्थाहरूसँगको सहकार्यमा सञ्चालित आयोगका कार्यक्रमको कार्यान्वयनमा सहयोग पुऱ्याउदछ।

यस अवधिमा आयोगको यसैको परिधिभित्र रही यस महाशाखाले विभिन्न कार्यहरू सम्पन्न गरेको छ। जसमा आ.ब २०६५/६६ को नेपाल सरकारतर्फको बजेटअनुरूप वार्षिक कार्ययोजना, आ.व. ०६४/०६५ को नेपाल सरकार तर्फको बजेटको लक्ष्य प्रगतिविवरण तयारी, आयोगको रणनीतिक योजना, २००८–२०१० अन्तर्गत आगामी ३ वर्षीय कार्ययोजना एवम् आयोगको पुनर्संरचनाको प्रारूप तय गरेको छ। द्वन्द्व न्यूनीकरण कार्यक्रम (दोस्रो)-अन्तर्गत स्वदेशी तथा विदेशी परामर्शदाताद्धारा अध्ययन प्रतिवेदन अन्तिम तयारीको अवस्थामा पुगेको छ। आयोगको रणनीतिक योजना, २००८-२०१० माथि व्यापक छलफलसहित नेपालीमा अनुवाद भई प्रकाशन भइसकेको छ। मानवअधिकार शिक्षासम्बन्धी निर्देशिकाको मस्यौदा यसै महाशाखाको पहलमा तयार गरिएको थियो।

यस महाशाखाले आफ्नो कार्यविवरण सम्बन्धमा परामर्शदातासँग समन्वय गरी आफ्नो कार्यलाई अगाडि बढाएको छ। मासिक प्रगति विवरणहरूलाई तयारी एवम् अद्यावधिक गर्दै आएको छ। प्रगति विवरण सम्बन्धमा पुस र बैशााख महिनामा गरी दुई पटक आयोगको वार्षिक कार्यक्रमको कार्यप्रगति समीक्षा गरेको थियो। जसमा आयोगले आ.व.२०६६/६७ मा सम्पन्न गर्नको लागि तय गरेका कार्यक्रमहरू केकति सम्पन्न हुन सके र कति हुन सकेनन् भन्ने मूल्याङ्कन गर्नुका साथै यसले आयोगको तीन वर्षे रणनीतिक योजनाअनुरूप काम भएनभएको सम्बन्धमा छलफल गरेको थियो। अनुगमन तथा मुल्याङ्कनसम्बन्धी सूचाङ्क, र मानवअधिकार कार्ययोजना कार्यान्वयनको पुनरावलोकन, बालअधिकार, जर्मन विकास सेवा,

राष्ट्रिय मानवअधिकार आयोग क्षमता अभिवृद्धि परियोजनाको बारेमा कार्ययोजना तयारी साथै जर्मन विकास सेवासम्बन्धी स्मरणपत्र तय गरिएको छ। त्यसै गरी आयोगको पुनर्सरचनासम्बन्धी काममा सहयोग, द्वन्द्व न्यूनीकरण कार्यक्रम (दोस्रो), संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय जेनेभाबाट ६० औँ मानवअधिकारको अवसरमा हिरासतसम्बन्धी परियोजनमा सहजीकरणको भूमिका निर्वाह गरेको थियो। राष्ट्रिय महिला आयोग र निर्वाचन आयोगको रणनीतिक योजनाका सम्बन्धमा छलफल कार्यक्रममा भाग लिइ सुझाव प्रस्तुत गरिएको थियो।

त्यस्तै एसियाली विकास बैङ्क, स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालयबाट आयोजित विभिन्न कार्यक्रमहरूमा भाग लिइ आयोगको धारणा प्रस्तुत गर्नुको साथै सुझावहरू पनि राखेको थियो। यस अलावा यस महाशाखाको अगुवाइमा जुन १५–१९ सम्म काठमाडौँमा आयोग र एसिया प्रशान्त मञ्चको संयुक्त आयोजनामा दक्षिण एसियाली उपक्षेत्रस्तरीय मानवअधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरू र मानवअधिकार रक्षकहरू विषयक तालिम/कार्यशाला सम्पन्न भएको थियो। मानवअधिकारसम्बन्धी अनुभव आदानप्रदान कार्यक्रममा पनि यो महाशाखा संलग्न रही आएको छ। यसै परिप्रेक्ष्यमा द्वन्द्व न्यूनीकरण कार्यक्रम (दोस्रो)-द्वारा आयोजित फिलिपिन्स अध्ययन भ्रमणमा सहभागिता रहेको थियो।

## परिच्छेद-९
# अन्तर्राष्ट्रिय सम्बन्ध

अन्तर्राष्ट्रिय सम्बन्ध राम्रो राख्नु र ती निकायहरूसँग सहकार्यमा सहयोग पुऱ्याउनु यस डेस्कको प्रमुख उद्देश्य हो। सोहीअनुरूप यस डेस्कले कार्य गर्दै आइरहेको छ। आयोगको तर्फबाट विभिन्न तहमा हुने भ्रमणहरूका लागि आवश्यक सहयोग गर्ने, त्यसको अभिलेख राख्ने, ती निकायहरूबीचको सम्बन्धलाई आवश्यकता र महत्व आदिको आधारमा निरन्तरता दिने कार्यमा डेस्कले भूमिका निर्वाह गर्दै आएको छ। त्यसै गरी आयोग र अन्तर्राष्ट्रिय समुदाय (संस्थागत रूपमा)-बीच सहकार्य, सम्झौता आदिको लागि करारनामा, स्मरणपत्रको लागि आयोगलाई सहयोग पुऱ्याउदै आएको छ। यसैको सीमाभित्र रही यस डेस्कले यस अवधिमा विभिन्न कार्यहरू सम्पन्न गरेको छ।

यस डेस्कले मानवअधिकारका क्षेत्रमा कार्यरत संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, मानवअधिकार संस्थाहरूको एसिया प्रशान्त मञ्च लगायत विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्था, मित्रराष्ट्रका दुतावासहरू, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय स्तरका सङ्घसंस्थाहरूसँग सम्बन्ध एवम् सहकार्यमा आयोगलाई सहयोग पुऱ्याउदै एवम् सहभागी हुँदै आएको छ। यसै गरी आयोगमा अन्तरसम्वाद, मानवअधिकार अवस्थाको बारेमा जानकारी लिन तथा मैत्रीपूर्ण भेटघाटको लागि विभिन्न मुलुकहरूबाट प्रतिनिधि मण्डल, विशेषज्ञ, राजदूतहरू आउँदा यस डेस्कले समन्वय गर्ने गरेको छ। यस अवधिमा आयोगमा एसिया, अफ्रिका र संयुक्त राष्ट्रसङ्घ मामिला हेर्ने बेलायती मन्त्री लर्ड म्यालक ब्राउन, बेलायती संसदीय टोली, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त श्री नवनितम पिल्लाइ, संयुक्त राष्ट्रसङ्घका महासचिवका विशेष प्रतिनिधि राधिका कुमारास्वामी, बेलायत, डेनमार्क, नर्वे, फिनल्यान्ड, फ्रान्स, अमेरिका, जर्मनीका राजदूतहरूले आयोगका पदाधिकारीहरूसँग आयोगमा भेटघाट गर्नुका साथै मानवअधिकार अवस्थाका बारेमा जानकारी लिएका थिए। त्यस्तै गरी माल्दिभ्सका मानवअधिकार आयोगका अध्यक्ष, थाइल्याण्डका संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका प्रतिनिधि, अन्तर्राष्ट्रिय अपराध अदालत न्युयोर्क कार्यालयका प्रतिनिधिहरूले पनी आयोग पदाधिकारीहरूसँग आयोगमा भेटघाटका साथै मानवअधिकारका विषयमा छलफल भएको थियो। यस क्रममा आयोगका तर्फबाट मा(



आयोग पदाधिकारीहरूसँग बेलायती मन्त्री ब्राउन

ननीय अध्यक्ष एवम् सदस्यबाट नेपालको मानवअधिकारको अवस्थाका बारेमा जानकारी गराइएको थियो।

आयोगको तर्फबाट सहभागी भएका कार्यक्रमहरूमा एसिया प्रशान्त मञ्चको १४ औं वार्षिक बैठक, मानवअधिकार संस्थाहरूको दक्षिण एसिया सम्मलेन (नयाँ दिल्ली) र जातीय भेदभावविरुद्धको डर्वान घोषणा लगायत छन्। डेस्कले एसिया प्रशान्त मञ्चको वेभ साइटको निमित्त आयोगका गतिविधिहरूको सम्बन्धमा सामग्री सम्पादन, १४ औं वार्षिक बैठक र सार्क मानवअधिकार संस्थाहरूको सम्मेलन अप्रिल (१६–१८), २००९ को कार्यपत्र लेखनमा विशेष भूमिका निर्वाह गरेको थियो। भारतीय मानवअधिकार आयोगका प्रतिनिधिहरूसँग समन्वय राखी दिल्ली घोषणापत्रको परिमार्जनमा समेत महत्वपूर्ण योगदान पुऱ्याएको थियो। त्यसै गरी EURAC का अल्पसङ्ख्यक अधिकारसम्बन्धी विषयक विशेषज्ञ इम्मा लन्टस्चटरसँग १५ अप्रिल २००९ मा आयोगका मा. सदस्यसँग भेटघाटको लागि समन्वय गरेको थियो।

त्यस्तै मानवअधिकार रक्षकहरूको उप-क्षेत्रीय तालिम/कार्यशालाको आयोजनाको लागि समन्वय गर्नुको साथै आयोगको नवौं वार्षिक दिवसमा वितरण गरिने सामग्रीको अङ्ग्रेजी रूपान्तरण, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको सर्भे प्रश्नावलीलाई अन्तिम रूप दिइएको, प्रतिवेदनमा रायसुझावको लागि सहयोग पुऱ्याइएको थियो। द्वन्द्व न्यूनीकरण कार्यक्रम (दोस्रो) परियोजनासम्बन्धी बैठक एवम् परामर्शदातासँग समन्वयको लागि भूमिका निर्वाह गरेको थियो।

# परिच्छेद-१०
# व्यवस्थापन र आर्थिक प्रशासन

## १०.१ व्यवस्थापन


आयोगको जनकपुर क्षेत्रीय कार्यालयको उद्घाटन गर्दै आयोगका सदस्य रामनगीना सिंह

प्रशासन विभागअन्तर्गत आयोगले कार्यालय व्यवस्थापनको लागि आवश्यक कार्यहरू सम्पादन गर्दै आएको छ। सम्पादित कार्यहरूमा विभिन्न दैनिक प्रशासन, कार्यालयको लागि सामाग्री व्यवस्थापन, मानव संशाधन व्यवस्थापन, कार्यकम तथा बजेट व्यवस्थापन आदि रहेका छन्। त्यसै गरी क्षेत्रीय कार्यालय स्थापना र सञ्चालन, उप-क्षेत्रीय कार्यालयहरू स्थापनाका लागि सहयोग पुऱ्याउदै आएको छ। २०६५/८/२४ गते आयोगका माननीय अध्यक्ष केदारनाथ उपाध्यायले आयोग हाताभित्र शिशुस्याहार कक्षको विधिवत् उद्घाटन गर्नु भयो। विशेष गरी आयोगमा कार्यरत महिला कर्मचारीहरू २ महिनाको सुत्केरी विदापछि कामलाई निरन्तरता दिनु पर्ने अवस्थालाई मध्यनजर गरी सो शिशुस्याहार कक्षको स्थापना र सञ्चालन गरिएको हो। त्यस्तै गरी आयोगका माननीय सदस्य रामनगीना सिंहबाट आयोगको पाँचौ क्षेत्रीय कार्यालयको रूपमा धनुषाको जनकपुरमा २०६६/२/२१ गते मध्यमाञ्चल क्षेत्रीय कार्यालयको उद्घाटन गर्नु भयो। सो समयदेखी आयोगका ५ ओटा क्षेत्रीय कार्यालयहरू सञ्चालनमा छन्।

यस विभागाले आयोगको कार्यालय मर्मत तथा सम्भार, सरसफाइ, बगैंचा व्यवस्थापन, महिला शौचालयको निर्माण, शिशुस्याहार केन्द्रका लागि आवश्यक पूर्वाधार तथा सुदृढीकरण, चमेनागृह मर्मत सुधार, नयाँ व्यवस्था आदि रहेका छन्। मानवअधिकार सूचना केन्द्रको बिस्तारमा फर्निचर तथा विद्युतीय उपकरण, पुस्तक खरिदमा जोड दिइएको छ। आयोगको वार्षिक दिवस, अन्तर्राष्ट्रिय मानवअधिकार दिवसलगायतका आयोगद्वारा आयोजित विभिन्न कार्यकमहरूको लागि चाहिने आवश्यक सामाग्री



आयोग हाताभित्र रहेको शिशुस्याहार केन्द्रको उद्घाटन गर्दै आयोग अध्यक्ष केदारनाथ उपाध्याय

एवम् व्यवस्था मिलाउने अनुगमन, अनुसन्धान एवम् विभिन्न प्रबर्द्धनात्मक कार्यको लागि आवश्यक पर्ने कार्यालय सामाग्रीहरू उपलब्ध गराउने आदि प्रशासनिक कार्यहरू गर्दै आएको छ। आयोगको वेभसाइट चुस्तदुरुत गरिएको छ। आयोगका सवारी साधनको व्यवस्थापन, मर्मतसम्भार गरी सम्बन्धित कार्यालयमा पठाइएको छ। आयोगको कामलाई प्रभावकारी बनाउन केन्द्रीय एवम् क्षेत्रीय कार्यालयहरूमा सेवा करारमा तीन जनाको दरले सुरक्षा गार्ड र केही सहायक स्तरका कर्मचारीहरू राखिएको छ। परामर्शदाताको रूपमा विशेष समाधीक्षक र सुरक्षा सल्लाहकारमा दुई जनालाई सेवा करारमा नियुक्त गरिएको छ।

आयोगका कर्मचारीहरूको व्यवस्थापनको लागि व्यवस्थापकीय तहबाट हुने कार्यहरू गर्दै आएको छ। कर्मचारी नियमावली संशोधन, पदपूर्ति र बढुवा सम्बन्धी निर्देशिका तयार गरी सैद्धान्तिक सहमतिका लागि पठाइएको अवस्था छ भने पदपूर्ति समितिको गठन भइसकेको अवस्था छ। करार र सेवा करारमा कार्यरत कर्मचारीहरूको फागुन मसान्तसम्म करार र सेवा करार नवीकरणको साथै उनीहरूको व्यवस्थापन एवम् स्थायीको बढुवाका लागि  लागि विज्ञापन प्रकाशित भइसकेको छ। कर्मचारी सरुवासम्बन्धी नीति मस्यौदा तय गरिएको छ। सवारी साधन, मोबाइल फोन प्रयोग, खर्चसम्बन्धी नीति मस्यौदा तय भई आर्थिक प्रशासन निर्देशिकामा समावेश गरिएको छ। आयोगबाट राजीनामा दिइएका कर्मचारीहरूको राजीनामा स्वीकृति एवम् विदाइको कमलाई निरन्तरता दिइएको छ। निर्देशक र उपनिर्देशक एवम् अन्य कर्मचारीहरूलाई आवश्यकता र औचित्यताको आधारमा सरुवा गरिएको छ। आयोगको पुनर्संरचनासम्बन्धी कार्य सम्पन्न भइ सो अनरूप दरबन्दीसमेत स्वीकृत भइसकेको छ।

आयोगका कर्मचारीहरूलाई विभिन्न घरेलु एवम् बाह्य तालिममा सहभागी हुन र एवम् स्रोतव्यक्तिको रूपमा भाग लिनका लागि समेत मनोनयन गर्दै आएको छ। आयोगको निर्णय (मुद्दाबाहेक) कार्यान्वयनका लागि आवश्यक पत्राचार, मानवअधिकार

हटहाइन, क्षेत्रीय तथा सम्पर्क कार्यालयहरूको प्रशासनिक निरीक्षणसम्बन्धी कार्यहरू सम्पन्न भइसकेका छन्। यस विभागअन्तर्गत रहेको सुरक्षाशाखाबाट गार्ड र अनुगमन एवम् अनुसन्धानमा खटिएका कर्मचारीहरूलाई सुरक्षासम्बन्धी आवश्यक तालिम दिँदै आएको छ। यस शाखाले मानवअधिकार उल्लङ्घन, हनन एवम् ज्यादतिका घट्नाहरूलाई दैनिक, साप्ताहिक र मासिक रूपमा दस्तावेजीकरण गर्दै आएको छ। आयोगका कार्यालयहरूमा सुरक्षास्थिति सम्बन्धमा निरीक्षण गरी सुझाव दिने कार्यलाई निरन्तरता दिइएको अवस्था छ।

## १०.२ आर्थिक प्रशासन

नेपाल सरकारबाट आयोगलाई आर्थिक वर्ष ०६५/०६६ को लागि रु. व.शि.नं.२१-३-११० चालूतर्फ ४८२,६२,०००।– (चार करोड वयासीलाख बैसठी हजारमात्र) विनियोजन भएकोमा रु. ४ ११, १४६,३७३।७५ रूपैया खर्च भएको र व.शि.नं.२१-४-११० पूँजिगत तर्फ रु.७,३००,०००।-(त्रिहत्तर लाखमात्र) विनियोजन भएकोमा रु.७,०७०,२७४।३५ खर्च भएको थियो। जसको विवरण अनुसूची १० मा समावेश गरिएको छ। त्यसैगरी विभिन्न दातृ निकायबाट आयोगलाई प्राप्त आम्दानी र खर्चको विवरण अनुसूची १० मा समावेश गरिएको छ। आयोगलाई नेपाल सरकारबाट प्राप्त बजेटको अवस्थालाई हेर्दा प्रत्येक वर्षको बजेट तुलनात्मक रूपमा बढिरहेको देखिन्छ। नेपाल सरकारबाट प्राप्त अनुदान एवम विभिन्न दातृ निकायबाट प्राप्त भएको सहायता छुट्टाछुट्टै खाता खोली आर्थिक प्रशासन शाखाद्वारा आर्थिक कारोबार भइरहेको छ। मानवअधिकार आयोग ऐन, २०५३ को दफा १५ बमोजिम आयोगको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ भनिएकोले आयोगको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट भइरहेको छ। त्यसै गरी आयोगमा राजस्व खाता रहेकोमा यो आ.व.मा रु.२८,९६५।५२ (अठ्ठाइस हजार नौसय पैसठी पैसा बाउन्नमात्र) राजस्व आम्दानी भएको छ भने धरौटी तर्फ गत आ.व. बाट जिम्वेवारी सरेको र यो आ.व.को आम्दानी जम्मा रु. ७९ ,०७३।४२ कूल आम्दानी रहेकोमा रु.२८,७४४।- धरौटी फिर्ता भई रु.५०,३२९।४२ रकम धरौटी खातामा धरौटी बाँकी रहेको छ। राजस्व र धरौटीको वार्षिक आर्थिक विवरण अनुसूची १० मा समावेश गरिएको छ।

# परिच्छेद-११
# प्रमुख चुनौती र सुझावहरू

## ११.१. चुनौती

राष्ट्रिय मानवअधिकार आयोगको काम, कर्तव्य र अधिकारका बारेमा नेपालको अन्तरिम संविधान २०६३ र मानवअधिकार आयोग ऐन २०५३ मा उल्लेख छ। आयोगले यस वर्ष विभिन्न उपलव्धीहरू हासिल गरे पनि त्यो प्रयाप्त छैन। संविधान र ऐन्बमोजिमका दायित्वहरू पूरा हुन नसकेको स्थिति छ। यसरी उपलब्धिहरू हासिल हुन नसक्नुमा आन्तरिक तथा बाह्य कारणहरू जिम्मेवार रहेका छन्। दोषीहरूलाई राजनीतिक संरक्षण प्राप्त भई दण्डहीनताले प्रश्रय पाएको यस स्थितिमा आयोगमाथि चुनौतीहरू थपिएका छन्। यस वर्ष आयोगले बेहोरेका चुनौतीहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

**क) आन्तरिक चुनौती**

- आयोगको कार्य प्रकृती अनुसार आवश्यक पर्ने कर्मचारीहरूहरूको अभावमा आयोगले आफ्ना गतिविधिहरू निर्वाध रूपमा सञ्चालन र सम्पन्न गर्न सकेको छैन। कर्मचारीहरूको पदपूर्ति हुन नसक्दा आयोग अपेक्षित रूपमा अगाडि बढ्न नसकेको स्थिति छ।
- आयोगका कार्यालयहरू हालसम्म पनि साँगुरो स्थानमा रहेका छन्। पर्याप्त कार्यकक्ष एवम् भौतिक सामाग्रीको अभावमा आफ्ना कार्यक्रम तथा गतिविधिहरू आयोगले निर्वाध रूपमा सुचारु गर्न सकेको छैन। केन्द्रीय कार्यालय हालसम्म पनि अत्यन्त साँगुरो भवनमा रहेको छ भने क्षेत्रीय तथा सम्पर्क कार्यालयहरू भाडाको भवनमा रहेका छन्। जसबाट पटक-पटक सर्नुपर्ने स्थिति, आर्थिक व्ययभार आदि कारण पनि आयोग अपेक्षित रूपमा अगाडि बढ्न नसक्नुमा जिम्मेवार छ।
- राष्ट्रिय मानवअधिकार आयोगमा परेका उजुरीहरूको सम्बन्धमा अनुगमन तथा अनुसन्धानपछि प्राप्त तथ्यहरूको आधारमा विद्यमान कानुनको विश्लेषणसमेत गरी मानवअधिकार उल्लङ्घन र ज्यादतिको सम्बन्धमा गरिएका सिफारिसहरू ठूलो सङ्ख्या कार्यान्वयन नभएको अवस्था छ।

कार्यान्वयन भएका सिफारिसहरू आंशिक रूपमा मात्र कार्यान्वयन भएका छन्। आयोगबाट गरिएका ३०० सिफारिसहरूमध्ये २१ को पूर्ण, ३६ को आंशिक कार्यान्वयन र बाँकी कार्यान्वयन नभएको देखिन्छ। मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन गरी मानवअधिकार संस्कृति निर्माणमा सरकारको यस खालको उदाशिनताले आयोगको काममा प्रभाव पारेको स्थिति छ।

- नेपालको अन्तरिम संविधान २०६३ ले आयोगलाई संवैधानिक अङ्गको रूपमा स्थापित गरे पनि संविधान प्रदत्त अधिकारहरूको प्रयोग गर्न कानुनको आवश्यकता पर्दछ तर हालसम्म पनि कानुन निर्माण नहुँदा आयोगलाई काम गर्न कठिनाइ भइरहेको छ। कानुनको अभावमा संविधानले दिएको कतिपय अधिकारहरू प्रयोग हुन सकेको छैन।

**ख) बाह्य चुनौती**

- कुनै पनि आपराधिक घटनाका दोषीहरूलाई कानुनी दायरामा ल्याई कारबाही गर्नुको सट्टा राजनीतिक संरक्षण प्रदान गर्ने कार्यले यस वर्ष पनि निरन्तरता पायो। विगतको सशस्त्र द्वन्द्वको समयमा दोषी पाइएकाहरूलाई कुनै कारबाही भएन। जसका कारण दण्डहीनताको संस्कृति मौलाउँदै गयो। दण्डहीनताकै कारण मानवअधिकार संरक्षण गर्ने र पीडितलाई न्याय प्रदान गर्ने कार्यमा बाधा पुग्न गयो। दण्डहीनता यस वर्षको आयोगको प्रमुख बाह्य चुनौतीको रूपमा रह्यो।
- राजनीतिक दल र तिनका भातृ सङ्गठनहरूद्वारा कानुन आफ्नो हातमा लिन प्रचलनले गर्दा अपराधमा संलग्न व्यक्तिहरूलाई कानुनी दायरामा ल्याउन सकिएन। तराईमा आन्दोलनरत सशस्त्र समूहहरूबाट सर्वसाधारणमाथि हुने ज्यादति, अपहरण, चन्दा तथा धम्कीजस्ता कार्यले पनि तराईमा मानवअधिकारको अवस्था खस्कँदो रह्यो। नयाँ-नयाँ सशस्त्रधारी समूहको जन्म आयोगको लागि चुनौतीको रूपमा खडा हुन पुग्यो।
- देशमा शान्तिसुरक्षाको अवस्था सुदृढ हुन सकेन। राज्यबाट पर्याप्त शान्तिसुरक्षाको प्रत्याभूति हुन नसकी आम जनतामा भय र त्रासको अवस्था रह्यो। कानुन कार्यान्वयन गर्ने निकायको निष्क्रियता, बारम्बार हुने बन्दहड्ताल, राजमार्गमा हुने चक्काजाम आदिबाट आमजनताको मानवअधिकार संरक्षणमा बाधा पुग्यो। जुन आयोगका लागि चुनौतीको रूपमा रह्यो।

- यस वर्ष कोसी नदीको स्पर भत्केका कारण आएको बाढीबाट भएको धनजनको क्षति, विस्थापन, मध्यपश्चिम तथा सुदुरपश्चिम क्षेत्रका पहाडी जिल्लाहरूमा देखिएको खाद्यान्न सङ्कट, सोही क्षेत्रमा भएको झाडापाखालाबाट सर्वसाधारणहरूको मृत्यु आदिबाट आमजनताको मानवअधिकार जोखिममा पर्‍यो। अकस्मात रूपमा आइपरेको यो अवस्था थप चुनौतीको रूपमा देखापर्‍यो।
- राज्यले खर्च गरेर निर्माण गरेका मानवअधिकारका मुद्दा समाविष्ट भएका विभिन्न आयोगका प्रतिवेदन सार्वजनिक हुन नसक्नु, सार्वजनिक भएकाको हकमा कार्यान्वयन नहुनुबाट पनि आमजनताको मानवअधिकार संरक्षणमा बाधा पुग्न जानु पनि  चुनौती हो ।
- विस्तृत शान्तिसम्झौताको पालना नुहनु, आम जनताको मानवअधिारसँग प्रत्यक्ष सरोकार राख्ने सत्य निरूपण तथा मेलमिलाप आयोग, बेपत्ता आयोगजस्ता विस्तृत शान्तिसम्झौतामा उल्लेखित आयोगहरू हासम्म पनि नबन्नु आयोगका लागि अर्को चुनौती हो।

मानवअधिकारको संरक्षण र संम्बर्द्धनको लागि माथि उल्लिखित चुनौतीहरूलाई कुनै न कुनै रूपमा सम्बोधन गर्नुपर्दछ। आन्तरिक चुनौतीहरूलाई आयोग आफैँले समा( धान गर्नुपर्ने देखिन्छ भने बाह्य चुनौतीहरूको निराकरणका लागि विशेषतः सरकार र राजनीतिक दलहरूको सहभागिता अनिवार्य छ। यसको लागि आयोग निम्न सुझावहरू प्रस्तुत गर्दछः–

## ११.२. सुझावहरू

### ११.२.१ नेपाल सरकारलाई

- मानवअधिकार उल्लङ्घन तथा ज्यादति भएको भनी आयोगमा पर्न आएका उजुरीहरूको सम्बन्धमा आयोगबाट गरिएको अनुगमन तथा अनुसन्धानबाट प्राप्त तथ्य/प्रमाणको आधारमा आयोगबाट गरिएका सिफारिसहरूको कार्यान्वयन गरी दण्डहीनता संस्कृतिको अन्त गरी मानवअधिकार संस्कृतिको निर्माणमा आयोगलाई सहयोग गर्न,
- राज्यद्वारा बेपत्ता बनाइएका व्यक्तिहरूको अवस्था सार्वजनिक गरी पीडित पक्षलाई न्याय दिलाउन,

- सशस्त्र द्वन्द्वको क्रममा विस्थापित बनाइएका व्यक्तिहरूलाई पुनःस्थापित गराउनको लागि आवश्यक व्यवस्था गर्न र नेकपा (माओवादी)द्वारा कब्जामा लिइएको सम्पत्ति फिर्ता गराउने व्यवस्था गर्न र विस्थापितहरूको नोक्सानी भएको सम्पत्तिको मूल्याङ्कन गरी क्षतिपूर्तिको व्यवस्था मिलाउन,
- गैरकानुनी कार्यमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याइ प्रभावकारी शान्तिसुरक्षा र सुव्यवस्था कायम गर्न,
- तराईमा सशस्त्र आन्दोलन गरिरहेका पक्षहरूसँग वार्ताको माध्यमबाट तराईमा देखिएको समस्या समाधनार्थ प्रयत्न गर्न,
- मानवअधिकार र मानवीय कानुन उल्लङ्घनका दोषीहरूलाई जवाफदेही बनाउन एवम् पीडितलाई न्याय प्रदान गर्न,
- बेपत्ता छानबिन आयोग, राष्ट्रिय शान्ति तथा पुनःर्स्थापना आयोग, सत्यनिरूपण तथा मेलमिलाप आयोग, राज्यको पुनर्संरचनासम्बन्धी आयोग, उच्चस्तरीय सुझाव आयोग लगायत विस्तृत शान्तिसम्झौता तथा नेपालको अन्तरिम संविधानले व्यवस्था गरेका आयोगहरू गठन गर्न र
- बेवारिसे अवस्थामा छाडिएका बम-विस्फोटमा परी केही स्थानमा सर्वसाधारण र बालबालिकाहरू घाइते भएको र मृत्युसमेत भएको पाइएकोले त्यस्ता कार्य हुन नदिन दुबै पक्ष (सुरक्षाकर्मी) तथा नेकपा (माओवादी)-ले तत्काल विद्युतीय धराप तथा विस्फोटक पदार्थ राखिएको स्थान पहिचान गरी निष्क्रिय गराउन।

११.२.२. **एनेकपा (माओवादी)-लाईः**

- एनेकपा (माओवादी) सरकारमा सामेल भइसकेको हुँदा सो पार्टीका कार्यकर्ताहरूले विगत तथा वर्तमान अवस्थामा पनि विभिन्न व्यक्तिको सम्पत्ति कब्जा गर्ने, विस्थापितहरूलाई पुनःस्थापित गराउन पहल नगर्नेजस्ता कार्यहरू भइरहेकोले अबिलम्व त्यस्ता कार्यहरू रोकी कानुनी राज्यको मान्यतालाई पालना गर्न,

- विस्तृत शान्तिसम्झौता सम्पन्न हुनुअघि र पछि कब्जामा लिएका चल-अचल सम्पत्तिहरू फिर्ता गर्न र
- एनेकपा (माओवादी)-ले सशस्त्र द्वन्द्वको क्रममा अपहरण गरी अवस्था अज्ञात बनाएका व्यक्तिहरूको अवस्था सार्वजनिक गरी पीडित पक्षलाई न्यायको अनुभूति दिलाउन।

११.२.३. **सशस्त्र आन्दोलनरत पक्षलाई:**

- आमसञ्चारकर्मीहरूलाई निर्भयपूर्वक समाचार सङ्कलन, सम्प्रेषण गर्ने कार्यमा कुनै पनि किसिमले अवरोध नगर्न। मानवअधिकार रक्षक, स्वास्थ्यकर्मी र एम्बुलेन्समाथि कुनै प्रकारको अवरोध नपुऱ्याउने कुराको सुनिश्चित गर्न तथा कसैलाई पनि धम्की दिने कार्य नगर्न-नगराउन,
- व्यक्तिगत तथा सार्वजनिक सम्पत्ति तोडफोड, आगजनी र लुटपाट गर्ने कार्य तत्काल बन्द गर्न,
- बारम्बार हुने बन्द-हडताल आदिको कारणबाट सर्वसाधारणको जनजीवन कष्टकर भएकाले अत्यावश्यक सेवाको आवागमनमा बाधा अवरोध उत्पन्न नगर्न नगराउन र
- आन्दोलनरत पक्षहरूबाट मानवअधिकार र मानवीय कानुनको सम्मान र पूर्ण पालना गर्न।

११.२.४. **अन्य राजनीतिक दलहरूलाई:**

- जुनसुकै विचारमा आस्था राख्ने हरेक राजनीतिक पार्टीहरूका शान्तिपूर्ण कार्यक्रमहरूमा कुनै पनि अवरोध नपुऱ्याउन,
- प्रत्येक व्यक्तिको व्यक्तिगत मर्यादाको सम्मान गर्न र
- गाउँ तहसम्म नागरिक समाज, मानवअधिकारकर्मी, स्वतन्त्र पेशाव्यवसायमा संलग्न व्यक्तिहरू लगायत राजनीतिककर्मी सम्मिलित शान्तिसमिति गठन गरी सङ्क्रमणकालीन अवस्थामा भइरहेका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई निरुत्साहित गरी शान्ति-अमनचयनको लागि सकारात्मक पहल गर्न गराउन।

❖❖❖

# अनुसूची-१ (क)

**कर्मचारीहरू**
**केन्द्रीय कार्यालय, ललितपुर**

| | | |
|---|---|---|
| ६. | श्री विशाल खनाल | सचिव |
| ७. | श्री पद्मा माथेमा | राष्ट्रिय समाधीक्षक |
| ८. | श्री यज्ञप्रसाद अधिकारी | उप-निर्देशक |
| ९. | श्री मुरारीप्रसाद खरेल | उप-निर्देशक |
| १०. | श्री शंकरनाथ अधिकारी | उप-निर्देशक |
| ११. | श्री दीपकजंगध्वज कार्की | उप-निर्देशक |
| १२. | श्री दुर्गा खड्का | उप-निर्देशक |
| १३. | श्री टीकाराम पोखरेल | उप-निर्देशक |
| १४. | श्री प्रद्युम्न कट्टेल | उप-निर्देशक |
| १५. | श्री माधव गौतम | संरक्षण अधिकृत |
| १६. | श्री सूर्यबहादुर देउजा | योजना अधिकृत |
| १७. | श्री सम्झना शर्मा | प्रबर्द्धन अधिकृत |
| १८. | श्री उमा जोशी | संरक्षण अधिकृत |
| १९. | श्री बासुदेव बजगाईं | संरक्षण अधिकृत |
| २०. | श्री मञ्जु खतिवडा | तालीम अधिकृत |
| २१. | श्री सुबोध पोखरेल | सुचना/प्रविधी अधिकृत |
| २२. | श्री जायश्वर चापागाईं | कार्यक्रम अधिकृत |
| २३. | श्री गीताकुमारी दाहाल | संरक्षण अधिकृत |
| २४. | श्री ठाकुरप्रसाद चापागाईं | मानवअधिकार अधिकृत |
| २५. | श्री श्रीराम अधिकारी | संरक्षण अधिकृत |
| २६. | श्री गणेशप्रसाद अर्याल | संरक्षण अधिकृत |
| २७. | श्री रेगम महर्जन | संरक्षण अधिकृत |
| २८. | श्री कमल थापाक्षेत्री | कार्यक्रम अधिकृत |
| २९. | श्री श्यामबाबु काफ्ले | प्रतिवेदन विश्लेषण अधिकृत |
| ३०. | श्री सुरेश मल्ल | प्रवर्द्धन अधिकृत |
| ३१. | श्री मायादेवी शर्मा | संरक्षण अधिकृत |

| | | |
|---|---|---|
| ३२. | श्री कल्पना झा | कानुन अधिकृत |
| ३३. | श्री कैलाशकुमार सिवाकोटी | प्रतिवेदन लेखन अधिकृत |
| ३४. | श्री घनश्याम भण्डारी | कर्मचारी प्रशासन अधिकृत |
| ३५. | श्री भानुभक्त आचार्य | प्रवर्द्धन अधिकृत |
| ३६.. | श्री भीमप्रकाश वली | संरक्षण अधिकृत |
| ३७. | श्री जीवन न्यौपाने | संरक्षण अधिकृत |
| ३८. | श्री दिव्यकुमार झा | अधिकृत तृतीय, निजी सहायक–माननीय सदस्य |
| ३९. | श्री गीता श्रेष्ठ | अधिकृत तृतीय, निजी सहायक–माननीय सदस्य |
| ४०. | श्री मिलनराज जोशी | अधिकृत तृतीय, निजी सहायक–माननीय सदस्य |
| ४१. | श्री लोककुमार श्रेष्ठ | अधिकृत तृतीय, निजी सहायक–माननीय सदस्य |
| ४२. | श्री तारादेवी वाग्ले | सहायक प्रथम |
| ४३. | श्री पूनम मुनाकर्मी | प्रशासन सहायक |
| ४४. | श्री जीतेन्द्र कार्की | लेखापाल |
| ४५. | श्री रारा कर्माचार्य | लेखापाल |
| ४६. | श्री सूर्यप्रसाद लामिछाने | सहायक प्रथम |
| ४७. | श्री जनकराज भट्ट | मानवअधिकार सहायक |
| ४८. | श्री खिमानन्द बस्याल | प्रशासन सहायक |
| ४९. | श्री सीता रेग्मी | प्रशासन सहायक |
| ५०. | श्री मन्दिरा श्रेष्ठ | सहायक प्रथम |
| ५१. | श्री सागर श्रेष्ठ | सहायक प्रथम |
| ५२. | श्री किशोर ढकाल | हलुका सवारी चालक |
| ५३. | श्री यादव पौडेल | हलुका सवारी चालक |
| ५४. | श्री कृष्ण बहादुर श्रेष्ठ | हलुका सवारी चालक |
| ५५. | श्री उत्तमबहादुर थापाक्षेत्री | हलुका सवारी चालक |
| ५६. | श्री विष्णु पराजुली | हलुका सवारी चालक |
| ५७. | श्री श्रीराम कार्की | हलुका सवारी चालक |
| ५८. | श्री सन्तबहादुर तामाङ | हलुका सवारी चालक |

| | | |
|---|---|---|
| ५९. | श्री सार्कीमान (माइला) तामाङ | हलुका सवारी चालक |
| ६०. | श्री नेत्रबहादुर श्रेष्ठ | कार्यालय सहायक |
| ६१. | श्री सूर्यकान्त खतिवडा | कार्यालय सहायक |
| ६२. | श्री ज्ञानेन्द्र महर्जन | कार्यालय सहायक |
| ६३. | श्री रोजीना तामाङ | कार्यालय सहायक |
| ६४. | श्री मेनुका पोखरेल | कार्यालय सहायक |
| ६५. | श्री राधा दाहाल | कार्यालय सहायक |
| ६६. | श्री इन्द्रबहादुर सुवाल | माली |
| ६७. | श्री हिरामाया महर्जन | क्लिनर |
| ६८. | श्री चन्द्रकला विष्ट | क्लिनर |
| ६९. | श्री विन्दा पाण्डे | कार्यालय सहायक |
| ७०. | श्री इन्दिरा पोखरेल | कार्यालय सहायक |
| ७१. | श्री तारा वास्तोला | कार्यालय सहायक |
| ७२. | श्री नविन्द्र लामा | कार्यालय सहायक |

**क्षेत्रीय कार्यालय विराटनगर**

| | | |
|---|---|---|
| ७३. | श्री सुवर्णकुमार कर्मचार्य | निर्देशक |
| ७४. | श्री नितु गर्तौला | संरक्षण अधिकृत |
| ७५. | श्री नन्दकिशोरप्रसाद यादव | संरक्षण अधिकृत |
| ७६. | श्री अर्जुनप्रसाद कोइराला | कानुन अधिकृत |
| ७७. | श्री बालकृष्ण पोखेल | प्रबर्द्धन अधिकृत |
| ७८. | श्री लेखराज थापामगर | प्रशासन सहायक |
| ७९. | श्री सुजन श्रेष्ठ | हलुका सवारी चालक |
| ८०. | श्री देवेन्द्र रेग्मी | कार्यालय सहायक |
| ८१. | श्री मथुरा थापा रेग्मी | कार्यालय सहायक |

**क्षेत्रीय कार्यालय जनकपुर**

| | | |
|---|---|---|
| ८२. | श्री प्रदीपकुमार झा | संरक्षण अधिकृत |
| ८३. | श्री बुद्धनारायण साहानी | मानवअधिकार अधिकृत |

| | | |
|---|---|---|
| ८४. | श्री शेरबहादुर दमाई | मानवअधिकार सहायक |
| ८५. | श्री सन्तोषकुमार मिश्र | हलुका सवारी चालक |

**क्षेत्रीय कार्यालय पोखरा**

| | | |
|---|---|---|
| ८६. | श्री अच्युत आचार्य | उप-निर्देशक |
| ८७. | श्री प्रेमबहादुर थापा | संरक्षण अधिकृत |
| ८८. | श्री बद्रीप्रसाद सुवेदी | संरक्षण अधिकृत |
| ८९. | श्री ज्योतीप्रसाद घिमिरे | संरक्षण अधिकृत |
| ९०. | श्री तेजमान श्रेष्ठ | संरक्षण अधिकृत |
| ९१. | श्री यशोदा बञ्जाडे | संरक्षण अधिकृत |
| ९२. | श्री सरिता शर्मा पराजुली | प्रबर्द्धन अधिकृत |
| ९३. | श्री मोहन काफ्ले | लेखापाल |
| ९४. | श्री विनोद परियार | प्रशासन सहायक |
| ९५. | श्री बाबुराम अर्याल | जनसम्पर्क सहायक |
| ९६. | श्री खिमलाल सुवेदी | जनसम्पर्क सहायक |
| ९७. | श्री बलराम थापाक्षेत्री | हलुका सवारी चालक |
| ९८. | श्री पवन भण्डारी | कार्यालय सहायक |
| ९९. | श्री सागर राउतक्षेत्री | कार्यालय सहायक |

**क्षेत्रीय कार्यालय नेपालगञ्ज**

| | | |
|---|---|---|
| १००. | श्री बेदप्रसाद भट्टराई | निर्देशक |
| १०१. | श्री सरिता ज्ञवाली | संरक्षण अधिकृत |
| १०२. | श्री रमेशकुमार थापा | संरक्षण अधिकृत |
| १०३. | श्री मोहनदेव जोशी | संरक्षण अधिकृत |
| १०४. | श्री पवनकुमार भट्ट | संरक्षण अधिकृत |
| १०५. | श्री हरिप्रसाद ज्ञवाली | संरक्षण अधिकृत |
| १०६. | श्री भुवन नाथ | लेखापाल |
| १०७. | श्री दीपक ठाकुर | प्रशासन सहायक |
| १०८. | श्री निमराज भट्टराई | मानवअधिकार सहायक |

| | | |
|---|---|---|
| १०९. | श्री सरस्वती नेपाली | जनसम्पर्क सहायक |
| ११०. | श्री घनबहादुर थापा | हलुका सवारी चालक |
| १११. | श्री टीकाराम अधिकारी | कार्यालय सहायक |
| ११२. | श्री सन्तोष चन्द | कार्यालय सहायक |

**क्षेत्रीय कार्यालय धनगढी**

| | | |
|---|---|---|
| ११३. | श्री कोषराज न्यौपाने | उप-निर्देशक |
| ११४. | श्री झंकरबहादुर रावल | संरक्षण अधिकृत |
| ११५. | श्री दीपेन्द्रबहादुर सिंह | मानवअधिकार अधिकृत |
| ११६. | श्री धनप्रसाद चापागाईं | लेखापाल |
| ११७. | श्री शम्भु के.सी. | प्रशासन सहायक |
| ११८. | श्री जगतराम चौधरी | हलुका सवारी चालक |
| ११९. | श्री ज्ञानेन्द्र गहतराज | कार्यालय सहायक |

**सम्पर्क कार्यालय खोटाङ्ग**

| | | |
|---|---|---|
| १२०. | श्री लोकनाथ बास्तोला | मानवअधिकार अधिकृत |
| १२१. | श्री अजितकुमार ठाकुर | मानवअधिकार सहायक |
| १२२. | श्री युवराज रिजाल | कार्यालय सहायक |

**सम्पर्क कार्यालय वुटवल**

| | | |
|---|---|---|
| १२३. | श्री चन्द्रकान्त चापागाईं | प्रबर्द्धन अधिकृत |
| १२४. | श्री अनिजकुमार परियार | प्रशासन सहायक |
| १२५. | श्री टीकाराम पन्थी | कार्यालय सहायक |

**सम्पर्क कार्यालय जुम्ला**

| | | |
|---|---|---|
| १२६. | श्री बीरबहादुर बुढामगर | संरक्षण अधिकृत |
| १२७. | श्री बलसिंह सुनार | कार्यालय सहायक |

# अनुसूची-२ (क)

## आयोगमा परेका उजुरीहरूको विवरण

| क. स. | मानवअधिकार उल्लङ्घनको विषय र आरोपित उल्लङ्घनकर्ता | २०६५ साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत | २०६६ वैसाख | जेठ | असार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अपहरण–नेकपा (माओवादी) | ३ | ३ | १ | ७ | २ | २ | ५ | | | १ | २ | २ | २८ |
| २ | बेपत्ता–सुरक्षाकर्मी | १ | १ | ३ | २ | ७ | ३ | ४ | ४ | ४ | ४ | ३ | | ३६ |
| ३ | अपहरण/स्थिति अज्ञात–अज्ञात/अन्य | ४ | ६ | २ | ५ | १ | ६ | २ | २ | ३ | ६ | ४ | ७ | ४८ |
| ४ | हत्या–सुरक्षाकर्मी/हिरासतमा मृत्यु | ३ | ८ | २ | ३ | १ | ३ | ५ | ५ | १ | | १ | २ | ३४ |
| ५ | हत्या–माओवादी | | २ | | ४ | १ | | २ | | ३ | २ | १ | | १५ |
| ६ | हत्या–अन्य | २ | २ | ५ | ६ | ✧१ | १ | | २ | १ | २ | १ | १ | २४ |
| ७ | यातना–सुरक्षाकर्मी | ५ | ९ | ७ | १ | ६ | ६ | ६ | ४ | ६ | ८ | ५ | ७ | ७० |
| ८ | यातना–माओवादी | | | | | | | | | | | | | |
| ९ | कुटपीट–सुरक्षाकर्मी | | २ | | १ | | | १ | | १ | | १ | | ६ |
| १० | कुटपीट–माओवादी | | | | | | ३ | | | | | | | ३ |
| ११ | कुटपीट/घाइते–अन्य | | १ | | | | | | | | १ | २ | | ३ |
| १२ | बम–विष्फोटन | | १ | १ | | | | | | | | | | २ |
| १३ | दुर्व्यवहार | १० | १ | २ | | २ | | | ३ | ६ | | | ८ | ३२ |
| १४ | कारागारसम्बन्धी | २ | १ | | | | | | | | | | | ३ |
| १५ | विस्थापित–माओवादी | १ | ४ | १ | ७ | २ | ४ | ५ | १ | ४ | | | २ | ३१ |
| १६ | विस्थापित–सुरक्षाकर्मी | | | | २ | | १ | १ | | | | | | ४ |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७ | विस्थापित–अन्य | | | | | | | | | | १ | १ | ३ | ५ |
| १८ | सम्पत्ति कब्जा –माओवादी | | ६ | | ८ | ४ | २ | २ | | ३ | | | २ | २७ |
| १९ | सम्पत्ति कब्जा –सुरक्षाकर्मी | | १ | | | | | १ | | | १ | | | ३ |
| २० | सम्पत्ति कब्जा –अन्य | | १ | | | | | १ | | १ | १ | | १ | ५ |
| २१ | क्षतिपूर्ति | ३ | १ | १ | | ३ | ३ | | | २ | | | १ | १४ |
| २२ | धम्की–माओवादी/वाइसीएल | ४ | १ | | २ | | १ | | | २ | २ | | १ | १३ |
| २३ | धम्की–सुरक्षाकर्मी | ५ | | | | ३ | | | १ | | २ | | | ११ |
| २४ | धम्की–अन्य/अज्ञात | | ६ | १ | २ | १ | १ | | | २ | ४ | | १ | १८ |
| २५ | कारागार/गैरन्यायिक थुना | ४ | ३ | २ | ३ | २ | | | १ | ५ | १ | १ | १ | २३ |
| २६ | नागरिक तथा राजनीतिक अधिकार | | ३ | | १ | १ | ४ | २ | | ३ | १ | २ | | १७ |
| २७ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार | ३ | ५ | | २ | ५ | २ | २ | ४ | ७ | ५ | १ | २ | ३८ |
| २८ | बालअधिकार | १ | ३ | २ | १ | ४ | ३ | २ | २ | - | - | ४ | १ | २३ |
| २९ | महिलाअधिकार | ६ | ६ | १ | ३ | १ | ४ | ४ | ३ | ६ | ३ | ५ | २ | ४४ |
| ३० | न्याय-प्रशासन | ३ | १ | १ | ४ | ९ | ११ | ३ | ४ | ४ | ६ | १ | ४ | ५१ |
| ३१ | अन्य | ४ | ३ | २ | ४ | ४ | ८ | १३ | २ | १ | २ | १ | २ | ४६ |
| | जम्मा | ६४ | ८० | ३४ | ६८ | ६० | ६८ | ६१ | ३८ | ६५ | ५३ | ३६ | ५० | ६७७ |

✧ **युथफोर्स**

# अनुसूची-२(ख)

## क्षेत्रगत र मासिक रूपमा आयोगमा परेका उजुरीहरूको विवरण

| महिना | केन्द्रीय कार्यालय | क्षेत्रीय कार्यालय | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ललितपुर | विराटनगर | जनकपुर | नेपालगञ्ज | पोखरा | धनगढी | |
| साउन | १२ | १० | ५ | १२ | २३ | २ | ६४ |
| भदौ | २३ | १० | ५ | ७ | २६ | ९ | ८० |
| असोज | १३ | २ | १ | ८ | ६ | ४ | ३४ |
| कार्तिक | २३ | १० | ९ | १२ | ११ | ३ | ६८ |
| मङ्सिर | १५ | १७ | ७ | ८ | ९ | ४ | ६० |
| पुस | २७ | १० | १० | ८ | ११ | २ | ६८ |
| माघ | ३ | ५ | ५ | २७ | ७ | १४ | ६१ |
| फागुन | १९ | ५ | | ६ | ६ | २ | ३८ |
| चैत | २३ | १२ | ३ | १२ | ११ | ५ | ६५ |
| बैशाख | १६ | ७ | ४ | ८ | १३ | ५ | ५३ |
| जेठ | ६ | ५ | २ | ९ | ९ | ५ | ३६ |
| असार | १९ | ९ | २ | १३ | ७ | | ५० |
| **जम्मा** | १९९ | १०२ | ५३ | १३० | १३८ | ५५ | ६७७ |

## सम्पर्क कार्यालयहरू

| बुटवल | जुम्ला | खोटाङ | जम्मा |
|---|---|---|---|
| ४८ | ९ | ३ | ६० |

सम्पर्क कार्यालयमा परेका उपरोक्त ६० उजुरीलाई क्रमशः क्षेत्रीय कार्यालय पोखरा ४८, नेपालगञ्ज ९ र विराटनगरमा ३ समावेश गरिएको छ।

# अनुसूची–३

## अनुगमन

### केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर

| क.स. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्यमा वा एकल रुपमा (सहकार्यमा हो भने कोसँग?) | कैफियत |
|---|---|---|---|---|---|
| १ | समग्र मानवअधिकार अवस्था | २०६५ साउन | सर्लाही, सिन्धुपाल्चोक र मकवानपुर | एकल | |
| २ | कारागार र हिरासत | २०६५ साउन | सर्लाही, सिन्धुपाल्चोक र मकवानपुर | एकल | |
| ३ | धर्ना, जुलुस, प्रदर्शन आदि | २०६५ साउन | काठमाडौं | एकल | |
| ४ | कारागार | २०६५/५/६ | महानगरीय प्रहरी परिसर, काठमाडौं | एकल | |
| ५ | अपहरण | २०६५/४/३ | चण्डोल, काठमाडौं | एकल | |
| ६ | बाढीपीडित | २०६५/४/७–९ | सुनसरी र मोरङ | एकल | |
| ७ | कारागार | २०६५/५/६ | महानगरीय प्रहरी परिसर, काठमाडौं | एकल | |
| ८ | मानवअधिकार अवस्था | २०६५/५/१७ | वीरेन्द्र सैनिक अस्पताल काठमाडौं | एकल | |
| ९ | विरोधसभा | २०६५/५/२० | माइतीघर मण्डला र बानेश्वर, काठमाडौं | एकल | |
| १० | मानवअधिकार अवस्था | २०६५/५/२४–२७ | धादिङ | एकल | |
| ११ | थुनुवा, कैदी तथा बन्दीहरूको अधिकार | २०६५ असोज | पर्सा र काठमाडौं | एकल | |
| १२ | जिल्लाको समग्र मानवअधिकार अवस्था | २०६५ असोज | काभ्रेपलाञ्चोक | एकल | |
| १३ | थुनुवा, कैदी तथा बन्दीहरूको अधिकार | २०६५ असोज | काभ्रेपलाञ्चोक | एकल | |
| १४ | कारागार शाखा, चितवन तथा बालगृहहरू | २०६५ असोज | चितवन | एकल | |
| १५ | विस्थापित | २०६५ असोज | ललितपुर | एकल | |
| १६ | आमरण अनसन | २०६५ असोज | काठमाडौं | एकल | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७ | प्रहरी हिरासत अनुगमन | २०६५ कार्तिक | काठमाडौं | एकल | |
| १८ | राष्ट्रिय भूमिअधिकार मञ्च, नेपालको धर्ना कार्यक्रम | २०६५ मङ्सिर | काठमाडौं | एकल | |
| १९ | रितेश रौनियार र आशिष मानन्धरको हत्याको विरुद्धमा भएको विरोध कार्यक्रम | २०६५ मङ्सिर | काठमाडौं | एकल | |
| २० | विद्यार्थीमाथि भएको शारीरिक सजाय | २०६५ पुस | काठमाडौं | एकल | |
| २१ | बम-विष्फोटबाट बालबालिका घाइते भएको भनिएको घटना | २०६५ पुस | मलङ्वा, सर्लाही | एकल | |
| २२ | बेपत्ता पारिएका नागरिक सार्वजनिक गर्ने सम्बन्धमा | २०६५ पुस | काठमाडौं | एकल | |
| २३ | हिमाल मिडियामाथि नेकपा (माओवादी) सम्बद्ध कार्यकर्ताबाट भएको भनिएको आक्रमण | २०६५ पुस | हात्तीबन, ललितुर | एकल | |
| २४ | घरेलु हिंसा | २०६५ फागुन | काठमाडौं | एकल | |
| २५ | तराई बन्द | २०६५ फागुन | चितवन | एकल | |
| २६ | तराई बन्द | २०६५ फागुन | बारा, पर्सा, रौतहट र सर्लाही | एकल | |
| २७ | बालअधिकार | २०६५ चैत | रौतहट र बारा | एकल | |
| २८ | बालअधिकार | २०६५ चैत | हनुमान ढोका, काठमाडौं | एकल | |
| २९ | सीता विक.लाई श्रीमानले तेजाव खन्याएको घटना सम्ब( न्धमा | २०६६ बैशाख | वीर अस्पताल, काठमाडौं | एकल | |
| ३० | महानगरीय प्रहरी वृत्त वानेश्वरका बन्दीको मानवअधिकार अवस्था | २०६६ बैशाख | काठमाडौं | एकल | |
| ३१ | २ न. प्रहरी गण, महाराजगञ्जको हिरासत अनुगमन | २०६६ बैशाख | काठमाडौं | एकल | |
| ३२ | समग्र मानवअधिकार अवस्था | २०६६ बैशाख | काठमाडौं, ललितपुर र भक्तपुर | एकल | |
| ३३ | जिल्लाको मानवअधिकार अवस्था | २०६६ बैशाख | बारा र पर्सा | एकल | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३४ | ज्येष्ठ नागरिकको अधिकारको अवस्था | २०६६ बैशाख | काठमाडौं | एकल | |
| ३५ | जिल्लाको मानवअधिकार अवस्था | २०६६ बैशाख | रामेछाप र दोलखा | एकल | |
| ३६ | जिल्लाको मानवअधिकार अवस्था | २०६६ बैशाख | काभ्रे | एकल | |

# क्षेत्रीय कार्यालयहरू

## नेपालगञ्ज

| क.स. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्यमा वा एकल रुपमा (सहकार्यमा हो भने कोसँग?) | कैफियत |
|---|---|---|---|---|---|
| १ | हिरासतको अवस्था/बन्दीप्रतिको व्यवहार | २०६५/४/२० | प्रहरी हिरासत, बाँके | एकल | |
| २ | पुनः अनुगमन | २०६५/४/२६ | प्रहरी हिरासत, बाँके | एकल | |
| ३ | दलितसँग विवाह | २०६५/४/२९ | बाँके | एकल | |
| ४ | खाद्यान्न अभाव | २०६५/४/३२ | दैलेख जिल्लाका खड्कवाडा लगायतका गाविस | संयुक्त | आर एन, याक नेपाल, खाद्य अधिकार नियोग, सिविनसँग |
| ५ | खाद्यान्न सङ्कट | २०६५/४/३२–५/३ सम्म | दैलेख | संयुक्त | मानवअधिकार सन्धि अनुगमन समिति (एचआरटीएमसीसी |
| ६ | बन्दीहरूप्रतिको व्यवहार/यातना | २०६५/५/११ | जिल्ला प्रहरी कार्यालय, दैलेख | एकल | |
| ७ | बन्धक/टेलिफोन तार चोरी | २०६५/५/१२ | जिल्ला प्रहरी कार्यालय, दैलेख | एकल | |
| ८ | जनसेना/बालबालिकाको अवस्था | २०६५/५/२२ | माओवादी सेनाको ६ नं. डिभिजन, दशरथपुर, सुर्खेत | एकल | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | जाहेरी नलिएकोमा लिन दबाब | २०६५/५/२७ | जिल्ला प्रशासन कार्यालय, बाँके | एकल | |
| १० | एचआईभी/एड्सबाट प्रभावितहरूको अधिकार र अवस्थाको अनुगमन | २०६५/७/१-११ सम्म | दैलेख | एकल | |
| ११ | समग्र मानवअधिकार अवस्था | २०६५/७/५-९ सम्म | दाङ | एकल | |
| १२ | बालअधिकार अवस्था | २०६५/७/२२ | प्युठान | एकल | |
| १३ | नेपाली काङ्ग्रेसको जनजागरण अभियानअन्तर्गत नेपालगंजमा आयोजित आमसभा | २०६५/८/७ | नेपालगञ्ज | एकल | |
| १४ | समग्र मानवअधिकार अवस्था | २०६५/९/१० | बर्दिया | एकल | |
| १५ | अपहरण | २०६५/९/१२ | बाँके | एकल | |
| १६ | कारागार | २०६५/९/२९ | बर्दिया | एकल | |
| १७ | प्रथम माघी महोत्सव | २०६५/१०/१ | वर्दियाको ठाकुरद्वार | एकल | |
| १८ | छात्रछात्रामाथि शिक्षक द्वारा कुटपीट | २०६५/१०/८ | श्री सगरमाथा ज्ञानकुञ्ज मावि रझेना, बाँके | एकल | |
| १९ | कृष्णहरि शर्मा हत्या प्रयास | २०६५/१०/१० | कोहोलपुरबाट नेपालगन्ज आउने क्रममा | एकल | |
| २० | जिल्ला वन कार्यालय/जिल्ला प्रहरी कार्यालय, बाँकेको हिरासत अवस्था | २०६५/१०/१२ | जिल्ला वन कार्यालय/ जिल्ला प्रहरी कार्यालय, बाँके | एकल | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | अल्पसंख्यक जाती चिडिमारको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्थाको अनुगमन | २०६५/१०/२८-११/५ सम्म | बाँके | एकल | |
| २२ | दलित तथा जनजाति उत्थान मञ्च, बाँकेद्धारा गरिएको रिले अन्सनको | २०६५/११/८ | बाँके | एकल | |
| २३ | प्रहरी हिरासतको अनुगमन | २०६५/११/१५ | बाँके | एकल | |
| २४ | साझा प्रकाशन तथा जनक शिक्षा सामाग्री केन्द्रको पाठ्पुस्तक भण्डारण कक्षको अनुगमन | २०६५/११/१६ | बाँके | एकल | |
| २५ | लोपोन्मुख राउटे जाती आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्थाको अनुगमन | २०६५/११/८ देखि १८ सम्म | दैलेख र अछाम | एकल | |
| २६ | थारुहट सङ्घर्ष समिति तथा बिभिन्न आदिबासी जनजातिहरूले आव्हान गरेको बन्द तथा आन्दोलनको अनुगमन | २०६५/११/१९ देखि लगातार | बाँके, बर्दिया र दाङ | एकल | |
| २७ | बाँके जिल्लाका महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज तथा वागेश्वरी बहुमुखी क्याम्पस, कोहलपुरमा स्ववियु निर्वाचनको अनुगमन | २०६५/१२/६ | बाँके | एकल | |
| २८ | मुगु जिल्लाको समग्र मानवअधिकारको अवस्था तथा भ्क्रृ च्ञ्नजतक को अनुगमन | २०६५/१२/३-९ सम्म | मुगु | एकल | |
| २९ | एस एल सी परिक्षाको अनुगमन | २०६५/१२/१२-२० सम्म | बाँके | एकल | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३० | रोल्पा क्षेत्र निर्वाचन क्षेत्र नं. २ को संविधानसभा सदस्यको उपनिर्वाचनको अनुगमन | २०६५/१२/२७-३० सम्म | रोल्पा | एकल | |
| ३१ | थरुहट सङ्घर्ष समितिद्वारा बन्दबाट नागरिकहरूको अवस्था | २०६६/१/१३ | नेपालगञ्ज | एकल | |
| ३२ | थरुहट सङ्घर्ष समितिद्वारा बन्दबाट नागरिकहरूको अवस्था | २०६६/१/१८ | बन्द प्रभावित बर्दिया जिल्लाको विभिन्न क्षेत्र | एकल | |
| ३३ | पाठ्य पुस्तक वितरण तथा आपूर्ति | २०६६/२/१ | साझा प्रकाशन तथा जनक शिक्षा सामाग्री केन्द्र, नेपालगन्ज | एकल | |
| ३४ | हिरासत र बन्दीहरूको मानवअधिकारको अवस्था | २०६६/२/१ | जिल्ला प्रहरी कार्यालय, बाँके | एकल | |
| ३५ | एनेकपा (माओवादी)-द्धारा आयोजित राष्ट्रपतिको कदमविरुद्धमा आयोजित बिरोध जुलुस तथा सभा | २०६६/२/३ | नेपालगञ्ज | एकल | |
| ३६ | २२ नाकाबाट विस्थापित भएर सतबरियामा बसेका भनिएका नागरिकहरूको सम्बन्धमा | २०६६/२/२१ | दाङ | एकल | |
| ३७ | थारुवान मुक्तिमोर्चाद्वारा बन्द कार्यक्रम | २०६६/२/२२ | दाङ | एकल | |
| ३८ | मधेशी जनअधिकार फोरमले आयोजना गरेको तराई बन्दमा मानवअधिकारको अवस्था | २०६६/२/२५ | नेपालगञ्ज | एकल | |
| ३९ | लक्ष्मणपुर बाँध पीडितहरूद्धारा जिल्ला प्रशासन कार्यालय बाँकेमा ज्ञापनपत्र बुझाउने कार्यक्रम सम्बन्धमा | २०६६/२/३१ | नेपालगञ्ज | एकल | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४० | एनेकपा माओवादीद्धारा राष्ट्रपतिको कदमका विरुद्धमा विरोधस्वरूप जिल्ला प्रशासन घेराउ सम्बन्धमा | २०६६/३/७ | नेपालगञ्ज, बाँके | एकल | |
| ४१ | गौरव कृष्ण रस्तोगीको अज्ञात समूहद्धारा अपहरण सम्बन्धमा | २०६६/३/८ र ११ | नेपालगञ्ज, बाँके | एकल | |

## विराटनगर

| क.स. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्यमा वा एकल रुपमा (सहकार्यमा हो भने कोसँग?) | कैफियत |
|---|---|---|---|---|---|
| १ | समग्र मानवअधिकार अवस्था | ०६५/४/१९-२९ | सप्तरी, सिरहा र उदयपुर | एकल रूपमा | |
| २ | कोसी बाढीपीडित | ०६५/५/२ | सप्तरी | एकल | |
| ३ | कोसी बाढीपीडित | ०६५/५/५ | लौकही/इनरुवा, सुनसरी | एकल | |
| ४ | कोसी बाढीपीडित | ०६५/५/७ | लौकही/इनरुवा, सुनसरी | एकल | |
| ५ | कोसी बाढीपीडित | ०६५/५/८ | सुनसरी | एकल | |
| ६ | युथफोर्स र वाईसीएल बीच भीडन्तको अनुगमन | ०६५/५/१७ | धनकुटा | एकल | |
| ७ | बेलबारी प्रहरी हिरासत | ०६५/५/३० | बेलबारी, मोरङ | एकल | |
| ८ | प्रहरी हिरासत | ०६५/६/१ | जिल्ला प्रहरी कार्यालय, मोरङ | एकल | |
| ९ | मोरङ जिल्लामा सञ्चालित बालगृहहरूको अवस्था | ०६५/६/८ | मोरङ | एकल | |
| १० | कोसी पीडित बालबालिकाको बालअधिकार अवस्था | २०६५/७/६-९ | सुनसरी र सप्तरी | एकल | |
| ११ | मानवअधिकार अवस्था | ०६५/८/११-१४ | धनकुटा | एकल | |
| १२ | मानवअधिकार अवस्था | २०६५ मङ्सिर | सप्तरी, सिराहा र मोरङ | एकल | |
| १३ | मानवअधिकार अवस्थाका बारेमा | २०६५/९/९ र १८ | सुनसरी | एकल | |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | विस्थापितको अधिकार | २०६५/१०/१०-१२ | झापा | एकल | |
| १५ | विस्थापितको अधिकार | २०६५ माघ | उदयपुर | एकल | |
| १६ | बन्द, हड्ताल तथा सुरक्षाकर्मीहरूद्वारा बल प्रयोग भएनभएको सम्बन्धमा | २०६५/११/९ | इनरुवा, सुनसरी | एकल | |
| १७ | मानवअधिकार अवस्था सम्बन्धमा | २०६५/११/१२ | धरान, सुनसरी | एकल | |
| १८ | बन्द, हड्ताल तथा सुरक्षाकर्मीहरूद्वारा बल प्रयोग भएनभएको सम्बन्धमा | २०६५/११/२२-२४ सम्म | सिरहा | ओएचसीएचआर र आयोग | |
| १९ | संविधानसभा उपनिर्वाचनको लागि उम्मेद्वारको मनोनयन | २०६५/१२/१ | बिराटनगर, मोरङ | एकल | |
| २० | सभासदद्वारा सिजुवास्थित सौँठा माविमा गरिएको जनमत सङ्कलन | २०६५/१२/०३ | सिजुवा, मोरङ | एकल | |
| २१ | सभासदद्वारा नरग्राम मावि टङ्किसिनुवारी र सरस्वती मावि झोराहाटमा गरिएको जनमत सङ्कलन | २०६५/१२/४ | झोराहाट र टङ्कीसिनुवारी, मोरङ | एकल | |
| २२ | स्ववियू निर्वाचन | २०६५/१२/६ | विराटनगर, मोरङ | एकल | |
| २३ | जीवनको अधिकार (हत्या) | २०६५/१२/८-१० | झापा | एकल | |
| २४ | सम्पत्तिसम्बन्धी अधिकार | २०६५/१२/१३ | मोरङ | एकल | |
| २५ | मोरङ जिल्लाको क्षेत्र नं. ५ मा संविधानसभा उपनिर्वाचनको पूर्वावस्था | २०६५/१२/२२ | मोरङ | एकल | |
| २६ | मोरङ जिल्लाको क्षेत्र नं. ५ मा संविधानसभा निर्वाचन | २०६५/१२/२८ | मोरङ | एकल | |
| २७ | जिल्लाको मानवअधिकारको अवस्था | २०६६/१/१५-२२ सम्म | ओखलढुङ्गा | एकल | |
| २८ | बन्द, हड्ताल तथा सुरक्षाकर्मीहरूद्वारा बल प्रयोग भएनभएको सम्बन्धमा | २०६६/०१/१३-१६ सम्म | उदयपुर | एकल | |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | बन्द, हड्ताल तथा सुरक्षाकर्मीहरूद्वारा बल प्रयोग भएनभएको सम्बन्धमा | २०६६/१/१९-२० सम्म | सुनसरी | एकल | |
| ३० | सूचनाको अधिकार तथा समग्र मानवअधिकार अवस्था | २०६६/१/२५-२७ सम्म | सप्तरी | एकल | |

**जनकपुर**

| क.स. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्यमा वा एकल रुपमा (सहकार्यमा हो भने कोसँग?) | कैफियत |
|---|---|---|---|---|---|
| १ | मानवअधिकार अवस्था | २०६५/०४/२५ | धनुषा | एकल | |
| २. | प्रहरी हिरासत | २०६५/४/१४ | धनुषा | एकल | |
| ३. | मानवअधिकार अवस्था | २०६५/४/ ३१ | हंसपुर कठपुल्ला गाविस-१, धनुषा | एकल | |
| ४ | जीवनको अधिकार (हत्या) | २०६५/४/२९ | महोत्तरी | एकल | |
| ५. | मानवअधिकार अवस्था | २०६५/४/२८ | धनुषा | एकल | |
| ६ | जीवनको अधिकार (अपहरण) | २०६५/६/२,३, ५ र १० | महोत्तरी | एकल | |
| ७ | अवस्था (बम-विष्फोटको) | २०६५/७/६ | धनुषा | एकल | |
| ८ | बन्द/हड्ताल | २०६५/७/२९ | धनुषा | एकल | |
| ९ | मानवअधिकार अवस्था | २०६५/७/४ | धनुषा | एकल | |
| १० | मानवअधिकार अवस्था | २०६५/७/५ | धनुषा | एकल | |
| ११ | मानवअधिकार अवस्था | २०६५ /७/२४ | धनुषा | एकल | |
| १२ | मानवअधिकार अवस्था (बन्दको अनुगमन) | २०६/८/९ ,१० र ११ | धनुषा | एकल | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | अवस्था अनुगमन (सरकारले एकीकृत सेवा केन्द्र खोल्ने भनी गरेको निर्णयविरुद्ध भएका बन्द, हड्ताल तथा अन्य विरोध कार्यक्रम) | २०६५ पुस | महोत्तरी, सर्लाही, रौतहट र बारा | एकल | |
| १४ | प्रहरी हिरासत | २०६५/१०/१७ र २२ | धनुषा | एकल | |
| १५ | आमरण अनसन | २०६५/११/२३ | धनुषा | एकल | |
| १६ | कैदीको आमरण अनसन | २०६५/११/२६ | महोत्तरी | एकल | |
| १७ | संविधानसभा उप-निर्वाचनमा मानवअधिकार अवस्था | २०६५/१२/१५–२९ सम्म | धनुषा | एकल | |
| १८ | संविधानसभाको उपनिर्वाचनमा नेकपा मालेका तर्फबाट उठेका उम्मेदवारको अपहरण सम्बन्धमा | २०६५/१२/२९ | धनुषा | एकल | |
| १९ | रायसङ्कलन प्रक्रिया | २०६५/१२/५ | धनुषा र महोत्तरी | एकल | |
| २० | हत्या | २०६५/१२/२१ | हरिहरपुर गाविस, धनुषा | एकल | |
| २१ | सुरक्षा अवस्था | २०६५/१२/२२, | माचि भिट्कैया गाविस, धनुषा | एकल | |
| २२ | बालअधिकार अवस्था | २०६६ जेठ | धनुषा, महोत्तरी, सर्लाही र रौतहट | एकल | |
| २३ | विस्थापितको अधिकार | २०६६/३/१२-१४ | सर्लाही र सिन्धुली | एकल | |
| २४ | समग्र मानवअधिकार अवस्था | २०६६/३/२३-२५ | रौतहट | एकल | |

**धनगढी**

| क.स. | अनुगमनको विषय | अनुगमन मिति | अनुगमन स्थान | सहकार्यमा वा एकल रुपमा (सहकार्यमा हो भने कोसँग?) | कैफियत |
|---|---|---|---|---|---|
| १ | मानवअधिकार अवस्था | २०६५/४/२७-३२ | डडेल्धुरा र डोटी | एकल रूपमा | |
| २ | बाढीपीडितहरूको मानवअधिकार अवस्था | ०६५/६/४-६ | कैलाली | एकल | |

| | | | | | |
|---|---|---|---|---|---|
| २३ | मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनमा राष्ट्रिय संस्थाहरूको भूमिका सम्बन्धी बैठक | २०६५ /१२/३१ | आयोगको सभाहल | मानवअधिकार संरक्षण र सम्बर्द्धनमा सघाउन राष्ट्रिय संस्थाहरूबीच सहकार्य र सहयोग क्षेत्र पहिचान गर्ने। | उद्देश्यअनुसार कार्यक्रम सम्पन्न भएको। | राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग, केन्द्रीय बालकल्याण स, आदिबासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४ | वृहत मानवअधिकार अभियान २०६६ का सम्बन्धमा के कसरी सफलतापूर्वक सम्पन्न गर्न सकिन्छ भन्ने सन्दर्भमा सरोकारवालाहरू सँग छलफल | २०६५/१२/२८ | आयोगको सभाहल | बृहत् मानवअधिकार अभियान २०६६ का सम्बन्धमा छलफल गरी सुझाव एवम् सल्लाह सङ्कलन गर्ने। | विभिन्न सल्लाह एवम् सुझावहरू प्राप्त भएको। | मानवअधिकारसँग सरोकार राख्ने सङ्घसंस्था, नागरिक समाज एवम् पेशागत सङ्घसंस्थाका प्रतिनिधि | |
| २५ | बालबालिका अपहरणसम्बन्धी विषयमा छलफल कार्यक्रम | २०६६/१/ २० | काठमाडौं | बालबालिका अपहरण रोक्ने सम्बन्धमा छलफल गर्ने। | उद्देश्यअनुरूप कार्यक्रम सम्पन्न भएको। | गृह, परराष्ट्र, महिला तथा बालबालिका मन्त्रालय, प्रहरी प्रधान कार्यालय, केन्द्रीय बालकल्याण समिति, महानगरीय प्रहरी परिसर, जावलाखेल, प्रहरी ईन्टरपोल शाखाका प्रतिनिधि | |
| २६ | मानवअधिकार शिक्षा अभिमुखीकरण तथा अन्तर्क्रिया | २०६६/१/२१ | रसुवा | विद्यालयमा मानवअधिकार शिक्षाको अवस्था बारेमा जानकारी लिने र शिक्षक- शिक्षिकाहरूको मानवअधिकार सम्बन्धमा ज्ञान, अभिवृद्धि तथा प्रयोग अध्ययन गर्ने, जिल्लास्तरमा सहकार्य एवम् समवन्वय गर्ने। | जिल्लास्थित विभिन्न सरोकारवालाहरूसँग भेटघाट तथा मानवअधिकार शिक्षा सम्बन्धमा अनुभव आदानप्रदान भएको। | सरकारी तथा गैससका प्रतिनिधि, शिक्षक/शिक्षिका, स्रोत व्यक्ति र पत्रकारहरू | |

## क्षेत्रीय कार्यालयहरू

### नेपालगञ्ज

| क.स | बैठक/छलफल/अन्तरक्रियाको विषय वा नाम | मिति | स्थान | उद्देश्य | उपलब्धी | लक्षित समुदाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | छलफल | २०६५/४/२४ | आयोगको कार्यालय | विगत ९ दिनदेखि बन्द विद्यालय खुलाउन पहल गर्ने। | बन्द विद्यालय खोल्न सामूहिक धारणा निर्माण हुनुको साथै आयोजकहरूलाई सामूहिक दबाब पुग्न गएको। | विद्यार्थीहरू | |
| २ | मानवअधिकाका लागि सञ्चार विषयक अन्तरक्रिया | २०६५/४/२९ | आयोगको कार्यालय | सञ्चार र मानवअधिकारको विषयमा अनुभव आदानप्रदान साथै सहकार्य गर्ने। | भावी दिनमा उद्देश्यअनुरूप कार्य सम्पन्न गर्न सहज परिस्थिति निर्माण। | नेपालगञ्जस्थित वरिष्ठ पत्रकार तथा आयोगका कर्मचारीहरू | |
| ३ | भूमिहीन, सुकुम्बासी, मुक्त कमैया, हलिया तथा सम्पत्ति कब्जामा परेकाहरूको स्थिति र समाधानका उपायहरूको बारेमा छलफल | २०६५/६/५ | क्षेका कार्यकक्ष | सरोकारवालाहरूसँग छलफल गरी समस्या पहिचान गर्ने | उद्देश्यअनुरूप कार्य सम्पन्न गरिएको। | आयोग, संयुक्त राष्ट्रसङ्घ आवास कार्यक्रम तथा ओचाका प्रतिनिधिहरू | |
| ४ | समग्र मानवअधिकारको अवस्था अर्न्तक्रिया | २०६५/६/६ | तुलसीपुर, घोराही, दाङ | मानवअधिकार अवस्थाबारेमा छलफल गर्ने । | उद्देश्यबमोजिम कार्य सम्पन्न। | स्थानीय गैससहरू,राजनीतिक दलका प्रतिनिधिहरू, सरकारी कर्मचारी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | समग्र मानवअधिकारको अवस्था अर्न्तकिया | २०६५/७/६ | रोल्पा | मानवअधिकार अवस्थाबारेमा प्रकाश पार्ने। | उद्देश्यबमोजिम कार्य सम्पन्न। | स्थानीय गैससहरू, राजनीतिक दलका प्रतिनिधिहरू, सरकारी कर्मचारी | |
| ६ | ६० औं अन्तराष्ट्रिय मानवअधिकार दिवस मनाउने सम्बन्धमा छलफल | २०६५/७/१८ | क्षेका कार्यकक्ष | कार्यक्रम सम्पन्न गर्ने बारेमा छलफल गर्ने। | उद्देश्यबमोजिम कार्य सम्पन्न। | स्थानीय गैससहरू, राजनीतिक दलका प्रतिनिधिहरू, सरकारी कर्मचारी | |
| ७ | १९औं अन्तराष्ट्रिय बालअधिकार दिवसको सन्दर्भमा बाँकेस्थित बिभिन्न गाविसका बाल( क्लब तथा बालक्लब सञ्जालका बालबालिकाहरूसँग अन्तर्क्रिया | २०६५/८/५ | क्षेका हल | नयाँ बन्ने संविधानमा बालअधिकारको सुनि( श्चतताका सम्बन्धमा बालबालिकाबाट उत्तर खोज्ने। | उद्देश्यबमोजिम कार्य सम्पन्न। | बालबालिकाहरू | |
| ८ | आयोगका कर्मचारी तथा मानवअधिकार रक्षकहरूद्धारा रक्तदान कार्यकम | २०६५/८/२३ | नेपालगंज | ६०औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाउने। | ६२ जनाले रक्तदान गरि मानवअधिकार रक्त समूह गठन गरिएको। | मानवअधिकारकर्मीहरू | |
| ९ | आयोगका कर्मचारी तथा मानवअधिकार रक्षकहरूसहितको सहभागितामा मानवअधिकार म्याराथुन तथा वृहत चियापान, प्रकाशनहरू वितरण कार्यकम। | २०६५/८/२५ | नेपालगञ्ज | ६०औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाउने। | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १० | मानवअधिकाको अवस्था तथा मानवअधिकार उल्लङ्घनका विभिन्न घटनाको बारेमा छलफल | २०६५/१०/२ | आयोगको कार्यालय | मानवअधिकार तथा शान्तिसुरक्षाको अवस्था सम्बन्धमा छलफल एवम् शान्तिसुरक्षाको अवस्था मजबुद बनाउन निर्देशन दिने। | मानवअधिकारको सम्मान र शान्तिसुरक्षाको स्थिति मजबुत बनाउन थप सचेतताको लागि सहयोग पुगेको। | बाँकेका प्रजिअ, प्रहरी उपरीक्षक र आयोगका निर्देशक एवम कर्मचारीहरू | |
| ११ | बाँकेका प्रजिअ गणेश खत्रीको आपत्तिजनक व्यवहार सम्बन्धमा छलफल | २०६५/१०/३ | आयोगको कार्यालय | प्रजिअको आपत्तिजनक व्यवहारबारे नेपालगन्जस्थित मानव( अधिकाकर्मी तथा पत्रकारको साझा अवधारणा बनाउने। | साझा अवधारणा तय भएको। | आयोगका कर्मचारी, नेपालगञ्जस्थित कार्यरत पत्रकार एवम् मानवअधिकारकर्मीहरू | |
| १२ | "कर्नालीको मानवअधिकारको अवस्था,आयोगको अनुगमनबाट पर्न गएको सकारात्मक प्रभाव र किडार्कको भूमिका" छलफल | २०६५/१०/६ | किडार्क कार्यालय, नेपालगन्ज | कर्नालीको मानवअधिकारको अवस्थामा थप सुधार ल्याउने र किडार्कसँग थप सहकार्यमा जोड दिने। | उद्देश्यअनुरूप छलफल भएको र भावी दिनमा सहकार्य गर्न सहयोग आधार तय। | आयोग/किर्डाका कर्मचारी र पत्रकार एवम् मानवअधिकारकर्मीहरू | |
| १३ | मानवअधिकार र शान्तिसुरक्षाको स्थिति विषयक छलफल | २०६५/१०/१२ | आयोगको कार्यालय | मानवअधिकार र शान्तिसुरक्षाको स्थितिमामा थप सुधारका उपाय अवलम्बन गर्न मार्ग पहिचान गर्ने। | छलफलबाट उद्देश्यपूर्तिका लागि केही सहयोग पुग्न गएको। | सुरक्षा निकाय, मानवअधिकारकर्मी, नागरिकसमाजका प्रतिनिधिहरू | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | मध्यपश्चिममा मानवअधिकारको अवस्था विषयक छलफल | २०६५/१०/१४ | आयोगको कार्यालय | मानवअधिकारको अवस्था मूल्याङ्कन गरी थप सुधारका उपाय अवलम्बन गर्ने। | उद्देश्यअनुरूप विभिन्न सुझावहरू प्राप्त भएको। | सुरक्षा निकाय, मानवअधिकारकर्मी, नागरिकसमाजका प्रतिनिधिहरू | |
| १५ | "वन्यजन्तु शिकारको अभियोगमा गुलरिया कारागारमा रहेका कैदी तथा थुनुवाहरूको अवस्था" छलफल | २०६५/१०/६ | वर्दिया राष्ट्रिय निकुञ्ज, वर्दिया | कैदी तथा थुनुवाहरूप्रति मानवोचित व्यवहारको लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउने। | उद्देश्यबमोजिम कार्य गर्न सहयोग पुगेको। | कैदी, थुनुवा तथा कर्मचारीहरू | |
| १६ | मध्यपश्चिम क्षेत्रमा बेपत्ता पारिएका भनिएकाहरूको सम्बन्धमा आयोगको अनुसन्धान प्रक्रिया सम्बन्धमा छलफल | २०६५/११/११ | क्षेका नेपालगञ्ज | बेपत्तासम्बन्धी अनुसन्धानलाई सरलीकरण गर्ने र अनुभव आदानप्रदान गर्ने। | बेपत्तासम्बन्धी अनुसन्धानलाई सरलीकरण गरिएको र अनुभव आदानप्रदान गरिएको। | प्रोटेक्सन डेस्क र आयोग क्षेका नेपालगञ्ज | |
| १७ | ९९ औं अन्तराष्ट्रिय नारी दिवसको अवसरमा अन्तर्क्रिया तथा दीप प्रज्वलन | २०६५/११/२५ | घोराही, दाङ | अन्तर्राष्ट्रिय नारी दिवस मनाउने। | भव्यताका साथ नारी दिवस मनाइएको। | सभासद, राजनैतिक दलका प्रतिनिधिहरू, मानवअधिकारकर्मी, पत्रकार | |
| १८ | नेपालगञ्जमा उद्योगी व्यापारीमाथि चन्दाआतङ्क बढेको सम्बन्धमा छलफल | २०६५/१२/१६ | औद्योगिक क्षेत्र व्यवस्थापन लि., नेपागञ्ज | चन्दाआतङ्कलाई निरुत्साहित तुल्याई व्यवसाय सञ्चालनको सहज वातावरण तय गर्न सहयोग पुऱ्याउने। | आयोगले आफूले गरेका कार्यविवरण राख्नुको साथै छलफलबाट थप अगाडि बढ्न सहयोग पुगेको। | आयोगका कर्मचारी र व्यापारीहरू | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १९ | अपाङ्ग समाज सुर्खेतका सचिव वुद्धिप्रसाद शर्मालाई दुर्व्यवहार गरिएको भनिएको घटनाका सम्बन्धमा छलफल | २०६५/१२/१७ | सुर्खेत | घट्नाको विवरण लिई आवश्यक परेमा थप कारबाही अगाडि बढाउने। | घट्नासम्बन्धी कारबाही अगाडि बढाउन सहयोग पुगेको। | अपाङ्ग क्षेत्रका कर्मीहरू | |
| २० | मानवअधिकार अवस्थाका बारेमा छलफल | २०६५/१२/२४ | आयोगको कार्यालय | घट्नाको सम्बन्धमा विस्तृत जानकारी लिने र आवश्यक कारबाहीको लागि अगाडि बढ्ने। | घट्नाको बारेमा सम्बन्धित पक्षसँग भएको छलफलबाट सम्बन्धित पक्ष आफ्नो कर्तव्यप्रति थोरैमात्रामा भए पनि सचेत हुन पुगेको। | आयोगका क्षे. नि., मधेशी जनअधिकार फोरम बाँके र उद्योग वाणिज्य महासङ्घ, बाँके | |
| २१ | थरुहट सङ्घर्ष समितिले गरेको आमहडताल तथा अनिश्चितकालीन बन्दको विषयमा छलफल | २०६६/१/९ | बेसको कार्यालय, नेपालगञ्ज | बन्दहड्ताल खुलाई सर्वसाधारणको अधिकार सुरक्षित गर्ने। | छलफल गरी आफ्नो अधिकार प्रयोग गर्दा अरुको अधिकार सम्मान गर्न आग्रह एवम् सचेत गराइएको। | सङ्घर्ष समितका संयोजक एवम् सम्बद्ध व्यक्तिहरू | |
| २२ | थरुहट सङ्घर्ष समितिद्वारा आयोजित बन्दबारे छलफल | २०६६/१/१८ | बर्दिया | बन्दले पारेको प्रभावबारेमा बर्दिया जिल्लाका स्थानीय मानवअधिकारकर्मीहरू तथा बाणिज्य सङ्घका अध्यक्षसँग छलफल गरी भावी कार्यक्रम तय गर्ने। | उद्देश्यअनुरूप कार्य सम्पन्न भएको। | बन्द आयोजक | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २३ | थरुहट सङ्घर्ष समितिको बन्दबाट परेको प्रभावका सम्बन्धमा छलफल | २०६६/१/२० | आयोगको कार्यालय | बन्द आयोजकसँग बन्दले पारेको प्रभावसम्बन्धमा छलफल गरी भावी कार्यक्रम तय गर्ने। | उद्देश्यअनुरूप कार्य सम्पन्न भएको। | बन्दआयोजक | |
| २४ | आयोग र स्थानीय मानवअधिकारकर्मीहरूबीच छलफल | २०६६/१/२१ | आयोगको कार्यालय | आगामी दिनहरूमा हुनसक्ने मानवअधिकार हनन्का घटनाहरूमा कसरी सहकार्य गर्न सकिन्छ ? | छलफलबाट उद्देश्यअनुरूप कार्य गर्न सहयोग पुगेको। | मानवअधिकारकर्मीहरू | |
| २५ | मानवअधिकार अवस्था सम्बन्धमा छलफल | २०६६/१/३० | आयोगको कार्यालय | मानवअधिकार अवस्थाका बारेमा छलफल गरी निष्कर्षमा पुग्ने | उद्देश्यअनुरूप कार्य गर्न केही सहयोग पुगेको। | प्रजिअ/जिल्ला प्रहरी कार्यालय/पीडित परिबार | |
| २६ | मानवअधिकार अवस्थाका बारेमा छलफल | २०६६/१/३० | आयोगको कार्यालय | चन्दाआतङ्क र शान्तिसुव्यवस्थाको अवस्था सम्बन्धमा छलफल गरी अगाडि बढ्ने | उद्देश्यअनुसार छलफलका क्रममा विभिन्न सुझावहरू प्राप्त भएकोले कार्य गर्न सहज भएको। | नेपालगञ्ज उद्योग बाणिंज्य सङ्घ/व्यवसायीहरू | |
| २७ | नर्वेजियन शरणार्थी परिषद्का गतिविधि, आयोगसँगको सम्बन्ध तथा विस्थापितको अवस्थाबारेमा छलफल | २०६६/२/११ | नेपालगञ्ज | आअफ्ना गतिविधिबारे प्रकाश पारी, विस्थापितहरूको सम्बन्धमा गर्न सकिने साझा कार्यक्रम तय गर्ने। | उद्देश्यअनुसार सहकार्यमा कार्य सम्पन्न भएको। | आयोग कर्मचारी, पीडित विस्थापित र नर्वेजियन शरणार्थी परिषदका कर्मचारहरू | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २८ | मध्यपश्चिममा मानवअधिकारको अवस्था र आयोगका गतिविधि विषयक अन्तक्रिया | २०६६/२/१३ | नेपालगञ्ज | आयोगको भावी योजना, सम्पन्न गतिविधि एवम् मानवअधिकारको अवस्थाबारे जानकारी गराउने र अरुको धारणा लिने। | अन्तर्कियामार्फत आयोगका गतिविधि, भावी योजनाबारे प्रकाश पारिएको। | सरकारी, गैरसरकारी संस्थाका प्रतिनिधि, सञ्चारकर्मी, मानवअधिकारकर्मी, सर्वसाधारण | |
| २९ | यातना दिवस संयुक्त रूपमा मनाउने सम्बन्धमा आयोग, इन्सेक, वकालत मञ्च र ओएचसीएचआरसँग छलफल | २०६६/३/५ | क्षेकाको कार्यकक्ष | यातना विरुद्धको दिवस कसरी मनाउने भन्ने सम्बन्धमा | संयुक्त रूपमा मनाउने निर्णय भएको | आयोग, इन्सेक, वकालत मञ्च र ओएचसीएचआर | |
| ३० | बलत्कार भएको भनीएको घटनाको सम्बन्धमा आयोग, इन्सेक, वकालत मञ्च, सिविन र प्लान नेपालबीच छलफल | २०६६/३/६ | क्षे.का. नेपालगञ्जको कार्यकक्ष | संयुक्त रूपमा कार्य गर्ने सम्बन्धमा | संयुक्त रूपमा कार्य गर्न सहमत भएको | आयोग, इन्सेक, वकालत मञ्च, सिविन र प्लान नेपाल | |
| ३१ | उद्योग व्यापार सङ्घ, मधेशी जनअधिकार फोरम तथा आयोग बीच समसामयिक विषयमा छलफल | २०६६/३/१० | क्षेकाको कार्यकक्ष | अवस्था जानकारी लिने | जानकारी लिइएको। | उद्योग व्यापार सङ्घ, मधेशी जनअधिकार फोरम तथा आयोग | |
| ३२ | अन्तराष्ट्रिय यातनाविरुद्धको दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम | २०६६/३/१२ | सिद्धार्थ कटेज, नेपालगञ्ज | यातानाका विविध पक्षमा छलफल गर्ने। | उद्देश्यबमोजिम कार्य सम्पन्न भएको। | स्थानीय गैससहरू, राजनीतिक दलहरू, सरकारी निकायका प्रतिनिधिहरू, | |

## विराटनगर

| क.स | बैठक/छलफल/अन्तरकियाको विषय वा नाम | मिति | स्थान | उद्देश्य | उपलब्धी | लक्षित समुदाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रहरि हिरासतमा स्वाथ्य परिक्षण कार्यशाला गोष्ठीको निष्कर्ष बैठक | २०६५/४/१० | विराटनगर | स्थानीय प्रशासन, सुरक्षा निकाय र न्यायिक प्रशासन, पदाधिकारी र स्वास्थ्यकर्मीलाई सुधारको लागि ध्यानाकर्षण गराउने। | समस्या पहिचान गरी आवश्यक नीतिनिर्माण गर्ने तथा सुधारको लागि पहल गर्न प्रतिबद्धता जाहेर। | स्थानीय प्रशासन, सुरक्षा निकाय न्यायिक प्रशासन, जनस्वास्थ्यका पदाधिकारीहरू | |
| २ | मानवअधिकारमा आधारित विकास र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरक्षणमा आयोगको भूमिका विषयक छलफल कार्यक्रम | २०६५/४/१५ | विराटनगर | आयोगका कर्मचारी र स्थानीय मानवअधिकार कर्मीहरूलाई जानकारी गराउने। | उद्देश्यबमोजिम कार्य सम्पन्न भएको। | आयोगका कर्मृचारी र स्थानीय मानवअधिकारकर्मीहरू | |
| ३ | मानवअधिकार र जेष्ठ नागरिकको अधिकार अन्तरकिया कार्यक्रम | २०६५/४/२५ | विराटनगर | जेष्ठ नागरिकको संस्थाका सदस्यहरूलाई मानवअधिकार, जेष्ठ नागरिक र राज्यको दायित्वबारे जानकारी गराउने। | उद्देश्यबमोजिम कार्य सम्पन्न भएको। | सुनसरी झुम्कामा नवगठित संस्थाका १५ जना पदाधिकारी र ५ गा.वि.स का ६० जना जेष्ठ नागरिकहरू | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | बालअधिकारसम्बन्धी अर्न्तकिया कार्यक्रम | २०६५/६/१८ | ओखलढङ्गा | बालअधिकारसम्बन्धी जानकारी गराउने। | बालअधिकारसम्बन्धी शिक्षक-शिक्षिका र नागरिक समाजमा उत्पन्न भ्रम निवारण गर्न केही हदसम्म सफल। | शिक्षक शिक्षिका र नागरिक समाजका प्रतिनिधि, प्रहरी, पीडित र पीडकपक्ष | |
| ५ | मानवअधिकारको अवस्था तथा मानवअधिकार रक्षकको भूमिका अन्तरकिया | २०६५/७/३० | झपा, दमक | मानवअधिकार अवस्थाको बारेमा जानकारी लिने। | त्यस क्षेत्रको मानवअधिकार अवस्थाको बारेमा जानकारी भएको। | मानवअधिकार रक्षकहरू | |
| ६ | मानवअधिकार : राज्यको दायित्व र आयोगको भूमिका छलफल | २०६५/८/२७ | विराटनगर | मनवअधिकारसम्बन्धी राज्यको विषयमा जानकारी गराउने। | उद्देश्यबमोजिम कार्य सम्पन्न भएको। | सरकारी कार्यालयका कार्यालय प्रमुखहरू | |
| ७ | बालअधिकारसम्बन्धी अन्तरकिया कार्यक्रम | २०६५/८/ १२–१४ सम्म | धनकुटा जिल्लाको विभिन्न ४ विद्यालय | विद्यालय स्तरमा मानवअधिकार र बालअधिकारसम्बन्धी जानकारी गराउने। | शिक्षक शिक्षिकाहरूलाई मानवअधिकार र बालअधिकारसम्बन्धी सचेतन गराउन सफल। | शिक्षक- शिक्षिका र व्यवस्थापन समितिका सदस्य | |
| ८ | संविधान निर्माण प्रकृयामा अपाङ्गता भएका व्यक्तिहरूको सवाल र सहभागिता अन्तकिया | २०६५/८/१९ | राजविराज | नयाँ बन्ने सम्विधानमा अपाङ्गता भएका व्यक्तिहरूका सवालहरू र अधिकारहरूको प्रत्याभूतिका लागि वकालत गर्ने। | अपाङ्गता भएका व्यक्तिहरूका स्थानीय समस्याहरू सङ्कलन गरी प्रमुख जिल्ला अधिकारीसँग छलफल र प्रमुख जिल्ला अधिकारीबाट समाधान गर्ने प्रतिबद्धता प्राप्त भएको। | अपाङ्गसम्बन्धी विभिन्न सङ्घ-संस्थाका प्रतिनिधि तथा अपाङ्गता भएका व्यक्तिहरू | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | शैक्षिक क्षेत्रमा मानवअधिकारका सवाल विषयक अन्तर्क्रिया कार्यक्रम | २०६५/८/२६ | विराटनगर | सामाजिक र सांस्कृतिक अधिकार र आयोगको भूमिकाबारे जानकारी गराउने। | उद्देश्यअनुरूप कार्य सम्पन्न भएको। | शिक्षा क्षेत्रसँग सम्बद्ध नेतृत्वबग | |
| १० | मानवअधिकार शिक्षा र हाम्रो भूमिका विषयक अन्तर्क्रिया | २०६५/१०/११ | गौरादह, झापा | स्थानीय व्यक्तिहरूलाई मानवअधिकार र राष्ट्रिय मानवअधिकार आयोगको बारेमा जानकारी दिने। | लक्षित समुदायलाई मानवअधिकार र राष्ट्रिय मानवअधिकार आयोगको बारेमा जानकारी दिन सफल। | क्याम्सका प्राध्यापकहरू, विभिन्न विद्यालयका शिक्षकहरू, स्थानीय बुद्धीजीवी | |
| ११ | मुस्लिम समूदाय र संधिानसभा अन्तरकिया | २०६५/११/०९ | बिराटनगर, मोरङ | संविधानसभा सभा र मानवअधिकारको बारेमा मुस्लिम समूदायलाई जानकारी दिने। | मुस्लिम समूदायलाई मानवअधिकार र संविधानसभाको बारेमा जानकारी गाराइएको। | मुस्लिम समूदायका मस्जिदका ईमाम र मदरसाका शिक्षकहरू | |
| १२ | महिलाअधिकार र मानवअधिकार विषयक छलफल कार्यक्रम | २०६५/१२/३ | डाइनिया, मोरङ | ग्रामीण महिला( लाई मानवअधिकार र महिलाअधिकारको बारेमा जानकारी दिने। | मानवअधिकार तथा महिलाअधिकारको वाारेमा जानकारी दिन सफल। | ग्रामीण स्तरका विभिन्न सङ्घसंस्थामा काम गर्ने महिला तथा पुरुष र अन्य सर्वसाधारण | |
| १३ | महिलाअधिकार र महिला हिंसा विषयक छलफल कार्यक्रम | २०६५/१२/१३ | सिजुवा, मोरङ | ग्रामीण महिलालाई मानवअधिकार, महिलाअधिकार र महिला हिंसाबारेमा जानकारी दिने | ५६ जना महिला तथा पुरुषलाई मानवअधिकार, महिलाअधिकार र महिला हिंसाको बारेमा जानकारी दिन सफल। | ग्रामीण स्तरका विभिन्न सङ्घसंस्थामा काम गर्ने महिला तथा पुरुष र अन्य सर्वसाधारण | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | आधारभूत मानवअधिकार अभिमुखीकरण कार्यक्रम | २०६५/१२/१९ | विराटनगर, मोरङ | मानवअधिकारको आधारभूत ज्ञान दिने। | छनौट सूचिमा परेका २६ जनालाई मानवअधिकार र राष्ट्रिय मानवअधिकार आयोगको बारेमा आधारभूत ज्ञान दिइएको। | इन्टर्नशिमा आवेदन दिई छोटो सूचिमा परेका उम्मेद्वारहरू | |
| १५ | राष्ट्रिय मानवअधिकार आयोगको नवौं वार्षिक उत्सवको कार्यक्रम | २०६६/२/१३ | मोरङ | आयोगका १ वर्षको गतिविधिका बारेमा जानकारी दिने तथा सम्बन्ध बिस्तार गर्ने। | पूर्वाञ्चलका ४ जिल्लाका सुरक्षा तथा प्रशासन प्रमुखहरूसँग बैठक तथा १२० जनाको सहभागितामा वार्षिक उत्सव कार्यक्रम सम्पन्न भएको। | पूर्वाञ्चलका विभिन्न जिल्लाका प्रशासन तथा सुरक्षा निकायका प्रमुख, राजनैतिक दल, सञ्चारकर्मी, विभिन्न सङ्घ-संस्था का प्रमुख तथा प्रतिनिधि | |
| १६ | राष्ट्रिय मानवअधिकार आयोगको नवौं वार्षिक उत्सवको कार्यक्रम | २०६६/३/१२ | मोरङ | आयोगको वार्षिक गतिविधिका बारेमा जानकारी गराउने तथा सम्बन्ध बिस्तार गर्ने। | पूर्वाञ्चलका ४ जिल्लाका सुरक्षा तथा प्रशासन प्रमुखहरूसँग बैठक तथा १२० जनाको सहभागितामा वार्षिक उत्सवको कार्यक्रम सम्पन्न भएको। | पूर्वाञ्चलका विभिन्न जिल्लाका प्रशासन तथा सुरक्षा निकायका प्रमुख, राजनैतिक दल, सञ्चारकर्मी, विभिन्न सङ्घ-संस्था का प्रमुख तथा प्रतिनिधि | |

**जनकपुर**

| क.स | बैठक/छलफल/अन्तरक्रियाको विषय वा नाम | मिति | स्थान | उद्देश्य | उपलब्धी | लक्षित समुदाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | गैससंहरूसितको सहकार्यम्बन्धी | २०६५/४/३० | जनकपुर | गैससहरूसँग सहकार्य बढाउने। | सहकार्यसम्बन्धी प्रतिबद्धतापत्र निर्माण भएको। | जनकपुरस्थित गैससहरू | |
| २ | मानवअधिकार संरक्षण तथा सम्बर्द्धनका लागि सहकार्य बैठक। | २०६५/६/ ८ | जनकपुर | सहकार्य बढाउने। | कार्यक्रमपश्चात् सहकार्यमा वृद्धि भएको। | जनकपुरस्थित गैससहरू | |
| ३ | मानवअधिकारको सवाल र ग्रामीण समुदायको भूमिका विषयक अन्तर्क्रिया | २०६५/७/२४ | धनुषा, बरमझिया-२ | मानवअधिकार सचेतना बढाउने। | उद्देश्यअनुरूप कार्य सम्पन्न भएको। | स्थानीय महिला तथा पुरुषहरू | |
| ४ | मानवअधिकारको सवाल र संरक्षण ग्रामीण समुदायको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम | २०६५/०७/२८ | धनुषाको ढल्केबर गाविस भवनका | मानवअधिकार सचेतना बढाउने। | उद्देश्यअनुरूप कार्य सम्पन्न भएको। | स्थानीय महिला तथा पुरुषहरू | |
| ५ | मानवअधिकारको सवाल र संरक्षण ग्रामीण समुदायको भूमिका विषयक अन्तर्क्रिया कार्यक्रम | २०६५/७/३० | धनुषाको हरिहरपुर गाविस | मानवअधिकार सचेतना बढाउने। | उद्देश्यअनुरूप कार्य सम्पन्न भएको। | स्थानीय महिला तथा पुरुषहरू | |
| ६ | मानवअधिकार संरक्षण तथा सम्बर्द्धनका लागि सहकार्य बैठक | ०६५/७/२२ | जनकपुर | सहकार्य बढाउने। | उद्देश्यअनुरूप कार्य सम्पन्न भएको। | सञ्जालका सदस्यहरू | |
| ७ | मानवअधिकार दिवस मनाउन समन्वय बैठक | २०६५/८/ २,६,१३ र २२ | जनकपुर | दिवस मनाउन समन्वय गर्ने। | समन्वसाथ दिवस मनाइएको। | सञ्जालका सदस्यहरू | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | वर्तमान मानवअधिकार अवस्थाबारे छलफल | २०६५/११/२३ | जनकपुर | मानवअधिकार अवस्थाबारे समीक्षा गर्ने। | समीक्षा गरिएको। | सञ्जालका सदस्यहरू | |
| ९ | सन्दर्भः स्वः दयाराम परियारको स्मृती दिवस "मानवअधकार रक्षकको भूमिका र चुनौती" छलफल | २०६५/१२/१६ | जनकपुर | मानवअधिकार रक्षकको भूमिका र चुनौती पहिचान गर्ने। | उद्देश्यअनुरूप कार्य सम्पन्न भएको। | स्थानीय गैससहरू सञ्चारकर्मीहरू, दलका प्रतिनिधिहरू | |
| १० | मानवअधिकारको अवस्था र चुनौति विषयक अन्तर्क्रिया कार्यक्रम : | २०६६/२/२८ | जलेश्वर | मानवअधिकार अवस्थाको बारेमा जानकारी लिने। | जानकारी प्राप्त भएको | मानवअधिकारकर्मीहरू, सञ्चारकर्मीहरू, स्थानीय गैं.स.स. हरू, सरकारी निकायका प्रतिनिधिहरू | |
| ११ | बालअधिकारको अवस्था विषायक अन्तरकिया | २०६६/३/२८ | धनुषा | बालअधिकारको वर्तमान अवस्थाको बारेमा जानकारी लिने। | उद्देश्यअनुरूप कार्य सम्पन्न भएको। | मानवअधिकारकर्मीहरू, सञ्चारकर्मीहरू, स्थानीय गैसस हरू, सरकारी निकायका प्रतिनिधिहरू | |
| १२ | समग्र मानवअधिकार अवस्था विषयक अन्तरकिया | २०६६/३/ १२ | चन्द्रनिगाहपुर, रौतहट | मानवअधिकार अवस्थाको बारेमा जानकारी लिने। | उद्देश्यअनुरूप कार्य सम्पन्न भएको। | मानवअधिकारकर्मीहरू, सञ्चारकर्मीहरू, स्थानीय गैसस एवम् सरकारी निकायका प्रतिनिधिहरू | |
| १३ | समग्र मानवअधिकार अवस्था विषयक अन्तरकिया | – | सिन्धुली कमलामाई नगरपालिका | मानवअधिकार अवस्थाको बारेमा जानकारी लिने। | उद्देश्यअनुरूप कार्य सम्पन्न भएको। | मानवअधिकारकर्मीहरू, सञ्चारकर्मीहरू, स्थानीय गैसस हरू, सरकारी निकायका प्रतिनिधि | |

## धनगढी

| क.स | बैठक/छलफल/अन्तरकियाको विषय वा नाम | मिति | स्थान | उद्देश्य | उपलब्धी | लक्षित समुदाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | पुस्तक विमोचन कार्यक्रम | २०६५/४/ २५ | साथी होटल, धनगढी, कैलाली | सुदुरपश्चिमाञ्चलमा मानवअधिकार आयोग नामक प्रतिवेदन सार्वजनिक गरी सुदुरपश्चिमाञ्चलको मानवअधिकार अवस्थाको जानकारी गराउने। | सरोकारवालाहरूलाई क्षेत्रीय कार्यालयले गरेको मानवअधिकार संरक्षण र सम्बर्द्धनको बारेमा जानकारी गराउन सफल भएको। | गैसस, ओएचसीएचआर, सुरक्षानिकाय, नागरिक समाज, राजनीतिक दल, पत्रकारलगायतका सरोकारवालाहरू। | |
| २ | वर्तमान अवस्थामा मानवअधिकारको अवस्था छलफल कार्यक्रम | २०६५/४/२८–२९ | डडेल्धुरा | ट्रक व्यवसायीहरूको सिण्डीकेटका कारण पाहाडी जिल्लाहरूमा भएको खाद्य अभावबाट सिर्जित मानवअधिकारअवस्थाको बारेमा जानकारी गराउने। | उद्देश्यअनुसार कार्यक्रम सम्पन्न। | सरकारी निकाय, गैसस, नागरिक समाज, पत्रकार, राजनीतिक दल | |
| ३ | आयोगद्वारा द्वन्द्वपीडितहरूको समस्याका बारेमा छलफल | २०६५ /६/१७ | धनगढी | नेकपा माओवादीको प्रतिबद्धता कार्यान्वयन गराउन जोड दिने। | उद्देश्यअनुसार कार्यक्रम सम्पन्न। | सरोकारवाल पीडितहरू | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | विषेश समूह (महिला, दलित र अपाङ्ग) को हक-अधिकारको अवस्था विषयक अन्तरकिया | २०६५/१०/२७ | बैतडी | अपाङ्ग महिला र दलितहरूको मानवअधिकारको अवस्थाको बारेमा जानकारी लिने र सम्बन्धित निकायहरूलाई यस सम्बन्धी ध्यानाकर्षण गराउने। | स्थानीय निकायहरूबाट उपरोक्त विषेश समूहरूलाई राज्यको तर्फबाट उपलब्ध सेवा सुविधाहरू विना बाधाअवरोध उपलब्ध गराउने प्रतिबद्वता जनाइएको। | दलित सङ्घसंस्थाका प्रतिनिधि, महिला, अपाङ्गका प्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, पत्रकार, स्थानीय प्रशास र सुरक्षा, जिल्ला न्यायधिश, सरकारी कार्यालयका प्रतिनिधिहरू र सर्वसाधारण | |
| ५ | दार्चुला जिल्लामा मानवअधिकारको अवस्थासम्बन्धी एक दिने अन्तर्किया | २०६५/११/३ | दार्चुला | दार्चुला जिल्लामा नागरिक तथा राजनैतिक अधिकारको अवस्थाको सम्बन्धमा जानकारी लिने। | उद्देश्यअनुरूप कार्य सम्पन्न गरिएको। | विभिन्न राजनैतिक पार्टी, सरकारी तथा सुरक्षानिकाय, गैरसरकारी निकाय, पत्रकारहरू, | |
| ६ | विषेश समूह (महिला, दलित र अपाङ्ग) को हक-अधिकारको अवस्था विषयक अन्तरर्किया | २०६५/१०/२७ | बैतडी | अपाङ्ग महिला र दलितहरूको मानवअधिकारको अवस्थाको बारेमा जानकारी लिने र सम्बन्धित निकायहरूलाई यस सम्बन्धी ध्यानाकर्षण गराउने। | स्थानीय निकायहरूबाट ती समूहरूलाई राज्यको तर्फबाट उपलब्ध सुविधाहरू विना अवरोध उपलब्ध गराउने प्रतिबद्वता जाहेर। | दलित सङ्घसंस्थाका प्रतिनिधि, महिला, अपाङ्गका प्रतिनिधि, राजनैतिक दल, नागरिक समाज, पत्रकार, स्थानीय प्रशासन र सुरक्षा निकायका प्रतिनिधि एवम् जिल्ला न्यायधीश | |

## पोखरा

| क.स | बैठक/छलफल/अन्तरक्रियाको विषय वा नाम | मिति | स्थान | उद्देश्य | उपलब्धी | लक्षित समुदाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | स्व.वि.यु निर्वाचन अनुगमनका सम्बन्धमा छलफल | २०६५/११/२९ | पोखरा | सहकार्यका क्षेत्रहरू पहिचान गर्ने। | उद्देश्यअनुरूप छलफल भएको। | पत्रकार, सङ्घसंस्थाहरू | |
| २ | सन्दर्भ अं. नारी दिवस अन्तर सम्वाद कार्यक्रम | ८ मार्च २००९ | पोखरा | महिलाहरूको मानवअधिकार अवस्था पहिचान गर्ने। | उद्देश्यअनुरूप छलफल भएको। | महिलाहरू | |
| ३ | स्ववियु निर्वाचनको अनुगमन गर्ने सम्बन्धमा छलफल कार्यक्रम | २०६५/१२/२ | पोखरा | स्ववियू निर्वाचनको अनुगमन प्रभावकारी रूपमा गर्ने। | सहकार्य गरी अनुगमन गर्ने। | क्यापस प्रमुख, निर्वाचन अधिकृत, स्ववियु निर्वाचनका उम्मेदवारहरू, नेपाल पत्रकार महासङ्घ, सञ्चारकर्मी, मानवअधिकारकर्मी | |
| ४ | नँया संविधानमा महिलाका सवालहरू विषयक अन्तरकिया | २०६५/१२/८ | पोखरा | नयाँ बन्ने संविधानमा महिलासम्बन्धी मुद्दाहरू पहिचान गर्ने। | महिलाका विभिन्न मुद्दाहरूका सम्बन्धमा चर्चा भएको। | महिलाहरू | |
| ५ | मानवअधिकारमैत्री संविधान निर्माणमा सरोकारवालाहरूको भूमिका विषयक एक दिवसीय अन्तरकिया | २०६६/१/११ र १३ | वालिङ, स्याङजा मिर्मिरे, स्याङजा | मानवअधिकारमैत्री संविधान निर्माणका लागि रायसुझाव सङ्कलन गर्ने। | रायसुझाव सङ्कलन गरिएको। | मानवअधिकारकर्मीहरू, सरकारी तथा सुरक्षा निकायका प्रतिनिधिएवम् सञ्चारकर्मी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | आयोगको नवौं वार्षिक दिवस तथा वार्षिक गतिविधिसम्बन्धी प्रतिवेदन विमोचन कार्यक्रम | २०६६/२/१३ | पोखरा | क्षेका पोखराको वार्षिक गतिविधि सम्बन्धमा जानकारी गराउने। | उद्देश्यअनुसार कार्य सम्पन्न गरिएको। | स्थानीय सङ्घसंस्था तथा कार्यालयका प्रमुख, मानवअधिकारकर्मी, पत्रकारहरू | |
| ७ | अन्तराष्ट्रिय यातना पीडित सहयोग दिवसको उपलक्ष्यमा आयोजित अन्तरक्रिया कार्यक्रम | २०६६/३/१२ | पोखरा | यातना सम्बन्धमा छलफल गर्ने। | उद्देश्यअनुरूप छलफल भएको। | मानवअधिकारकर्मीहरू नागरिक समाज राजनैतिक दल, सरकारी तथा सुरक्षा निकायका प्रतिनिधिहरू, पत्रकार, साथै यातनापीडितहरू | |

## सम्पर्क कार्यालयहरू

### बुटवल

| क.स | बैठक/छलफल/अन्तरक्रियाको विषय वा नाम | मिति | स्थान | उद्देश्य | उपलब्धी | लक्षित समुदाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | "मानवअधिकारको सवा( लमा सरोकारवालाहरूको भूमिका"अन्तक्रिया | २०६५/८/२४ | बुटवल/ रूपन्देही | ६० औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाउने। | सबैको सहभागितामा मानवअधिकार दिवस सम्पन्न भएको। | नागरिक समाज, सेना, प्रहरी, गैसस, वकालत, राजनीति दल, पत्रकार, सरकारी निक( ायका प्रतिनिधि तथा पीडित व्यक्तिहरू | |
| २ | महिलाहरूको समस्या र वर्तमान अवस्थामा महिलाहरू विषयक छलफल | २०६५/११/२५ | भैरहवा | महिलाहरूलाई सचेत गराउने। | महिलाहरूलाई आत्मनिर्भर बन्न सहयोग पुगेको। | नगरिक समाज, गैसस, सरकारी निकायका प्रतिनिधि, मानवअधिकार कर्मी, पत्रकार, महिलाहरू | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | वर्तमान अवस्थामा दलित मानवअधिकारका सवाल विषयक एक दिने छलफल | २०६५/११/२९ | बुटवल | दलितका समस्याका बारेमा छलफल गरी दलितसम्बन्धी अधिकारहरूको बारेमा सचेत गराउने। | दलित मानवअधिकारको बारेमा उल्लेख गर्नुका साथै दलितका वर्तमान समस्याका बारेमा समेत छलफल गरिएको। | राजनीति दलका कार्यकर्ता, स्थानीय दलित समुदाय, मानवअधिकार कर्मी, दलित महिला सङ्घ आदि। | |
| ४ | मानवअधिकार, बालअधिकार तथा राष्ट्रिय मानवअधिकार आयोग एक परिचय | २०६६/१/१० | गुल्मी जिल्ला दलिङ्ग गाविस | बालअधिकारको विषयमा सचेतना जगाउने। | बालअधिकार र रामाअ आयोगको विषयमा जानकारी गराइएको। | स्थानीय व्यक्ति, विद्यालयका शिक्षक तथा विद्यार्थी | |
| ५ | राष्ट्रिय मानवअधिकार आयोगले ९ औं बर्ष पूरा गरेको अवसरमा आयोजित जलपान तथा छलफल कार्यक्रम | २०६६/२/१३ | बुटवल | आयोगको बार्षिक गतिवि( धका बारेमा जानकारी दिल( ाउन तथा मानवअधिकारको विषयमा सचेतना जगाउने। | मानवअधिकार र रामाअ आयोगको विषयमा जानकारी गराइएको। | मनाव अधिकार कर्मी, पत्रकार, नागरिक समाजका प्रतिनिधि, वकालत मञ्च, न्यायका लागि द्वन्द्व पीडित समाज गरी ३६ जना | |
| ६ | कपिलवस्तु जिल्लामा महिलाअधिकारका सवाल छलफल कार्यक्रम | २०६६/२/१८ | गोरुसिङ्गे, कपिलवस्तु | जिल्लामा महिलाहरूको अवस्थाका बारेमा जानकारी लिनुको साथै महिलाअधिकारका बारेमा सचेतना फैलाउने। | उद्देश्यअनुरूप कार्यक्रम सम्पन्न गरिएको। | प्रहरी, गैससका प्रतिनिधि, स्थानीय महिला, हेल्थपोष्टका प्रतिनिधि, महिला समूह, मानवअधिकार कर्मी, पत्रकार | |
| ७ | मधेशमा मानवअधिकारको अवस्था | २०६६/२/३० | मर्चवार, रूपन्देही | मधेशी समुदायमा मानवअधिकारको अवस्थाका बारेमा जानकारी लिने र मानवअधिकारका बारेमा सचेतना फैलाउने। | मधेशी समुदायको राम्रो उपस्थिति रहेको। मधेशी समुदायका समस्याका बारेमा जानकारी प्राप्त गर्न टेवा पुगेको। | गैससका प्रतिनिधि, मानवअधिकार कर्मी, पत्रकार, दलित सचेतना प्रशिक्षण केन्द्र, ईलाका प्रहरी कार्यालय, स्थानीय विधार्थी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | बालश्रमविरुद्धको विश्व दिवस २००९ | २०६६/२/२९ | भैरहवा, रूपन्देही | बालश्रमविरुद्धको विश्व दिवस २००९ मनाउने। | सबैको सहभागितामा बालश्रमविरुद्धको दिवस मनाइएको । | बालकल्याण समिति, महिला विकास कार्यालय, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि/ मानवअधिकार कर्मी एवम् पत्रकारहरू | |
| ९ | दलित समुदायमा मानवअधिकारका सवाल | २०६६/३/२ | सालझण्डी, रूपन्देही | दलितहरूको मानवअधिकारको अवस्था पहिचान गर्ने। | दलितहरूका मानवअधिकारका सवालहरू पहिचान भएको। | राजनीतिक दलका प्रतिनिधि, गैससका प्रतिनिधि पत्रकार, विधार्थीहरू, दलित महिला सङ्घका प्रतिनिधि, मानवअधिकार कर्मी | |
| १० | "यातना एक अपराध" विषयक छलफल तथा अन्तरक्रिया | २०६६/३/१२ | भैरहवा, रूपन्देही | अन्तर्राष्ट्रिय यातना दिवस जुन २६ मनाउने। | यातना एक अपराधका विषयमा सरोकारवालाहरू बिच छलफल तथा अन्तरक्रिया गरिएको। | मानवअधिकार कर्मी, पत्रकार, नागरिक समाजका प्रतिनिधि, वकालत मञ्च, न्यायका लागि द्वन्द्व पीडित समाजका प्रतिनिधिहरू | |
| ११ | "नवलपरासी जिल्लामा महिलाअधिकारका सवाल" विषयक एक दिने अन्तरक्रिया कार्यक्रम | २०६६/२/९ | गैडाकोट, नवलपरासी | नवलपरासी जिल्लामा महिलाहरूको अवस्थाका बारेमा जानकारी लिन र महिलाअधिकारका बारेमा सचेतना फैलाउने। | उद्देश्यअनुरूप कार्य सम्पन्न गरिएको। | गैससका प्रतिनिधि, स्थानीय महिला, महिला समूहका प्रतिनिधि, मानवअधिकार कर्मी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | “विद्यालयमा बाल सुलभ वातावरण तथा सरोकारवालाहरूको दायित्व” विषयक एक दिने अन्तरक्रिया कार्यक्रम | २०६६/२/१८, ३/२, ३/३, ३/४ र ३/५ | गोरुसिङ्गे, कपिलवस्तु, रुद्रपुर र शंकरनगर, रूपन्देही, सुनवल र गैडाकोट, नवलपरासी | विद्यालयमा बालसुलभ वातावरणको लागि सरोकारवालाहरूको दायित्व केके हुन सक्दछ जानकारी गराउने। | उद्देश्यअनुरूप कार्य सम्पन्न भएको। | विद्यालयका शिक्षक तथा शिक्षिका, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, विद्यार्थी, बाल क्लब प्रतिनिधिहरू | |

## खोटाङ

| क.स | बैठक/छलफल/अन्तरक्रियाको विषय वा नाम | मिति | स्थान | उद्देश्य | उपलब्धी | लक्षित समुदाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वर्तमानमा मानवअधिकार अवस्थासम्बन्धी छलफल | २०६५/०८/८ | दिक्तेल | मानवअधिकार अवस्था विश्लेषण गर्ने। | उद्देश्यअनुरूप कार्य सम्पन्न भएको। | स्थानीय राजनीतिक दलका प्रतिनिधिहरू, गैससका प्रतिनिधिहरू, सरकारी कार्यालयका प्रतिनिधिहरू | |
| २ | विस्तृत शान्तिसम्झौताको २ वर्ष: कार्यान्वयनको अवस्था विषयक अन्तरक्रिया | २०६५/८/२५ | दिक्तेल | अं.मानवअधिकार दिवस मनाउने सन्दर्भमा विस्तृत शान्तिसम्झौताको कार्यान्वयनको अवस्था पत्ता लगाउने। | उद्देश्यअनुरूप कार्य सम्पन्न भएको। | स्थानीय राजनीतिक दल, गैसस र सरकारी कार्यालयका प्रतिनिधिहरू | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | मानवअधिकारको अवस्थासम्बन्धी छलफल | २०६५/१०/०४ | दिक्तेल | कार्यालयको स्थापना दिवस मनाउने सन्दर्भमा मानवअधिकार अवस्था जानकारी गराउने। | उद्देश्यअनुरूप कार्य सम्पन्न भएको। | पत्रकार, गैससका प्रतिनिधिहरू | |
| ४ | बेपत्ताहरूको अवस्थासम्बन्धी छलफल | २०६५/१०/२४ | दिक्तेल | बेपत्ताहरूको अवस्थाबारे जानकारी लिने र दिने। | थप बेपत्ता व्याक्तिहरूको नाम खुल्न आएको। | स्थानीय शान्ति समितिका सदस्यहरू, अन्तर्राष्ट्रिय रेडक्रसका प्रतिनिधिहरू | |
| ५ | खोटाङमा मानवअधिकारका मुद्दा पहिचान र यसको प्राथमिकीकरण छलफल कार्यक्रम | २०६५/भदौ | दिक्तेल | खोटाङ जिल्लामा मानवअधिकारसम्बन्धी मुद्दाको पहिचान गरी कारबाही अगाडि बढाउने। | मानवअधिकारका मुद्दाहरू पहिचान गरी त्यसको प्राथमिकीकरण गरी कार्य अगाडि बढाइएको। | स्थानीय गैसस र सञ्चारकर्मीहरू | |
| ६ | खोटाङ जिल्लामा बालअधिकारको अवस्था विषयक अन्तरकिया | २०६६/असार | दिक्तेल | बालअधिकारको अवस्था पत्ता लगाउने। | बालअधिकारको अवस्था जानकारी प्राप्त गर्न सफल। | स्थानीय सरकारी तथा गैं.स.स. का प्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, पत्रकार | |
| ७ | बालअधिकार अवस्था विषयक अन्तरकिया | २०६६ असार | हलेसी, खोटाङ | बालअधिकारको अवस्था पत्ता लगाउने। | बालअधिकारको अवस्था जानकारी लिन सफल। | स्थानीय सरकारी तथा गैं.स.स. का प्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, पत्रकार, शिक्षक, विद्यार्थीहरू | |
| ८ | बालअधिकार अवस्था विषयक अन्तरकिया | २०६६ असार | लामीडाँडा, खोटाङ | बालअधिकारको अवस्था सम्बन्धमा छलफल गरी स्थिति पत्ता लगाउने। | बालबालिकाको अवस्था जानकारी लिएको। | स्थानीय सरकारी तथा गैसस, राजनीतिक दलका प्रतिनिधिएवम् पत्रकारहरू | |

**जुम्ला**

| क.स | तालिम वा गोष्ठीको विषय वा नाम | मिति | स्थान | उद्देश्य | उपलब्धी | लक्षित समुदाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मानवअधिकारमैत्री संविधानका लागि कर्णालीका सवालहरू अन्तक्रिया | २०६५/११/६ | जुम्ला | मानवअधिकारमैत्री संविधानका लागि सुझाव सङ्कलन गर्ने। | मानवअधिकारमैत्री संविधानका लागि सुझावहरू सङ्कलन। | जुम्ला जिल्ला स्थिता सम्पूर्ण क्षेत्रका प्रतिनिधिहरू | |
| २ | अब बन्ने संविधानमा आदिवासी जनजातिको अधिकार विषयक छलफल | २०६५/१२/६ | जुम्ला | मानवअधिकारमैत्री संविधान निर्माणका लागि आदिवासी जनजाति समुदायको सुझाव सङ्कलन गर्ने। | मानवअधिकारमैत्री संविधान निर्माणका लागि आदिवासी जनजाति समुदायको सुझाव सङ्कलन। | आदिवासी जनजाति समुदाय | |
| ३ | "मानवअधिकारमैत्री संविधानका लागि कर्णालीका सवालहरू" अन्तक्रिया | २०६६/१/२१ | गमगढी, मुगु | मानवअधिकारमैत्री संविधानका लागि सुझाव सङ्कलन गर्ने। | मानवअधिकारमैत्री संविधानका लागि सुझावहरू सङ्कलन। | मुगु जिल्ला स्थिता सम्पूर्ण क्षेत्रका प्रतिनिधिहरू | |
| ४ | कालिकोट जिल्लाको मानवअधिकार अवस्था विषयक छलफल | २०६६/३/१४ | मान्मा कालिकोट | कालिकोट जिल्लाको मानवअधिकार अवस्थाको बारेमा जानकारी लिने। | कालिकोट जिल्लाको मानवअधिकार अवस्थाबारेमा जानकारी भएको। | सरकारी कार्यालयहरू, मानवअधिकारकर्मी संस्थाहरू, राजनीतिक दलहरूका प्रतिनिधिहरू तथा पत्रकारहरू | |

# अनुसूची-८

## जारी प्रेस-विज्ञप्तिहरू

### केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर

| क.स. | मिति | विषय |
|---|---|---|
| १ | २०६५ असार ८ | जीवीकोपार्जनलाई सहज तुल्याउन आयोगको आग्रह |
| २ | २०६५ असार ९ | महिलाहिंसा नियन्त्रणमा पहल गर्न आयोगको निर्देशन |
| ३ | २०६५ असार १८ | शान्तिसुरक्षा सुदृढ गर्न आयोगको आग्रह |
| ४ | २०६५ असार १९ | महिलाहिंसाका घटना नियन्त्रण गर्न आयोगको अपिल |
| ५ | २०६५ साउन २ | खाद्यान्नको अधिकार सुनिश्चित गर्न सरकारी निकायका प्रमुखसँग छलफल |
| ६ | २०६५ साउन ९ | महिलाअधिकारकर्मीमाथि दमन नगर्न आयोगको अपिल |
| ७ | २०६५ साउन १९ | महिलाअधिकारकर्मीमाथि बढी बल प्रयोग भएकोमा आयोगद्वारा सरकारको ध्यानाकर्षण |
| ८ | २०६५ साउन २० | आयोगहरूको एसिया-प्रशान्त बैठकमा नेपाल सहभागी मानवअधिकारमैत्री संविधान निर्माण आयोगको मुख्य प्राथमिकता |
| ९ | २०६५ साउन २२ | रोमविधान अनुमोदन गर्न सरकारलाई सिफारिस |
| १० | २०६५ साउन ३० | आयोगका सदस्य डा. पाठकलाई पितृशोक |
| ११ | २०६५ भदौ ६ | मानवअधिकार अवस्थाबारे जानकारी गराउन आयोग पदाधिकारीद्वारा राष्ट्रपतिसँग भेट |
| १२ | २०६५ भदौ १९ | हलियाप्रथा अन्त्य गर्न सरकारलाई आयोगको सिफारिस |
| १३ | २०६५ असोज २९ | आयोगद्वारा मानवअधिकार प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस |
| १४ | २०६५ कार्तिक ११ | तिहार बिदामा आयोगका कार्यालयहरू खुला रहने |
| १५ | २०६५ कार्तिक २० | अधिकारकर्मी कृष्णप्रसाद सिवाकोटीको निधनमा आयोगको समवेदना |
| १६ | २०६५ कार्तिक २५ | राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले दिनुभएको सन्देश |
| १७ | २०६५ कार्तिक २८ | आपराधिक कियाकलाप रोक्न आयोगको आग्रह |
| १८ | २०६५ कार्तिक २८ | मानवअधिकार संरक्षणका लागि आयोगको आग्रह |
| १९ | २०६५ मङ्सिर २ | सम्पतिको भोगचलनमा बाधा नपुऱ्याउन आग्रह |
| २० | २०६५ मङ्सिर ४ | उपप्रधान तथा गृहमन्त्री र आयोग पदाधिकारीबीच छलफलः सिफारिस कार्यान्वयन गर्न आयोगको जोड |
| २१ | २०६५ मङ्सिर ४ | 'बालअधिकारसम्बन्धी प्रतिबद्धताहरू कार्यान्वयन गर' |
| २२ | २०६५ मङ्सिर १९ | शान्तिसम्झौताको प्रावधानबमोजिम बालबालिकाको संरक्षण नभएको टिप्पणी |
| २३ | २०६५ मङ्सिर ५ | विस्तृत शान्तिसम्झौताको अक्षरसः पालना गर्न आग्रह |

| | | |
|---|---|---|
| २४ | २०६५ मङ्सिर ८ | माओवादी पीडितहरूका तर्फबाट आयोगमा ज्ञापन- सिफारिस कार्यान्वयन गर्न आयोगले थप पहल गर्ने |
| २५ | २०६५ मङ्सिर १४ | 'सार्क क्षेत्रका राष्ट्रिय मानवअधिकार आयोगहरूको क्षेत्रीय परामर्श बैठक |
| २६ | २०६५ मङ्सिर १४ | भूमिसम्बन्धी आयोग गठन गरी भूमिहीनको अधिकार सुनिश्चित गर्न नेपाल सरकारलाई आयोगको सिफारिस |
| २७ | २०६५ मङ्सिर २९ | यातायात सेवालाई सुरक्षित गर्न आयोगको आव्हान |
| २८ | २०६५ मङ्सिर ३० | माओवादी पीडितहरूका तर्फबाट आयोगमा ज्ञापन सिफारिस कार्यान्वयन गर्न आयोगले थप पहल गर्ने |
| २९ | २०६५ पुस ६ | प्रेस स्वतन्त्रताको रक्षा गर्न नेपाल सरकारलाई आग्रह |
| ३० | २०६५ पुस १४ | व्यक्ति बेपता पार्ने (कसूर र सजाय) ऐन २०६५ को विधेयकका सम्ब( न्धमा राष्ट्रिय मानवअधिकार आयोगद्वारा नेपाल सरकारलाई सुझाव |
| ३१ | २०६५ पुस २३ | कमलरीप्रथा उन्मूलन गर्न सरकारलाई सिफारिस |
| ३२ | २०६५ पुस २५ | सुकुम्वासी समस्यालाई संवादमार्फत समाधान गर्न आग्रह |
| ३३ | २०६५ पुस २८ | महिला पत्रकार सिंहको हत्याबाट आयोग स्तब्ध<br>पत्रकारको सुरक्षामा ध्यान दिन सरकारलाई आग्रह |
| ३४ | २०६५ पुस २९ | शान्ति सुरक्षा सुधार्न गृहमन्त्रालयलाई आयोगको निर्देशन |
| ३५ | २०६५ माघ ५ | राष्ट्रिय मानवअधिकार आयोगद्वारा प्रधानमन्त्रीलाई स्मरणपत्र |
| ३६ | २०६५ माघ १५ | आयोगमा मानवअधिकार हटलाइन सुरु |
| ३७ | २०६५ फागुन ३ | उच्चायुक्तको कार्यालयमा बमविस्फोट शान्ति सुरक्षा सुदृढ गर्न नेपाल सरकारलाई आग्रह |
| ३८ | २०६५ फागुन ९ | आयोग र ओएचसिएचआरबीच सहकार्यसम्बन्धी मार्गनिर्देशनमा हस्ताक्षर |
| ३९ | २०६५ फागुन २२ | संवाद र सहमतिबाट समस्या समाधान गर्न आग्रह |
| ४० | २०६५ फागुन २४ | हाल जारी बन्द-हड्तालबारे आयोगको देशव्यापी अनुगमन, आयोगका टोलीहरूलाई सहयोग गर्न आग्रह |
| ४१ | २०६५ चैत ६ | ओएचसिएचआर प्रमुख पिल्लाई आयोग भ्रमणमा आयोगका सिफारिस कार्यान्वयन गर्न जोड |
| ४२ | २०६५ चैत ११ | एसएलसी परीक्षालाई शान्तिपूर्ण बनाउन आग्रह |
| ४३ | २०६५ चैत १५ | दण्डहीनता अन्त्य गर्न आयोगको आग्रह |
| ४४ | २०६५ चैत १७ | प्युटार घटनाका सम्बन्धमा तीन आयोगबीच छलफल<br>बोक्सीको आरोपसम्बन्धी घटनामा संयुक्त अनुसन्धान गरिने |
| ४५ | २०६५ चैत २६ | प्युटार घटनाका सम्बन्धमा आयोगद्वारा सुरक्षा निकायसँग सोधपुछ |
| ४६ | २०६५ चैत २७ | थैव हत्याका आरोपित आयोगमा नआएको स्पष्टोक्ति |
| ४७ | २०६५ चैत २८ | उम्मेदवारलाई शीघ्र रिहाइ गर्न आयोगको आग्रह |
| ४८ | २०६६ बैशाख ५ | रङ्गभेद विरुद्धको विश्व सम्मेलनमा भाग लिन आयोग सदस्य प्रस्थान |
| ४९ | २०६६ बैशाख ७ | सीता विकलाई तेजाब खन्याइएको घटनामा आयोगको अनुगमन महिला हिंसा नियन्त्रण गर्न आयोगको आग्रह |

| | | |
|---|---|---|
| ५० | २०६६ बैशाख १४ | हाल जारी बन्द-हड्तालबारे आयोगको देशव्यापी अनुगमन तत्काल वार्ताद्वारा समस्या समाधान गर्न आग्रह |
| ५१ | २०६६ बैशाख २१ | संवाद र सहमतिबाट निकास निकाल्न आग्रह |
| ५२ | २०६६ बैशाख २३ | शान्तिसम्झौताको पूर्ण पालन गर्न आयोगको आग्रह |
| ५३ | २०६६ बैशाख २९ | शान्तिसुव्यवस्था कायम गर्न सुरक्षा प्रमुखहरूलाई आयोगको निर्देशन |
| ५४ | २०६६ बैशाख ३१ | मानवअधिकारको अवस्थाबारे कुटनीतिज्ञहरूसँग छलफल |
| ५५ | २०६६ जेठ ७ | मानवअधिकारको वर्तमान अवस्थाप्रति आयोग चिन्तित |
| ५६ | २०६६ जेठ ९ | बम बिष्फोट घटनाप्रति आयोगबाट अनुगमन सुरु |
| ५७ | २०६६ जेठ २६ | जनकपुरमा आयोगको पाचौं क्षेत्रीय कार्यालयको उद्घाटन |
| ५८ | २०६६ जेठ २६ | द्वेषपूर्ण अभिव्यक्ति नदिन राजनीतिक दलहरूलाई आग्रह |
| ५९ | २०६६ असार २१ | आयोगको ध्यानाकर्षण |
| ६० | २०६६ असार २१ | नेपाल सरकारलाई आयोगको ध्यानाकर्षण |

## क्षेत्रीय कार्यालयहरू

### नेपालगञ्ज

| क.स. | मिति | विषय |
|---|---|---|
| १ | २०६५ माघ ०२ | मानवअधिकार अवस्थाबारे प्रशासनको ध्यानाकर्षण |
| २ | २०६५ माघ १२ | बाँके जिल्लाको सुरक्षा अवस्था, बाँच्न पाउने अधिकार, स्वतन्त्रता आदिको बारेमा प्रशासन र राजनीतिक दलहरूको ध्यानाकर्षण |
| ३ | २०६५ फागुन ३ | नेपालगञ्ज स्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको क्षेत्रीय कार्यालयमा अज्ञात समूहले बम-विष्फोट गराएको सम्बन्धमा ध्यानाकर्षण |
| ४ | २०६५ फागुन १६ | विद्यालय स्तरीय पाठ्यपुस्तकको आपूर्ती र शिक्षाको हक सम्बन्धमा सम्बन( धीत निकायको ध्यानाकर्षण |
| ५ | २०६५ चैत ०१ | नेपाली काङ्ग्रेस पार्टी कार्यालयमा अज्ञात समूहले बम-विष्फोट गराएको सम्बन्धमा ध्यानाकर्षण |
| ६ | २०६५ चैत ०२ | नेपाली काङ्ग्रेस र एनेकपा (माओवादी) पार्टी कार्यालयमा अज्ञात समूहले बम-विष्फोट गराएको सम्बन्धमा ध्यानाकर्षण |
| ७ | २०६५ चैत ११ | भेरी अञ्चल यातायात कार्यालयमा अज्ञात समूहले बम-विष्फोट गराएको सम्बन्धमा ध्यानाकर्षण |
| ८ | २०६६ बैशाख ०९ | बन्दहड्ताल फिर्ता गरी आवागमन सुचारु गर्न संयुक्त थरुहट सङ्घर्ष समितीलाइ आव्हवान |
| ९ | २०६६ बैशाख १९ | बन्दहड्ताल फिर्ता गरी आवागमन सुचारु गर्न संयुक्त थरुहट सङ्घर्ष समितीलाइ आव्हवान |

## विराटनगर

| क.स. | मिति | विषय |
|---|---|---|
| १ | ०६५ साउन | अपहरण मुक्तको लागि अनुरोध |
| २ | २०६५ भदौ १० | अपहरण मुक्तको लागि अनुरोध |
| ३ | २०६५ भदौ २४ | कब्जा सम्पत्ती र बन्द फिर्ता गर्न अनुरोध |
| ४ | २०६५ भदौ ३० | अपहरण मुक्तको लागि अनुरोध |
| ५ | ०६५ कार्तिक २६ | अपहरण मुक्तको लागि अनुरोध |
| ६ | ०६५ पुस | जुटमिलका मजदुरहरूले गरेको बन्द तथा हड्ताल खुलाउन आह्वान |

## धनगढी

| क.स. | मिति | विषय |
|---|---|---|
| १ | २०६५ साउन ०१ | लामो समयको बन्द र हड्तालले आधारभूत मानवअधिकार सङ्कटमा |
| २ | २०६५ असोज ०५ | अत्याधिक बर्षाले मानवअधिकार अवस्था नाजुक, राहत र पुनःस्थापना प्रभावकारी बनाउन आयोगको जोड |
| ३ | २०६५ असोज ३० | “स्वास्थ्यको अधिकार : कार्यान्वयन अवस्था र चुनौतिहरू” विषयक छलफल कार्यक्रम सम्पन्न |
| ४ | २०६५ मङ्सिर २४ | मानवअधिकारमैत्री संविधानसम्बन्धी क्षेत्रीय कार्यशाला सम्पन्न |

## जनकपुर

| क.स. | मिति | विषय |
|---|---|---|
| १ | २०६५ पुस १ | मानवअधिकारमैत्री संविधान निर्माणसम्बन्धी कार्याशाला सम्पन्न |

पोखरा

| क.स. | मिति | विषय |
|---|---|---|
| १ | २०६५ साउन २३ | शृङ्खलाबद्ध बम-विष्फोटको सम्बन्धमा आयोगको ध्यानाकर्षण |

# प्रेस विज्ञप्ति/असोज ५, २०६५

## अत्याधिक बर्षाले मानवअधिकार अवस्था नाजुक, राहत र पुनःस्थापना प्रभावकारी बनाउन आयोगको जोड

सुदूर पश्चिमाञ्चलको कैलाली, कंचनपुर, डोटी लगायत जिल्लाका विभिन्न भूभागहरूमा समेत अत्याधिक वर्षा भई बाढिपहिरोबाट धनजनको क्षति भएकोमा राष्ट्रिय मानवअधिकार आयोगको ध्यानाकर्षण भएको छ।

आयोगको अनुगमन र विभिन्न निकाय, संघ संस्था, सञ्चारमाध्यमबाट समेत प्राप्त जानकारी अनुसार बाढिपहिरोमा परी कैलाली, कञ्चनपूर र डोटी जिल्लामा गरी हालसम्म १९ जना व्यक्तिहरूको मृत्यु भएको, कैलाली र कञ्चनपूरमा गरी ३१ जना हराइरहेका, कैलाली र डोटीमा पहिरोमा परि ४ जना घाइते भएका, कैलाली र कञ्चनपूरमा हजारौं मानिस विस्थापित हुनुका साथै हजारौं घर डुवानबाट प्रभावित भएका छन्। वर्षाका कारण विभिन्न स्थानमा रहेका सुकुम्वासी बस्ती र मुक्तकमैया शिवीरहरू पनि प्रभावित भएका छन्।

राष्ट्रिय मानवअधिकार आयोग यस प्राकृतिक विपत्तिका कारण उत्पन्न अवस्थाप्रति गहिरो दुःख प्रकट गर्दछ। प्राकृतिक प्रकोपबाट प्रभावितहरूको यकिन तथ्याङक संकलन गरी राहत तथा पुनःस्थापना कार्यमा हरसम्भव उपाय अपनाउन आयोग सरकारी निकायहरूको ध्यानाकर्षण गराउँछ। उक्त कार्यमा आवश्यक मानवीय सहयोग पुऱ्याइदिनुहुन समाजका सम्पूर्ण क्षेत्रसँग आयोग आव्हान गर्दछ। आयोगले प्राकृतिक प्रकोपबाट प्रभावितहरूको मानवअधिकार अवस्थाको अनुगमन गरिरहेको छ।

..........................

(**कोषराज न्यौपाने**)

**नि.क्षेत्रीय निर्देशक**

# प्रेस विज्ञप्ति/१ श्रावण, २०६५

## लामो समयको बन्द र हड्तालले आधारभुत मानव अधिकार संकटमा : आयोग

धनगढी - कैलाली उद्योग वाणिज्य संघद्वारा ट्रक व्यवसायीहरूले चक्रीय प्रणालीलाई कायम राखेको भनी सो को खारेजीको माग गर्दै मिति २०६५/३/१७ गतेदेखि आयोजना गरेको चरणबद्ध आन्दोलन अन्तर्गत पछिल्ला दिनमा भएको व्यापार र यातायात व्यवसाय वन्दको घोषणाले नागरिकको आधारभूत मानव अधिकार संकटमा पर्न गएकोमा राष्ट्रिय मानव अधिकार आयोग, सूदुरपश्चिमाञ्चल क्षेत्रीय कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ।

यस सम्बन्धमा आयोगले गरेको अनुगमनबाट बन्दले कैलालीवासीहरूको दैनिक अत्यावश्यक बस्तुको खरिदविक्री र सहज उपभोग गर्न र स्वतन्त्रापुर्वक आवतजावत गर्ने अधिकारमा असर परेको, सुदूर पश्चिमका डडेल्धुरा, डोटी, अछाम, वैतडी लगायतका पहाडी जिल्लाहरूमा दैनिक खाद्यान्न र औषधीहरू समेतको अभाव हुन लागेकोले आधारभूत मानव अधिकारमा गम्भिर आघात पर्न गएको छ। यस बीचमा कैलाली उद्योग वाणिज्य संघ, सेती महाकालि ट्रक व्यवसायी संघ र अन्य सरोकारवालाहरूबीचको सम्वादले ठोस उपलब्धि हासिल हुन नसक्नुले समस्या झन गहिरीएर जाने अवस्था देखापरेको छ।

*उपरोक्त अवस्थाले गर्दा मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र १९४८, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९६६, आर्थिक, सामाजिक र साँस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९६६ आदि अन्तर्राष्ट्रिय दस्तावेजले प्रत्याभूत गरेका मानव अधिकारको उपभोगमा प्रत्यक्ष असर परेको छ र नेपालको अन्तरिम संविधान २०६३,ले व्यवस्था गरेको मौलिक हकको पनि हनन हुन गएको छ।*

तसर्थ, नागरिकका आधारभुत अधिकारहरूको प्रत्याभुति गराउदै खाद्यान्न, औषधीहरू लगायत अन्य अत्यावश्यक बस्तुहरूको खरीद बिक्री र आपुर्तिको प्रभावकारी

व्यवस्था मिलाउन आयोग स्थानीय प्रशासन र नेपाल सरकारको गम्भिर ध्यानाकर्षण गराउँदछ।

साथै, कुनै पनि व्यक्तिले आधारभूत अधिकारको उपभोग गर्न सक्ने वातावरण निर्माण गर्नु उद्योगी व्यवसायीहरूको पनि जिम्मेवारी र कर्तव्य भएकोले वर्तमान समस्याको समाधानका लागि गम्भिर ढंगले पहल गर्न  आयोग आग्रह गर्दछ।

.............................

**बद्री प्रसाद सुवेदी**
**संरक्षण अधिकृत**

# यातना विरूद्धको सहकार्यद्वारा जारी गरेको संयुक्त प्रेस वक्तव्य

## यातनालाई फौजदारी कसूर ठहर गर्ने बृहत कानून लागू गर् ।

**Organizer**

NHRC

यातना पीडितहरूको सहयोगका लागि संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय दिवस – २००९ का अवसरमा यातना विरुद्धको सहकार्यका सहयोद्धाहरू हामी राष्ट्रिय मानवअधिकार आयोग, संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय–नेपाल, आइसिजे, एड्भोकेसी फोरम, इन्सेक, सिभिक्ट, इन्हुरेड इन्टरनेशनल, पीपीआर, फोरहिड र जवाफदेही निगरानी समिति– नेपाल सरकारलाई यातनालाई अपराधीकरण गर्ने बृहत कानूनको निर्माण गर्न माग गर्दै यातनाको सवालमा जारी दण्डहीनताको श्रृङ्खलाको अन्त्य गर्न निरन्तर लडिरहेने आफ्नो अडानप्रति पुनःप्रतिबद्धता दोहोऱ्याउन चाहन्छौं।

**Co-organizers**

सन् १९९१ मा नेपाल सरकारले यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धिलाई अनुमोदन गरेको पनि झण्डै अठार बर्ष पुग्न लागिसकेको छ। तर पनि नेपालले अझैसम्म यातनालाई अपराधीकरण गर्ने र पीडितलाई प्रयाप्त पुनर्लाभको व्यवस्था गर्ने कानून भने पारित गरेको छैन।

विद्यमान यातनासम्बन्धी कानूनले नेपालमा निर्वाधरुपमा जारी यातनासम्बन्धी विकराल समस्यालाई सम्बोधन गर्न लगभग असफल भई सकेको छ। यसले सशस्त्र द्वन्द्वकालका दौरान बृहत र योजनाबद्धरुपमा घटाईएका यातनाका घटनाहरूलाई रोक्न र कानूनी उपचार प्रदान गर्न पूर्णरुपमा असफल रह्यो। अचम्म र दुखदपूर्ण कुरा त के भने हजारौं पीडितहरूकोले न्याय र पुनर्लाभकालागि पर्खिरहे तापनि हालसम्म पीडकलाई कारवाही गरिएको एकै मात्र दृष्टान्त पनि छैन।

नेपालमा अझसम्म पनि यातना निरन्तर जारी छ। यातनाको मात्रामा हाल केही कमी आएता पनि यसको अवस्था अझै विकरालनै रहेको छ। एड्भोकेसी फोरमको हिरासत अनुगमन तथ्याङ्क अनुसार जुन २००८–मे २००९ का बीच ४३२८ थुनुवाहरूलाई भेटिएकोमा ८४२ जनाले आफूलाई यातना र दूर्व्यवहार गरिएको जनाएका थिए। त्यस्तै गरि इन्सेकले २००८ मा २९४ जना थुनुवाहरूलाई राज्य पक्ष र गैर राज्यद्वारा यातना दिईएको जनाएको छ। त्यस्तैगरी राष्ट्रिय मानवअधिकार आयोगले अप्रिल २००८ देखि मे २००९ का बीच  गैर राज्य पक्षद्वारा द्वारा ७२ र गैर राज्य पक्षवाट ३९ वटा यातनाका मुद्दाहरूको अभिलेखिकरण गरेको छ भने एड्भोकेसी फोरमले गैर राज्य पक्षद्वारा घटाईएका ९५ वटा मुद्दाहरूको अभिलेख गरेको छ। अधिकांश यातना पीडितहरू आपराधिक गतिविधिका संलग्न भएको आशंकामा प्रहरीले सोधपुछका क्रममा  यातना दिने गरेको भन्ने कुरा प्राप्त तथ्याङ्कहरूको विश्लेषणबाट प्रष्ट हुन्छ।

यातना विरुद्धको सहकार्यमा जुटेका नागरिक समाजका संघसंस्थाहरूले यस अन्तर्राष्ट्रिय दिवसको अवसरमा “यातनाः गम्भीर फौजदारी अपराध” नामक प्रतिवेदन सार्वजनिक गरेका छौं। यस प्रतिवेदनमा नेपालमा जारी यातनासम्बन्धी विभिन्न सवालहरूमाथि केन्द्रित रहदै यातनाको समस्यालाई समाधान गर्न आवश्यक एक बृहत कानूनको खाका तयार गरी प्रस्तुत गर्ने जमर्को गरिएको छ। राष्ट्रिय र अन्तर्राष्ट्रिय विशेषज्ञहरू र नेपालको नागरिक समाजको अनुभवको प्रतिफल यो नमूना कानून यातनालाई अपराधिकरण गर्ने कानून निमार्णमा सरकारलाई मार्गनिर्देश गर्ने कुरामा दुईमत छैन ।

यस प्रतिवेदनले नेपालमा यातनालाई अझैसम्म पनि फौजदारी कसूर मानिएको छैन भन्ने तथ्यको पनि उजागर गर्दछ। नेपालको अन्तरिम संविधानले यातनालाई फौजदारी कसूरको रुपमा स्थापित गरेता पनि पीडिकलाई उचित अभियोजन गर्ने स्पष्ट निर्देशिका भने प्रस्तुत गरेको छैन।

नेपाल सरकारले यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक दूर्व्यवहार वा सजाय विरुद्धको महासन्धिलाई अनुमोदन गरेको झण्डै अठार बर्ष भैसक्दा पनि र यातना र मानवअधिकार हननका विरुद्ध कडा कदम चाल्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूले बारम्बार आग्रह गरे पनि सरकारले त्यसलाई वेवास्ता गरेको तथ्य त सर्वविदितै छ। फौजदारी न्याय प्रणालीका प्रमूख सरोकारवालाहरू यस समस्यालाई समाधान गर्न इच्छुक छन तर उनीहरूको प्रयासले मात्रै यातना दिने परिपाटीलाई समाप्त गर्न सकिदैन भन्ने हाम्रो ठहर पनि छ। त्यसैले व्यवस्थापिका संसदले रचनात्मक प्रणालीको विकास गरी यातनालाई फौजदारी कसूर ठहर गर्ने, यातनाका आरोपहरूमाथि अनुसन्धान गर्ने एक संयन्त्रको निमार्ण गर्ने र पीडितलाई पूर्ण पुनर्लाभ प्रदान गर्ने बृहत कानूनी मार्गनिर्देशनकृ व्यवस्था गर्ने तथा दण्डहीनताको अन्त्य गरी जन आन्दोलनको म्याण्डेट पूरा गर्ने घडि आएको छ भन्ने हामीलाई लाग्दछ। यस अवसरमा हामीले सरकारलाई निम्नलिखित कार्यहरू गर्न आवह्‌न गर्दछौ :

*Accountability Watch Committee*

- व्यवस्थापिकाबाट प्रजातान्त्रिक मूल्यमान्यताहरूलाई अँगाल्दै यातनालाई अपराधीकरण गर्ने प्रक्रियाको शुरुवात गनुपर्ने
- यातनाविरुद्धको महासन्धीको ऐच्छिक आलेखलाई शीघ्र अनुमोदन गर्नुपर्ने
- यातना दिने कार्यविरुद्ध अनुसन्धान गर्न एक स्वतन्त्र राष्ट्रिय अनुगमन संयन्त्र निमार्ण गर्नुपर्ने

***थप जानकारीका लागि : मार्टि लोगन** (९८५१०१६९२२), **यज्ञ अधिकारी** (९८५१०८७१७१), **मन्दिरा शर्मा** (९८५१०४८४७५)*

# राष्ट्रिय मानवअधिकार आयोग

**सम्पर्क कार्यालय, जनकपुर**

सबै सञ्चारमाध्यममा शीघ्र प्रकाशन/प्रसारणका लागि

**प्रेस विज्ञप्ति**

**२०६५ पुस १ गते**

## मानवअधिकारमैत्री संविधान निर्माणसम्बन्धी कार्याशाला

राष्ट्रिय मानवअधिकार आयोगको जनकपुर सम्पर्क कार्यालयले "मानवअधिकारमैत्री संविधान निर्माणमा हाम्रो भूमिका" विषयक दुईदिने कार्यशाला सम्पन्न गरेको छ। गत मङ्सिर ३० र पुष १ गते सञ्चालन भएको उक्त कार्यशालामा प्रमुख अतिथिका रूपमा बोल्दै आयोगका सदस्य रामनगीना सिंहले मानव अधिकारमैत्री संविधान भएमा मात्रै सबै किसिमका द्वन्द्वहरू न्युनीकरण हुने र देश शान्ति र विकासतर्फ अग्रसर हुनसक्ने बताउनु भयो। उहाँले भन्नुभयो, 'मानवअधिकार सम्मत् संविधानमा सबै वर्ग, क्षेत्र र समुदायका आवाजहरूलाई समेटिएको हुन्छ। यसले उनीहरूलाई राष्ट्रिय एकतामा गोलबद्ध गराउँछ।' सदस्य सिंहले मानवअधिकारमैत्री संविधान निर्माण गर्न आयोगले देशव्यापी रूपमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको बताउनु भयो। सबै क्षेत्रबाट प्राप्त राय-सुझावहरूलाई संकलन तथा संश्लेषण गरी संविधानसभा समक्ष प्रस्तुत गरिने कुराको जानकारी समेत उहाँले दिनु भएको थियो। कार्यक्रममा विशेष अतिथिको रूपमा बोल्दै सभासद रामसरोज यादवले मानवअधिकारमैत्री संविधान निर्माणका लागि आफ्नो तर्फबाट संविधानसभामा विषेश पहल गर्ने प्रविद्धता व्यक्त गर्नु भयो। त्यसैगरी पुनरावेदन अदालतका माननीय न्यायाधीश डा. हरिवंश त्रिपाठीले दण्डहीनताको अन्त्यका लागि सबैको पहल आवश्यक रहेको औंल्याउनु भयो।

कार्यशालामा पुनरावेदन अदालत जनकपुरका न्यायाधीश डा. हरिवंश त्रिपाठीले 'मानव अधिकारमैत्री संविधान निर्माणमा विधिको शासनको अनिवार्यता' विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने आयोगका विधिविषय परामर्श महाशाखाका प्रमुख शंकरनाथ अधिकारी तथा योजना महाशाखाका सूर्यबहादुर देउजाले संविधान निर्माण प्रक्रिया तथा मानवअधिकारमैत्री संविधानका विषयमा प्रशिक्षण दिनु भएको थियो। कार्यक्रममा मानवअधिकारको क्षेत्रमा कार्यरत संघसंस्थाका प्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, कानून व्यवसायी, पत्रकार, नागरिक समाजका

प्रतिनिधि लगायतको उपस्थिति थियो। आयोग सदस्य रामनगीना सिंहबाट उद्घाटन भएको उक्त कार्यशालामा मध्यमाञ्चल क्षेत्रका ७ जिल्लाबाट विभिन्न संस्थाका प्रतिनिधिहरू सहभागी हुनुहुन्थ्यो। कार्यक्रममा आयोगको जनकपुर सम्पर्क कार्यालय प्रमुख बुद्धनारायण साहनी लगायतको उपस्थिति थियो।

................................

(**बुद्धनारायण सहनी**)
**कार्यालय प्रमुख**

# राष्ट्रिय मानवअधिकार आयोग

**हरिहरभवन, ललितपुर**

सबै सञ्चारमाध्यममा शीघ्र प्रकाशन/प्रसारणका लागि

**प्रेस विज्ञप्ति**

**२०६५ श्रावण २० गते**

**आयोगहरूको एसिया-प्रशान्त बैठकमा नेपाल सहभागी**

## मानवअधिकारमैत्री संविधान निर्माण आयोगको मुख्य प्राथमिकता

एसिया-प्रशान्त क्षेत्रको मानवअधिकारको अवस्था सुदृढ गर्ने तथा दण्डहीनतालाई अन्त्य गर्ने सामूहिक प्रतिबद्धता जनाउँदै मानवअधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको १३औं वार्षिक सम्मेलन मलेसियाको राजधानी क्वालालम्पुरमा सम्पन्न भएको छ। गत साउन १३ देखि १६ गतेसम्म चलेको उक्त सम्मेलनमा नेपाल लगायत १७ देशका राष्ट्रिय मानवअधिकार आयोगहरू, राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, विभिन्न देशका सरकार एवम् संसदका प्रतिनिधिहरू तथा क्षेत्रीय र राष्ट्रिय गैरसरकारी संस्थाहरू सहभागी थिए।

सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रिय मानवअधिकार आयोग, नेपालका अध्यक्ष केदारनाथ उपाध्यायले सशस्त्र द्वन्द्वको एक दशक लामो अवस्था पार गर्दै नेपाल शान्त सम्झौता, संविधानसभा निर्वाचन र गणतन्त्र कार्यान्वयनमार्फत् नयाँ नेपालको निर्माणमा जुटेको र अहिले मानवअधिकारको अवस्था तुलनात्मक रूपमा सुधिएको बताउनु भयो। अध्यक्ष उपाध्यायले भन्नुभयो, 'राष्ट्रिय मानवअधिकार आयोगको मुख्य प्राथमिकता संविधानसभाबाट बन्न लागेको नयाँ संविधानलाई मानवअधिकारमैत्री बनाउनु हो। त्यसैगरी यातना विरुद्धको महासन्धिको ऐच्छिक आलेखलाई अनुमोदन गर्न नेपाल सरकारलाई आग्रह गरिने छ।' उहाँले आयोगका सिफारिसहरू कार्यान्वयन गर्न नेपाल सरकारले पर्याप्त चासो नदेखाएको, बेचबिखनबाट पीडित भएकाहरूलाई सरकारको तर्फबाट पूनर्वास तथा सामाजिक एकीकरणको व्यवस्था नगरेको सम्बन्धमा पनि मञ्चको ध्यानाकर्षण गराउनु भएको थियो।

सम्मेलनमा सदस्य देशहरूमा मानवअधिकार संरक्षण र प्रवर्द्धन गर्न राष्ट्रिय मानवअधिकार आयोगहरूको भूमिका प्रभावकारी बनाउने, मानवअधिकार संरक्षण गर्न क्षेत्रीय संयन्त्रको विकास गर्ने, मृत्युदण्डलाई विश्वव्यापी उन्मूलन गर्ने, आदिवासी तथा अल्पसङ्ख्यक जनजातिका अधिकारका सम्बन्धमा यो वर्ष विशेष कार्यक्रम सञ्चालन गर्ने, सदस्य देशहरूमा भइरहेको मानव बेचबिखनलाई रोक्ने लगायतका विषयमा छलफल भएको थियो।

एसिया-प्रशान्त मञ्चमा यस क्षेत्रका १४ देशहरू नेपाल, अस्ट्रेलिया, अफगानिस्तान, भारत, इन्डोनेसिया, जोर्डन, मलेसिया, मङ्गोलिया, न्युजिल्यान्ड, फिलिपिन्स, दक्षिण कोरिया, श्रीलङ्का, थाइल्यान्ड र पूर्वी टिमोर पूर्ण सदस्य छन्। त्यस्तै तीन देशहरू इरान, कतार र प्यालेस्टाइनले एसोसिएट सदस्यको दर्जा पाएका छन्। आयोजक राष्ट्रको अध्यक्षतामा सम्मेलन सञ्चालन हुने प्रचलन अनुरूप सम्मेलनको अध्यक्षता मलेसियाको राष्ट्रिय मानवअधिकार आयोग (सुखाम) का अध्यक्ष तान श्री अबु तालिब ओट्म्यान (Tan Sri Abu Talib Othman) ले गर्नुभएको थियो। आगामी सम्मेलन एसियाली राष्ट्र जोर्डनमा हुनेछ।

राष्ट्रिय मानवअधिकार आयोग, नेपालका तर्फबाट आयोगका अध्यक्षका साथै सदस्य रामनगीना सिंह र सचिव विशाल खनाल यो सम्मेलनमा सहभागी हुनुहुन्थ्यो।

......................

**पद्मा माथेमा**

**निमित्त सचिव**

# राष्ट्रिय मानवअधिकार आयोग

**हरिहरभवन, ललितपुर**

सबै सञ्चारमाध्यममा शीघ्र प्रकाशन/प्रसारणका लागि

**प्रेस विज्ञप्ति**

**२०६५ श्रावण २ गते**

## खाद्यान्नको अधिकार सुनिश्चित गर्न सरकारी निकायका प्रमुखसँग छलफल

राष्ट्रिय मानवअधिकार आयोगले सर्वसाधरणको खाद्यअधिकार सुनिश्चित गर्ने सम्वन्धमा विद्यमान खाद्य सङ्कटको अवस्था, सुरक्षण, आपूर्ति, वितरण तथा व्यवस्थापन सम्बन्धमा नेपाल सरकारका विभिन्न मन्त्रालयका सचिव, सुरक्षा निकायका प्रमुखहरूसँग आज छलफल गरेको छ। छलफलमा आयोगले सुदूर पश्चिम र मध्यपश्चिमका खाद्य सङ्कट भएका जिल्लाहरूको अनुगमन पश्चात प्राप्त तथ्यहरू प्रस्तुत गरेको थियो। प्राप्त तथ्यहरूवाट खाद्य संकट भएका जिल्लाहरूमा यथेष्ट रुपमा खाद्यान्नको सुरक्षण नभएको र आपुर्ति, वितरण एवं ब्यवस्थापन प्रभावकारी नभएको जानकारी गराईएको थियो। छलफलको क्रममा मन्त्रालयका सचिव ज्यु तथा सुरक्षा निकायहरूवाट खाद्य संचितीको अवस्था, वितरण, सुरक्षण, ब्यवस्थापन आदीको बारेमा जानकारी गराउदै केही जिल्लाहरूमा खाद्य भण्डारण न्युन रहन गएको, ढुवानीमा सहजता हुन नसकेको एवं ब्यवस्थापनलाई अझ चुस्त पार्दै थप सुधार ल्याइने कुरामा जोड दिएका थिए।

कार्यक्रममा आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले खाद्य र जीवनको अधिकारबीच अन्योन्याश्रित सम्बन्ध भएको बताउदै खाद्य सुरक्षण, वितरण तथा खाद्यान्नको पहुंच सर्वसाधारण सम्म पुरयाउन सचिवहरूको नीति निमार्ण तथा कार्यान्वयन तहमा महत्वपूर्ण योगदान रहने भएकोले आगामी दिनमा समस्याको समाधानमा क्रियाशिल रही खाद्यन्नको अधिकार सुनिश्चित गर्न जोड दिनु पर्ने बताउनु भयो ।

उक्त छलफल कार्यक्रममा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रीपरिषदका सचिव माधव पौडेल, कृषि सचिव टेकबहादुर थापा, गृह सचिव उमेश प्रसाद मैनाली, रक्षा सचिव वामन प्रसाद न्यौपाने, शान्ति तथा पूर्ननिमार्ण सचिव माधव प्रसाद घिमिरे, प्रहरी महानिरीक्षक ओमविक्रम राणा, सशस्त्र प्रहरी महानिरीक्षक वासुदेव ओली खाद्य संस्थानका महाप्रबन्धक बेनीबहादुर रावललगायत अन्य उच्चपदस्थ सरकारी अधिकारीहरूको उपस्थिति थियो। कार्यक्रममा आयोगका सदस्यहरू, सचिव, क्षेत्रीय कार्यालयका प्रमुख तथा महाशाखा प्रमुखहरूको समेत उपस्थिति थियो।

.........................

**विशाल खनाल**

**सचिव**

# राष्ट्रिय मानवअधिकार आयोग

**हरिहरभवन, ललितपुर**

**प्रेस विज्ञप्ति**

**२०६५ मंसिर ५ गते**

## विस्तृत शान्ति सम्झौताको अक्षरशः पालना गर्न आग्रह

ललितपुर। नेपाल सरकार र नेकपा (माओवादी)बीच २०६३ मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौतालाई सशस्त्र द्वन्द्वको समाप्ति र मानव अधिकारको संरक्षणको दृष्टिकोणबाट कोशेढुंगाको रुपमा लिइएको छ। सो सम्झौताले राष्ट्रिय मानवअधिकार आयोगलाई मानव अधिकारको स्थिती अनुगमन गर्ने जिम्मेवारी समेत दिएको छ। सम्झौता पश्चात आयोगले गरेको नियमित अनुगमनबाट दुई वर्षको अवधि व्यतित हुँदा पनि उक्त सम्झौतामा उल्लेख गरिएका मानवअधिकार सम्बन्धी प्रावधानहरू हालसम्म सन्तोषजनक रुपमा कार्यान्वयन हुन सकेको पाइएको छैन। उक्त सम्झौतामा हत्या तथा हिंसात्मक कारवाहीहरू नगर्ने, अपहरण पक्राउ थुनछेक तथा बेपत्ता पार्ने कार्य नगर्ने, दुवैपक्षबाट बेपत्ता तथा कब्जामा लिई अवस्था अज्ञात पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गरी पन्ध्र दिनभित्र सबैलाई मुक्त गर्ने, दुवैपक्षबाट मारिएका व्यक्तिहरूको वास्तविक नामथर र ठेगाना सम्झौता भएको मितिले साठी दिनभित्र सार्वजनिक गरी परिवारलाई समेत जानकारी गराउने, द्वन्द्वपीडित र विस्थापितहरूको लागि राहत तथा पुनस्थापना गराउन राष्ट्रिय शान्ति तथा पुनस्थापना आयोग गठन गर्ने, मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध समेतको बारेमा अन्वेषण गर्न उच्च स्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन गर्ने, विस्थापित व्यक्तिहरूलाई पुनस्थापना र सामाजिकीकरण गर्ने, युद्धको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङको रेखाङ्कन गरी साठी दिनभित्र निष्कृय र निर्मूल गर्ने भनी प्रतिबद्धता व्यक्त भएको थियो। सम्झौतामा उल्लेख भए बमोजिम राष्ट्रिय शान्ति तथा पुनस्थापना आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन हुन नसक्दा द्वन्द्वपीडित व्यक्तिहरूले न्याय पाउन नसकी दण्डहीनताले प्रश्रय पाइरहेको अवस्था छ।

राष्ट्रिय मानवअधिकार आयोगले विभिन्न जिल्लाहरूमा गरिएको अनुगमन पश्चात दुवैपक्षलाई विस्तृत शान्ति सम्झौताको पालना गर्न पटक पटक गरेको आग्रह तथा

सिफारिस विपरीत हालसम्म पनि सम्झौताका पक्षहरूबाट छिटपुट रूपमा हत्या तथा हिंसात्मक कारवाहीहरू तथा नेकपा माओवादीका भातृसंगठनको नामबाट व्यक्ति( लाई कब्जामा लिई अवस्था अज्ञात पार्ने कार्य भइरहेको पाइएको छ। सम्झौताको दुई वर्ष व्यतित भइसक्दा पनि आफ्नो प्रतिबद्धताअनुरुप दुवैपक्षबाट बेपत्ता तथा कब्जामा लिई अवस्था अज्ञात पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्ने र मारिएका व्यक्तिहरूको वास्तविक नामथर र ठेगाना सार्वजनिक गरी परिवारलाई जानकारी गराउने कार्य समेत हुन सकेको छैन। यसको साथै सशस्त्र द्वन्द्वको समयमा प्रयोग गरिएका धराप तथा बारुदी सुरुङ हटाउने कार्य प्रभावकारी रुपमा हुन सकेको छैन। सम्झौतामा उल्लेख भएबमोजिम विस्थापितहरूलाई पूर्ण रुपमा स्थापित गराउने तथा कब्जा गरिएका सम्पति फिर्ता गर्ने कार्य नहुँदा मानवअधिकारको उल्लङ्न हुने कार्यले निरन्तराता पाइरहेको छ। साथै हालका दिनमा सम्पति कब्जा गर्ने प्रवृति बढ्दै गइरहेको पाइएको छ। आयोगमा २०६४ मंसिर ५ देखि एकवर्षको अवधिमा नेकपा (माओवादी)बाट कब्जामा लिई अवस्था अज्ञात पारेको भनी ३०, सुरक्षाकर्मीबाट द्वन्द्वको अवधिमा बेपत्ता पारिएका भनी ३२, सुरक्षाकमीबाट हत्या भएको भनी ७०, नेकपा माओवादीबाट हत्या भएको भनी ३६, नेकपा (माओवादी)बाट विस्थापित तथा सम्पति कब्जा गरिएको भनी ७६, सुरक्षाकर्मीद्वारा सम्पति कब्जा गरिएको भनी ५, नेकपा (माओवादी)बाट धम्की दिइएको भनी २४, सुरक्षाकर्मीबाट धम्की दिएको भनी ७ तथा सशस्त्र द्वन्द्वको अवधिमा जथाभावी विछ्याइएका धराप तथा बारुदी सुरुङमा परी २३ जनाको मृत्यु भएको र ६ जना घाइते भएको भनी आयोगमा उजुरी समेत प्राप्त हुन आएको अवस्था छ।

उल्लेखित अवस्थाबाट विस्तृत शान्ति सम्झौतामा व्यक्त गरिएका प्रतिबद्धताहरू व्यवहारमा पालना भएको नपाइएको तथा सरकारमा संलग्न राजनीतिक दलका भातृ संगठनहरू नै मानवअधिकार विरुद्धका गतिविधि र हिंसात्मक कार्यमा संलग्न हुँदै जाने प्रवृति बढ्नुले मानवअधिकार संरक्षणको कार्य थप चुनौतिपूर्ण बन्दै गइरहेको छ। अतः सम्झौतारत पक्षलाई आफ्ना प्रतिबद्धताहरूको अक्षरस पालना गर्दै मानवअधिकार उल्लङ्घनका कार्यमा संलग्न पक्षलाई कानुनी दायरामा ल्याई मानवअधिकारका आधारभूत सिद्धान्तको पालना र सम्मान गर्न आयोग सम्बन्धित पक्षसँग पुन आग्रह गर्दछ।

........................

**विशाल खनाल**

**सचिव**

# राष्ट्रिय मानवअधिकार आयोग

**हरिहरभवन, ललितपुर**

सबै सञ्चारमाध्यममा शीघ्र प्रकाशन/प्रसारणका लागि

**प्रेस विज्ञप्ति**

**२०६६ असार २१ गते**

## नेपाल सरकारलाई आयोगको ध्यानाकर्षण

राष्ट्रिय मानवअधिकार आयोगले मानवअधिकार उल्लङ्घनमा आरोपित व्यक्तिहरूका सम्बन्धमा आवश्यक छानबिनपश्चात् मात्र उनीहरूको वृत्ति विकासको निर्णय लिन नेपाल सरकारलाई आग्रह गरेको छ। आयोगद्वारा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पठाइएको पत्रमा भनिएको छ, 'यस्तो निर्णय लिनुपूर्व मानवअधिकार हननमा संलग्न भएनभएको बारे आयोगले गरेका सिफारिसहरूलाई उचित ध्यान दिन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ।'

आयोगद्वारा प्रेषित पत्रमा भनिएको छ, 'आयोगको अनुसन्धानबाट मानवअधिकारको उल्लङ्घनका घटनामा दोषी देखिएका कतिपय अधिकारीहरूलाई कारबाही गर्न आयोगले गरेको सिफारिस कार्यान्वयन नगरिएको र त्यस्ता अधिकारी तथा कर्मचारीहरू सुरक्षा संयन्त्र लगायत विभिन्न सरकारी सेवामा कार्यरत रहेको पाइएको छ। त्यस्ता अधिकारी तथा कर्मचारीहरूलाई विभागीय वा न्यायिक कारबाही वा दुवै चलाउन आयोगले गरेको सिफारिसको कार्यान्वयन हुनुअघि नै उनीहरूको पदोन्नति गर्ने, संयुक्त राष्ट्रसङ्घ लगायतका अन्तर्राष्ट्रिय निकायमा सेवा गर्न पठाउने वा अन्य किसिमबाट वृत्तिविकास वा प्रोत्साहन गरिएको पाइएको छ। यस्ता गतिविधिले दण्डहीनता थप मौलाउने र मानवअधिकारप्रति राज्यको प्रतिवद्धतामा प्रश्न उठ्न सक्ने व्यहोरातर्फ नेपाल सरकारको ध्यानाकर्षण गराइन्छ।'

त्यसैगरी, रामेछाप जिल्लाको दोरम्बामा नेपाली सेनाद्वारा २०६० साल साउन ३२ गते २१ जना व्यक्तिलाई नियन्त्रणमा लिई हत्या गरेको सम्बन्धमा आयोगले गरेको सिफारिस पूर्ण कार्यान्वयन गर्न समेत आयोगले नेपाल सरकारको ध्यानाकर्षण

गराएको छ। आयोगले दयाराम परियार (जनकपुर), सपना गुरुङ (मोरङ), मैना सुनुवार (काभ्रे), सरला सापकोटा (धादिङ) को हत्यामा दोषी पाइएकाहरूका सम्बन्धमा तथा कालिकोटको कोटवाडा र जनकपुरकै संजीवलाल कर्ण समेत ५ जनाको हत्यामा आरोपीहरूका सम्बन्धमा समेत 'स्वतन्त्र र विस्तृत अनुसन्धान गरी दोषीलाई आवश्यक कारबाही तथा पीडित परिवारलाई उचित राहतको साथै यस्ता घटना पुनः दोहोरिन नदिन आवश्यक सतर्कता अपनाउन सरकारले सुरक्षा निकायलाई सचेत गराउन' सिफारिस गरेको थियो। मानवअधिकारको चरम उल्लङ्घन मानिएका यी घटनाका सम्बन्धमा आयोगले गरेका सिफारिसहरू अझै कार्यान्वयन भएका छैनन्।

.................................

**विशाल खनाल**

**सचिव**

# राष्ट्रिय मानवअधिकार आयोग

**हरिहरभवन, ललितपुर**

सबै सञ्चारमाध्यममा शीघ्र प्रकाशन/प्रसारणका लागि

**प्रेस विज्ञप्ति**

**२०६५ चैत ११ गते**

## एसएलसी परीक्षालाई शान्तिपूर्ण बनाउन आग्रह

राष्ट्रिय मानवअधिकार आयोगले देशका विभिन्न भागको मानवअधिकारको अवस्थाबारे नियमित अनुगमन गरिरहेको छ। केहि दिनयता पूर्वाञ्चल क्षेत्र तथा अन्य कतिपय जिल्लामा विभिन्न समूहले बन्द, हड्ताल लगायत विरोधका कार्यक्रमहरू सञ्चालन गरिरहेकाले ती क्षेत्रमा मानवअधिकार अवस्था असहज भएको पाइएको छ। यसै सन्दर्भमा भोलिदेखि सुरु हुन गइरहेको एसएलसी परीक्षामा बन्द हड्तालका वा विरोधका अन्य कार्यक्रमहरूका कारण बालबालिकाको शिक्षा प्राप्तिको अधिकारमा असर पुग्न सक्ने आयोगको नियमित अनुगमनबाट देखिएको छ।

शिक्षा आर्जन गर्न पाउनु हरेक व्यक्तिको आधारभूत मानवअधिकार हो। बालबालिका शान्ति क्षेत्र हुन् भन्ने अवधारणालाई आत्मसात गर्दै बालबालिकाको शिक्षा प्राप्तिको अधिकारलाई सुनिश्चित गर्न पर्याप्त शान्तिसुरक्षाको व्यवस्था मिलाउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ। साथै, बालबालिकाले भय र त्रासमुक्त वातावरणमा एसएलसी परीक्षामा सहभागी हुन पाउने अधिकारको सम्मान गर्नु सबैको कर्तव्य भएकाले सम्पूर्ण राजनीतिक दल, अधिकारकर्मी, नागरिक समाज, सरकारी तथा गैरसरकारी संङ्घसंस्थाका प्रतिनिधि लगायत सबैले आ-आफ्नो तर्फबाट जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्न आयोग आग्रह गर्दछ।

...........................

**विशाल खनाल**

**सचिव**

# राष्ट्रिय मानवअधिकार आयोग

**हरिहरभवन, ललितपुर**

सबै सञ्चारमाध्यममा शीघ्र प्रकाशन/प्रसारणका लागि

**प्रेस विज्ञप्ति**

**२०६६ वैसाख २१ गते**

## संवाद र सहमतिबाट निकास निकाल्न आग्रह

राष्ट्रिय सुरक्षाको संवेदनशील क्षेत्र नेपाली सेनाको प्रधान सेनापतिसम्बन्धी विवादले देशको राजनीतिक क्षेत्रमा देखिएको असहज परिस्थितिले राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ। यसले विस्तृत शान्तिसम्झौता, नेपालको अन्तरिम संविधान २०६३ र जनआन्दोलनको उपलब्धिलाई संस्थागत गर्ने दिशामा गम्भीर अवरोध पुगेको छ। यस परिस्थितिले जनताको जीविका, मानवअधिकार र शान्ति सुरक्षामा दीर्घकालीन असर पार्न सक्ने सम्भावना छ। यस अवस्थामा संविधान र कानुनलाई आ-आफ्नो राजनीतिक स्वार्थको पक्षमा व्याख्या-विश्लेषण नगरी वृहत्तर राष्ट्रिय हितका निम्ति उपयोग गर्नु जरुरी छ।

तसर्थ, विस्तृत शान्तिसम्झौतालाई पूर्ण रूपमा कार्यान्वयन गर्न, घोषित समय तालिकाअनुसार संविधान बनाउन तथा समस्त नेपालीको मानवअधिकारको सम्मान र संरक्षण गर्न, संवाद र सहमतिको माध्यमबाट विद्यमान सङ्कटको निकास निकाल्न राष्ट्रिय मानवअधिकार आयोग सम्बन्धित पक्षहरूलाई हार्दिक आव्हान गर्दछ।

...........................

**विशाल खनाल**

**सचिव**

# राष्ट्रिय मानवअधिकार आयोग

**हरिहरभवन, ललितपुर**

सबै सञ्चारमाध्यममा शीघ्र प्रकाशन/प्रसारणका लागि

**प्रेस विज्ञप्ति**
**२०६६ जेठ ७ गते**

## मानवअधिकारको वर्तमान अवस्थाप्रति आयोग चिन्तित

आज यस आयोगमा नेकपा (एमाले) का महासचिव ईश्वर पोखरेल तथा नेपाली कांग्रसका नेता डा. रामवहादुर वि.सी. सहितको दुई छुट्टा छुट्टै सभासद्हरू सहितको टोलीले आयोगका पदाधिकारीहरूलाई भेटी विभिन्न घटनाहरूको सम्बन्धमा जानकारी गरायो। रामेछाप जिल्लाको तिल्पुङ्ग गा.वि.स. इलाकामा नेकपा (एमाले) का महासचिव ईश्वर पोखरेल सहितका नेताहरूको टोली माथि मिति २०६६ साल जेठ ३ गते एकिकृत नेकपा (माओवादी) का कार्यकर्ताबाट सांघातिक आक्रमण गरेको घटनाबाट मानव अधिकारको उल्लंघन हुन गएको तथा अर्घाखाँची जिल्लामा एकीकृत नेकपा (माओवादी ) का कार्यकर्ताबाट विभिन्न राजनीतिक दलका कार्यकर्तालाई दिएको धम्कीका कारण राजनीतिक दलका नेता कार्यकर्ता विस्थापित हुनु परेकोले दोषीलाई कारवाही गरी मानव अधिकारको संरक्षण गरी पाउन दुवै टोलीहरूले उजुरी समेत दिएका छन्।

ने.क.पा.(एमाले) का महासचिव ईश्वर पोखरेलले मानव अधिकारको खस्कँदो अवस्था, एकीकृत (माओवादी) कार्यकर्ताहरूबाट देशका विभिन्न स्थानहरूमा मानव अधिकारका उल्लंघनका घटनाहरू घटाइएकोले आयोगबाट त्यस्ता घटनाहरूको अविलम्व छानविन हुनु पर्ने कुरा बताउनु भयो भने नेपाली कांग्रेसका नेता डा. राम वहादुर वि.सी.ले एकीकृत माओवादीका मानव अधिकार विरुद्धका ज्यादतीहरूलाई आयोगले छानविन गरी मानव अधिकारको संरक्षणमा जोड दिनु पर्ने कुरा बताउनुभयो। उजुरीहरू प्राप्त भएपछि वर्तमान अवस्थामा देशभर भएका घटनाहरूलाई आयोगले नजिकबाट अनुगमन गरिरहेको र खस्कदो मानव अधिकार अवस्थाप्रति आयोगका

अध्यक्ष केदारनाथ उपाध्यायले चिन्ता व्यक्त गर्दै आयोगको टोली रामेछापमा भएको घटनाको अनुसन्धान गर्न अविलम्ब घटनास्थलतर्फ प्रस्थान गर्ने जानकारी दिनुभयो।

राष्ट्रिय मानव अधिकार आयोग नागरिकको अभिव्यक्ति, स्वतन्त्रता, पेशा व्यवसाय गर्ने स्वतन्त्रता, आवागमनको स्वतन्त्रताको सम्मान गर्न सम्बन्धित पक्षसँग आग्रह गर्दछ। साथै शान्ति सुरक्षाको सुव्यवस्था मिलाउन नेपाल सरकारको समेत ध्यानाकर्षण गर्दछ।

छलफलमा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू गौरी प्रधान, डा. लीला पाठक र डा. के.वी. रोकाया लगायत अधिकृत कर्मचारीको उपस्थिति थियो।

.............................

**विशाल खनाल**

**सचिव**

# राष्ट्रिय मानव अधिकार आयोग

क्षेत्रीय कार्यालय, विराटनगर

## प्रेस विज्ञप्ती

### कब्जामुक्त गर्न आग्रह

**विराटनगर, २५ चैत्र २०६५**

सुनसरी जिल्ला इनरुवा नगरपालिका वार्ड न ३ सोमबारे हाट बस्ने वर्ष ५८ को **खिलनाथ ढकाललाई** मिति ०६५/१२/२० गते राती अं. ११:४५ बजेको समयमा सत्यभोरा गा.वि.स. वार्ड नं.६ हलैया स्थित आफनो खेतीमा गहुँ बालीको हेरचाह गर्न बसेको अवस्थामा आफनै खमारबाट २ दुईवटा मोटरसाईकलमा आएका ४ जना हतियारधारी अज्ञात व्यक्तिहरुले अपहरण गरी लगेकोले निजको सकुसल रिहाईको लागि आवश्यक पहल गरिदिन हुन भनी ब्यहोराको उजूरी यस कार्यालयमा दायर हुन आएकोले सो घटना प्रति यस कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ।

अत: अयोगको यस कार्यालय निज अपहरित खिलनाथ ढकाललाई विनाशर्त, शिघ्र सकुशल कब्जामुक्त गरि व्यक्तिको स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारको सम्मान गर्न सम्बन्धित पक्षलाई आग्रह गर्दछ।

सुवर्ण कुमार कर्माचार्य
(क्षेत्रीय निर्देशक)

फोन नं. ०२१-४६११९१, ०२१-४६१०९३ फ्याक्स नं. ०२१-४६११०० पो.ब.नं. १८७, मोरङ, नेपाल
इमेल: nhrcbrt@nhrcnepal.org वेबसाइट: www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

क्षेत्रीय कार्यालय, नेपालगञ्ज

समाचार विज्ञप्ति

२०६६ [illegible]

## आयोगद्वारा माओवादी सेनाको शिविरमा अनुगमन 'बालअधिकारको अवस्था नाजुक'

[illegible]

[illegible]

[illegible]

बेदप्रसाद भट्टराई
क्षेत्रीय निर्देशक

# राष्ट्रिय मानव अधिकार आयोग

**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा**

## प्रेस विज्ञप्ति

श्रावण २६, २०६५

### श्रृंखलाबद्ध बम विस्फोट सम्बन्धमा आयोगको ध्यानाकर्षण

मिति २०६५/४/२२ गते बुधबार साँझ पोखराको सभागृहचोक र सृजनाचोकको सर्वसाधारण हिंडडुल गरि रहने सार्वजनिक स्थलहरुमा श्रृंखलाबद्ध बम विस्फोट भएको र सो विस्फोटनमा परि ६ जना घाईते भएका सो मध्ये एक जनाको अवस्था गम्भीर रहेको भन्ने विभिन्न समाचार माध्यममा प्रकाशित तथा प्रसारित समाचार बाट यस कार्यालयको गम्भिर ध्यानाकर्षण भएको छ।

उपरोक्त घटनाले प्रत्येक व्यक्तिको शान्तिपूर्ण तरिका बाट बाँच्न पाउने तथा सामान्य अवस्थामा देशको जुनसुकै भागमा हिंडडुल गर्न पाउने अधिकारमा गम्भीर असर पुग्न गएको छ। सो घटना घटाउन जिम्मेवार व्यक्तिहरुलाई कानूनको दायरामा ल्याई घटना बाट पिडीतहरुको स्वास्थ्य उपचारको सम्पूर्ण व्यवस्था गर्न तथा शान्ति सुरक्षामा थप सतर्कता अपनाउन यो कार्यालय सरकार लाई अनुरोध गर्दछ।

अच्युत आचार्य
नि.क्षेत्रीय निर्देशक

जनप्रिय मार्ग-७, फोन नं ०६१-५५१८९९, ५५१८२२, पोष्ट बक्स नं. ७२ पोखरा
फ्याक्स : ०६१-५४२०४२, ईमेल : nhrcpkr@nhrcnepal.org वेबसाईट : www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग

क्षेत्रीय कार्यालय, विराटनगर

## प्रेश विज्ञप्ती

२०६६ जेठ ७, विराटनगर

विगत केही दिनदेखि पूर्वी तराईका केही जिल्लाहरुमा बालबालिका अपहरण गर्ने गिरोह सक्रिय रहेको भन्ने आशंकामा स्थानीय व्यक्तिहरुबाट आशंकित व्यक्तिहरुलाई कुटपीट गर्ने गरिएको र ती मध्ये सप्तरी जिल्लामा ३ र सुनसरी जिल्लामा १ गरी जम्मा ४ जनाको हत्या समेत भएको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले यस विषयमा विभिन्न जिल्लाका सुरक्षा निकायबाट प्राप्त तथ्य अनुसार बालबालिका अपहरणका कुनैपनि घटना नघटेको तथा सूचना समेत नआएको भन्ने जानकारी आयोगको यस कार्यालयलाई प्राप्त हुन आएको छ । बालबालिकाको अपहरण भएको र गिरोह नै सक्रिय रहेको भन्ने कुरा निराधार भएको हुँदा सबैलाई संयम हुन र हल्लाको भरमा कुटपिटमा संलग्न नहुन समेत अनुरोध गर्दै आफ्नो बालबालिकाको सुरक्षा, संरक्षण र निगरानीमा विशेष ध्यान पुर्‍याउन समेत यस कार्यालय सम्बन्धी सबैपक्षसँग आग्रह गर्दछ ।

कोही पनि व्यक्ति बालबालिका अपहरण गर्ने जस्ता गैरकानुनी कार्यमा संलग्न भएको आफुलाई थाहा भएमा तत्काल स्थानीय प्रहरी, प्रशासनमा जानकारी दिई कानुनी कार्वाही अगाडी बढाई कानुनी राज्यको अवधारणालाई मजबुत बनाउने कर्तब्य तथा दायित्व सबै नागरिकको हो । अनुसन्धानको दायरामा नल्याई व्यक्तिलाई कुटपीट गर्ने र हत्या भएको पाइएबाट सो कार्यले व्यक्तिको स्वतन्त्र र भयमुक्त वातावरणमा बाँच्न पाउने अधिकार कुण्ठीत भएको र अर्कोतर्फ कानुन विरुद्धको कार्य समेत भएको हुँदा यसखाले घटनामा कुनै पनि व्यक्ति/समूह संलग्न नहुन आयोगको कार्यालय सम्बन्धीत सबैसंग आव्हान गर्दछ ।

सुवर्ण कुमार कर्माचार्य
क्षेत्रीय निर्देशक

फोन नं. ०२१-४६१०९३, ०२१-४६११३१ फ्याक्स नं. ०२१-४६११०० पो.ब.नं. १८७, मोरङ, नेपाल
इमेल: nhrcbrt@nhrcnepal.org वेबसाइट: www.nhrcnepal.org

## अनुसूची-९

### आयोगका पदाधिकारीहरू तथा कर्मचारीहरूको अन्तर्राष्ट्रिय सहभागितासम्बन्धी विवरण

| S.N. | Name of the program | place | Date | Participant |
|---|---|---|---|---|
| 1. | 9th International Conference | Nairobi, Kenya | 21-24 October, 2008 | Hon'ble Kedar Nath Upadhyaya/ Hon'ble Gauri Pradhan |
| 2. | NHRIs conference | India | 16-18 April, 2009 | Hon'ble Kedar Nath Upadhyaya/ Hon'ble Ram Nagina Singh |
| 3. | International Conference on Multicultural Society and Human Rights | Seoul, Korea | 10-14, November, 2008 | Hon'ble Dr Leela Pathak/Bishal Khanal |
| 4. | Lecture Talk Program | Norway | October 23- 8 November, 2008 | Hon'ble member Dr. KB Rokaya |
| 5. | 15th Anniversary of the world conference on Human Rights | Austria | 28-29 August, 2008 | Hon'ble KB Rokaya |
| 6. | Staff Placement Program | Philipinse | 20-31 October, 2008 | Achyut Acharya |
| 7. | Sub regional training on human rights | Thailand | November 4-9, 2008 | Budha Narayan Sahani |
| 8. | 13th South Asia Teaching Session on International Humanitarian Law | India | November 19-26, 2008 | Arjun Koirala |
| 9. | LGBT Rights | Sweden | Nov. 2008 | Ganesh Aryal |
| 10. | Regional Training Program in Human Rights for representatives from NHRIs from sia Pacific | Thailand | 24 November- 3 December, 2008 | Kalpana jha /Nanda Kishor Prasad yadav |
| 11. | NHRIs conference | India | 16-18 April, 2009 | Surya Deuja |

| | | | | |
|---|---|---|---|---|
| 12. | Workshop on NHRIs and the Yogyakarta Principles | Indonesia | 5-7 May, 2009 | Tika ram Pokharel |
| 13. | Essential Course on Transitional Justice | Singapore | 16-18, June, 2009 | Madhav Gautam |
| 14. | Philipinse | | 20-29 June, 2009 | Murari Kharel, Deepakjungdhoj Karki, Shyambabu Kafle, Thakur Prasad Chapagain, Kailash Kumar Siwakoti, Loknath Bastola, Kamal Thapa Chhetri, Suresh Malla, Uma Joshi, Jayashor Chapagain, Jeevan Neupane, Tejman Shretha, Pradeep Kumar Jha, Mohandev Joshi, Dipendra Bahadur Singh, Sarita Parajuli, Balkrishna Pokhrel, Poonam Munakarmi, Jitendra Karki and Lekharaj Thapa Magar |

# राष्ट्रिय मानव

**हरिहरभवन,**

**आ.व.२०६५/६६ को**

**बजेट उपशीर्षक नं. र नामः २१-३-११० चालुखर्च**

| बजेट रकम | बजेट रकम | वार्षिक वजेट नेपाल सरकार | पुरक | | रकमान्तर | | |
|---|---|---|---|---|---|---|---|
| | | | थप | घट | संकेत | घट | |
| १ | २ | | ३ | ४ | ५ | ६ | |
| १.०१ | तलव | २५,०००,०००।०० | | | | | |
| १.०२ | भत्ता | ४००,०००।०० | | | | | |
| १.०३ | सरूवा दै.भ्र भ | २००,०००।०० | | | | | |
| १.०४ | पोशाक | ६२,०००।०० | | | | | |
| १.०८ | तालिम | १,०००,०००।०० | | | | | |
| २.०१ | धारा विजूली | १,४००,०००।०० | | | | ११,०००।०० | |
| २.०२ | संचार महशूल | १,७००,०००।०० | | | | १५,०००।०० | |
| २.०३ | कार्यालय सम्वन्धि खर्च | १,५००,०००।०० | | | | | |
| २.०४ | भाडा | ३,०००,०००।०० | | | | ४९८,०००।०० | |
| २.०५ | मर्मत संभार | १,०००,०००।०० | | | | | |
| २.०६ | इन्धन तथा अ.ई | २,५००,०००।०० | | | | १०,०००।०० | |
| २.०७ | परामर्श तथा अ.शूल्क | १,५००,०००।०० | | | | ३५०,०००।०० | |
| २.०८ | विविध खर्च | ४००,०००।०० | | | | | |
| ४.०३ | पुस्तक तथा सामग्री खरीद | २००,०००।०० | | | | १०,०००।०० | |
| ४.०४ | कार्यक्रम | ७,५००,०००।०० | | | | ३१९,०००।०० | |
| ४.०५ | कार्यक्रम भ्रमण खर्च | ९००,०००।०० | | | | | |
| | जम्मा | ४८,२६२,०००।०० | | | | १,२१३,०००।०० | |
| | अर्थ वजेट | | | | | | |
| ९५.३.९४५ | लुगा भत्ता | ८४,०००।०० | | | | | |
| ९५.३.९०७ | उपदान | ३०,५५९।१४ | | | | | |
| ९५.३.९१० | संचित विदा | ६६,९८०।०० | | | | | |
| ९५.३.९३० | औषधि उपचार | ११०,०१२।७५ | | | | | |
| | अर्थ वजेट जम्मा | २९१,५५१।८९ | | | | | |
| | कुल जम्मा | ४८,५५३,५५१।८९ | | | | | |

१.बैंकको नाम : नेपाल बैंक लिमिटेड, ललितपुर ।

३. बैंक अनुसार बाँकी रु.

५.नगद मौज्दात :

६.जम्मा वा भूक्तानी बाँकी चेकको रकम : रू.

७. को.ले.नि.का.मा चेकवाट फिर्ता गएको रकम : रू.

तयार गर्नेको सही :

नाम : जितेन्द्र कार्की

पद : लेखापाल

मिति : २०६६/०६/१९

## अनुसूची-१० (क)

# अधिकार आयोग

**पूल्चोक, ललितपुर**

**केन्द्रिय वार्षिक आर्थिक विवरण**

**म.ले.प.फा.नं. १७**

| | | जम्मा वजेट | वजेट निकासा | खर्च | बाकी | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | थप | | | | नगद | वजेट | |
| | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| | | २५,०००,०००।०० | २१,३५३,५१८।७९ | २१,३५३,५१८।७९ | | ३,६४६,४८१।२१ | |
| | | ४००,०००।०० | १२५,६६८।८३ | १२५,६६८।८३ | - | २७४,३३१।१७ | |
| | | २००,०००।०० | ८५,४२९।२५ | ८५,४२९।२५ | - | ११४,५७०।७५ | |
| | | ६२,०००।०० | ६१,२९०।०० | ६१,२९०।०० | - | ७१०।०० | |
| | | १,०००,०००।०० | ५८६,०८१।३५ | ५८६,०८१।३५ | - | ४१३,९१८।६५ | |
| | ३२,०००।०० | १,४२१,०००।०० | ८४७,९४९।६९ | ८४७,९४९।६९ | - | ५७३,०५०।३१ | |
| | ७९,७५०।०० | १,७६४,७५०।०० | १,५०७,०२१।४६ | १,५०७,०२१।४६ | - | २५७,७२८।५४ | |
| | ३८९,०००।०० | १,८८९,०००।०० | १,८८०,६३२।०४ | १,८८०,६३२।०४ | - | ८,३६७।९६ | |
| | १५,०००।०० | २,५१७,०००।०० | १,९३७,९७८।३५ | १,९३७,९७८।३५ | - | ५७९,०२१।६५ | |
| | ३४१,२५०।०० | १,३४१,२५०।०० | १,२५२,१९५।०० | १,२५२,१९५।०० | - | ८९,०५५।०० | |
| | ७,५००।०० | २,४९७,५००।०० | २,३१५,२४३।३० | २,३१५,२४३।३० | - | १८२,२५६।७० | |
| | २०,०००।०० | १,१७०,०००।०० | १,०४०,७३९।३४ | १,०४०,७३९।३४ | - | १२९,२६०।६६ | |
| | ७१,५००।०० | ४७१,५००।०० | ३६९,३४३।७५ | ३६९,३४३।७५ | - | १०२,१५६।२५ | |
| | १२,०००।०० | २०२,०००।०० | १७४,८४६।०० | १७४,८४६।०० | | | |
| | | ७,१८१,०००।०० | ६,४८१,५४५।०० | ६,४८१,५४५।०० | - | ६९९,४५५।०० | |
| | २४५,०००।०० | १,१४५,०००।०० | १,१२६,९२०।६० | १,१२६,८९१।६० | २९।०० | १८,१०८।४० | |
| | १,२१३,०००।०० | ४८,२६२,०००।०० | ४१,१४६,४०२।७५ | ४१,१४६,३७३।७५ | २९।०० | ७,११५,६२६।२५ | |
| | | | | | - | | |
| | | ८४,०००।०० | ८४,०००।०० | ८४,०००।०० | - | | |
| | | ३०,५५९।१४ | ३०,५५९।१४ | ३०,५५९।१४ | | | |
| | | ६६,९८०।०० | ६६,९८०।०० | ६६,९८०।०० | | | |
| | | ११०,०१२।७५ | ११०,०१२।७५ | ११०,०१२।७५ | | | |
| | | २९१,५५१।८९ | २९१,५५१।८९ | २९१,५५१।८९ | | | |
| | १,२१३,०००।०० | ४८,५५३,५५१।८९ | ४१,४३७,९५४।६४ | ४१,४३७,९२५।६४ | २९।०० | ७,११५,६२६।२५ | |

२. बैंक खाता नंम्वर : स.का.२४३ ख १ साधारण

४.पेश्की बाँकी :

क) गत आ.व.सम्मको रू.

ख) यस आ.व.को रू.

जम्मा : रू.

प्रमाणित गर्नेको सही :

नाम : विशाल खनाल

पद : सचिव

मिति :२०६६/०६/१९

**राष्ट्रिय मानव**

**हरिहरभवन,**

## आ.व.२०६५/६६ को राजस्वको वार्षिक आर्थिक विवरण

| शिर्षक | शिर्षकको नाम | लगत बाँकी | लगत कट्टा | कायमी लगत | राजस्व आम्दानी | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | लगती | हसवली | जम्मा | |
| गत आ.व. | | | | | | | | |
| १३-१० | वेरुजु | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा | | | | | | | ०।०० | |
| चालू आ.व. | | | | | | | | |
| ५-९९ | | | | | | | ६,२०६।०० | |
| १०-२२ | | | | | | | १२,५००।०० | |
| १०-२३ | | | | | | | १,५२५।०० | |
| १२-२० | | | | | | | १,२५०।०० | |
| १३-१० | | | | | | | ७,४८४।५२ | |
| जम्मा | | | | | | | २८,९६५।५२ | |
| क.१.६ | | | | | | | | |
| कुल जम्मा | | | | | | | २८,९६५।५२ | |
| गत तथा चालूको जम्मा | | | | | | | २८,९६५।५२ | |

**तयार गर्ने :**

**नाम :जितेन्द्र कार्की**

**दर्जा : लेखापाल**

**मिति : २०६६/०४/२६**

## अनुसूची-१० (ख)

# अधिकार आयोग

## पूल्चोक, ललितपुर

म.ले.प.फा.नं. १९३

| | संचित कोष दाखिला | | | नगद मौज्दात | लगत बाँकी | गत वर्षको नगद मौज्दात बैंक दाखिला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | गत विगत वर्ष दाखिला भौचर रकम | यस वर्ष दाखिला भौचर रकम | जम्मा दाखिला | | | | |
| | | | ०।०० | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | ०।०० | | | | |
| | | | | | | | |
| | | | ६,२०६।०० | | | | |
| | | | १२,५००।०० | | | | |
| | | | १,५२५।०० | | | | |
| | | | १,२५०।०० | | | | |
| | | | ७,४८४।५२ | | | | |
| | | | २८,९६५।५२ | | | | |
| | | | | | | | |
| | | | २८,९६५।५२ | | | | |
| | | | २८,९६५।५२ | | | | |

सदर गर्ने :
नाम : सुवर्ण कुमार कर्माचार्य
दर्जा : निर्देशक
मिति : २०६६/०४/२६

# National Human

**Hariharbhawan,**

## Yearly Financial Statement

*Income*

| S.N. | Income | | Amount (Rs.) | |
|---|---|---|---|---|
| 1 | **Opening Bank Balance** | | **3,068,431.71** | |
| a | Jit Project | 1,736.54 | | |
| b | The Asia Foundation(Rappo Office) | 24,782.48 | | |
| c | AUSAID | 62,339.31 | | |
| d | UNHCR(Dalit Projects) | 190,777.93 | | |
| e | CDNHRC Monitoring Programme | 199,777.07 | | |
| f | Expansion of outreach Projects | 1,090,090.50 | | |
| g | Expansion of outreach Projectsin Euro | 84,722.87 | | |
| h | Child Rights desk programme(SCN/N) | 222,735.90 | | |
| i | Others income-Saving account | 96,464.62 | | |
| j | Miscellaneous | 6,564.65 | | |
| k | IDP | 685,809.89 | | |
| l | OHCHR | 401,872.95 | | |
| m | Plan Nepal | 757.00 | | |
| | | | | |
| 2 | **Opening Advance** | | **594,757.54** | |
| 2.1 | Jit | 5.00 | | |
| 2.2 | Expansion of outreach Projects | 102,602.59 | | |
| 2.3 | CDNHRC Monitoring Programme | 215,684.45 | | |
| 2.4 | Nepal Bar Association(The Asia Foundation) | 9,064.10 | | |
| 2.5 | Child Rights desk programme(SCN/N) | 125,374.79 | | |
| 2.6 | OHCHR | 121,860.00 | | |
| 2.7 | Plan Nepal | 20,166.61 | | |
| | | | | |
| 3 | **Opening Telephone Deposit** | | **40,000.00** | |
| | | | | |
| 4 | **Opening Post box deposit** | | **1,000.00** | |
| | | | | |
| 5 | **Income Received during this Year** | | **4,123,724.75** | |
| a | Others income-Saving account | 379,287.44 | | |
| b | CDNHRC Monitoring | 1,798,483.97 | | |
| c | Child Rights desk programme(SCN/N) | 1,945,953.34 | | |
| 6 | **Child Rights desk programme(Payables )** | | **226,526.00** | |
| | **Sub-Total** | | **8,054,440.00** | |

Prepared by
Rara Karmacharya
Accountant

अनुसूची-१० (ग)

# Rights Commission

**Pulchock, Lalitpur**

## of Fiscal Year 065/066

*Expenditure*

| S.N. | Expenditure | | Amount |
|---|---|---|---|
| **1** | **Fund Transfer to NHRC saving account** | | **286,957.91** |
| a | Jit Project | 1,736.54 | |
| b | The Asia Foundation(Rappo Office) | 24,782.48 | |
| c | AUSAID | 62,339.31 | |
| d | UNHCR(Dalit Projects) | 190,777.93 | |
| e | Miscellaneous | 6,564.65 | |
| f | Plan Nepal | 757.00 | |
| 2 | Fund Refund Expenses | | 104,453.13 |
| 2.1 | CDNHRC Monitoring Programme | 104,453.13 | |
| 3 | Net expenditure | | 5,194,864.02 |
| 3.1 | CDNHRC Monitoring Programme | 2109492.360 | |
| 3.2 | Others income-Saving account | 97,898.00 | |
| 3.3 | Child Rights desk programme(SCN/N) | 2,143,101.11 | |
| 3.4 | IDP | 420,829.05 | |
| 3.5 | OHCHR | 423,543.50 | |
| **4** | **Telephone Amount Deposit** | | **40,000.00** |
| 5 | Post box deposit in janakpur office(CD_NHRC) | | 1,000.00 |
| 6 | Advances | | 213,919.16 |
| 6.1 | Jit | 5.00 | |
| 6.2 | Expansion of outreach Projects | 102,602.59 | |
| 6.3 | Nepal Bar Association(The Asia Foundation) | 9,064.10 | |
| 6.4 | Child Rights desk programme(SCN/N) | 33,736.66 | |
| 6.5 | OHCHR | 28,385.00 | |
| 6.6 | Plan Nepal | 20,154.61 | |
| **6.7** | **IDP** | **19,971.20** | |
| **7** | **Bank Balance** | | **2,213,245.78** |
| **a** | **Expansion of outreach Projects** | **1,090,090.50** | |
| **b** | **Expansion of outreach Projectsin Euro** | **84,722.87** | |
| **c** | **Child Rights desk programme(SCN/N)** | **343,752.26** | |
| d | Others income-Saving account | 377,854.06 | |
| e | IDP | 245,009.64 | |
| f | OHCHR | 71,804.45 | |
| **g** | **Plan Nepal** | **12.00** | |
| | **Sub-Total** | | **8,054,440.00** |

Checked by
Jitendra Karki
Accountant

Approved by
Bishal Khanal
Secretary

अनुसूची-१०(घ)

# राष्ट्रिय मानव अधिकार आयोग

**हरिहरभवन**

**धरौटीको बार्षिक आर्थिक विवरण** **आ.व. ०६५/०६६**

**१. आम्दानी**

| | |
|---|---|
| १.१ गत आ. ब. सम्मको जिम्मेवारी सरेको | रु. ७४,५२३।४२ |
| १.२ चालू आ.व. को | रु. ४,५५०।- |
| जम्मा | रु. ७९,०७३।४२ |

**२. खर्च**

| | |
|---|---|
| २.१ सदर स्याहा भएको | रु. .................. |
| २.२ फिर्ता भएको | रु. २८,७४४।- |

**३. श्रेस्ता अनुसार बाँकी**

| | |
|---|---|
| ३.१ नगद बाँकी | रु ..................... |
| ३.२ बैकमा बाँकी | रु ५०,३२९।४२ |

४. बैक अनुसार बाँकी रु ५०,३२९।४२

५. फरक रकम रु. ...............

६. फरकपर्नाको कारण-.

७. धरौटी खाता नं. - स.का.१९८ ख ३ धरौटी खाता

८. खाता रहेको बैक- नेपाल बैक लि.गावहाल, ल.पु.

| **तयार गर्नेको सही** | **प्रमाणित गर्नेको सही** |
|---|---|
| दस्तखत- | दस्तखत- |
| नाम-जितेन्द्र कार्की | नाम- सुवर्ण कुमार कर्माचार्य |
| दर्जा-लेखापाल | दर्जा - निर्देशक |
| मिति-२०६६/०४/२६ | मिति-२०६६/०४/२६ |

# राष्ट्रिय मानवअधिकार आयोग, नेपाल

## केन्द्रीय कार्यालय


हरिहरभवन, ललितपुर, नेपाल
पोष्ट बक्स नं. ९१८२, काठमाडौं
फोनः ०१-५०१००१५, फ्याक्सः ९७७-१-५५४७९७३
इमेलः nhrc@nhrcnepal.org/ वेबसाइटः www.nhrcnepal.org


## क्षेत्रीय कार्यालयहरू


**विराटनगर**
फोनः ०२१-४६१९३१, ४६१०९३

**जनकपुर**
फोनः ०४१-५२७८११, ५२७८१२

**पोखरा**
फोनः ०६१-४६२८११, ४६३८२२

**नेपालगञ्ज**
फोनः ०८१-५२६७०७, ५२६७०८

**धनगढी**
फोनः ०९१-५२५६२१, ५२५६२२


## उपक्षेत्रीय कार्यालय


**जुम्ला**
फोनः ०८७-५२०२२२


## सम्पर्क कार्यालयहरू


**खोटाङ**
फोनः ०३६-४२०२८४

**बुटवल**
फोनः ०७१-५४६९११